# मध्यमकालीन खर्च संरचना
# (२०८१/०८२-२०८३/०८४)

दोगडाकेदार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउलेक, बैतडी
सुदूरपश्चिम प्रदेश

# मध्यमकालीन खर्च संरचना (आ.व. २०८१/८२ - २०८३/८४)


| | | |
|---|---|---|
| **प्रकाशक** | : | **दोगडाकेदार गाउँपालिका**<br>गाउँ कार्यपालिकाको कार्यालय, देउलेक |
| **सर्वाधिकार** | : | प्रकाशकमा |
| **प्रकाशन मिति** | : | २०८१ |
| **प्राविधिक सहयोग** | : | अपि सैपाल विकास मञ्च., कामनपा-२९, काठमाडौं |
| **सम्पर्कका लागि** | : | गाउँ कार्यपालिकाको कार्यालय,<br>देउलेक, बैतडी, सुदूरपश्चिम प्रदेश, नेपाल<br>फोन नं. : |

# दोगडाकेदार गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## देउलेक, बैतडी,
### सुदूरपश्चिम प्रदेश, नेपाल

## गाउँपालिका अध्यक्षको मन्तब्य

वार्षिक निति, कार्यक्रम तथा बजेट र विभिन्न तहमा बनेका आवधिक विकास विकास योजनासँग तालमेल मिलाई हरेक योजनाले राखेका लक्ष्य र उद्देश्यहरू पूरा गर्नको लागि मध्यमकालीन खर्च संरचनाले महत्वपूर्ण भूमिका खेल्दछ ।

आवधिक योजना र वार्षिक बजेट बीच तालमेल नहुँदा सरकारले गर्ने योजना बहु विकासमा चुनौतीहरु थपिरहने, आयोजना कामकाज र प्रतिफल नतिजामुखि नदेखिन हुँदा नेपालको सविधान अन्तर सरकारी वित्त व्यावस्थापन ऐन, २०७४ दफा (१७) संघ, प्रदेश, स्थानीय सरकारले मध्यमकालिन खर्च संरचना बनाउन अनिवार्य व्यवस्था गरेको छ ।

दोगडाकेदार गाउँपालिकाले कार्यभार सुरु गरेको छ वर्ष पूरा गरी सातै वर्षमा प्रवेश गर्दै गर्दा ढिलै भए पनि २०८१/०८२ बाट लागु गर्ने गरी बनाइएको, यस मध्यमकालिन खर्च संरचना (Medium Term Expenditure Framework) पक्कै पनि दोगडाकेदारको योजनावद्ध विकासमा र नेपाल सरकार, प्रदेश सरकारले परिलक्षित गरेको सोच तथा लक्ष्यमा पुग्नको लागि मद्दत गर्ने अपेक्षा गरिएको छ ।

अन्त्यमा मध्यमकालिन खर्च संरचना तयार गर्नको लागि महत्वपूर्ण समय प्रदान गर्नुहुने उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतज्यू प्रति आभार प्रकाट गर्दछु । यस सिलसिलामा सहयोग पुर्याउने विषयगत शाखाका सम्पूर्ण कर्मचारी, विषयगत समिति, कार्यपालिका सदस्य, गाउँसभा सदस्य तथा परामर्शदाता सबैमा धन्यवाद व्यक्त गर्दछु ।

(चक्र बहादुर कार्की)
अध्यक्ष

# दोगडाकेदार गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## देउलेक, बैतडी,
### सुदूरपश्चिम प्रदेश, नेपाल

## गाउँपालिका उपाध्यक्षको मन्तब्य

नेपाल सरकार र प्रदेश सरकारको दिर्घकालिन निति र पञ्च वर्षीय योजना, दोगडाकेदार गाउँपालिकाको प्रथम पञ्च वर्षिय आवाधिक योजनाले परिलक्षित गरेका लक्ष्य उदेश्य प्राप्त गर्न आवाधिक योजना र वार्षिक बजेटको तादाम्यता मिलाई प्राथमिकतामा परेका कार्यक्रमहरुको बजेटको सुनिश्चितता दिँदै समग्र विकासको लक्ष्य प्राप्तिमा मध्यमकालिन खर्च संरचनाले महत्वपूर्ण भूमिका रहने अपेक्षा सहित **"आत्मनिर्भर,सुन्दर र समृद्ध दोगडाकेदार"** को सपना पूरा गर्न मध्यमकालिन खर्च संरचना मार्ग निर्देशन बन्ने अपेक्षा गरिएको छ ।

मध्यमकालिन खर्च संरचना क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय बजेटको अनुमान तथा प्रक्षेपण गर्न तयार पारिएको छ । विभिन्न विषयगत शाखा लगायत दोगडाकेदारको आवाधिक योजनाको तथ्याङ्कलाई आधार मानी यथार्थ परक बनाउने प्रयास गरिएको छ ।

मध्यमकालिन खर्च संरचना तयार पार्न अनवरत रुपमा खट्नु हुने गाउँपालिका अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, लगायत कार्यपालिकाका सदस्यज्यूहरु तथा अन्य कर्मचारी साथीहरु र परामर्शदाताहरुमा विशेष आभार व्यक्त गर्दछु । मध्यमकालिन खर्च संरचनाको आधारमा अबको विकासले गति लिनेमा पनि आफु विश्वस्त रहेकी छु।

पार्वती कार्की
उपाध्यक्ष

# दोगडाकेदार गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## देउलेक, बैतडी,
### सुदूरपश्चिम प्रदेश, नेपाल

## प्रमुख प्रशासकीय अधिकृतको मन्तब्य

मध्यमकालीन खर्च संरचना विकासको आवधिक योजना र वार्षिक योजनाको बीचमा तालमेल गराउने प्रमुख साधन हो । वार्षिक बजेट तर्जुमा गर्दा अगामी ३ वर्षको खर्च प्रक्षेपण गरी ३ वर्षीय बजेट र आयोजनाहरुको छनौट एवम् प्रक्षेपण गर्ने कार्य यसमा पर्दछ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा (१७) मा संघ, प्रदेश र स्थानीय तहले वार्षिक बजेट तर्जुमा गर्दा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने बाध्यकारी प्रावधान रहेको छ । दोगडाकेदार गाउँपालिकाले उक्त प्रावधान अनुरुप आगामी ३ वर्षको खर्च संरचना र आयोजनाहरुको छनौट गरी प्रथमिकीकरण समेत गरी यो संरचना तयार गरेको छ ।

गाउँपालिकाको पाँच बर्षीय आवधिक योजना, प्रदेशको प्रथम पञ्च वर्षीय योजना समेतलाई आधारमानी यो खर्च संरचना तयार गरिएको हो । आगामी ३ वर्षमा गाउँपालिकाले सबै विषयगत क्षेत्रहरुमा लिएका उदेश्य, चुनौती अवसर, प्रमुख रणनीति र प्रमुख आयोजना / कार्यक्रम तथा ती आयोजनाहरुमा बजेटको व्यवस्था समेत उल्लेख गरी त्रिवर्षीय खाका तयार गरिएको छ ।

जनप्रतिनिधीज्यूहरुको प्रत्यक्ष संलग्नतामा मध्यमकालीन खर्च संरचना तयार गर्न सहभागी हुने अवसर प्रदान गर्नु भएकोमा अध्यक्षज्यू, उपाध्यक्षज्यू, वडा अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरु लगायत सबै जनप्रतिनिधि ज्यूहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । तथ्यांक संकलन विश्लेषण लगायतमा सहयोग गर्ने कर्मचारी साथीहरुमा धन्यवाद प्रकट गर्दै मध्यमकालीन खर्च संरचना पूर्ण रुपमा कार्यन्वयन भई सफलता हासिल हुने विश्वास प्रकट गर्दछु ।

रबिन्द्र बहादुर धामी
प्रमुख प्रशासकीय अधिकृत

# विषय सूची

गाउँपालिका अध्यक्षको मन्तव्य ........ iii
गाउँपालिका उपाध्यक्षको मन्तव्य ........ iv
प्रमुख प्रशासकीय अधिकृतको मन्तव्य ........ v
विषय सूची ........ vi
परिच्छेद –१ : परिचय ........ १
१.१ पृष्ठभूमि ........ १
१.२ अवधारणा तथा उद्देश्य ........ १
१.३ मध्यमकालीन खर्च संरचनाका बिशेषता ........ २
१.४ मध्यमकालिन खर्च संरचनाको अभ्यास ........ ३
१.५ कानूनी व्यवस्था ........ ४
१.६ संस्थागत व्यवस्था ........ ४
१.७ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया ........ ५
परिच्छेद – २ : मध्यमकालीन खर्च संरचना ........ ७
२.१ पृष्ठभूमि ........ ७
२.२ दीर्घकालिन सोच, लक्ष्य र रणनीति ........ ७
प्रमुख रणनीतिहरु ........ ७
२.३ मध्यमकालीन आर्थिक खाका ........ ८
२.४ मध्यमकालीन नतिजा खाका ........ ९
२.५ मध्यमकालीन बजेट खाका ........ १०
२.६ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट ........ १०
२.६.१ रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण ........ १०
२.६.२. प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ........ १२
२.६.३ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ........ १२
२.६.४ लैंगिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ........ १३
२.६.५ जलवायु परिवर्तन संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ........ १३
परिच्छेद –३ : आर्थिक क्षेत्र ........ १४
३.१ कृषि ........ १४
३.१.१ समस्या तथा चुनौती ........ १४
३.१.२ उद्देश्य ........ १४
३.१.३ रणनीति ........ १५
३.१.४ कार्यक्रमको संक्षिप्त विवरण ........ १६

३.१.५ अपेक्षित उपलब्धि........ १७
३.१.६ जोखिम पक्ष तथा अनुमान........ १७
३.२ पशुपंक्षी विकास ........ १७
३.२.१ समस्या तथा चुनौती........ १७
३.२.२ उद्देश्य ........ १७
३.२.३ रणनीति........ १८
३.२.४ कार्यक्रमको संक्षिप्त विवरण ........ १८
३.२.५ अपेक्षित उपलब्धि........ १९
३.२.६ जोखिम पक्ष तथा अनुमान........ १९
३.३ खाद्य सुरक्षा तथा पोषण........ १९
३.३.१ समस्या तथा चुनौती........ २०
३.३.२ उद्देश्य ........ २०
३.३.३ रणनीति........ २०
३.३.४ कार्यक्रमको संक्षिप्त विवरण ........ २१
३.३.५ अपेक्षित उपलब्धि........ २१
३.३.६ जोखिम पक्ष तथा अनुमान........ २१
३.४ पर्यटन तथा संस्कृति........ २१
३.४.१ समस्या तथा चुनौती........ २१
३.४.२ उद्देश्य ........ २२
३.४.३ रणनीति........ २२
३.४.४ प्रमुख कार्यक्रम........ २३
३.४.५ अपेक्षित उपलब्धि........ २३
३.४.६ जोखिम पक्ष तथा अनुमान........ २४
३.५ उद्योग, वाणिज्य र आपूर्ति........ २४
३.५.१ समस्या तथा चुनौती........ २४
३.५.२ उद्देश्य ........ २४
३.५.३ रणनीति........ २५
३.५.४ कार्यक्रमको संक्षिप्त विवरण ........ २६
३.५.५ जोखिम तथा अनुमान पक्ष........ २६
३.६ खनिज सम्पदा........ २६
३.६.१ समस्या तथा चुनौती........ २७
३.६.२ उद्देश्य ........ २७
३.६.३ रणनीति........ २७
३.६.४ कार्यक्रमको संक्षिप्त विवरण ........ २८
३.६.५ अपेक्षित उपलब्धि........ २८

३.६.६ जोखिम तथा अनुमान पक्ष ........ २८
३.७ भूमि व्यवस्था ........ २८
३.७.१ समस्या तथा चुनौती ........ २९
३.७.२ उद्देश्य ........ २९
३.७.३ रणनीति ........ २९
३.७.४ कार्यक्रमको संक्षिप्त विवरण ........ ३०
३.७.५ अपेक्षित उपलब्धि ........ ३०
३.७.६ जोखिम तथा अनुमान पक्ष ........ ३०
३.८ सहकारी क्षेत्र ........ ३०
३.८.१ समस्या तथा चुनौती ........ ३१
३.८.२ उद्देश्य ........ ३१
३.८.३ रणनीति ........ ३१
३.८.४ कार्यक्रमको संक्षिप्त विवरण ........ ३२
३.८.५ अपेक्षित उपलब्धि ........ ३२
३.८.६ जोखिम तथा अनुमान पक्ष ........ ३३
३.९ गरिबी निवारण ........ ३३
३.९.१ समस्या तथा चुनौती ........ ३३
३.९.२ उद्देश्य ........ ३४
३.९.३ रणनीति ........ ३४
३.९.४ कार्यक्रमको संक्षिप्त विवरण ........ ३४
३.९.५ अपेक्षित उपलब्धि ........ ३५
३.९.६ जोखिम तथा अनुमान पक्ष ........ ३५
परिच्छेद — ४ : सामाजिक क्षेत्र ........ ३६
४.१ शिक्षा ........ ३६
४.१.२ उद्देश्य ........ ३६
४.१.३ रणनीति ........ ३७
४.१.४ कार्यक्रमको संक्षिप्त विवरण ........ ३८
४.१.५ अपेक्षित उपलब्धि ........ ३९
४.१.६ जोखिम पक्ष तथा अनुमान ........ ३९
४.२ स्वास्थ्य ........ ३९
४.२.१ समस्या तथा चुनौती ........ ४०
४.२.२ उद्देश्य ........ ४०
४.२.३ रणनीति ........ ४०
४.२.४ कार्यक्रमको संक्षिप्त विवरण ........ ४२
४.२.५ अपेक्षित उपलब्धि ........ ४२

४.२.६ जोखिम पक्ष तथा अनुमान ..... ४३
४.३ युवा तथा खेलकुद ..... ४३
४.३.१ समस्या र चुनौती ..... ४३
४.३.२ उद्देश्य ..... ४३
४.३.३ रणनीति ..... ४४
४.३.४ कार्यक्रमको संक्षिप्त विवरण ..... ४४
४.३.५ अपेक्षित उपलब्धि ..... ४५
४.३.६ जोखिम तथा अनुमान पक्ष ..... ४५
४.४ जनसंख्या तथा बसाइँसराई ..... ४५
४.४.१ समस्या र चुनौती ..... ४६
४.४.२ उद्देश्य ..... ४६
४.४.३ रणनीति ..... ४६
४.४.४ कार्यक्रमको संक्षिप्त विवरण ..... ४६
४.४.५ अपेक्षित उपलब्धि ..... ४७
४.५ लैङ्गिक समानता तथा महिला सशक्तिकरण ..... ४७
४.५.१ समस्या तथा चुनौती ..... ४८
४.५.२ उद्देश्य ..... ४८
४.५.३ रणनीति ..... ४८
४.५.४ कार्यक्रमको संक्षिप्त विवरण ..... ४९
४.५.५ अपेक्षित उपलब्धि ..... ५०
४.५.६ जोखिम पक्ष तथा अनुमान ..... ५०
४.६ बालबालिका तथा किशोरकिशोरी ..... ५१
४.६.१ समस्या तथा चुनौती ..... ५१
४.६.२ उद्देश्य ..... ५१
४.६.३ रणनीति ..... ५१
४.६.४ कार्यक्रमको संक्षिप्त विवरण ..... ५२
४.६.५ अपेक्षित उपलब्धि ..... ५३
४.६.६ जोखिम पक्ष तथा अनुमान ..... ५३
४.७ ज्येष्ठ नागरिक ..... ५३
४.७.१ समस्या तथा चुनौती ..... ५३
४.७.२ उद्देश्य ..... ५४
४.७.३ रणनीति ..... ५४
४.७.४ कार्यक्रमको संक्षिप्त विवरण ..... ५५
४.७.५ अपेक्षित उपलब्धि ..... ५५
४.८ अपाङ्गता भएका व्यक्ति ..... ५५

४.८.१ समस्या तथा चुनौती ..... ५६
४.८.२ उद्देश्य ..... ५६
४.८.३ रणनीति ..... ५६
४.८.४ कार्यक्रमको संक्षिप्त विवरण ..... ५७
४.८.५ अपेक्षित उपलब्धि ..... ५७
४.९ सामाजिक सुरक्षा तथा संरक्षण ..... ५८
४.९.१ समस्या तथा चुनौती ..... ५८
४.९.२ उद्देश्य ..... ५८
४.९.३ रणनीति ..... ५८
४.९.४ कार्यक्रमको संक्षिप्त विवरण ..... ५९
४.९.५ अपेक्षित उपलब्धि ..... ६०
४.९.६ जोखिम पक्ष तथा अनुमान ..... ६०
४.१० सामाजिक संघ संस्था ..... ६०
४.१०.१ समस्या तथा चुनौती ..... ६०
४.१०.२ उद्देश्य ..... ६१
४.१०.३ रणनीति ..... ६१
४.१०.४ कार्यक्रमको संक्षिप्त विवरण ..... ६१
४.१०.५ अपेक्षित उपलब्धि ..... ६२
४.११ श्रम तथा रोजगारी ..... ६२
४.११.१ समस्या तथा चुनौती ..... ६२
४.११.२ उद्देश्य ..... ६३
४.११.३ रणनीति ..... ६३
४.११.४ कार्यक्रमको संक्षिप्त विवरण ..... ६३
४.११.५ अपेक्षित उपलब्धि ..... ६४
४.११.६ जोखिम तथा अनुमान पक्ष ..... ६४
४.१२ सार्वजनिक, निजी, सहकारी, गैरसरकारी एवं सामुदायिक क्षेत्रका बीचमा साझेदारी ..... ६४
४.१२.१ समस्या तथा चुनौती ..... ६५
४.१२.२ उद्देश्य ..... ६५
४.१२.३ रणनीति ..... ६५
४.१२.४ कार्यक्रमको संक्षिप्त विवरण ..... ६५
४.१२.५ अपेक्षित उपलब्धि ..... ६६
४.१३ सामाजिक सांस्कृतिक विविधता ..... ६६
४.१३.१ पृष्ठभूमि ..... ६६
४.१३.२ समस्या तथा चुनौती ..... ६६
४.१३.३ उद्देश्य ..... ६६

४.१३.४ रणनीति ........ ६७
४.१३.५ कार्यक्रमको संक्षिप्त विवरण ........ ६७
४.१२.६ अपेक्षित उपलब्धि ........ ६७
परिच्छेद — ५: भौतिक पूर्वाधार ........ ६८
५.१ सडक पूर्वाधार ........ ६८
५.१.१ समस्या तथा चुनौती ........ ६८
५.१.२ उद्देश्य ........ ६८
५.१.३ रणनीति ........ ६८
५.१.४ कार्यक्रमको संक्षिप्त विवरण ........ ६९
५.१.५ अपेक्षित उपलब्धि ........ ७०
५.१.६ जोखिम पक्ष तथा अनुमान ........ ७०
५.२ यातायात व्यवस्थापन ........ ७०
५.२.१ समस्या तथा चुनौती ........ ७०
५.२.२ उद्देश्य ........ ७०
५.२.३ रणनीति ........ ७१
५.२.४ कार्यक्रमको संक्षिप्त विवरण ........ ७१
५.२.५ अपेक्षित उपलब्धि ........ ७१
५.२.६ जोखिम पक्ष तथा अनुमान ........ ७२
५.३ खानेपानी तथा सरसफाई ........ ७२
५.३.१ समस्या तथा चुनौती ........ ७२
५.३.२ उद्देश्य ........ ७२
५.३.३ रणनीति ........ ७३
५.३.४ कार्यक्रमको संक्षिप्त विवरण ........ ७३
५.३.५ अपेक्षित उपलब्धि ........ ७४
५.३.६ जोखिम तथा अनुमान पक्ष ........ ७४
५.४ आवास, भवन तथा बस्ती विकास ........ ७४
५.४.१ समस्या तथा चुनौती ........ ७४
५.४.२ उद्देश्य ........ ७५
५.४.३ रणनीति ........ ७५
५.४.४ कार्यक्रमको संक्षिप्त विवरण ........ ७५
५.४.५ अपेक्षित उपलब्धि ........ ७५
५.४.६ जोखिम तथा अनुमान पक्ष ........ ७६
५.५ सिंचाई ........ ७६
५.५.१ समस्या तथा चुनौती ........ ७६
५.५.२ उद्देश्य ........ ७६

५.५.३ रणनीति ........ ७६
५.५.४ कार्यक्रमको संक्षिप्त विवरण ........ ७७
५.५.५ अपेक्षित उपलब्धि ........ ७७
५.५.६ जोखिम तथा अनुमान पक्ष ........ ७७
५.६ लघु जलविद्युत तथा ऊर्जा ........ ७८
५.६.१ समस्या तथा चुनौती ........ ७८
५.६.२ उद्देश्य ........ ७८
५.६.३ रणनीति ........ ७८
५.६.४ कार्यक्रमको संक्षिप्त विवरण ........ ७९
५.६.५ अपेक्षित उपलब्धि ........ ७९
५.६.६ जोखिम तथा अनुमान पक्ष ........ ७९
५.७ भवन निर्माण ........ ७९
५.७.१ समस्या तथा चुनौती ........ ८०
५.७.२ उद्देश्य ........ ८०
५.७.३ रणनीति ........ ८०
५.७.४ कार्यक्रमको संक्षिप्त विवरण ........ ८०
५.७.५ अपेक्षित उपलब्धि ........ ८१
५.७.६ जोखिम तथा अनुमान पक्ष ........ ८१
५.८ वैकल्पीक (नविकरणीय ऊर्जा) ........ ८१
५.८.१ समस्या तथा चुनौती ........ ८२
५.८.२ उद्देश्य ........ ८२
५.८.३ रणनीति ........ ८२
५.८.४ कार्यक्रमको संक्षिप्त विवरण ........ ८२
५.८.५ अपेक्षित उपलब्धि ........ ८३
५.८.६ जोखिम तथा अनुमान पक्ष ........ ८३
५.९ सूचना तथा संचार ........ ८३
५.९.१ समस्या तथा चुनौती ........ ८३
५.९.२ उद्देश्य ........ ८४
५.९.३ रणनीति ........ ८४
५.९.४ कार्यक्रमको संक्षिप्त विवरण ........ ८४
५.९.५ अपेक्षित उपलब्धि ........ ८४
५.९.६ जोखिम पक्ष तथा अनुमान ........ ८४
परिच्छेद — ६ : वन, वातावरण तथा बिपद् व्यवस्थापन ........ ८६
६.१ वन तथा वातावरण ........ ८६
६.१.१ समस्या तथा चुनौती ........ ८६

६.१.२ उद्देश्य ........ ८६
६.१.३ रणनीति ........ ८६
६.१.४ कार्यक्रमको संक्षिप्त विवरण ........ ८७
६.१.५ अपेक्षित उपलब्धि ........ ८८
६.१.६ जोखिम तथा अनुमान पक्ष ........ ८८
६.२ विपद् व्यवस्थापन ........ ८८
६.२.१ समस्या तथा चुनौती ........ ८९
६.२.२ उद्देश्य ........ ८९
६.२.३ रणनीति ........ ८९
६.२.४ कार्यक्रमको संक्षिप्त विवरण ........ ८९
६.२.५ अपेक्षित उपलब्धि ........ ९०
६.२.६ जोखिम पक्ष तथा अनुमान ........ ९०
६.३ वन तथा वनस्पति सम्पदा ........ ९०
६.३.१ समस्या तथा चुनौती ........ ९१
६.३.२ उद्देश्य ........ ९१
६.३.३ रणनीति ........ ९१
६.३.४ कार्यक्रमको संक्षिप्त विवरण ........ ९३
६.३.५ जोखिम तथा अनुमान पक्ष ........ ९४
परिच्छेद — ७ : सुशासन तथा संस्थागत विकास ........ ९५
७.१ योजना तर्जुमा तथा कार्यान्वयन ........ ९५
७.१.१ समस्या तथा चुनौती ........ ९५
७.१.२ उद्देश्य ........ ९५
७.१.३ रणनीति ........ ९५
७.१.४ कार्यक्रमको संक्षिप्त विवरण ........ ९६
७.१.५ अपेक्षित उपलब्धि ........ ९६
७.१.६ जोखिम तथा अनुमान पक्ष ........ ९७
७.२ योजना तर्जुमा ........ ९७
७.२.१ समस्या तथा चुनौती ........ ९७
७.२.२ उद्देश्य ........ ९७
७.२.३ रणनीति ........ ९८
७.२.४ कार्यक्रमको संक्षिप्त विवरण ........ ९८
७.२.५ अपेक्षित उपलब्धि ........ ९८
७.३ अनुगमन तथा मूल्यांकन ........ ९९
७.३.१ समस्या तथा चुनौती ........ ९९
७.३.२ उद्देश्य ........ ९९

७.३.३ रणनीति ..... ९९
७.३.४ कार्यक्रमको संक्षिप्त विवरण ..... १००
७.३.५ अपेक्षित उपलब्धि ..... १००
७.४ तथ्यांक प्रणाली ..... १००
७.४.१ समस्या तथा चुनौती ..... १०१
७.४.२ उद्देश्य ..... १०१
७.४.३ रणनीति ..... १०१
७.४.४ कार्यक्रमको संक्षिप्त विवरण ..... १०१
७.४.५ अपेक्षित उपलब्धि ..... १०१
७.४.६ जोखिम तथा अनुमान पक्ष ..... १०२
७.५ अनुसन्धान तथा विकास ..... १०२
७.५.१ समस्या तथा चुनौती ..... १०२
७.५.२ उद्देश्य ..... १०२
७.५.३ रणनीति ..... १०२
७.५.४ कार्यक्रमको संक्षिप्त विवरण ..... १०३
७.५.५ अपेक्षित उपलब्धि ..... १०३
७.६ मानव संसाधन विकास ..... १०३
७.६.१ समस्या तथा चुनौती ..... १०३
७.६.२ उद्देश्य ..... १०४
७.६.३ रणनीति ..... १०४
७.६.४ कार्यक्रमको संक्षिप्त विवरण ..... १०५
७.६.५ अपेक्षित उपलब्धि ..... १०५
७.७ सुशासन ..... १०५
७.७.१ समस्या तथा चुनौती ..... १०६
७.७.२ उद्देश्य ..... १०६
७.७.३ रणनीति ..... १०६
७.७.४ कार्यक्रमको संक्षिप्त विवरण ..... १०६
७.७.५ अपेक्षित उपलब्धि ..... १०७
७.८ न्याय प्रणाली ..... १०७
७.८.१ समस्या तथा चुनौती ..... १०७
७.८.२ उद्देश्य ..... १०८
७.८.३ रणनीति ..... १०८
७.८.४ कार्यक्रमको संक्षिप्त विवरण ..... १०८
७.८.५ अपेक्षित उपलब्धि ..... १०८
७.९ संघीय शासन प्रणालीको सुदृढीकरण ..... १०८

७.९.१ समस्या तथा चुनौती ........ १०९
७.९.२ उद्देश्य ........ १०९
७.९.३ रणनीति ........ १०९
७.९.४ कार्यक्रमको संक्षिप्त विवरण ........ १०९
७.१० स्थानिय तहको सन्तुलित विकास ........ ११०
७.१०.१ समस्या तथा चुनौती ........ ११०
७.१०.२ उद्देश्य ........ ११०
७.१०.३ रणनीति ........ ११०
७.१०.४ कार्यक्रमको संक्षिप्त विवरण ........ १११
७.१०.५ अपेक्षित उपलब्धि ........ १११
७.११ शासकीय सुधार ........ १११
७.११.१ समस्या तथा चुनौती ........ ११२
७.११.२ उद्देश्य ........ ११२
७.११.३ रणनीति ........ ११२
७.११.४ कार्यक्रमको संक्षिप्त विवरण ........ ११३
७.११.५ अपेक्षित उपलब्धि ........ ११३
७.१२ प्रशासनिक सुशासन ........ ११३
७.१२.१ समस्या तथा चुनौती ........ ११४
७.१२.२ उद्देश्य ........ ११४
७.१२.३ रणनीति ........ ११४
७.१२.४ कार्यक्रमको संक्षिप्त विवरण ........ ११५
७.१२.५ अपेक्षित उपलब्धि ........ ११५
७.१३ भ्रष्टचार नियन्त्रण ........ ११६
७.१३.१ समस्या तथा चुनौती ........ ११६
७.१३.२ रणनीति ........ ११६
७.१३.३ कार्यक्रमको संक्षिप्त विवरण ........ ११७
७.१३.४ अपेक्षित उपलब्धि ........ ११८
७.१४ शान्ति सुव्यवस्था ........ ११८
७.१४.१ समस्या तथा चुनौती ........ ११८
७.१४.२ रणनीति ........ ११८
७.१४.३ कार्यक्रमको संक्षिप्त विवरण ........ ११९
७.१४.४ अपेक्षित उपलब्धि ........ ११९
७.१५ वित्तिय सुशासन ........ ११९
७.१५.१ समस्या तथा चुनौती ........ ११९
७.१५.२ रणनीति ........ १२०

७.१५.३ कार्यक्रमको संक्षिप्त विवरण ........ १२०
७.१५.४ अपेक्षित उपलब्धिण् ........ १२१
७.१६ मानव अधिकार ........ १२१
७.१६.१ समस्या तथा चुनौती ........ १२१
७.१६.२ रणनीति ........ १२१
७.१६.३ कार्यक्रमको संक्षिप्त विवरण ........ १२२
७.१६.४ अपेक्षित उपलब्धि ........ १२२

# परिच्छेद—१ : परिचय

## १.१ पृष्ठभूमि

शासन व्यवस्था सञ्चालन गर्न तथा विकास सम्वन्धी निर्धारित नतिजा हासिल गर्न प्रभावकारी रुपमा सार्वजनिक खर्चको परिचलानको आवश्यकता रहेको हुन्छ । "समृद्ध नेपाल र सुखी नेपाली" को दीर्घकालीन सोच सहितको पन्ध्रौं योजनाको कार्यान्वयन र दिगो विकास लक्ष्य हासिल गर्दै संविधानले निर्दिष्ट गरेको आकाङ्छा प्राप्त गर्न सार्वजनिक वित्त व्यवस्थापनको साथै अतिकम विकसित मुलुकबाट विकासशील मुलुक र वि.सं.२०८७ सम्ममा मध्यम आय भएको मुलुकमा स्तरोन्नति हुदै वि.सं.२१०० सम्ममा समुन्नत मुलुकको रुपमा स्थापित गर्न ठूलो परिमाणको लगानीको आवश्यकता पर्ने र यसको लागि सार्वजनिक श्रोत साधनको प्रभावकारी र कुशल परिचालन गर्नु पर्ने हुन्छ । यसका लागि श्रोत साधनको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासन उत्तिकै प्रभावकारी हुनु पर्दछ । यी पक्षहरुको प्रभावकारी व्यवस्थापन गर्ने औजारको रुपमा मध्यमकालीन खर्च संरचना रहेको छ ।

आवधिक योजना र बार्षिक बजेट तथा कार्यक्रमबीच तादम्यता र सामन्जस्यता कायम गर्न मध्यमकालीन खर्च संरचना मत्वपूर्ण औजारको रुपमा रहेको छ । यसले विकास योजनाका लक्षित नतिजा हासिल गर्न श्रोत साधनको न्यायोचित वितरण र महत्तम परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणली, पूर्वाधार निर्माण तथा सेवाको गुणस्तर तथा प्रभावकारिता, वित्तीय अनुशासन जस्ता पक्षमा सुधार ल्याउछ । यसको सकारात्मक असर सार्वजनिक वित्त क्षेत्रमा मात्र नभई आर्थिक तथा वित्तीय स्थायित्वमा समेत पर्दछ ।

मुलुक संघीय संरचनामा रुपान्तरण भएसंगै समग्र साधन व्यवस्थापन चुनौतीपूर्ण बनेको सन्दर्भमा मध्यमकालीन खर्च संरचनाले दीर्घकालीन सोच तथा विकास योजनाले लिएको लक्ष्य तथा उद्देश्य हासिल गर्न एवं रणनीति तथा कार्यनीति कार्यान्वयन, क्षेत्रगत तथा आयोजनागत-कार्यक्रमगत प्राथमिकता निर्धारण, खर्च र श्रोतको आंकलन तथा प्रक्षेपण गरी वित्त व्यवस्थापन तथा आर्थिक विकासमा सहयोग पुर्याउँछ । सो अनुसार यस खर्च संरचना तर्जुमा गर्दा पन्ध्रैं योजना तथा दिगो विकास लक्ष्यसँग कार्यक्रम-आयोजनाको वस्तुगत रुपमा सामन्जस्यता कायम गर्ने गरी प्रागमिकीकरणको निश्चित मापदण्ड बनाइएको छ ।

## १.२ अवधारणा तथा उद्देश्य

सार्वजनिक वित्त व्यवस्थापनको एक औजारका रुपमा यस खर्च संरचनाले उपलव्ध साधन श्रोतको आंकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँड गर्ने गर्दछ । यस अन्तर्गत राजश्व, आन्तरिक आय, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदानको आंकलन गरी समष्टिगत आर्थिक खाका निर्धारण गरिन्छ । यसैको आधारमा खर्च क्षेत्रगत प्राथमिकता अनुरुप विषयगत शाखाको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक मध्यम अवधीको बजेट विनियोजन सहितको मध्यमकालीन खर्च अनुमानको खाका तयार गरिन्छ । यसरी निर्धारण भएको श्रोतभित्र रहेर शाखाहरुले नीति तथा कार्यक्रमको कार्यान्वयनको क्रममा लाग्ने खर्च रकमको अनुमान गर्दछन । सम्वन्धित निकायहरुसँगको छलफल पछि तीन वर्ष अवधिको बजेटको खाका तयार गरिन्छ ।

दोगडाकेदार गाउँपालिकाको मध्यमकालिन खर्च संरचना तयार गर्दा बजेट कार्यान्वयनबाट तीन बर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरिएको छ । यसमा पहिलो बर्षको खर्च र श्रोतको अनुमानको बार्षिक बजेटसँग तादम्यता राखी बाँकी दुई

बर्षको प्रक्षेपण गरिएको छ । पहिलो बर्षको बजेट कार्यान्वयन सँगै दोस्रो वर्षको बार्षिक बजेट तर्जुमा सँगै नयां मध्यमकालीन खर्च संरचना तयार गरिन्छ । जसमा पहिलो बर्षको प्रगति समिक्षा गरिन्छ भने बाँकी दुई बर्षको विगतमा प्रक्षेपण गरेको अनुमानलाई परिमार्जन गरी एक बर्षको बजेट प्रक्षेपण थप गरिन्छ । यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसावले प्रत्येक तीन वर्षको बजेटको आंकलन गर्नु पर्ने हुन्छ ।त्यसैले यसलाई विकासको आवश्यकता, आयोजना कार्यान्वयनको अवस्था, राजश्व र अनुदानको अनुमान समेतका आधारमा प्रत्येक वर्ष परिमार्जन गरिनु पर्ने हुन्छ। यसबाट मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र बस्तुनिष्ठ बनाउन सहयोग पुर्याउँछ ।

दोगडाकेदार गाउँपालिकाको मध्यमकालीन खर्च संरचनाका उद्देश्यहरु निम्नानुसार छन ।

- दोगडाकेदार गाउँपालिकाको सार्वजनिक खर्च प्रणलीमा वित्त अनुशासन कायम गरी समष्टिगत आर्थिक स्थायित्व कायम गर्नका लागि गाउँपालिकाको मध्यम अवधिको आन्तरिक बाह्य श्रोतको यथार्थपरक अनुमान गरी समष्टिगत आर्थिक तथा बजेट खाका तर्जुमा गर्ने ।
- दोगडाकेदार गाउँपालिकाको विकास योजनाको प्राथमिकताका क्षेत्रमा लगानीको सुनिश्चितता प्रदान गर्न श्रोत साधनको विनियोजन प्रक्रियाको पुनर्संरचना गरी प्राथमिकता प्राप्त विषयगत क्षेत्रमा बजेटको बाँडफाँड गर्ने ।
- दोगडाकेदार गाउँपालिकाको सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित नतिजा सुनिश्चित गर्ने ।
- दोगडाकेदार गाउँपालिकाका सम्वन्धित शाखाहरुको बजेट अनुमानलाई यथार्थपरक र प्रभावकारी बनाउने ।

उल्लेखित लक्ष्य हासिल गर्न आवधिक रुपमा मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयनमा लैजानु पर्दछ ।

## १.३ मध्यमकालीन खर्च संरचनाका बिशेषता

मध्यमकालीन खर्च संरचनामा सामान्यतया देहायका विशेषता रहेका हुन्छन ।

**समष्टिगत आर्थिक खाका:** यस खाकामा समष्टिगत आर्थिक अवस्था आगामी ३ बर्षको अनुमान तथा सार्वजनिक वित्त सम्वन्धी विषय बस्तु समेटेको हुन्छ ।

**नतिजा खाकाः** आवधिक योजनाले निर्धारण गरेका नतिजा सुचक तथा अन्य प्रक्रियागत सुचक र सोको बिद्यमान अवस्था र आगामी ३ बर्षको लक्ष्यलाई यस खाकामा समावेश गरिएको छ । सो अनुसार समष्टिगत बजेट खाका परिच्छेद २ र विषयगत क्षेत्रगत बजेट खाका परिच्छेद ४ देखि ९ सम्म समावेश गरिएको छ ।

**बजेट तथा कार्यक्रम खाकाः** यस खाकामा तीन बर्षको बजेट वा खर्चको अनुमान तथा प्रक्षेपण समावेश भएको छ । समष्टिगत बजेट खाका परच्छेद २ मा र विषय क्षेत्रगत बजेट खाका परिच्छेद ४ देखि ९ सम्म समावेश गरिएको छ । साथै कार्यक्रम यस अवधिमा कार्यान्वयन हुने कार्यक्रम तथा आयोजनाको विवरण समेत यसमा समेटिएको छ । यस खर्च संरचनामा पहिलो बर्ष वा आर्थिक बर्ष २०८१/२०८२ को हकमा विनियोजित बजेट अनुरुप र त्यसपछिका बांकी दुई आर्थिक बर्षको हकमा आयोजना कार्यान्वयनको स्थिति, उपलव्ध साधन श्रोत र खर्च गर्ने क्षमतालाई आधार मानी रकम अनुमान गरिएको छ । कार्यक्रम सम्वन्धी समग्र विवरण परिच्छेद ३ मा र विषय क्षेत्रगत बजेट खाका परिच्छेद ३ देखि ९ सम्म समावेश गरिएको छ ।

**आवधिक योजनासँगको अन्तरसम्वन्ध:** खर्च संरचनाले आवधिक योजना कायान्वयनको लागि नतिजा सुचक र लक्ष्य, श्रोतको अनुगमन तथा सो अनुसारका कार्यक्रम तथा आयोजना बार्षिक बजेटमा समावेश गर्न सहयोग गर्दछ । यसको

लागि योजनाको सोच, लक्ष्य र रणनीतिलाई खर्च संरचनाको सम्वन्धित विषय क्षेत्रगत खण्डमा समावेश गरिएको छ । साथै योजनामा निर्धारित लक्ष्य र सुचकको आधारमा तीन बर्षको नतिजा खाका समावेश गरिएको छ ।

**विकास कार्यक्रम तथा आयोजनाको प्राथमिकिकरणः** योजनाको निर्दिष्ट लक्ष्य हांसिल गर्न उपलव्ध श्रोत साधनको सहत्तम परिचालन गर्नु पर्ने हुन्छ । खासगरी विकास कार्यक्रम वा आयोजनाबाट हांसिल हुने प्रतिफल तथा यसबाट आर्थिक सामाजिक विकासमा पुग्ने योगदानका आधारमा प्राथमिकीकरण तथा पुनःप्राथमिकीकरण गर्नु आवश्यक छ । सो अनुसार यस खर्च संरचनामा समग्र विकासका विषय क्षेत्रहरुलाई ५ क्षेत्रमा विभाजन गरी मापदण्डहरुमा सबै क्षेत्रले योगदान पुर्‍याउनु पर्ने गरी ५ सामान्य आधार र २ विषय क्षेत्रगत आधार तय गरिएका छन । प्राथमिकीकरण गर्ने आधार तथा प्राथमिकीकरण विधि अनुसूची १२ र १३ मा प्रस्तुत गरिएको छ ।

**प्रति एकाई लागत अनुमानः** कार्यक्रम वा आयोजना कार्यान्वयनको लागि सञ्चालन गरिने क्रियाकलापको लागत अनुमान गर्न प्रतिफल वा लाभान्वित जनसंख्याको मापन गणना गरिन्छ । यस सम्वन्धी विवरण अनुसूची ११ मा समावेश गरिएको छ । साथै शाखाहरुले सञ्चालन आयोजना र कार्यक्रमका विभिन्न क्रियाकलापको प्रति एकाई खर्च अनुमानका साथै विभिन्न क्षेत्रमा आगामी तीन बर्षभित्र गरिने लगानीबाट प्राप्त हुने लक्षित प्रतिफल तथा नतिजा सुचक प्रस्तुत गरिएका छन ।

## १.४ मध्यमकालिन खर्च संरचनाको अभ्यास

नेपालमा सार्वजनिक खर्चको प्रभावकारी व्यवस्थापनमा विभिन्न समस्या बिद्यमान छन । खासगरी आवधिक योजना र बार्षिक बजेट तथा कार्यक्रम बीचमा तादम्यता नरहनु कुनै कार्यक्रम-आयोजनामा बजेट नछुट्याइनु तर कुनै कार्यक्रम-आयोजनामा आवश्यकता भन्दा बढी बजेट छुट्याइनु, दिगोपना नभएको आयोजनामा निरन्तर रुपमा बजेट विनियोजन हुनु, बजेटको सुनिश्चितता नहुनु र कार्यान्वयन क्षमता भन्दा बढी आयोजना सञ्चालनमा रहनु यसका प्रमुख समस्या हुन ।

उल्लेखित समस्यालाई मध्यनजर राखी दशौं योजना (२०५९ - २०६५) सँगसँगै योजना सँग तालमेल हुने गरी मध्यमकालीन खर्च संरचना तर्जुमा तथा कार्यान्वयन थालिएको थियो । पहिलो पटक आर्थिक बर्ष २०५९-२०६० मा मध्यमकालिन खर्च संरचना तर्जुमा भएको थियो । सुरुमा शिक्षा, स्वास्थ्य, कृषि, सिचाइ, विद्युत, सडक र जलश्रोत जस्ता मुख्य क्षेत्रमा यसको सुरुवात गरिएको थियो । यसले आवधिक योजना र बार्षिक बजेट बिच तादम्यता कायम गर्ने, विकास आयोजना-कार्यक्रमको प्रथमिकीकरण गर्ने, आवधिक योजनाले लिएका उद्देश्य र लक्ष्य हासिल हुने गरी श्रोत साधानको सदुपयोग गर्ने र आर्थिक स्थायित्व कायम हुने अपेक्षा गरिएको थियो ।

सरकारले सुरुका सात आर्थिक बर्षसम्म मध्यमकालिन खर्च संरचना तर्जुमा कार्यलाई संस्थागत गर्न प्रयास गरेको र त्यसको फलस्वरुप यसका उद्देश्य खास गरी बित्त अनुशासन र खर्चको रणनीतिक रुपमा विनियोजन कार्यमा सहयोग पुगेको थियो । तर बीचका केही बर्षमा यसलाई निरन्तरता दिन सकिएन । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले अनिवार्य गरे पछि आर्थिक बर्ष २०७४-२०७५ देखि हरेक बर्ष यो दस्तावेज तर्जुमा हुदै आएको छ । यसको फस्वरुप दोगडाकेदार गाउँपालिकाले पनि यसै आर्थिक वर्ष २०८०/०८१ देखि यस दस्तावेजको तर्जुमा गर्ने कार्यलाई अगाडी बढाएको छ ।

## १.५ कानूनी व्यवस्था

नेपालको संविधानको धारा ५९ मा आर्थिक आधिकारको प्रयोग अन्तर्गत संघ, प्रदेश र स्थानिय तहले आफ्नो अधिकार क्षेत्रभित्रका बिषयमा बजेट बनाउने, निर्णय गर्ने नीति तथा योजना तयार गर्ने र कार्यान्वयन गर्ने एवं संघ, प्रदेश र स्थानिय तहले आ'आफ्नो तहको बजेट बनाउने व्यवस्था रहेको छ ।

संबिधानको धारा २३० अनुसार राजश्व र व्ययको अनुमान अन्तर्गत गाउँपालिका उपाध्यक्षले गाउँ सभा बैठकमा अनुमान पेश गर्नु पर्ने व्यवस्था गरिएको छ ।

अन्तर सरकारी बित्त व्यवस्थापन ऐन २०७४ ले नेपाल सरकार तथा प्रदेश र स्थानिय तहले मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्ने व्यवस्था गरेको छ । ऐनको परिच्छेद ६ मा सार्वजनिक खर्च व्यवस्था रहेको छ । दफा १७ मा मध्यमकालीन खर्च संरचना सम्वन्धी नेपाल सरकार, प्रदेश तथा स्थानिय तहले दफा १६ बमोजिमको सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक बर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्ने व्यवस्था रहेको छ । मध्यमकालीन खर्च संरचना प्रस्तावित योजनाको उद्देश्य, प्रस्तावित योजनाका लागि सम्भाव्यता अध्ययन गर्न वा खर्च छुट्याउन आवश्यकताको पुष्टयाँई, प्रस्तावित योजना कार्यान्वयन हुन सक्ने आर्थिक बर्ष र त्यस पछिका दुई आर्थिक बर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण, प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको बार्षिक खर्च संगको तादम्यता, सञ्चालित योजना भए गत आर्थिक बर्षमा छुट्याईएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण खुलाउनु पर्ने व्यवस्था छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को परिच्छेद ३ मा राजश्व र व्ययको अनुमान तथा दफा ६ मा मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्ने व्यवस्था रहेको छ । उक्त मध्यमकालिन खर्च संरचनामा आगामी तीन बर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजा खाकाको साथै प्रस्तावित आयोजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, क्रियाकलापको अनुमानित प्रति इकाइ लागत, आयोजना वा कार्यक्रम सञ्चालनमा लाग्ने अनुमानित समय तथा सो बाट प्राप्त हुने प्रतिफल समेत खुलाई प्रत्येक आयोजना वा कार्यक्रमको प्राथमिकीकरण गर्नु पर्ने व्यवस्था रहेको छ ।

स्थानिय सरकार सञ्चालन ऐन २०७४ परिच्छेद ६ योजना तथा कार्यान्वयन दफा २४ बमोजिम मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक बर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि आगामी तीन बर्षमा उपलव्ध हुने श्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वानुमान चालु आर्थिक बर्षको बैशाख १५ गते भित्र गरि सक्नु पर्ने व्यवस्था रहेको छ । सोको लागि गा.पा. अध्यक्षको संयोजकत्वमा श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति रहने र सो समितिले आवधिक योजनामा प्रक्षेपित लगानी तथा वित्तिय आवश्यकताको आधारमा आगामी तीन आर्थिक बर्षको लागि कुल श्रोत समेत अनुमान गर्नु पर्ने व्यवस्था छ । सो अनुमानित श्रोत र चालु मध्यमकालीन खर्च संरचनालाई समेत दृष्टिगत गरी खर्चको सीमा निर्धारण गरिने व्यवस्था रहेको छ ।

## १.६ संस्थागत व्यवस्था

मध्यमकालिन खर्च संरचना, आवधिक योजना र बार्षिक बजेटबीच आदम्यता अपनाउने औजार भएकोले बार्षिक बजेट निर्माणमा यसको महत्वपूर्ण भूमिका रहन्छ । यसको लागि संस्थागत व्यवस्थाका रुपमा देहाय बमोजिमका समितिको व्यवस्था गरिएको छ ।

**क. श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिः** आर्थिक परिसुचकहरुको विश्लेषण गरी समष्टिगत आर्थिक संरचना तयारी, आगामी तीन वर्षको बजेटको कुल सीमा प्रक्षेपण, खर्च तथा श्रोत सहितको मध्यमकालीन खर्च संरचना सीमा नर्धािरण र बजेटको कार्यान्वयन स्थितिको समीक्षा गरी आगामी आर्थिक बर्षको बजेट प्रक्षेपण गर्न देहाय बमोजिमको स्थनिय श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति (स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम) रहने व्यवस्था छ ।

| | |
|---|---|
| गा.पा. अध्यक्ष | संयोजक |
| गा.पा. उपाध्यक्ष | सदस्य |
| कार्यपालिका सदस्य महिला, दलित, अल्पसंख्यक मध्ये ४ जना | सदस्य |
| प्रमुख प्रशासकिय अधिकृत | सदस्य सचिव |

**ख. स्थानिय राजश्व परामर्श समितिः** स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ बमोजिम राजश्व सम्वन्धी परामर्शको लागि देहाय बमोजिमको स्थानिय राजश्व परामर्श समिति रहने व्यवस्था रहेको छ ।

| | |
|---|---|
| गा.पा. उपाध्यक्ष | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| कार्यपालिका सदस्य मध्ये १ जना महिला सहित २ जना | सदस्य |
| उद्योग तथा बाणिज्य क्षेत्रको संस्थाबाट १ जना | सदस्य |
| घरेलु तथा साना उद्योग क्षेत्रको संस्थाबाट १ जना | सदस्य |
| कार्यपालिकाको राजश्व शाखा प्रमुख | सदस्य सचिव |

**ग. बजेट तथा कार्यक्रम तर्जुमा समितिः** गाउँपालिकाले आर्थिक परिसुचकहरुको विश्लेषण गरी समष्टिगत आर्थिक संरचना तयारी, आगामी तीन वर्षको बजेटको कुल सीमा प्रक्षेपण, खर्च तथा श्रोत सहितको मध्यमकालीन खर्च संरचना सीमा नर्धािरण र बजेटको कार्यान्वयन स्थितिको समीक्षा गरी सके पश्चात स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ६७ बमोजिम कार्यक्रमको तर्जुमा गरी बजेट निर्धारण गर्नको लागि देहाय बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था रहेको छ ।

| | |
|---|---|
| गा.पा. उपाध्यक्ष | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| बिषयगत क्षेत्र हेर्ने गा.पा. कार्यपालिका सदस्यहरु | सदस्य |
| कार्यपालिकाको योजना शाखा प्रमुख | सदस्य सचिव |

## १.७ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया

**क. समष्टिगत आर्थिक खाका निर्धारण र त्रिवर्षीय श्रोत अनुमानः** श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आगामी तीन आर्थिक बर्षमा उपलव्ध हुन सक्ने श्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वानुमान गर्दछ । सो समितिले आवधिक योजनामा प्रक्षेपित लगानी तथा वित्तीय आवश्यकताको आधारमा आगामी तीन आर्थिक वर्षको लागि संघ, प्रदेश र स्थानिय तहको कुल श्रोत अनुमान गरिएको छ । श्रोत अनुमान गर्दा गत आर्थिक वर्षको बार्षिक र चालु आर्थिक वर्षको छ महिनाको समष्टिगत आर्थिक परिसुचक, आगामी आर्थिक वर्षहरुमा उपलव्ध हुन सक्ने राजश्व, विकास सहायता र सञ्चित कोषमा जम्मा हुन सक्ने रकमका आधारमा बस्तुनिष्ठ भई गरिएको छ ।

**ख. विषय क्षेत्रगत बजेट सीमा तथा श्रोत बाँडफाँडः** श्रोत अनुमान समितिबाट निर्धारित बजेट वा श्रोत सीमालाई विषय क्षेत्रगत रुपमा बाँडफाँड गरिएको छ । आवधिक योजना, विषय क्षेत्रगत योजना, लक्ष्य, वर्तमान अवस्था, प्राथमिकता एवं आवश्यकता, क्रमागत आयोजना कार्यान्वयनको अवस्था, नयां कार्यक्रम तथा आयोजना जस्ता विभिन्न आधार लिई बजेट सीमा एवं श्रोत बाँडफाँड गरिएको छ । यसरी श्रोत अनुमान समितिबाट निर्धारित सीमाको अधिनमा रही आगामी तीन बर्षको बजेट तर्जुमाको लागि बजेट सीमा, मध्यमकालीन खर्च संरचनाको खाका समेत उल्लेख गरी सम्वन्धित निकायहरुमा पठाइएको छ ।

**ग. बिषयगत क्षेत्रगत मध्यमकालीन खर्च संरचना तर्जुमाः** प्राप्त मार्गदर्शन एवं बजेट सीमाको अधिनमा रही विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ । कार्यक्रम वा आयोजनाको विवरण तयार गरी सोको प्राथमिकीकरण एवं योजनाको रणनीतिक स्तम्भ, प्राथमिकताक्रम, दिगो विकास लक्ष्य, लैंगिक सम्वेदनशीलता र जलवायु परिवर्तन उत्थानशीलताका आधारमा सांकेतीकरण गरिएकोछ ।

**घ. खर्चको माग तथा श्रोत बीचको तालमेलको समिक्षाः** यस प्रक्रियामा बिषय क्षेत्रगत शाखाबाट प्राप्त खर्च तथा श्रोतको अनुमानको पुनरावलोकन गर्नुका साथै बजेट मागको प्राविधिक बिश्लेषण समेत भएको छ । बिषय क्षेत्रगत शाखाहरुसंग छलफलपछि बिषय क्षेत्रगत खर्च तथा श्रोत परिमार्जन गरिएको छ ।

**ङ. मध्यमकालीन खर्च संरचना र बजेट बीचको अन्तर सम्वन्ध कायमः** मध्यमकालीन खर्च संरचना र बार्षिक बजेट बीच तादम्यता कायम गर्ने प्रक्रिया यस चरणमा हुन्छ । यस क्रममा खर्च संरचनाको पहिलो बर्षको लागि बजेटमा प्रस्तावित र अन्तिम रुप दिइएको बजेट रकम र श्रोत व्यवस्था उल्लेख गरिएको छ भने दोस्रो र तेस्रो बर्षमा बजेट बर्षको खर्च तथा श्रोत अनुमानलाई आधार लिदै प्राथमिकता, अपेक्षित उपलव्धि, बहुबर्षीय दायित्व, आयोजना अवधी लगायतका पक्षलाई ध्यान दिदै बिषयगत क्षेत्रगत शाखाबाट प्राप्त खर्चको प्रक्षेपणको प्राविधिक बिश्लेषण गरिएको छ। सोही आधारमा बिषय क्षेत्रगत रुपमा दोस्रो र तेस्रो बर्षको खर्च प्रक्षेपण गरिएको छ ।

**च. मध्यमकालीन खर्च संरचनाको मस्यौदा, स्वीकृति तथा प्रकाशनः** मध्यमकालीन खर्च संरचना तर्जुमामा यो अन्तिम र निकै महत्वपूर्ण चरण हो । यस चरणमा विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना एकीकृत गरी खर्चको माग र श्रोतको समष्टिगत विवरण तयार गरिएको छ । त्यस्तै खर्चको माग र श्रोत बीचको तालमेल बिश्लेषण गर्दै श्रोत अनुमान समितिबाट निर्धारित त्रिबर्षीय श्रोतसँग तादम्यता कायम गरिएको छ । साथै समष्टिगत वित्त खाका, समष्टिगत बजेट खाका र समष्टिगत नतिजा खाका तयार गरी ती खाका बीचको तालमेल बिश्लेषण गरिएको छ । मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयार गरी कार्यपालिकाबाट स्विकृत गरिने छ । साथै आगामी आर्थिक बर्षको बजेट तथा बार्षिक विकास कार्यक्रम गाउँ सभाको बैठकबाट स्वीकृत गर्ने व्यवस्था छ । उपाध्यक्षले वा कार्यपालिकाले तोकेको कुनै सदस्यले स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम मध्यमकालीन खर्च संरचना र बार्षिक विकास कार्यक्रम समेत असाढ १० गते भित्र गाउँ सभाको बैठकमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ ।

# परिच्छेद — २ : मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

स्थानीय सरकारले तर्जुमा गरेको आवधिक योजना, कुशलतापूर्वक विनियोजन गरिएको सार्वजनिक खर्च र प्रभावकारी कार्यान्वयनले राष्ट्रिय र प्रादेशिक स्तरमा तय गरिएका दीर्घकालीन र आवधिक योजनाको सोच, लक्ष्य तथा उद्देश्य प्राप्तिमा सघाउ पुर्याउछ । पन्ध्रौं आवधिक योजना (२०७६/७७— २०८०/८१) तथा सुदूरपश्चिम प्रदेशको प्रथम पञ्च वर्षीय योजना (२०७८/७९—२०८२/८३) ले तय गरेका सोच **"आत्मनिर्भर,सुन्दर र समृद्ध दोगडाकेदार"** सोच सहित आवधिक योजना (२०८१/८२ — २०८५/८६) तर्जुमा गरेको छ । उपलब्ध श्रोतको कुशल, मितव्ययी र प्रभावकारी व्यवस्थापनबाट आवधिक योजनाले पहिचान गरेको प्रमुख कार्यक्रम र सूचक हासिल गर्न मध्यमकालीन खर्च संरचना (२०८१/८२— २०८३/८४) तयार गरिएको छ । दोगडाकेदार गाउँपालिकाले चालु आर्थिक वर्षबाट कार्यान्वयन गर्ने गरी तयार गरेको मध्यमकालीन खर्च संरचनामा राष्ट्रिय र प्रादेशिक पञ्चवर्षीय योजना, दिगो विकासका लक्ष्य तथा दोगडाकेदार गाउँपालिकाले तर्जुमा गरेको आवधिक योजनाका समष्टिगत र क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य तथा रणनीतिको आधारमा उपलब्धि सूचक निर्माण गरिएको छ । यसैगरी आन्तरिक र बाह्य श्रोत अनुमानको आधारमा आगामी तीन आर्थिक वर्षको समष्टिगत आर्थिक खाका, बजेट खाका, नतिजा खाका निर्माण गरेको छ । आवधिक योजनाको रणनीतिक स्तम्भ, आयोजना/कार्यक्रमको प्राथमिकता क्रम, दिगो विकासको लक्ष्य, लैंगिक तथा जलवायु संकेत, स्थानीय गौरवका आयोजना तथा विषय क्षेत्रगत आयोजना/कार्यक्रमको आधारमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान र प्रक्षेपण गरिएको छ ।

## २.२ दीर्घकालिन सोच, उदेश्य र रणनीति

सोच : **"आत्मनिर्भर,सुन्दर र समृद्ध दोगडाकेदार"**

<u>**उद्देश्य**</u>

१. उत्पादनशील क्षेत्रको उच्चतम परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि गर्दै आर्थिक विकासको आधार तयार गर्नु ।
२. गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानीको सुनिश्चितता गर्दै सामाजिक न्याय सहितको समुन्नत समाज निर्माण गर्नु ।
३. गुणस्तरीय तथा प्रयोगकर्तामैत्री पूर्वाधारको विकास गरी समृद्धिको आधार तयार गर्नु ।
४. वातावरणीय सन्तुलन कायम गर्दै जल, जमिन, जङ्गल, जैविक विविधता जस्ता प्राकृतिक श्रोत र सम्पदाको संरक्षण तथा विकास गर्नु,

### प्रमुख रणनीतिहरु

- कृषिमा आधारित उद्यमशीलताका माध्यमबाट रोजगारी सिर्जना गरी आम्दानीमा वृद्धि ल्याइनेछ ।
- प्रविधिमा आधारित पर्यटनको विकास गरी यसलाई रोजगारमूलक उद्योगको रूपमा विकास गरिनेछ।
- स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापनाका लागि प्रोत्सहान गरिनेछ ।
- विकासका पूर्वाधारहरू सामाजिक तथा आर्थिक रूपमा विपन्न समुदायलाई मूलप्रवाहमा ल्याइनेछ ।
- गुणस्तरीय सिँचाइ सुविधा, सङ्कलन केन्द्र, बजार व्यवस्थापन एवम् प्रवर्द्धन, बीउ विजन, मलखादको सहज आपूर्ति र प्रविधिको पहुँचको सुनिश्चितता गरिनेछ ।

- जनताको पहुँच सिर्जना हुने गरी गुणस्तरयुक्त सडक, सिँचाइ, लगायत अन्य भौतिक पूर्वाधारको निर्माण गर्दा निश्चित मापदण्ड बनाई लागु गरिनेछ ।
- कृषि तथा पशुजन्य उपजमा आत्मनिर्भर हुँदै खाद्य सुरक्षाको प्रत्याभूति गराई गरिबी निवारणमा उल्लेख्य सुधार गरिनेछ ।
- महिला, बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने शिक्षा, स्वास्थ्य क्षेत्रमा जनचेतना अभिवृद्धि र पूर्वाधार विकास तर्फ स्वास्थ्य चौकी निर्माण, प्रसुतिगृह निर्माण, एम्बुलेन्स सेवा सञ्चालन बालविकास केन्द्रहरूको व्यवस्थामा जोड दिइनेछ।
- खुला दिशामुक्त गाउँ कार्यक्रमलाई व्यवस्थित गर्न आवश्यकता अनुसार सार्वजनिक शौचालय निर्माण तथा त्यसको व्यवस्थापनकालागि कार्य योजना तयार पारी कार्यान्वयन गर्ने नीति लिइनेछ ।
- शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाहरूलाई गाउँपालिकाको सामाजिक समृद्धिको मेरुदण्डका रूपमा अंगिकार गरी त्यसको विकासकालागि आवश्यक कार्य योजना लागु गरिनेछ ।
- विकासका पूर्वाधारको गुणस्तर सुनिश्चित गरिनेछ ।
- कृषि र पर्यटनकालागि उपयुक्त ठानिएका क्षेत्रहरूको DPR गरी उक्त क्षेत्रहरूलाई पकेट र पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न आवश्यक पूर्वाधारको व्यवस्थापन तथा आधुनिक प्रविधिमा आधारित कृषि सम्बन्धी क्रियाकलापमा जोड दिइनेछ ।
- सडकको स्तरोन्नत्ति, मर्मत, सम्भार, संरचनाको काम गरी सवारी साधनलाई सुचारु गर्न बजेट बाँडफाँड गरिनेछ ।
- वन जङ्गल संरक्षणमा आधुनिक प्रविधिको प्रयोग गरिनेछ ।
- एकघर एक धारा र पूर्ण सरसफाइ सहितको गाउँपालिका बनाउने नीति अवलम्बन गरिने छ ।
- प्रकोपबाट सिर्जना हुने मानवीय तथा आर्थिक क्षतिलाई न्यूनीकरण, वातावरणीय संरक्षण जस्ता कार्यक्रम र जलवायु परिवर्तन अनुकूलन योजनालाई आबद्ध गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
- सडक निर्माण गर्दा क्षति भएको खानेपानी योजना, सिँचाइ कुलोहरू सम्बन्धीत योजना सञ्चालन गर्ने उपभोक्ता समितिलाई नै पुनर्निर्माणमा जिम्मेवार बनाइनेछ ।

## २.३ मध्यमकालीन आर्थिक खाका

गाउँपालिका क्षेत्रभित्र उपलब्ध मानवीय, प्राकृतिक, आर्थिक, सांस्कृतिक श्रोतको उच्चतम सदुपयोग मार्फत उत्पादनमुखी व्यावसायिक कृषि, उद्योग र पर्यटनको विकास गरी आर्थिक समृद्धि हासिल गर्ने तथा सोको न्यायोचित र समतामूलक वितरण गरी समन्यायिक समाजको निर्माण गर्ने आवधिक योजना कार्यान्वयन गर्न आगामी तीन आर्थिक वर्ष निम्नानुसारको श्रोत संकलनको लक्ष्य सहित तयार गरिएका आर्थिक खाका तालिका नं. १ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १ मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य**

| क्र.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७९/८० सम्मको वास्तविक उपलब्धि | आ.व. २०८०/८१ को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १. | आर्थिक वृद्धिदर (औसत) | प्रतिशत | ३.६* | ३.९९ | ४.३४ | ४.६६ | ५.०३ |
| २. | कूल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान | प्रतिशत | ४.१* | ४.४३ | ४.७८ | ५.१६ | ५.५८ |
| ३. | कूल ग्राहस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | ४.२* | ४.५३ | ४.९० | ५.२९ | ५.७१ |
| ४. | कूल ग्राहस्थ उत्पादनमा सेवा क्षेत्रको योगदान | प्रतिशत | २.७* | २.९२ | ३.१५ | ३.४० | ३.६७ |
| ५. | प्रतिव्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डलर | ९१८* | ९९२ | १०७१ | ११५७ | १२४९ |
| ६ | गरिबीको रेखामुनि रहेको जनसंख्या (निरपेक्ष गरिबी) | प्रतिशत | २४.६* | २२.६३ | २०.८२ | १९.१५ | १७.६२ |
| ७ | बहुआयामिक गरिबीमा रहेको जनसंख्या | प्रतिशत | २५.३* | २३.२८ | २१.४१ | १९.७० | १८.१२ |
| ८ | बेरोजगारी दर | प्रतिशत | ११.५* | १०.५८ | ९.७३ | ८.९५ | ८.२३ |
| ९ | ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | ८५* | ९१.८ | ९९.१४ | १०० | १०० |
| १० | इन्टरनेट प्रयोगकर्ता कुल परिवार | प्रतिशत | ४७.८* | ५१.६२ | ५५.७५ | ६०.२१ | ६५.०३ |
| ११ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्षमा | ६९.८* | | | | |

*सुदूरपश्चिम प्रदेशको प्रथम पञ्चवर्षीय योजना २०७९—२०८३, ८ प्रतिशत प्रक्षेपण गर्दा

## २.४ मध्यमकालीन नतिजा खाका

पन्ध्रौ पञ्चवर्षीय योजना, सुदूरपश्चिम प्रदेश को प्रथम पञ्चवर्षीय योजना तथा दोगडाकेदार गाउँपालिकाको बन्दै गरेको आवधिक योजना जस्ता आधारभूत र मार्गनिर्देशक दस्तावेजलाई आधार मानी यस गाउँपालिकाको मध्यमकालीन नतिजा सूचक तयार गरेको छ । यस अन्तर्गत आर्थिक वर्ष २०७९/८० को वास्तविक उपलब्धि २०८०/८१ को अनुमानित उपलब्धि सहित आगामी तीन आर्थिक वर्षको गन्तव्य तय गरिएको छ ।

विकासको आवधिक लक्ष्य निर्धारण गर्दा आ.व. ०७८-०७९ लाई आधार वर्ष मानिएको छ । संलग्न क्षेत्रको वृद्धिदर (Growth Rate), परिवर्तनको प्रवृत्ति (Change Trend) तथा अनुमानित समायोजन (Estimated Adjustment) का आधारमा आवाधिक योजनाको अन्तिम वर्ष सम्मको अनुमानित लक्ष्य निर्धारण गरिएको छ । विकासको आवधिक लक्ष्य छुटट्रै परिच्छेदमा विषयगत क्षेत्रको आधारमा प्रस्तुत गरिएको छ ।

## २.५ मध्यमकालीन बजेट खाका

दोगडाकेदार गाउँपालिकाको आन्तरिक श्रोत, तहगत सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण लगायतका श्रोत समेटी गाउँपालिकाले आगामी तीन आर्थिक वर्षमा प्राप्त हुने आय र बृहत विकास योजना अनुसार आवश्यक विनियोजन हुने रकमलाई तलको तालिका नं २ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं २: त्रिवर्षीय बजेट विनियोजन तथा प्रक्षेपण (रु. हजारमा)**

| क्र. सं. | विवरण | २०७९/८० को यथार्थ | २०८०/८१ को अनुमान | २०८१/८२ को प्रक्षेपित | २०८२/८३ को प्रक्षेपित | २०८३/८४ को प्रक्षेपित |
|---|---|---|---|---|---|---|
| १ | नगद मौज्दात | ०० | २५००००० | २७५००००० | ३०२५०००० | ३३२७५००० |
| २ | आन्तरिक राजस्व | ६०००००० | ७५००००० | ८२५०००० | ९०७५००० | ९९८२५०० |
| ३ | संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | १०९१००००० | ९६०००००० | १०५६००००० | ११६१६०००० | १२७७७६००० |
| ४ | सशर्त अनुदान (संघीय सरकार) | २५५९००००० | २६६५००००० | २९३१५०००० | ३२२४६५००० | ३५४७११५०० |
| ५ | संघीय सरकारबाट राजस्व बाडफाट प्राप्त आय | ९४६००००० | ९२६९५४०० | १०१९६४९४० | ११२१६१४३४ | १२३३७७५७७.४ |
| ६ | प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | ७४९२००० | ७८९५००० | ८६८४५०० | ९५५२९५० | १०५०८२४५ |
| ७ | राजस्व बाँडफाट (प्रदेश सरकार) | १९९०००० | २११८००० | २३२९८०० | २५६२७८० | २८१९०५८ |
| ८ | समपुरक अनुदान (संघ) | १००००००० | ७०००००० | ७७००००० | ८४७०००० | ९३१७००० |
| ९ | समपुरक अनुदान (प्रदेश सरकार) | ४७००००० | ७७८२००० | ८५६०२०० | ९४१६२२० | १०३५७८४२ |
| १० | विशेष अनुदान (संघ) | १४०००००० | १३०००००० | १४३००००० | १५७३०००० | १७३०३००० |
| ११ | विशेष अनुदान (प्रदेश) | २५००००० | ७०००००० | ७७००००० | ८४७०००० | ९३१७००० |
| १२ | अन्य | ०० | ०० | ०० | ०० | ०० |
| | **जम्मा** | ५०६२८२००० | ५३२४९०४०० | ५८५७३९४४० | ६४४३१३३८४ | ७०८७४४७२२.४ |

## २.६ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको लागि विभिन्न आयामबाट गरिएको बजेट अनुमान र प्रक्षेपणको तुलनात्मक विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

### २.६.१ रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

रणनीतिक स्तम्भ बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान र प्रक्षेपण तालिका नं. ३ मा प्रस्तुत गरिएको छ।

## तालिका नं ३ रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

| क.सं. | विषयगत क्षेत्र उपक्षेत्र | अनुमानित बजेट लागत (रू.हजारमा) | | |
|---|---|---|---|---|
| | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. |
| १ | **आर्थिक क्षेत्र** | **७०९५०** | **५३८००** | **५९४००** |
| १.१ | कृषि तथा पशुपन्छी | ७५०० | ३९५० | ६५०० |
| १.२ | सिंचाई | २३१५० | १४४५० | १९६०० |
| १.३ | पर्यटन, संस्कृति तथा सम्पदा | २६५०० | २६५०० | १९५०० |
| १.४ | उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति | ७५०० | ५९०० | ८००० |
| १.५ | श्रम, रोजगारी र सामाजिक सुरक्षा | ६३०० | ३००० | ५८०० |
| २ | **सामाजिक क्षेत्र** | **९७४५०** | **९९१५०** | **११५०००** |
| २.१ | स्वास्थ्य तथा पोषण | २३६५० | १८९५० | १३४०० |
| २.२ | शिक्षा, विज्ञान तथा नवप्रवतन | ३०००० | ४०००० | ४७००० |
| २.३ | खानेपानी तथा सरसफाइ | २७५०० | ३२८०० | ३८५०० |
| २.४ | महिला, बालबालिका तथा लक्षित वर्ग | १०६०० | ३७०० | ८९०० |
| २.५ | युवा तथा खेलकुद | ५७०० | ३७०० | ७२०० |
| ३ | **पूर्वाधार क्षेत्र** | **८३९२००** | **७३२५००** | **७२५७००** |
| ३.१ | बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | १४२०० | ५०० | ८७०० |
| ३.२ | सडक, पुल तथा यातायात | ८१०५०० | ७१५५०० | ६९६५०० |
| ३.३ | जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | ८००० | १०५०० | १७५०० |
| ३.४ | सूचना, सञ्चार तथा प्रविधि | ६५०० | ६००० | ३००० |
| ४ | **वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र** | **३६०००** | **३१६००** | **३७६००** |
| ४.१ | वन तथा जैविक विविधता | ७७०० | ६००० | ८२०० |
| ४.२ | भूसंरक्षण तथा जलाधार व्यवस्थापन | १९८०० | २११०० | २४९०० |
| ४.३ | वातावरण तथा फोहोरमैला व्यवस्थापन | १५०० | ५०० | २००० |
| ४.४ | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता | ७००० | ४००० | २५०० |
| ५ | **संस्थागत विकास तथा सुशासन क्षेत्र** | **६३००** | **३४००** | **३४५०** |
| ५.१ | संस्थागत विकास तथा सुशासन | ६३०० | ३४०० | ३४५० |
| **जम्मा योजना बजेट** | | **१०४९९००** | **९२०४५०** | **९४११५०** |

## २.६.२. प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

आयोजना प्राथमिकिकरण तथा सांकेतीकरणको आधारमा दोगडाकेदार गाउँपालिकाले छनौट गरेका आयोजनाको प्राथकिताक्रम अनुसार बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. ५ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं ४: प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण**

| प्राथमिकताक्रम | आयोजनाको लक्ष्य | गत आ.व. २०७९/८० को यथार्थ | | चालु आ.व. २०८०/८१ को संशोधित अनुमान | | आ.व. २०८१/८२ को प्रक्षेपण | | आ.व. २०८२/८३ को प्रक्षेपण | | आ.व.२०८३/८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| पहिलो | | | | | | | | | | | |
| दोस्रो | | | | | | | | | | | |

## २.६.३ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

क्षेत्र र उपक्षेत्रमा विनियोजित बजेटले दिगो विकास लक्ष्य प्राप्तिमा गर्ने योगदानलाई लक्ष्यगत तवरबाट देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं ४: दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| संकेत | दिगो विकासको लक्ष्य | गत आ.व. २०७९/८० को यथार्थ | | चालु आ.व. २०८०/८१ को संशोधित अनुमान | | आ.व. २०८१/८२ को प्रक्षेपण | | आ.व. २०८२/८३ को प्रक्षेपण | | आ.व. २०८३/८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | ४२७२६ | १६.८६ | ४६९९९ | १६.८६ | ५१६९८ | १६.८६ | ५६८८ | १६.८६ | ६२५५ | १६.८६ |
| २ | शुन्य भोगमरी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | स्वस्थ्य जीवन | २६४४ | १०.४३ | २९०६६ | १०.४३ | ३१९७३ | १०.४३ | ३५१७० | १०.४३ | ३८६८७ | १०.४३ |
| ४ | गुणस्तरीय शिक्षा | २७८३५ | १०.९८ | ३०६१९ | १०.९८ | ३३६८० | १०.९ ८ | ३७०४८ | १०.९८ | ४०७५३ | १०.९८ |
| ५ | लैङ्गिक समनता | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | स्वस्थ्य पानी र सरसफाइ | ३२५९९ | १२.८६ | ३५८५९ | १२.८६ | ३९४४५ | १२.८६ | ४३३८९ | १२.८६ | ४७७२८ | १२.८६ |
| ७ | दिगो र आधुनिक उर्जामा पहुँच | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | समावेशी र दिगो आर्थिक वृद्धि र मर्यादित काम | १५५०३ | ६.१२ | १७०५३ | ६.१२ | १८७५ ९ | ६.१२ | २०६३४ | ६.१२ | २२६९८ | ६.१२ |
| ९ | उद्योग नविन खोज र पुर्वाधार | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १० | असमानता न्यूनीकरण | ९५३५४ | ३७.६३ | १०४८८९ | ३७.६३ | ११५३७८ | ३७.६३ | १२६९१६ | ३७.६३ | १३९६०८ | ३७.६३ |
| ११ | दिगो शहर र वस्तीहरु | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १२ | दिगो उपभोग र उत्पादन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १३ | जलवायु परिवर्तन अनुकुलन | ६४३७ | २.५४ | ७०८१ | २.५४ | ७७८९ | २.५४ | ८५६८ | २.५४ | ९४२४ | २.५४ |
| १४ | सामुद्रिक स्रोतको उपयोग | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १५ | भूसतह श्रोतको उपयोग | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १६ | शान्ति, न्याय र सवल संस्था | ६५४५ | २.५८ | ७२०० | २.५८ | ७९१९ | २.५८ | ८७११ | २.५८ | ९५८३ | २.५८ |
| १७ | दिगो विकासका लागि साझेदारी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

## २.६.४ लैंगिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

छनौट गरिएका आयोजना–कार्यक्रमको कार्यान्वयनबाट लैंगिक समानता कायम गर्न पुर्याउने योगदानको आधारमा आगामी तीन आर्थिक वर्षको लागि गरिएको बजेट अनुमान तथा प्रक्षेपण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं ७: लैंगिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण**

| क्र.सं. | लैङ्गिक संकेत | गत आ.व. २०७९/८० को यथार्थ | | चालु आ.व. २०८०/८१ को संशोधित अनुमान | | आ.व. २०८१/८२ को प्रक्षेपण | | आ.व. २०८२/८३ को प्रक्षेपण | | आ.व. २०८३/८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | % | रकम | % | रकम | % | रकम | % | रकम | % |
| १ | प्रत्यक्ष लाभ | १८२२१२ | ७१.९ | २००४३३ | ७१.९ | २२०४७६ | ७१.९ | २४२५२३ | ७१.९ | २६६७७६ | ७१.९ |
| २ | अप्रत्यक्ष लाभ | २१९४० | ८.६६ | २४१३४ | ८.६६ | २६५४८ | ८.६६ | २९२०२ | ८.६६ | ३२१२२ | ८.६६ |
| ३ | तटस्थ | ४९२७१ | १९.४४ | ५४१९९ | १९.४४ | ५९६१७ | १९.४४ | ६५५७९ | १९.४४ | ७२१३८ | १९.४४ |

## २.६.५ जलवायु परिवर्तन संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

जलवायु परिवर्तनबाट सिर्जित असर र प्रभाव न्यूनीकरण तथा परिवर्तन अनुकूलका समायोजनामा सघाउने विशेषतायुक्त आयोजना–कार्यकमको आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तलको तालिका प्रस्तुत गरिएको छ ।

**तालिका नं ८: जलवायु परिवर्तन संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण**

| जलवायु परिवर्तन संकेत | गत आ.व. २०७९/८० को यथार्थ | | चालु आ.व. २०८०/८१ को संशोधित अनुमान | | आ.व. २०८१/८२ को प्रक्षेपण | | आ.व. २०८२/८३ को प्रक्षेपण | | आ.व. २०८३/८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | रकम | % | रकम | % | रकम | % | रकम | % | रकम | % |
| प्रत्यक्ष लाभ | ७४५२६ | ३५.३७ | ८१९७८ | ३५.३७ | ९०१७७ | ३५.३७ | ९९१९३ | ३५.३७ | १०९११३ | ३५.३७ |
| अप्रत्यक्ष लाभ | १२३१८९ | ५८.४७ | १३५५०८ | ५८.४७ | १४९०५८ | ५८.४७ | १६३९६४ | ५८.४७ | १८०३६१ | ५८.४७ |
| तटस्थ | १२९८२ | ६.१६ | १४२८१ | ६.१६ | १५७०८ | ६.१६ | १७२७९ | ६.१६ | १९००७ | ६.१६ |

# परिच्छेद —३ : आर्थिक क्षेत्र

नेपालको संविधानले सुनिश्चित गरेको खाद्य सुरक्षा, मर्यादित र सुरक्षित रोजगारी र आयको अधिकार कार्यान्वयन गर्न नेपाल सरकार, प्रदेश सरकारका साथै र स्थानीय सरकारको पनि महत्वपूर्ण भूमिका रहन्छ । यसलाई मुर्तरुप दिन संवैधानिक व्यवस्था, संघ, प्रदेश तथा स्थानीय नीति, कानून, योजना र लक्ष्यको आधारमा स्थानीय सरकारले योजनाबद्ध प्रयास गर्नु आवश्यक रहेको छ । यस गाउँपालिकाको समग्र आर्थिक विकासको अग्रणी क्षेत्र पर्यटन, कृषि, पशु, उद्योग, व्यापार तथा व्यवसाय, जलविद्युत, वन पैदावार, सहकारी एवं कृषि पर्यटन रहेका छन् ।

यस गाउँपालिकाको उत्पादन, रोजगारी र आयको प्रमुख संभाव्य स्रोतका रुपमा रहेको कृषि, पशु, उद्योग व्यवसाय, पर्यटन, बित्तीय व्यवस्थापन जस्ता क्षेत्रमा विकासका प्रयासलाई डोहोऱ्याउन यस क्षेत्रको बिद्यमान अवस्था, समस्या तथा चुनौती समेत विषय क्षेत्रगत लक्ष्य, उद्देश्य र सो को प्राप्तिका लागि अवलम्वन गर्नु पर्ने रणनीति र बिषय क्षेत्रगत प्रमुख कार्यक्रमहरू सहितको आर्थिक विकास योजना निम्नानुसार प्रस्तुत गरिएको छ ।

## ३.१ कृषि

कृषि तथा पशुपन्छी क्षेत्रले यस पालिकामा कुल गार्हस्थ उत्पादनको सर्वाधिक करिब ४२.२ प्रतिशतको योगदान गरेको पाइन्छ । कृषि क्षेत्रमा प्रचुर सम्भावना भएको गाउँपालिकामा करिव एक तिहाइ खेतीयोग्य भूमि रहेको अवस्थामा उपलब्ध भूमिको वैज्ञानिक ढंगले समुचित प्रयोग गरी कृषि र कृषि उद्योगको विकास गर्नुपर्ने आवश्यकता छ । एकातर्फ जग्गाको खण्डीकरण रोक्नुपर्ने चुनौती छ भने अर्कोतर्फ जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्नेछ । कृषि उत्पादनका क्षेत्रमा आत्मनिर्भर बनाई निर्यातमूलक अवस्थामा पुर्याउने सोच अनुरूप नै यस पालिकालाई विशेष प्राथमिकतामा राखिएको छ । उपलब्ध श्रम र सीपको पहुँच विस्तार गरी रोजगार सिर्जना गर्दै कृषिमा आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रीकरणको माध्यमबाट कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने लक्ष्य लिइएको छ ।

दिगो विकास लक्ष्यअन्तर्गत भोकमरीको अन्त्य लगायतका लक्ष्य प्राप्त गर्न आदर्श उत्पादन र न्यायिक वितरण प्रणाली प्रति विशेष पहल गर्नुपर्ने देखिन्छ । पोषण तथा खाद्य विविधता प्रवर्द्धन गर्नका लागि खाद्यान्नका अतिरिक्त दूध, माछा, मासु र अण्डाको महत्वपूर्ण भूमिकालाई मनन गरी गाउँपालिकामा पशुपन्छी पालनका माध्यमबाट पोषण तथा खाद्य सुरक्षा प्रवर्द्धन भई रोजगारीका अवसरहरू सिर्जना हुनुका साथै आर्थिक उन्नतितर्फ अग्रसर हुनको लागि सहयोग पुग्ने देखिन्छ ।

### ३.१.१ समस्या तथा चुनौती

यस गाउँपालिकामा कृषिको विकास तथा व्यवसायीकरणका समस्याहरूमा मुख्यतः बजारको अभाव, लगानीको अभाव तथा आधुनिक उपकरण तथा गुणस्तरीय विउविजन, मलखाद एवं औषधीहरूको अभाव तथा विक्री वितरण गर्न सडक यातायात तथा ढुवानीको समस्या रहेको अवस्था छ । यसैगरी व्यावसायिक खेती तथा बजारीकरणका लागि सिप तथा पूंजीको अभाव, स्थानीय स्तर विमा गर्ने निकायको अभावले गर्दा पहिरो, असिना आदिका कारणबाट वाली उत्पादनमा भैरहेको क्षतीप्रमुख समस्याको रुपमा रहेको पाईन्छ । अर्कोतर्फ कृषिमा लागत लाभको दृष्टिकोणमा खेती प्रणाली खर्चिलो हुनु, माटोको नियमित परीक्षण नहुनु जस्ता समस्या,व्यावसायिक सोचको कमी विद्यमान रहनु,कृषि संकलन केन्द्र नहुनु, कृषि पर्यटन तथा पकेट खेती विकास कार्यक्रम नहुनु एव प्रवर्द्धनात्मक कार्यक्रम संचालन नहुनु, कृषि उपजको सुरक्षित भण्डारको सुविधा नहुनु, रष्टिक स्टोर लगायतको सुविधा नहुनुबाट व्यवस्थित विक्री वितरण प्रणाली समेत नभएको अवस्था छ भने अधिकांश कृषकहरूमा व्यावसायिक कृषि र पशुपालन सम्बन्धी प्राविधिक, व्यवस्थापकीय र बजारीकरण सम्बन्धी ज्ञान, सीप र प्रविधिको प्रयोगमा कमी हुनु रहेको छ । आर्थिक विकास संभावनाका क्षेत्रहरू प्रचुर भएपनि परम्परागत र निर्वाहमुखी खेती प्रणाली, व्यावसायिक ज्ञान तथा प्रविधि सम्बन्धी सूचनाको कमी,कर्जामा कम पहुँच, बजारोन्मुख खेती प्रणाली नहुनुका साथै कृषि विज्ञको समेत कमी भएको अवस्था पाइन्छ । स्थानीय हावापानी सुहाउँदो र बढी उत्पादन दिने

खालको विभिन्न प्रजातीका बीउ बिजन उत्पादन गर्ने नर्सरी नहुँदा कृषकहरूले माग र आवश्यकता अनुसारको वोट विरुवा प्राप्त गर्न सकेका छैनन्। साथै जलवायु परिवर्तनको असरका कारण बालीमा देखापर्ने हानीकारक झार, रोग तथा किराहरूको प्रकोप लगायत पोषण र पानी सम्बन्धी जोखिममा वृद्धि भएको अवस्था छ। जडीबुटी उत्पादन विस्तार र बजारीकरण समस्या, संकलन साथै उत्पादनका लागि औजार उपकरणको कमी, वन्यजन्तुको समस्या समेत विद्यमान रहेको छ ।

भूमि व्यवस्थापन तथा भूमि प्रशासन सेवालाई वैज्ञानिकिकरण तथा सरलीकरण गर्नु, गुठी जग्गाको अभिलेखाङ्कन गरी अतिक्रमण रोक्नु, परम्परागत खेती प्रणालीलाई आधुनिकीकरण र व्यावसायिकरण गराई युवा जनशक्तिलाई कृषि तथा पशु व्यवसायतर्फ आकर्षित गराउनुका साथै कोभिड-१९ महामारीका कारण वैदेशिक रोजगारीबाट फर्केकाहरूका लागि कृषिमा आकर्षित हुने खालका कार्यक्रमहरूबाट स्वरोजगार गराउनु, खाद्यान्नको उचित वितरण गर्नु र यसको प्रयोगमा जनचेतनामूलक कार्य सञ्चालन गर्नुका साथै कृषि सहकारीहरूको लगानीलाई व्यापकरूपमा कृषि उत्पादन तथा उद्योगमा परिचालन गर्नुपर्ने चुनौतीहरू रहेका छन् ।

## ३.१.२ उद्देश्य

१. कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी गाउँपालिकाको निर्यात प्रवर्द्धन गर्नु ।
२. निर्वाहमुखी कृषि प्रणालीलाई दिगो र व्यावसायिक प्रणालीमा रुपान्तरण गर्नु ।
३. जैविक खेतीको प्रवर्द्धनमार्फत कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी अर्थतन्त्रमा टेवा पुऱ्याउनु ।
४. पशुपन्छी पालनलाई प्रविधियुक्त र व्यावसायिक बनाई पशुपन्छी जन्य पदार्थको निर्यात प्रवर्द्धन गर्नु ।

## ३.१.३ रणनीति

- भौगोलिक क्षेत्र, कृषकको लगानी गर्ने क्षमता, उत्पादन हुन सक्ने मात्रा, त्यस्तो प्रविधिको निरन्तरता हुने सम्भावना, त्यस्तो प्रविधि अपनाउनका लागि आवश्यक पर्ने ज्ञान, सीप, आदिलाई बिचार गरि कृषिमा आधुनिक प्रविधि, उपकरण र मेशिनरीको प्रयोग गर्ने ।
- सम्भावित क्षेत्रको पहिचान गरि नगदे तथा तरकारीवालीको पकेट क्षेत्रको घोषणा गर्ने । एक वडा एक नमूना कृषि कार्यक्रम कार्यक्रम नीति अवलम्बन गर्ने ।
- कृषकको उत्पादकत्वमा ह्रास नहुने बैकल्पिक उपायसँगै कीटनाशक औषधिको प्रयोगलाई क्रमशः घटाउने र सबै कृषि उत्पादनमा जैबिक प्रणालीमा आधारित (अर्गानिक) कृषि प्रणाली अबलम्वन गर्ने ।
- अनुसन्धान र परीक्षण उत्पादनबाट प्रमाणित र उपयुक्त देखिएका उन्नतजातका विऊविजनको प्रयोगमार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।
- कृषकको पहिचान तथा बर्गीकरण गरि अभिलेख व्यवस्थापन गर्ने, कृषिभूमिको चक्लाबन्दी गरि व्यवसायिक खेती गर्नेलाई सुविधा दिने नीतिगत व्यवस्था मिलाउने ।
- बीउ विजन लगायतका गुणस्तरीय उत्पादन सामग्री र कृषियन्त्र, उन्नत प्रविधि एवं सुलभ कृषि कर्जाको व्यवस्था गर्ने ।
- व्यवसायिक कृषि उत्पादनमा युवा कृषकको योगदानलाई अभिवृद्धि गर्न र युवालाई विदेश जान निरुत्साहित गर्न तथा कृषिमा आकर्षित गर्ने विशेष कार्यक्रमको व्यवस्था गरिनेछ ।
- कृषक, पर्यटन व्यवसायी, सहकारी-निजी क्षेत्रसँगको समन्वयमा स्थानीय गुणस्तरीय तथा अर्गानिक कृषि उत्पादनलाई पर्यटनसँग जोड्दै दिगो र आकर्षक कृषि पर्यटन प्रवद्धन गर्ने ।
- कृषि सहकारी संस्थाले बचत र कम कृषि उत्पादनमा लगानी गर्नुपर्ने, कृषि उद्यम एवं व्यवसाय सञ्चालन गर्न वित्तीय संस्थाबाट सहुलियत व्याजदरको ऋृण उपलब्ध गराउने नीतिगत गर्ने ।

- कृषि क्षेत्रको प्रवद्धन र विकासका लागि वैदेशिक लगानी आकर्षित गर्ने ।
- बैंक तथा वित्तीय संस्थाबाट मौद्रिक नीतिबाट निर्देशित कृषि क्षेत्रको लगानी अनुपात विस्तारका लागि यस्ता निकाय सँगको सहकार्यलाई प्रवद्धन गर्ने ।

## ३.१.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आव २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | कृषि विउ बितरण केन्द्र स्थापना | २०८१/८२-२०८३/८४ | ४५० | |
| २ | एक घर एक टनेल सहायता कार्यक्रम | २०८१/८२-२०८३/८४ | १०५० | |
| ३ | हाते ट्याक्टर सहायत कार्यक्रम | २०८१/८२-२०८३/८४ | १०० | |
| ४ | रैथाने बाली प्रवर्द्धन (जौ, कोदो फापर) | २०८१/८२-२०८३/८४ | ३६००० | |
| ५ | मसला बाली पकेट क्षेत्र प्रर्वद्धन कार्यक्रम (टिम्मुर, छत्तेली जीरा, लसुन, खुर्सानी, अदुवा, हलेदो आदी) | २०८१/८२-२०८३/८४ | १६५० | |
| ६ | मकै पकेट क्षेत्र आयोजना | २०८१/८२-२०८३/८४ | १८०० | |
| ७ | एक वडा एक कृषि प्राविधिक | २०८१/८२-२०८३/८४ | ३००० | |
| ८ | कृषि बालीमा लाग्ने रोग नियन्त्रणका लागि औषधि सहयता कार्यक्रम (आलु, राज्मा, स्याउ, मकै) | २०८१/८२-२०८३/८४ | १२०० | |
| ९ | माटो परिक्षण कार्यक्रम | २०८१/८२-२०८३/८४ | ६०० | |
| १० | कृषि तालिम कार्यक्रम | २०८१/८२-२०८३/८४ | ३००० | |
| ११ | थाक्रो सहायता कार्यक्रम | २०८१/८२-२०८३/८४ | ६०० | |
| १२ | कृषि संकलन केन्द्र निर्माण | २०८१/८२-२०८३/८४ | १८०० | |
| १३ | अमिलो प्रजातीका फलफुल प्रर्वद्धन कार्यक्रम | २०८१/८२-२०८३/८४ | १५०० | |
| १४ | दाँति ओखर, आरु, केरा तथा आपँ खेती प्रर्वद्धन | २०८१/८२-२०८३/८४ | २४०० | |
| १५ | राज्मा प्रर्वद्धन कार्यक्रम (ग्रेडिंग, प्याकेजिग) | २०८१/८२-२०८३/८४ | ३००० | |
| १६ | आलु राज्मा प्रवर्द्धन तथा पकेट क्षेत्र | २०८१/८२-२०८३/८४ | ३००० | |

### ३.१.५ अपेक्षित उपलब्धि

योजनाको अन्तमा कृषि सम्बन्धी आवश्यक नीति तथा कानुन बनेको, भूमिको चक्लाबन्दी गर्ने निर्देशिका र कार्यविधि तयार भई कार्यान्वयनमा ल्याइएको, खाद्यान्न उत्पादकत्वमा वृद्धि हुनगई कृषि उत्पादनको परनिर्भरता न्यूनीकरण भएको, कृषिमा आधारित प्रशोधनजन्य उद्योग खुलेका हुने, कृषिबजार र संकलन केन्द्रको निर्माण भएको, कृषिलाई पर्यटनसँग जोड्न कृषि क्षेत्र र पर्यटन व्यवसायी सम्झौता गरि खेती भएको, नमूनाका रूपमा एक—एक नमूना कृषि पाठशाला जैविक विषादी केन्द्र कृषि उपज प्रशोधन उद्योग स्थापना भएको हुनेछ ।

### ३.१.६ जोखिम पक्ष तथा अनुमान

विभिन्न कृषि पेशामा संलग्न कृषकको खण्डिकृत तथ्याङ्क उपलब्ध हुने, व्यावसायिक कृषिका लागि आवश्यक प्राविधिक सेवामा सहज पहुँच सुनिश्चित हुने, उच्च मुल्यका बालीनालीबारे कृषकलाई जानकारी हुने, उद्यमी सोचयुक्त नवयुवा कृषिमा आकर्षित हुने, उचित भण्डारणका लागि शीतघर, बिक्री वितरण केन्द्र–कक्षको स्थापना हुने, उत्पादन संभावनाका आधारमा जोनिङ्ग हुने, जडीबुटी सम्बन्धी प्रोफाइलिङ्ग हुने, कृषि सामाग्रीमा अनुदान, सहुलियत प्राप्त भएको हुनेछ । उल्लेखित क्रियाकलाप प्राथमिकता र उचित लगानीका साथ संचालन नभएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

## ३.२ पशुपंक्षी विकास

कृषि कर्म, पशुपन्छी पालन, खुद्रा पसल सञ्चालन जस्ता वहुक्षेत्रमा संलग्न हुने तर कुनै क्षेत्र पनि प्राथमिकतामा नपर्ने कारणले हाम्रो व्यवसायिकताको विकास हुन सकेको छैनन्। गाउँपालिकामा पशुपंक्षीपालन व्यवसाय पनि निर्वाहमुखी भएको र व्यवसायिकतातर्फ उन्मुख नभएकोले गाउँपालिकाको विकासमा यस क्षेत्रको योगदान अत्यन्त कमजोर रहेकोछ । दुध तथा मासुको आन्तरिक मागको आपूर्ति गर्दै पशुपंक्षीजन्य उपजको निर्यात गर्ने तर्फ गाउँपालिकाले आफ्ना कार्यक्रमलाई मुखरित गर्न आवश्यक रहेकोछ । कृषि र पशुपंक्षीपालनको अन्तरसम्बन्ध स्थापित गर्दै यस क्षेत्रको विकासमा जोडदिनु पर्ने देखिन्छ ।

### ३.२.१ समस्या तथा चुनौती

पशुपन्छी जन्य वस्तुको उत्पादन प्रशोधन र बजारीकरणलाई लागत—प्रभावी बनाउनु गुणस्तर तथा स्वच्छता नियमन कार्य प्रभावकारी तुल्याई नाफा मूलक र प्रतिस्पर्धात्मक बनाउनु, पशुपंक्षीपालनको लागि आवश्यक पर्ने जग्गाजमीन, पानी, घाँस उत्पादन, चरन क्षेत्रको अभाव हुनु, कृषकले उत्पादन लागत अनुसारको मूल्य नपाउनु र बजारीकरणमा बिचौलिया हावी हुनु, बीमा, सुलभ ऋण जस्ता सेवामा कृषकको पहुँचन पुग्नु, पशुपालन पेशालाई सम्मानित पेशा र लगानीमैत्री बनाउन नसक्दा युवा वर्ग पशुपालन पेशामा आकर्षित नभई विदेश पलायन हुनु, वास्तविक किसानले भन्दा व्यवसायिक प्रस्ताव र कागजात बनाउन सक्नेले अनुदान प्राप्त गर्नु, सबै सरकारका बीचमा एकरूपता एवं समन्वय स्थापित गर्नु यस क्षेत्रका प्रमुख समस्या तथा चुनौती रहेका छन् ।

### ३.२.२ उद्देश्य

- गाउँपालिकालाई पशुपंक्षीजन्य उत्पादनमा आत्मनिर्भर बनाई निर्यात प्रवद्धन तथा आयात प्रतिस्थापन गर्नु ।
- पशुपंक्षी व्यवसायलाई प्रविधियुक्त, परिणाममुखी, व्यावसायिक र प्रतिस्पर्धी बनाउनु ।

- प्रतिस्पर्धात्मक तथा व्यवसायिक क्षमता विकास गरी आयआर्जनको दिगो स्रोतको रूपमा विकास गर्नु ।

## ३.२.३ रणनीति

- पशुपंक्षी क्षेत्रमा सहभागिता लगानी र रोजगारी बढाई आर्थिक विकास तथा स्थानीय उत्पादनको उपभोग संस्कृति प्रवद्धन नहुने गरी नीति, कानुनको कार्यान्वयन एवं प्रचलन बसाइनेछ ।
- अध्ययन, अनुसन्धान र परीक्षणबाट सिफारिस गरिएका उन्नत जातको नश्लको प्रयोग मार्फत उत्पादन र उत्पादकत्व वृद्धिमा जोड दिइनेछ ।
- प्रत्येक वडामा घाँसेवाली स्रोत केन्द्र स्थापनालाई प्राथमिकता दिइनेछ ।
- पशुपंक्षीको नश्ल सुधार, पौष्टिक दाना आहाराको व्यवस्था, र पशुपंक्षी स्वास्थ्य सेवा प्रदान गरिनेछ ।
- निजी क्षेत्रलाई पशुदाना उत्पादन गर्ने कारखाना खोल्न प्रोत्साहन गरिनेछ ।
- व्यवसायिक कृषि उत्पादनमा युवा कृषकको योगदानलाई अभिवृद्धि गर्न र युवालाई विदेश जान निरुत्साहित गर्न तथा कृषिमा आकर्षित गर्ने विशेष कार्यक्रमको व्यवस्था गरिनेछ । सहुलियतपूर्ण ऋण तथा ब्याजमा अनुदान जस्ता सेवा प्रदान गरि व्यवसायिकता तर्फ उन्मुख हुन प्रोत्साहन गरिनेछ ।
- पशुपंक्षी तथा मत्स्यपालन क्षेत्रमा निजी, सहकारी तथा सरकारी क्षेत्रको लगानी अभिवृद्धि गर्ने नीति तथा कार्यक्रम अनुरूप प्रशोधन र बजारीकरण सम्म साझेदारी र सहलगानीको प्रारम्भ गरिनेछ ।
- पशुपंक्षी तथा मत्स्यपालन क्षेत्रको विकासको लागि उन्नत वैदेशिक प्रविधि तथा प्रत्यक्ष वैदेशिक लगानी भित्राउने आवश्यक नीति अपनाईनेछ ।
- प्रविधिसँग व्यवसायलाई आवद्ध गर्न सार्वजनिक निकायका सेवालाई मोबाइल एप्स तथा म्यासेज प्रणालीको विकास र अवलम्बन गरिनेछ ।
- नेपाल सरकारको भू–उपयोग नीति अनुकूल हुनेगरी कृषि तथा पशुपन्छीपालनका लागि भूमिको वर्गीकरण गर्दै पशुपन्छी क्षेत्र घोषणा गरिनेछ ।

## ३.२.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | एक वडा एक पशु सेवा प्राविधिक | २०८१/८२-२०८३/८४ | १२०० | |
| २ | पशु बिमा प्रवर्द्धन कार्यक्रम | २०८१/८२-२०८३/८४ | ३००० | |
| ३ | नश्ल सुधार कार्यक्रम | २०८१/८२-२०८३/८४ | ३००० | |
| ४ | उन प्रर्वद्धन कार्यक्रम | २०८१/८२-२०८३/८४ | ३६००० | |
| ५ | बाखाको पकेट क्षेत्र निर्माण | २०८१/८२-२०८३/८४ | १५०० | |
| ६ | खच्चड् विमा सहायता कार्यक्रम | २०८१/८२-२०८३/८४ | ३०० | |

| | | | | |
|---|---|---|---|---|
| ७ | व्यावसायिक पशुपालन अनुदान सहायता कार्यक्रम | २०८१/८२-२०८३/८४ | ३००० | |
| ८ | घाँसको विऊ बितरण कार्यक्रम | २०८१/८२-२०८३/८४ | ६००० | |
| ९ | वातावरण सुहाउँदो विऊ सहायता कार्यक्रम (बाख्रा गाई भेडा) | २०८१/८२-२०८३/८४ | १५०० | |
| १० | गोठ तथा खोर सुधार कार्यत्रम | २०८१/८२-२०८३/८४ | ६००० | |
| ११ | पशुपालन (बाख्रा, भैसी, गाई) अनुदान सहयोग कार्यक्रम | २०८१/८२-२०८३/८४ | १५०० | |

### ३.२.५ अपेक्षित उपलब्धि

योजनाको अन्तमा पशुपालनसम्बन्धी आवश्यक नीति तथा कानुन बनेको हुने, पशुपंक्षीपालनको क्षेत्रमा व्यवसायिकता प्रवद्धन भई आयात प्रतिस्थापन गर्नमा उल्लेखनीय योगदान पुगेको, स्थानीय उत्पादनको प्रशोधन भई मूल्य श्रृङ्खला बढेको, स्थानीय उपजको उपभोग संस्कार विकास भएको, प्राविधिक तथा व्यवसायिक शिक्षालयले उच्चस्तरको जनशक्ति र अनुसन्धान विकास गरेको, सूचना प्रविधिको वहुउपयोग भएको, नागरिकको जनजीविकामा उत्थान भएको हुनेछ ।

### ३.२.६ जोखिम पक्ष तथा अनुमान

गाउँपालिका क्षेत्रमा पशुपंक्षी तथा माछा पालक कृषकको तथ्याङ्क उपलब्ध, प्राविधिक सेवाको विस्तार र सहज पहुँच स्थापना, संकलन तथा बिक्री वितरण केन्द्रको स्थापना पशुपंक्षी तथा माछा पालक कृषकलाई सहुलियत दरको ऋण तथा अनुदान उपलब्ध भएमा व्यवसायिक उत्पादन फस्टाउने संभावना रहन्छ ।उपयुक्त लगानी, कृषक अभिमुखिकरण, बजारको पहिचान, माग र आपूर्तिबीत सम्बन्ध कायम गराउन नसकेमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

## ३.३ खाद्य सुरक्षा तथा पोषण

नेपालको समग्र निर्वाहमुखी, परम्परागत र पाको उमेरका किसानको सहभागितालमूलक कृषि तथा पशुपन्छीपालनको संस्कारले गर्दा अधिकांश घरपरिवारलाई आफ्नो उत्पादनले वर्षभरि खान पुग्दैन । उत्पादनशील जमीनको कमी, सिंचाइको अभाव, गरिबी, भौगोलिक विकटता, जग्गा बाँझो राख्ने प्रवृत्ति, वैदेशिक रोजगारी तथा बसाइसराइ आदि कारणले माग अनुसारको खाद्यान्न उत्पादन हुनसक्दैन । परम्परागत किसिमको उत्पादन प्रणाली र मौसमी निर्भरता पनि खाद्यान्न उत्पादनका बाधक पक्ष हुन । दलित तथा न्यून आय भएका गरिव परिवारको अवस्था अझ दयनीय छ । न्यूनपोषण यस गाउँपालिकाको एक प्रमुख समस्याको रुपमा रहेकोछ । पाँच वर्षमुनिका बालबालिकामा पुड्कोपन तथा ख्याउटेपन रहेकोछ भने महिलामा रक्तअल्पता छ । गाउँपालिकाले यो अवस्थालाई लक्षित गरि खाद्य सुरक्षा र पोषणको अवस्थालाई सम्बोधन गर्न नीति तथा योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिन्छ । संविधान प्रदत्त खाद्य सुरक्षाका लागि सबै सरकारले आ—आफ्नो स्रोत साधन र सम्भाव्यता अनुकूल कार्यक्रम समन्वयात्मक र सन्तुलितरूपमा कार्यान्वयन गर्नुपर्ने साझा अवसर एवं जिम्मेवारी रहेको छ ।

### ३.३.१ समस्या तथा चुनौती

भौगोलिक विकटता, भूमिको असमान वितरण हुनु, खाद्यान्न उत्पादनको लागि पर्याप्त जग्गा नहुनु, उत्पादित वस्तु पर्यटन क्षेत्र र पशुपंक्षीको दानामा प्रयोग हुँदा जनतालाई खाद्यपदार्थको न्यून उपलब्धता हुनु, कृषि भूमिको अन्य प्रयोजनमा प्रयोग हुनु, कृषिक्षेत्रबाट जनसंख्या पलायन हुँदै जानु, भूमिको न्यून उत्पादकत्व र उत्पादित वस्तुको पनि अन्य क्षेत्रमा प्रयोग हुँदा वालवालिका, महिला र ज्येष्ठ नागरिकको लागि आवश्यक पोषणको उचित व्यवस्था गर्न नसक्नु, उपभोग संस्कारमा परिवर्तन हुनु, जलवायु परिवर्तनका कारणले उत्पादनमा ह्रास आउनु, उत्पादित वस्तुको उचित प्याकिङ्ग र समयमै उपभोग नगरिनु, भूमि बैक र बाँझो जग्गा उपयोग सम्बन्धी कार्य सरकारी तदर्थवादमा अल्झिनु आदि यस क्षेत्रका समस्या हुन् ।

### ३.३.२ उद्देश्य

- खाद्य सुरक्षा तथा पोषणको दृष्टिले जोखिममा रहेका क्षेत्र र समूहको पहिचान गरि पोषण केन्द्रित कार्यक्रम कार्यान्वयन गर्नु ।
- कृषि तथा पशुपन्छी जन्य उत्पादनमा वृद्धि गरि खाद्य तथा पोषण उपलब्धता तथा उपभोग स्थितिमा सुधार ल्याउनु ।
- खाद्य सुरक्षा भण्डारण तथा पोषण सम्बन्धी आवश्यक पूर्व तयारी गरि विपद एवं संकटको समयमा गरिब तथा सीमान्तकृत समुदायको खाद्यान्नमा पहुँच पुर्याउनु ।

### ३.३.३ रणनीति

- खाद्य अधिकार, खाद्य संप्रभुता, खाद्य सुरक्षा र पोषण सम्बन्धी नीति निर्माण गर्ने ।
- खाद्य तथा पोषण असुरक्षित क्षेत्र तथा समुहमा उपयुक्त कृषि तथा पशुपन्छी जन्य वस्तुको उत्पादकत्व वृद्धिका लागि आधुनिक र जलवायु अनुकूलनका कार्यक्रम कार्यान्वयन गर्ने ।
- पोषणयुक्त स्थानीय बालीवस्तुको संरक्षण, उत्पादनको प्रवद्धन गरिनेछ र उपभोग संस्कारमा परिर्वतन गर्न स्वास्थ्य र पोषण (हेल्थ एण्ड हाइजिन)कार्यक्रम सञ्चालन गरिनेछ ।
- खाद्य असुरक्षित क्षेत्रमा सम्भाव्यताका आधारमा स्थानीय स्तरमा उत्पादन हुनसक्ने उच्चमूल्यका कृषिउपज तथा पशुजन्य उत्पादन गर्ने कार्यक्रम सञ्चालन गरि आयस्तर बढाउन प्राथमिकता दिइनेछ ।
- सरकारहरूका बीचको समन्वयमा खाद्यान्न भण्डारणलाई व्यवस्थित गर्दै विपद, भोकमरी र संकटको समयमा जोखिमयुक्त परिवारमा वितरण गरिनेछ ।
- खाद्य वस्तुको बजार अनुगमन प्रणालीलाई नियमित र प्रभावकारी बनाइनेछ ।
- खाद्य तथा पोषण सुरक्षाका प्रतिकूल क्रियाकलाप कृषियोग्य भूमि खण्डीकरण र जग्गा बाँझो राख्ने कार्यलाई भू–उपयोग नीति बमोजिम व्यवस्थित र प्रभावकारी तुल्याइनेछ ।
- कृषि, वन तथा पशुपन्छीजन्य सहकारी संस्थाको प्रवद्धन र विकास गर्दै गरिब तथा सीमान्तकृत वर्गलाई खाद्य तथा पोषणको असमान वितरण र पहुँचलाई न्यूनीकरण गरिनेछ ।

### ३.३.४ कार्यक्रमको संक्षिप्त विवरण

| क.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आव २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | भु-उपयोग योजना तथा जग्गा वर्गीकरण कार्यक्रम | २०८१/८२-२०८३/८४ | १५०० | |
| २ | खाद्य डीपो स्थापना | २०८१/८२-२०८३/८४ | ३००० | |
| ३ | सुत्केरी महिलाहरुलाई पोषीलो खाध्य तथा फलफुल वितरण कार्यक्रम | २०८१/८२-२०८३/८४ | ६०० | |
| ४ | पोषणयुक्त पालिका घोषणा कार्यक्रम | २०८१/८२-२०८३/८४ | १००० | |

### ३.३.५ अपेक्षित उपलब्धि

योजनाको अन्तमा पशुपालन सम्बन्धी आवश्यक नीति तथा कानुन बनेको हुने, पशुपंक्षी पालनको क्षेत्रमा व्यवसायिकता प्रवर्द्धन भई आयात प्रतिस्थापन गर्नमा उल्लेखनीय योगदान पुगेको, स्थानीय उत्पादनको प्रशोधन भई मूल्य श्रृङ्खला बढेको, स्थानीय उपजको उपभोग संस्कार विकास भएको, प्राविधिक तथा व्यवसायिक शिक्षालयले उच्चस्तरको जनशक्ति र अनुसन्धान विकास गरेको, सूचना प्रविधिको वहुउपयोग भएको, नागरिकको जनजीविकामा उत्थान भएको हुनेछ ।

### ३.३.६ जोखिम पक्ष तथा अनुमान

बृहत पर्यटन विकास गुरुयोजना निर्माण, पर्यटकीय दृष्टिकोणले संभाव्य क्षेत्र र वस्तुको पहिचान, पूर्वाधारको विकास, सहज वित्तीय सेवा, आवास, स्वास्थ्य, सुरक्षा तथा सूचना सेवाको सुनिश्चितता, स्थानीय मौलिक कला, संस्कृति, खाद्यान्नको संरक्षण, पर्यावरणीय संरक्षण, आतिथ्य सत्कार जस्ता आधारभूत पक्षमा गाउँपालिका र समग्र स्थानिय बासी प्रतिबद्ध भएर लागेमा पर्यटनको क्षेत्रमा अपेक्षाकृत उपलब्धि हाँसिल हुने देखिन्छ । आधारभूत मानवीय सीप र कौशल तथा भौतिक पूर्वाधारको अभावमा पर्यटकीय क्षेत्रले विकासको गति नलिने जोखिम रहन्छ ।

## ३.४ पर्यटन तथा संस्कृति

दोगडाकेदार गाउँपालिका धार्मिक—सांस्कृतिक तथा जैविक विविधताको धनी, प्राकृतिक स्रोतको खानी र मनोरम सौन्दर्य स्थलको धनी छ। यस क्षेत्रमा पाइने जैविक विविधता, विविध सांस्कृतिक सम्पदा र प्राकृतिक मनोरम सुन्दरताले यस गाउँपालिकाको महत्त्वलाई झनै बढाएको छ । मनोरम पहाड तथा हिमालको दृश्य, विभिन्न प्रजातिको गुराँस सहितको हरियो वनजङ्गल, डाँडाकाँडाबाट देखिने आकर्षक दृश्य, ऐतिहासिक तथा पुरातात्विक धरोहर, प्राकृतिक तथा सांस्कृतिक सम्पदा, रीतिरिवाज, भेषभूषा, कलाकौशल र शान्त एवम् स्वच्छ वातावरण नै यस क्षेत्रको पर्यटनका सम्भावित क्षेत्रहरू हुन् ।

भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनगुमन र नियमन, पुरातत्व, प्राचीन स्मारक तथा संग्रहालयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकास, परम्परागत जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन, प्रचलित कानुन बिरुद्धका कुरीति तथा कुसंस्कार बिरुद्ध सामाजिक परिचालन सम्बन्धी कार्य, भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी अन्य कार्यलाई स्थानीय सरकारको कार्यक्षेत्रका रूपमा उल्लेख

गरेको छ ।विभिन्न जात जाति, भाषाभाषीको मौलिक एवम् परम्परागत संस्कृतिको जगेर्नाका साथै भावी पुस्तालाई समयानुकूल हस्तान्तरण गर्नु आवश्यक छ भने पुरातात्विक र ऐतिहासिक सम्पदाको संरक्षण र संवर्द्धन गर्न पनि उत्तिकै जरुरी छ । साथै यसबाट धार्मिक पर्यटन प्रवर्द्धन गर्दै आर्थिक उत्थान पनि गर्न सकिन्छ ।

### ३.४.१ समस्या तथा चुनौती

धार्मिक स्थलहरूको मर्मत सम्भार, पर्यटकीय स्थलको पहिचान र प्रचार प्रसारमा कमी, पर्यटक स्तरका होटल तथा रेष्टुराँहरू संचालनमा कमी, आधुनिक तथा आयातित संस्कृतिको बढ्दो प्रभाव रहेको एवं व्यावसायिक होमस्टे समेत नरहेको अवस्था छ । यसैगरी, पर्यटकीय स्थलहरूमा मोटरेवल बाटो पुग्न सकेको छैन । पर्यटन पदमार्गको मर्मत र नयां पदमार्ग निर्माण हुन सकेको छैन। गाउँपालिका भित्र वाह्य संस्कृतिको प्रभावका कारण मौलिक भेषभुषा, भाषा तथा संस्कृतिको ह्रास हुँदै गएको छ। यस क्षेत्रमा रहेका ऐतिहासिक सम्पदा र भाषा तथा संस्कृतिको संरक्षण र सम्बद्र्धनमा पर्याप्त ध्यान पुगेको छैन । पश्चिमी तथा आधुनिक संस्कृतिको प्रभाव रहेको छ । मौलिक साँस्कृतिक अभ्यास र मौलिक ज्ञानको संरक्षणमा कमी रहेको छ ।

पर्यटकहरूलाई आकर्षण गर्ने जैविक विविधता कायम गर्नु, लालिगुरांस लगायतका विरुवाको संरक्षण गर्नु, पर्यटकीय पदमार्गमा होटल, खाजा पसलहरू सञ्चालन गर्नु चुनौतीका रुपमा रहेका छन।त्यसैगरी, भौगोलिक बिकटताका कारण पर्यटकीय पूर्वाधार विकास खर्चिलो हुनु, युवावर्ग विदेश जाने क्रम अत्यधिक हुँदा पर्यटन विकासका लागि आवश्यक मानव स्रोत संसाधन व्यवस्थापन गर्न गाह्रो हुनु, ठूला योजनामा लगानी गर्न स्थानीय निजी क्षेत्र सक्षम नहुँदा पर्यटकीय पूर्वाधार विकास अपुरो हुने अवस्था सृजना हुनु गाउँपालिकाका पर्यटन पूर्वाधार विकासका चुनौतीहरू हुन् ।

### ३.४.२ उद्देश्य

१. पर्यटन व्यवसायको गुणस्तर वृद्धि तथा पर्यटकीय स्थलको प्रचार-प्रसार गर्नु ।
२. पर्यटकीय पूर्वाधारहरूको विकास गर्नु ।
३. मानव संसाधन विकास गर्नु ।
४. पर्यटकीय स्रोतसाधनको व्यवस्थापन गर्नु ।
५. विभिन्न धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र सम्वर्द्धन गर्नु ।
६. विभिन्न ऐतिहासिक, पुरातात्विक, धार्मिक र सांस्कृतिक सम्पदाको पुनःनिर्माण, जीर्णोद्धार र व्यवस्थापन गर्नु।

### ३.४.३ रणनीति

- पर्यटन क्षेत्रको विकास विस्तार र प्रवद्धनका लागि आवश्यक पर्ने नीति तथा कानुन निर्माण गरिनेछ ।
- निजी, सहकारी र गैर आवासीय नेपाली लगानीकर्तालाई लगानीमैत्री वातावरणको सिर्जना गरिनेछ ।
- स्थानीय उत्पादन पर्यटनसँग आबद्धगर्ने अभियान सञ्चालन गरिनेछ ।
- पर्यटन गन्तव्यको व्यापक प्रचारप्रसार गरि आन्तरिक र बाह्य पर्यटकलाई आकर्षण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- निजी, अन्तर्राष्ट्रिय क्षेत्र तथा गैरआवासीय नेपालीलाई गाउँपालिकाको पर्यटन पूर्वाधार विकास र पर्यटन प्रवद्धनमा आबद्ध हुन उत्प्रेरित गरिनेछ ।
- गाउँपालिकामा रहेका रणनीतिक महत्वका पर्यटकीय क्षेत्रको विकास र सौन्दर्यकरण गरिनेछ ।
- होमस्टे तथा स्तरीय होटेलको स्थापना गरि आन्तरिक तथा बाह्यपर्यटकको बसाई लम्ब्याउने अभियान सञ्चालन गरिनेछ ।
- आन्तरिक पर्यटकलाई धर्म संस्कृति रीतिरिवाजसँग एकाकार बनाइनेछ ।

- आधुनिक सूचना प्रविधिको उपयोग मार्फत पर्यटकीय क्षेत्र, सुविधा, प्याकेज लगायतका विषयमा व्यापक र नियमतिरूपमा बजारीकरण गरिनेछ ।
- मौद्रिक नीतले बैंक तथा वित्तीय संस्थाले पर्यटन क्षेत्रमा अनिवार्य लगानीको सीमा निर्धारण गरेकोले यसतर्फ बैक तथा वित्तीय संस्थालाई आकर्षित र सहजीकरण गरिनेछ ।

## ३.४.४ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | दोगडा धाम, चनैराज, देउलेक केदार लाई धार्मिक पर्यटन क्षेत्र निर्माण | २०८१/८२-२०८३/८४ | १००० | |
| २ | भण्डारी गाड गुफा क्षेत्र लाई प्रयटन क्षेत्र निर्माण | २०८१/८२-२०८३/८४ | १३५०० | |
| ३ | देउलेक केदार मन्दिर पर्यटन क्षेत्र निर्माण | २०८१/८२-२०८३/८४ | ४५०० | |
| ४ | रैलेश्वोर सरस्वति मन्दिर निर्माण | २०८१/८२-२०८३/८४ | ६००० | |
| ५ | कणेली गाउँ गाडचोरया मन्दिर निर्माण | २०८१/८२-२०८३/८४ | १६५० | |
| ६ | तिस्कले मन्दिर निर्माण | २०८१/८२-२०८३/८४ | २४०० | |
| ७ | मौभेरी गाड गाडचोरया मन्दिर भवन निर्माण | २०८१/८२-२०८३/८४ | ६०० | |
| ८ | मसानी मन्दिरमा प्रतिक्षालय निर्माण | २०८१/८२-२०८३/८४ | २४०० | |
| ९ | डोल लटिनाथ मन्दिरमा भवन निर्माण | २०८१/८२-२०८३/८४ | ३०० | |
| १० | भगवती मन्दिर सित्ताड मा भवन निर्माण | २०८१/८२-२०८३/८४ | ६०० | |
| ११ | गहुगोरा लटिनाथ, भूमिराज मन्दिरमा भवन निर्माण | २०८१/८२-२०८३/८४ | ६००० | |
| १२ | भिटा केदार पर्यटकीय क्षेत्र निर्माण | २०८१/८२-२०८३/८४ | १००० | |
| १३ | दोगडा धाम, चनैराज, देउलेक केदार लाई धार्मिक पर्यटन क्षेत्र निर्माण | २०८१/८२-२०८३/८४ | १३५०० | |

## ३.४.५ अपेक्षित उपलब्धि

अन्य नीतिसँग परिपूरक तथा परिपोषक हुने गरी पर्यटन सम्बन्धी नीति तथा कानुन निर्माण भएको आन्तरिक पर्यटनमा उल्लेख्य वृद्धि भएको पर्यटकीय संभावना बोकेका क्षेत्रको विकास र विस्तार भएको स्थानीय उत्पादन र

पर्यटनबीच अन्तरसम्बन्ध स्थापित भएको सूचना प्रविधिको प्रयोग मार्फत पर्यटन सूचना केन्द्र, बजारीकरण र पर्यटनमा लगानी सम्भावना र विकास लगायतका सूचना तथ्याङ्क प्रकाशन प्रसारण भएका हुनेछन् ।

### ३.४.६ जोखिम पक्ष तथा अनुमान

धार्मिक स्थलहरूको मर्मत सम्भार, पर्यटकीय स्थलको पहिचान र प्रचार प्रसारमा कमी, पर्यटक स्तरका होटल तथा रेष्टुराँहरू संचालनमा कमी, आधुनिक तथा आयातित संस्कृतिको बढ्दो प्रभाव रहेको एवं व्यावसायिक होमस्टे समेत नरहेको अवस्था छ । यसैगरी, पर्यटकीय स्थलहरूमा मोटरेवल बाटो पुग्न सकेको छैन । पर्यटन पदमार्गको मर्मत र नयां पदमार्ग निर्माण हुन सकेको छैन। गाउँपालिका भित्र वाह्य संस्कृतिको प्रभावका कारण मौलिक भेषभुषा, भाषा तथा संस्कृतिको ह्रास हुँदै गएको छ। यस क्षेत्रमा रहेका ऐतिहासिक सम्पदा र भाषा तथा संस्कृतिको संरक्षण र सम्बद्र्धनमा पर्याप्त ध्यान पुगेको छैन । पश्चिमी तथा आधुनिक संस्कृतिको प्रभाव रहेको छ । मौलिक साँस्कृतिक अभ्यास र मौलिक ज्ञानको संरक्षणमा कमी रहेको छ ।

## ३.५ उद्योग, वाणिज्य र आपूर्ति

कृषिजन्य, पशुपन्छीजन्य र वनजन्य कच्चा पदार्थमा आधारित उद्योग सञ्चालनको सम्भावना रहेको छ । साथै सेवामूलक होटल रेष्टुरेन्ट, सूचना प्रविधि, निर्माण व्यवसाय, शैक्षिक संस्था, स्वास्थ्य संस्था जस्ता उद्योग व्यवसाय सञ्चालनमा अनुकूल हावापानी रहेको छ।स्थानीय श्रम, सीप, श्रोत र साधनको उपयोग गरि घरेलु तथा साना उद्योग स्थापना गर्न सकिने प्रशस्त संभावना रहेकाछन्।गाउँपालिकाले निजी, सहकारी तथा सार्बजनिक क्षेत्रमार्फत एकल तथा साझेदारी लगानी मार्फत स्थानीय स्रोतसाधनको उपयोग गरि अघि बढ्ने नीति अख्तियार गरेको छ।वाणिज्य क्षेत्रको विकास र विस्तारले वस्तु तथा सेवाको सहज आपूर्ति गर्न मद्दत गर्दछ।

सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र साझेदारी मार्फत् अन्य क्षेत्रबाट भित्रयाइने वस्तु तथा सेवाको प्रतिस्थापन एवं तुलनात्मक तथा प्रतिस्पर्धात्मक लाभका क्षेत्रको पहिचान, विकास र विस्तार गर्दै व्यापार तथा वाणिज्य क्षेत्रलाई थप सबल बनाउन यसक्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नुपर्ने आवश्यकता छ।उपभोक्ताको हकहितको संरक्षण र प्रवद्र्धन गर्दै वस्तु तथा सेवाको नियमित आपूर्ति गर्नु गाउँपालिका लगायत सबै तहका सरकारको महत्वपूर्ण जिम्मेवारी हो।गाउँपालिकाले यी विविध क्षेत्रलाई सम्बोधन गर्ने गरि उपयुक्त नीति र कार्यक्रमका साथ अगाडि बढनुपर्ने आवश्यकता देखिन्छ ।

### ३.५.१ समस्या तथा चुनौती

गाउँपालिकामा उद्योग र उद्यमशिलताको कमी, औद्योगिक पूर्वाधारको कमी, औद्योगिक ग्राम स्थापना नहुनु, दक्ष प्राविधिक जनशक्तिको कमी, व्यावसायिक सीप र दक्षताको अभाव, वित्तीय पहुँचको कमी दुर्लभ र उत्पादित कृषिजन्य वस्तुहरु कच्चा रुपमै निकासी हुनु, यथोचित तथ्याङ्कको अभाव जस्ता समस्या र चुनौती रहेका छन ।

### ३.५.२ उद्देश्य

- उद्योगको स्थापना र उत्पादनवृद्धि गरि कुल गर्हस्थ उत्पादनमा यस क्षेत्रको योगदान बढाउनु ।
- उद्योग क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी वृद्धि गरि रोजगारीका अवसर सृजना गर्नु ।
- स्थानीय स्रोत साधनको महत्तम उपयोग गरि आन्तरिक उत्पादन वृद्धि गर्नु ।

- स्थानीय कच्चा पदार्थ, स्रोत,साधन र सीपको बढी प्रयोग गर्दै वस्तुको उत्पादन तथा विकास गरि व्यापार प्रवद्र्धन गर्नु ।
- गुणस्तरीय वस्तु तथा सेवाको सहज, सुलभ र नियमित आपूर्तिको व्यवस्था गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई प्रोत्साहित तथा नियमित गर्नु ।

### ३.५.३ रणनीति

- स्थानीय स्रोत, साधन एवं सीपको उपयोग गरि लघु, घरेलु, साना, मझौला तथा ठूला उद्योगको स्थापनार सञ्चालन गरिनेछ ।
- गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई गाउँपालिका अन्तर्गतका सबै वडा समेतको सहभागितामा प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।
- लघु उद्यम विकास कार्यक्रम कार्यान्वयन गर्ने निकाय तथा सहयोगी निकायसँग समन्वय गरि क्षमता विकास गर्दै गरिनेछ ।
- उद्योग ग्राम स्थापना र सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।
- एक वडा एक औद्येगिक उत्पादन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
- उत्पादित वस्तुको गुणस्तरीयता सुनिश्चित गर्न संस्थागत संयन्त्रको विकास गरिनेछ ।
- उद्योग ग्राममा स्थापना हुने उद्योगको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरिनेछ ।
- अन्य क्षेत्रको पूँजी तथा प्रविधिलाई आकर्षित गर्न कानुनी व्यवस्था गरिनेछ ।
- उद्योग ग्राममा अन्य क्षेत्रको लगानी भित्र्याउनका लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछ ।
- लगानी कर्तालाई उद्योग दर्ता देखि वहिर्गमन सम्मका सेवा सहज उपलब्ध गराइनेछ ।
- वस्तुको उत्पादन  रउत्पादकत्व बढाउन सम्वन्धित निकायसँग समन्वय र सहकार्य गरिनेछ ।
- साना, घरेलु तथा मझौला उद्योगलाई उत्पादन तथा आपूर्ति सञ्जालमा आवद्व गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय माग वमोजिमका वस्तु तथा सेवाको उत्पादन र विकास गरिनेछ ।
- स्वस्थ आपूर्ति प्रणालीका लागि आवश्यक ऐन, नियम, मार्गदर्शनको तर्जुमा, पूर्वाधार र संस्थागत संरचनाको व्यवस्था गरिनेछ ।
- उत्पादन, आयात निर्यातर बिक्री मूल्य सम्बन्धी सूचना प्रवाह गर्ने प्रणाली विकसित गरिनेछ ।
- उत्पादक, आयातकर्ता, सञ्चयकर्ता, वितरकर थोक विक्रेताले बिक्री गर्ने बस्तुको सञ्चय र भण्डारण स्थितिको विवरण लिने प्रणालीको विकास गरिनेछ ।
- उपभोक्ता सचेतना तथा उपभोक्ता गुनासो सम्बन्धी स्वचालित प्रणालीको व्यवस्था गरिनेछ ।
- उपभोक्ता हकहित प्रवद्र्धनको लागि तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।
- आन्तरिक आवश्यकता पूर्ति गर्ने र निकासीजन्य कृषि तथा औद्योगिक वस्तुको उत्पादन क्षमतामा वृद्धि गर्ने कार्यमा सघाउ पुर्याइनेछ ।
- नेपाल सरकार, प्रदेश सरकार तथा निजी क्षेत्रसँग साझेदारी गरी सेवा उद्योगको विकासमा पूर्वाधार निर्माण, छुट, सुविधा, सहुलियतमा सहजीकरण गरिनेछ ।
- सूचना प्रविधिमा आधारित सार्वजनिक प्रशासन मार्फत सार्वजनिक सेवाको लागत घटाइनेछ ।

### ३.५.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १. | कुटानी पिसानीका सुधारिएको घट्ट निर्माण | २०८१/८२-२०८३/८४ | १३२० | |
| २. | होटल, कुक, टेकिंग गाइड तालिम | २०८१/८२-२०८३/८४ | १८०० | |
| ३. | स्थानीय उत्पादनलाई ब्रान्डींग तथा लेवलिगं कार्यक्रम | २०८१/८२-२०८३/८४ | ३५०० | |
| ४. | साबुन उद्योग स्थापना | २०८१/८२-२०८३/८४ | १८०० | |
| ५. | जडिबुटी प्रशोधन केन्द्र स्थापना | २०८१/८२-२०८३/८४ | २००० | |
| ६. | अल्लो उद्योग स्थापना | २०८१/८२-२०८३/८४ | १३२० | |
| ७. | अगरबत्ती उद्योग स्थापना | २०८१/८२-२०८३/८४ | १८०० | |
| ८. | आरन सुधार कार्यक्रम | २०८१/८२-२०८३/८४ | ३५०० | |
| ९. | सिलाइ बुनाइ उधोग स्थापना | २०८१/८२-२०८३/८४ | १८०० | |

### ३.५.५ जोखिम तथा अनुमान पक्ष

उद्योग स्थापनाका संभाव्य क्षेत्रको पहिचान, उद्योग र श्रम मैत्री कानुनको तर्जुमा, पालिकाक्षेत्रको योजनाबद्ध शहरी विकास गरि सुविधासम्पन्न शहरमा बढ्दो बसाईसराइमा कमी, युवा पलायनलाई दुरुत्साहन, उद्यमशीलता विकास, विशेष कर छुट, अनुदान, सहुलियतपूर्ण ऋण मार्फत लगानी आर्कषण, उपभोक्ता हित कार्यक्रम, बजार अनुगमन जस्ता क्रियाकलाप सञ्चालन गर्न सकेमा पालिका क्षेत्रमा उद्योग, व्यापार तथा व्यवसाय क्षेत्रको पर्याप्त विकास हुन सक्छ । भौतिक, आर्थिक, वित्तिय, प्राविधिक, मानवीय र पर्यावरणीय पूर्वाधारको पर्याप्त विकास हुन नसकेमा यो क्षेत्रको उद्देश्य प्राप्त नहुने जोखिम रहन्छ ।

## ३.६ खनिज सम्पदा

समथर फाँट र अग्ला अग्ला पहाड अवस्थित यस गाउँपालिका खनिज सम्पदाको प्रचुर सम्भावनायुक्त क्षेत्रको रुपमा रहेको छ । भौगर्भिक विविधताका कारण विभिन्न खानी तथा खनिज स्रोत उपलब्ध रहे तापनि सघनरुपमा उत्खनन र सदुपयोग हुन सकेको छैन । यसका लागि पहिचान भइसकेका खनिजको थप अध्ययन र उत्खनन् गरि खनिजमा आधारित उत्पादन मूलक तथा निर्माण उद्योग सञ्चालन र सम्भावित अन्य खानी तथा खनिजको अन्वेषण गरि आवश्यक व्यवस्थापन गर्न आवश्यक छ । संघीय सरकारसँगको सहकार्य र समन्वयमा अन्वेषण र उत्खनन गरि खनिज जन्यवस्तु निर्यात समेतगर्न सकिने, नयाँ रोजगारीका अवसरको सृजना हुने, आन्तरिक राजस्वको बृद्धि हुन गई खर्च आवश्यकता पूरा गर्न सहज हुने देखिन्छ ।

### ३.६.१ समस्या तथा चुनौती

खानी तथा खनिज सम्पदाको प्रकृति उपलब्धता र उपयोग सम्बन्धमा अध्ययन, अनुसन्धानप्रति सरकार निरपेक्ष रहनु, संघीय शासन प्रणाली अनुरुप सबै तहका सरकारका नीति, कानुन, योजना, बजेट तथा कार्यक्रम नबन्नु, खानी तथा भूगर्भ विभाग संस्थागत रूपमा साधनस्रोत सम्पन्न नहुनु, अन्वेषण तथा उत्खननका लागि आवश्यक विशेषज्ञ, ज्ञान, सीप, उपकरणको अपर्याप्तता रहनु, अन्वेषण कार्य महँगो हुँदा बजेटको अपर्याप्तता हुनु, स्थानीय नागरिकमा विकास र औद्योगिकीकरण कार्यमा सहयोगी भन्दा प्रतिस्पर्धी देखिनु आदि यस क्षेत्रमा देखिएका समस्या तथा चुनौती हुन्।

### ३.६.२ उद्देश्य

- नेपाल सरकारसँगको समन्वयमा खानी तथा खनिज सम्पदा सम्बन्धी उद्योगको विकासका लागि आवश्यक नीतिगत तथा संस्थागत संरचना निर्माण गर्नु ।
- खनिजको उत्पादन तथा प्रशोधनबाट मूल्य अभिवृद्धि गरि गाउँपालिकाको विकासमा खनिज क्षेत्रको योगदान बढाउनु ।

### ३.६.३ रणनीति

- नेपाल सरकार सँगको समन्वयमा खनिज अन्वेषण,उत्खनन तथा प्रशोधनका लागि आवश्यक नीति, ऐन, नियमको तर्जुमा गरि कार्यान्वयन गरिनेछ ।
- गाउँपालिका भित्र अन्वेषण सर्वेक्षणको प्रक्रियामा रहेका खानी तथा खनिजको अन्वेषण प्रक्रियालाई तीव्रता दिईनेछ ।
- निजीक्षेत्रसँगको सहकार्यमा गाउँपालिका भित्र सम्भावित खनिजको अन्वेषण सर्वेक्षणर उत्खनन गरिनेछ ।
- खनिज उत्पादनको मात्रा र गुणस्तर हेरी खनिजसँग सम्बन्धित उत्पादन तथा निर्माण उद्योगको स्थापना, विकास र विस्तारमा सहजीकरण तथा प्रवद्र्धन गरिनेछ ।
- ढुंगा, माटो, बालुवा र गिटी जस्ता निर्माण सम्बन्धी खनिजको उत्खनन तथा बिक्री वितरणलाई नियमित, व्यवस्थित र वातावरणमैत्री बनाइनेछ ।
- सबै तहका सरकार तथा निजी क्षेत्रको सहलगानीको माध्यमबाट खनिज सम्पदाको उत्खनन तथा प्रशोधन गरी वहुउपयोग गरिनेछ ।

### ३.६.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | नेपाल सरकारसँगको समन्वयमा खनिज अन्वेषण, उत्खनन तथा प्रशोधनका लागि आवश्यक नीति तथा नियमको तर्जुमा | २०८१/८२-२०८३/८४ | १०० | ० |
| २ | निजी क्षेत्रसँगको सहकार्यमा गाउँपालिका भित्र सम्भावित खनिजको अन्वेषण सर्वेक्षण र उत्खनन | २०८१/८२-२०८३/८४ | ५०० | ० |
| ३ | ढुंगा, माटो, बालुवा र गिटी जस्ता निर्माण सम्बन्धित खनिजको उत्खनन र बिक्री वितरण कार्यनियमित, व्यवस्थित र वातावरणमैत्री बनाउने | २०८१/८२-२०८३/८४ | १५० | ० |
| ४ | सबै तहका सरकार तथा निजी क्षेत्रको सहलगानीको माध्यमबाट खनिज सम्पदाको उत्खनन तथा प्रशोधन गरी वहुउपयोग तथा निर्यात गर्ने | २०८१/८२-२०८३/८४ | ५०० | ० |

### ३.६.५ अपेक्षित उपलब्धि

स्थानीय नीति, कानुन, मापदण्ड तर्जुमा भएको, नेपाल सरकारसँगको साझेदारी, सहलगानी तथा समन्वयमा खनिज अन्वेषण र उत्खननकार्य भएको, सबै तहका सरकार र निजी क्षेत्र सम्मिलित खनिज सम्पदामा आधारित उद्योग स्थापना र सञ्चालन भएको, खनिजको उत्पादन तथा प्रशोधनबाट मूल्य अभिवृद्धिहुन गई गाउँपालिकाको स्रोत परिचालनमा योगदान बढेको, खानीक्षेत्रको विकासबाट गाउँपालिकाका जनताको जीवन प्रणालीमा रूपान्तरण भएको हुनेछ ।

### ३.६.६ जोखिम तथा अनुमान पक्ष

गाउँक्षेत्रमा उपलब्ध खानी, खनिजको उपलब्धता सम्बन्धि अध्ययन—अनुसन्धान, आधारभूत आर्थिक पूर्वाधारको निमार्ण, उद्योग स्थापनाका संभाव्य क्षेत्रको पहिचान, उद्योग र श्रम मैत्री कानुनको तर्जुमा, नगरक्षेत्रको योजनाबद्ध शहरी गरी विकसित र सुविधासम्पन्न शहरमा बढ्दो बसाईसराइमा कमी, युवा पलायनलाई दुरुत्साहन, उद्यमशीलता विकास, विशेष कर छुट, अनुदान, सहुलियपूर्ण ऋण मार्फत लगानी आर्कषण, उपभाक्ता हित कार्यक्रम, बजार अनुगमन जस्ता क्रियाकलाप सञ्चालन गर्न सकेमा नगर क्षेत्रमा खानी, खनिज, उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रको पर्याप्त विकास हुन सक्छ । भौतिक, आर्थिक, वित्तिय, प्राविधिक, मानवीय र पर्यावरणीय पूर्वाधारको पर्याप्त विकास हुन नसकेमा यो क्षेत्रको उद्देश्य प्राप्त नहुने जोखिम रहन्छ ।

## ३.७ भूमि व्यवस्था

नेपालको परिवेशमा भूमिको उपलब्धता नै जीवन निर्वाहको आधारको रूपमा शदियौंदेखि मान्यता स्थापित हुँदै आएको छ। जग्गा जमीनको वितरण कहिले पनि सन्तुलित र व्यवस्थित हुन सकेन। विभिन्न कालखण्डमा भूमिको हदबन्दी निर्धारण गरिए पनि यसले उद्देश्य अनुरुप जग्गा व्यवस्थित गर्न सकेको पाइदैन । संविधानले व्यवस्था गरेको

सम्पत्तिको हक, खाद्य सुरक्षा र सम्प्रभुताको हक र भूमि हीन हक कार्यान्वयन गर्न तथा दिगो विकासले निर्दिष्ट गरेको लक्ष्य प्राप्त गर्न समेत् उपलब्ध सीमित भूमि तथा भूमिस्रोतको संरक्षण तथा प्रभावकारी व्यवस्थापन गर्न आवश्यक रहेको छ । भूमिको समुचित उपयोग सुनिश्चित गर्न भूमिवर्गीकरण एवं भूउपयोग योजना तयार गरि कृषक वर्गको भूमिमा पहुँच बढाई यस क्षेत्रमा लगानी अभिवृद्धि गर्दै जानुपर्ने हुन्छ ।

जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गर्नुपर्ने, भूमिहीन र सुकुम्बासीको पहिचान गरि बसोबासको समुचित व्यवस्थापन तथा जीविकोपार्जनको प्रबन्ध गर्दै सामाजिक न्याय र समृद्धिका लागिका भूमिको वैज्ञानिक व्यवस्थापन गर्नुपर्ने देखिन्छ । आधुनिक प्रविधिको प्रयोग मार्फत नापनक्सामा शुद्धता कायम गर्ने तथा गाउँपालिकाको भूसूचना प्रणाली स्थापना तथा विकास गर्दै जग्गा प्रशासन सम्बद्ध निकायको संस्थागत क्षमता अभिबृद्धि गरि सेवाप्रवाहलाई सरल सहज र व्यवस्थित तुल्याउनका लागि आवश्यक नीति, कानुन, पूर्वाधार तयारी तथा स्रोत साधन परिचालन आवश्यक देखिन्छ । हालै नेपाल सरकारले ल्याएको भू—उपयोग नीति अनुरुप भूमिको वर्गीकरण र उपयोग गर्न सकिएमा उत्पादकत्व बृद्धि र सामाजिक न्यायको वितरण सन्तुलित हुन जानेछ ।

## ३.७.१ समस्या तथा चुनौती

एकातिर वास्तविक किसान भूमिहिन छन् भने अर्कोतर्फ कृषि कार्य नगर्ने व्यक्ति भूमिपति हुँदा भूमि बाँझै राख्ने तथा खण्डीकरण गर्ने प्रवृत्ति बढ्दै जानुले कृषि उत्पादकत्वमा ह्रास आउनु, भूमिको उपयोग र क्षमता अनुसारको भूउपयोग सूचना प्रणालीको विकास हुन नसक्नु, सरकारी र सार्वजनिक जग्गामा अतिक्रमण गर्ने प्रवृत्ति बढ्नु तथा भूमि प्रशासन सम्बद्ध निकायबाट प्रदान हुने सेवा सरल र सहज रुपमा उपलब्ध हुन नसक्नु, जग्गा हद बन्दी कानुन प्रभावकारीरूपमा कार्यान्वयन नहुनु, भू—उपयोग नीति अनुसारका ऐन नियम तर्जुमा भई नसक्नु, जग्गालाई उत्पादनको साधन भन्दा बढी अन्य क्षेत्रमा उपयोग गर्नु आदि यस क्षेत्रका विद्यमान समस्या तथा चुनौती हुन् ।

## ३.७.२ उद्देश्य

- वैज्ञानिक भू—उपयोग प्रणाली लागू गरि भूमिस्रोतको विवेकशील प्रयोगको वातावरण सृजना गर्नु ।
- विकास निर्माणका लागि आवश्यक नाप, नक्सा तथा भौगोलिक सूचना सर्वसुलभ बनाउनु ।
- भूमि व्यवस्थापन सम्बन्धी सेवालाई प्रविधिमैत्री बनाउनु ।

## ३.७.३ रणनीति

- भूमिको उत्पादकत्व बृद्धि तथा वातावरणीय संरक्षणका लागि भू—उपयोग सम्बन्धी नीति, एवं मापदण्डको निर्माण गरिनेछ ।
- भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच सम्बन्धी नीति र मापदण्ड बनाई कार्यान्वयन गरिनेछ ।
- सरकारी जग्गा प्रयोग सम्बन्धी नीतिगत व्यवस्था गरिनेछ ।
- गुठी जग्गाको संरक्षण तथा अभिलेख व्यवस्थापन गर्न नेपाल सरकार तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ ।
- छरिएको बस्ती, जोखिमयुक्त बस्ती र अव्यवस्थित बस्तीलाई व्यवस्थित गरिनेछ ।
- जग्गाको खण्डीकरणर बाँझो राख्ने प्रवृतिलाई नियन्त्रण गर्न भूमि बैंक स्थापना तथा जग्गाको चक्लाबन्दीलाई प्रोत्साहन गरिनेछ ।

### ३.७.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | भू—उपयोग, भूमि व्यवस्थापन तथा जग्गा प्याकेज विकास सम्वन्धी नीति तथा मापदण्ड र मानक निर्माण | २०८१/८२-२०८३/८४ | १०० | ० |
| २ | भूमिहिन तथा सुकुम्वासी समस्याको दिर्घकालिन समाधाका लागि नेपाल सरकारसँग समन्वय गर्ने | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ३ | सुरक्षित वसोबास तथा जग्गा एकिकरण नीति | २०८१/८२-२०८३/८४ | ५० | ० |
| ४ | जग्गा एकीकरण तथा चक्लाबन्दी प्रवद्र्धन | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ५ | भू—सूचना प्रणाली विकास तथा मालपोत अभिलेख सुदृढीकरण | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ६ | लिखत तथा श्रेष्ताको संरक्षण तथा भण्डारण डिजिटाइजेशन | २०८१/८२-२०८३/८४ | २०० | ० |

### ३.७.५ अपेक्षित उपलब्धि

योजनाको अन्तमा भू—उपयोग नीति तथा ऐन तर्जुमा भई कार्यान्वयन भएको, भूमि व्यवस्थापनका आवश्यक पूर्वाधारयुक्त संस्थागत संरचना निर्माण भएको, चक्लाबन्दी गरि खेती गरिएको जग्गाको क्षेत्रफल बृद्धि भएको, उपयोगको आधारमा भूमिको वर्गीकरण भएको, भूउपयोग तथा भूउपयोग क्षमता सम्बन्धी नक्सा र तथ्याङ्क आधार तयार भएको, नमूनाको रूपमा एउटा सुरक्षित एवं विकासमैत्री बस्ती विकास भएको, भूमिको न्यायोचित उपयोगका लागि भूमि बैंकसँग समन्वय स्थापित भएको हुनेछ ।

### ३.७.६ जोखिम तथा अनुमान पक्ष

भूउपयोग योजना र भूमि बैंक निर्माण हुने, सिंचाई सुविधा पुगेका र नपुगेका कृषियोग्य भूमिको तथ्याङ्क उपलब्ध हुने, जमिनको चक्लाबन्दी गरी प्रयोगहीन उर्वर जमिनमा करार खेती हुनेछ । उल्लिखित कार्यलाई व्यवस्थित तवरबाट गर्न नसकिएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

## ३.८ सहकारी क्षेत्र

कुल ग्राहस्थ उत्पादनमा सहकारी क्षेत्रको योगदान करिव दुई प्रतिशत रहेको छ । यस क्षेत्रले प्रत्यक्ष रूपमा सानो संख्याका विभिन्न तहका जनशक्तिलाई रोजगारीका अवसर उपलब्ध गराएको छ तथापि अप्रत्यक्ष रूपमा विभिन्न पेसा, उद्योग, व्यापार, सेवा व्यवसाय मार्फत लाखौं व्यक्तिले रोजगारीका अवसर प्राप्त गरेका छन् । विशेषगरि ग्रामीण क्षेत्रमा छरिएर रहेको सानो सानो बचतलाई प्रवद्र्धन गरी संस्थागत पुँजी संकलन, परिचालन र निर्माणमा अहम भूमिका निर्वाह गरेको छ । देशको राजनीतिक परिवर्तन सँगै विभिन्न चरणमा विकास हुँदै आएको हाम्रो सहकारी आन्दोलन सामाजिक आर्थिक विकासमा महत्त्वपूर्ण भूमिका पूरागर्ने हैसियतमा स्थापित भएको छ । सहकारीलाई निजी क्षेत्र र सरकारीक्षेत्र

सरहको तीन खम्बे नीतीको रुपमा अख्तियार गर्न थालिएको छ । सहकारी कानुन, सहकारीको सिद्धान्त, मूल्यमान्यताको भावना अनुरुप यसक्षेत्रमा छरिएर रहेको श्रम, सीप, पूँजी, प्रविधि र ज्ञानलाई उत्पादनशील क्षेत्रमा परिचालन गरि गरिबी न्यूनीकरण, स्वरोजगारी तथा उत्पादन तथा उत्पादकत्व बृद्धिमा सहकारीताको विकास र प्रवद्र्धन आवश्यक रहेको छ । सहकारी संस्थाको विकासका लागि सरकारले विभिन्न प्रकारका कर सहुलियत, अनुदान, वीऊ पुँजी र नेपाल राष्ट्र बैंकबाट शेयर लगानी, ऋण, लगानी, बचत, ब्याज, शाखा विस्तार, अनिवार्य नगद मौज्दात, अनिवार्य लगानी गर्ने क्षेत्रमा सहुलियत तथा सुविधा प्रदान गरिरहेको छ ।

## ३.८.१ समस्या तथा चुनौती

गाउँपालिका समूह–सहकारी गठन संचालन भएपनि सवै सदस्यहरु वीच सहकारी सम्बन्धी ज्ञानको कमि हुनु, सहकारी क्षेत्रको सार्वजनिक क्षेत्र र निजी क्षेत्र सँग सहकार्य नहुनु, सहकारी संस्था सञ्चालनका लागि आवश्यक पर्ने उद्यमशीलताको कमी हुनु, सहकारी क्षेत्र अन्तर्गत आय आर्जन तथा रोजगारीका अवसरहरू वारे सम्भाव्यता तथा अध्ययन विश्लेषण नहुनु, वित्तीय सेवाका निमित्त आवश्यक इन्टरनेट सुविधाको कमी, सञ्चालनमा रहेका बचत तथा ऋण लगायतका सहकारी संस्थाहरूको कारोवार क्षमता सीमित हुनु, आदि यस क्षेत्रका प्रमुख समस्या तथा चुनौतीका रुपमा रहेका छन् ।

## ३.८.२ उद्देश्य

- सहकारी क्षेत्रको प्रवद्र्धन र नियमन मार्फत संस्थागत सुशासन प्रभावकारी बनाउनु ।
- सहकारीसँग साझेदारी गरि उत्पादनको क्षेत्रमाल गानीगर्नु ।
- सहकारीलाई गाउँपालिकाको आर्थिक समृद्धिको प्रमुख सम्बाहकका रूपमा विकास गर्दैलैजानु ।

## ३.८.३ रणनीति

- आवश्यक नीतिगत एवं कानुनी,संस्थागत संरचनाकोस्थापना गर्ने ।
- सहकारी सम्बन्धी गाउँपालिकाको नीति, कानुन तथा मापदण्ड तर्जुमा गर्ने ।
- सहकारी क्षेत्रसँग समन्वय तथा सहकार्य गरि स्थानीय श्रम, सीप,पूँजी, प्रविधि, ज्ञान र बजारको साथै लगानीको क्षेत्र पहिचान गर्ने ।
- एक सहकारी एक उत्पादनको नीतिलाई कार्यान्वयन गर्ने ।
- सहकारीको माध्यमबाट साना, घरेलु, मझौला उद्योगको स्थापना र सञ्चालन तथा कृषि उत्पादन र उपजको व्यवसायीकरणमा सहयोग गर्ने ।
- युवा, महिला, गरिब, सीमान्तकृत व्यक्ति वा समुदायको जीवनस्तरमा सुधार ल्याउन सहकारीको उपयोग गर्ने ।
- सार्वजनिक निकायका सेवा प्रवाह र विकास निर्माण कार्यमा सहकारी क्षेत्रसँग सहकार्य, समन्वय तथा साझेदारीको नीति अवलम्बन गर्ने ।
- सहकारी संस्थामा आर्थिक अनुशासन, वित्तीय सुशासन, संस्थागत सुशासन र संस्थागत सामाजिक उत्तरदायित्व बहन कार्यलाई प्रभावकारी बनाउने ।

### ३.८.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १. | महिला सहकारी संस्था समूह विकास कार्यक्रम | २०८१/८२-२०८३/८४ | १८०० | ० |
| २ | सहकारी सम्बन्धी नीति एवं कानुन तर्जुमा | २०८१/८२-२०८३/८४ | ५० | ० |
| ३ | सहकारी तथा गरिबी निवारण सम्बन्धित सूचना प्रणाली सञ्चालन बारे तालिम | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ४ | सहकारीहरूको एकीकरण | २०८१/८२-२०८३/८४ | ५०० | ० |
| ५ | सहकारी सचेतना, पूर्व सहकारी शिक्षा, सशक्तीकरण, दिगो जीविकोपार्जन, संस्था गठन, सञ्चालन, विकास सम्बन्धी सहकारी शिक्षा र तालिम | २०८१/८२-२०८३/८४ | २५० | ० |
| ६ | सहकारी संघ संस्था नियमन र प्रवद्र्धन | २०८१/८२-२०८३/८४ | २०० | ० |
| ७ | सहकारीलाई प्रोत्साहन गर्न मेला, महोत्सव कार्यक्रम | २०८१/८२-२०८३/८४ | ८०० | ० |
| ८ | वस्तु उत्पादन, संकलन, प्रशोधन तथा बजारीकरणका तालिम, प्रविधि, पूर्वाधार तथा वित्तीय अनुदान | २०८१/८२-२०८३/८४ | २५० | ० |
| ९ | एक सहकारी एक उत्पादनको लागि आवश्यक प्याकेजसहयोग, संकलन, प्रशोधन, बजार व्यवस्थापनकाक्षेत्रको अध्ययन, अनुसन्धान | २०८१/८२-२०८३/८४ | २०० | ० |
| १० | नेपाल सरकार तथा नेपाल राष्ट्रबाट प्राप्त हुने कर तथा वित्तीय क्षेत्रका छुट, सुविधा र सहुलियतका लागि सहजीकरण, समन्वय तथा साझेदारी | २०८१/८२-२०८३/८४ | १०० | ० |

### ३.८.५ अपेक्षित उपलब्धि

योजनाको सफल कार्यान्वयन पश्चात सहकारी सम्बन्धी गाउँपालिकाको नीति, कानुन, योजना, कार्यक्रम एवं संस्थागत संरचना तयार भएको,आर्थिक सामाजिक रूपान्तरणमा यस क्षेत्रको योगदान र साख उल्लेख्य अभिबृद्धि भएको, प्रत्येक वडामा कृषि, वनतथा पशुपन्छीजन्य एवं बचत तथा ऋण सहकारी ४ प्रकारका सहकारी संस्थाको स्थापना भई कार्यान्वयनमा आएका, स्वनियमन एवं संस्थागत सुशासन र संस्थागत सामजिक उत्तरदायित्व प्रवद्र्धन भएको, सहकारीमा आधारित दुग्धजन्य, कृषिजन्य, वनजन्य उद्योग स्थापना भएको हुनेछ ।

### ३.८.६ जोखिम तथा अनुमान पक्ष

सहकारी डेक्सको स्थापना पश्चात यो क्षेत्र सबल, प्रतिस्पर्धात्मक एवं व्यावसायिक हुने, स्थानियको वित्तीय तथा बैंकिङ्ग सेवामा सहज पहुँच हुने, पर्याप्त विकास हुन नसकेमा यो क्षेत्रको उद्देश्य प्राप्त नहुने जोखिम रहन्छ । सहकारी क्षेत्र उत्पादनशील क्षेत्रमा क्रियाशिल हुने । सहकारी तथा वित्तीय क्षेत्रमा सुशासन कायम हुने । गाउँपालिकामा वित्तीय तथा बैंकिङ्ग सेवाको विस्तार हुने । माथि उल्लेखित अनुमान पुरा हुन नसकेको खण्डमा उद्देश्य प्राप्ति नहुने जोखिम देखिन्छ ।

## ३.९ गरिबी निवारण

गरिबी शब्दले  दैनिक जीवनयापन गर्नका लागि नागरिकहरूको अवसर एवम् मौकाहरूमा पहुँच नहुनु साथै मानवीय मर्यादा कायम नहुनुलाई बुझाउँदछ । नेपालमा सम्वत् २०६८ को जीवन मापन सर्भेक्षणले वार्षिक रु. १९,२६१ नकमाउने व्यक्तिलाई निरपेक्ष गरिब भनी परिभाषित गरेको छ ।

दोगडाकेदार गाउँपालिकाका मानिसहरु जेठ, असाढ, असौज, कार्तिक र चैत्र महिनामा स्थानीय खेतीपाती, सिजन अनुसारको खर संकलन, जडिबुटी संकलन, भण्डारण तथा बिक्री बितरण ब्यवसायले गर्दा ब्यस्त हुने गर्दछन् । त्यस कारण बाँकी अन्य महिनाहरु केही फुर्सदिला देखिएका कारण विकास निर्माणका गतिविधिहरुमा समुदायको सहभागिता हुने गरेको देखिन्छ । समग्रमा यस गाउँपालिकामा पुरुषको भन्दा महिलाहरू स्थानीय रोजगारी देखि आर्यआर्जनका काममा बढी अग्रसर रहेका छन् ।

सिजन अनुसारको काममा बढी ब्यस्त हुने अवस्था तथ्यांक विश्लेषणले देखाउछ । गाउँपालिका भित्र कुल जनसङ्ख्या आधा भन्दा बढी आर्थिक रूपले सक्रिय जनसङ्ख्या रहेका छन् । आर्थिक रूपमा सक्रिय जनशक्तिलाई स्थानीय स्तरमा पर्याप्त रोजगारीको अवसर प्राप्त नहुँदा यस पालिकाबाट वैदेशिक रोजगारमा जाने प्रवृत्ति बढ्दो छ । राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिकाको क्षेत्रका कूल ४६७२ घरपरिवार मध्ये परिवारका कुनै एक सदस्य वैदेशिक रोजगारीमा गएका घरपरिवारको अनुपात  करिव २०.२४ प्रतिशत रहेको छ । वैदेशिक रोजगारमा गएका व्यक्तिहरूले वार्षिक रूपमा करिब २ करोड रूपैया भन्दा बढी विप्रेषण पालिकामा भित्राउने गरेको देखिन्छ । जसलाई औषत कमाइको रूपमा हेर्दा प्रति व्यक्ति प्रति महिना ३५०० हजार रूपैंया हुन आउँछ ।

यसरी हेर्दा दोगडाकेदार गाउँपालिका  ग्रामीण प्रकृतिको भएको हुँदा प्रायः  सबै क्षेत्रमा गरिवी ब्याप्त रहेको छ । लक्षित घरपरिवारमा सामाजिक सुरक्षण कार्यक्रमहरू केन्द्रित गरी विभिन्न निकायबाट सञ्चालित गरिबी निवारण कार्यक्रम बीच समन्वय गर्ने नीति, योजना र बजेट कार्यक्रम बीच सामञ्जस्यता कायम हुनु पर्ने देखिन्छ । गरिवी निवारणको लागि प्राकृतिक स्रोत साधनको पहिचान, आँकलन एवम् प्राकृतिक सम्पदाको ह्रास नहुने गरी महत्तम उपभोग गर्दै गाउँपालिकाको आर्थिक स्तर उकास्नु, गाउँपालिकामा उपलव्ध स्रोत तथा साधनहरूको समन्यायिक पहुँच विस्तार गर्नु आवश्यक देखिएको छ ।

### ३.९.१ समस्या तथा चुनौती

गरिबी निवारणका लागि गरिब घरपरिवारको पहिचान कार्य हुन नसक्नु, लक्ष्यित घरपरिवारमा सामाजिक सुरक्षण कार्यक्रमहरू केन्द्रित गर्न नसकिनु, विभिन्न निकायबाट सञ्चालित गरिबी निवारण कार्यक्रम बीच समन्वयको अभाव रहनु, क्षमता विकासका कार्यहरू पर्याप्तन हुनु एव निति, योजना र बजेट कार्यक्रम बीच सामञ्जस्यता नहुनु जस्ता समस्याहरू विद्यमान रहेका छन् । न्यून आन्तरिक स्रोत प्रशासनिक खर्चमा उपयोग हुने पुँजी गत स्रोतको अपर्याप्ताले गर्दा सरकारले गरिबी निवारणमा कार्यमा पूर्ण सन्तुलित र समन्यायिक तवरबाट हस्तक्षेप गर्न कठिनाई रहेको छ।ऊर्जाशील युवा

जनशक्ति पलायन रोकी उत्पादनशील कार्यमा लगाउनु, तीनै तहका सरकार तथा गैरसरकारी क्षेत्रसँग असल समन्वय तथा साझेदारीको अभ्यासलाई मलजल गर्नु समस्या तथा चुनौती रहेका छन् ।

### ३.९.२ उद्देश्य

- आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक र प्रविधिगत विकासको माध्यमबाट गरिबीको रेखा मुनि रहेको जनसङ्ख्या घटाउँदै लैजाने ।

### ३.९.३ रणनीति

- गरिबी निवारणलाई सबै विकास कार्यक्रममा एकीकृत गर्ने ।
- वास्तविक गरिबहरूको पहिचानगरी विवरण अद्यावधिक गर्ने ।
- सबै विकास आयोजनाहरूमा गरिबी निवारणलाई प्राथमिकता दिई एकीकृत् गर्ने।
- उच्च समावेशी आर्थिक वृद्धि गरी रोजगारी उद्यमशीलता सामाजिक अवसरको न्यायोचित र समतामूलक वितरण तथा पुनर्वितरण गर्ने ।
- दिगो विकास लक्ष्य राष्ट्रिय तथा प्रदेश गरिबी निवारण लक्ष्य सँगै स्थानीय नीति कानुन योजना बजेट तथा कार्यक्रमलाई एकीकृत गर्ने
- गरिबी निवारणका लक्ष्यित कार्यक्रम तथ्याङ्क सूचनामा आधारित रहँदै तर्जुमा गरी उत्पादन रोजगारी उत्पादकत्व बचत लगानी बढाउने क्षेत्रमा केन्द्रीत गर्ने ।
- विकास आयोजना तर्जुमा र कार्यान्वयन गर्दा श्रममूलक प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने ।
- उपलब्ध प्राकृतिक स्रोत साधन तथा मानव संशाधनको दिगो सन्तुलित समन्यायिक व्यवस्थापन तथा उपयोगमा जोड दिने ।
- कृषि, पर्यटन, ऊर्जा, पूर्वाधार विकास र लघु तथा साना उद्यमहरूलाई गरिबी निवारण उन्मुख तुल्याउने ।
- गरिबी निवारणका कार्यक्रम एकद्वार प्रणालीबाट कार्यान्वयन गर्ने ।
- सहकारी क्षेत्र तथा गैरसरकारी क्षेत्रबाट सञ्चालन गरिने गरिबी निवारणका कार्यक्रममा सरकारी नीति र प्राथमिकताका आधारमा कार्यान्वयन गर्ने गरी समझदारी सहकार्य तथा समन्वय गर्ने ।
- संघ र प्रदेश सँगको समन्वयमा गरिबको वर्ग पहिचान गरी परिचयपत्र प्रदान गर्ने ।
- पहिचान भएका गरिबहरूलाई सामाजिक सुरक्षणको माध्यमबाट क्षमता विकास गर्ने ।
- राज्यका स्रोत साधनहरूलाई गरिब लक्षित बनाई गरिबहरूको पहुँच विस्तार गर्ने ।

### ३.९.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १. | विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा लगानी आकर्षित गर्ने नीति निर्माण र कार्यन्वयन | २०८१/८२-२०८३/८४ | ७५ | ० |
| २ | विकास कार्यक्रममा गरिबको पहुँच वृद्धि गर्ने | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ३ | गरिब परिचयपत्रको वितरण | २०८१/८२-२०८३/८४ | २५० | १०० |

| | | | | |
|---|---|---|---|---|
| ४ | गरिब परिवारको नक्क् सहितको तथ्याङ्क संकलन तथा अद्यावधिक गर्ने (वडा) स्थानीय सीपको प्रोफाइल तयार गरि निरन्तरताको लागि सहयोग | २०८१/८२-२०८३/८४ | ५०० | ० |
| ५ | स्थानीय उत्पादन शहरी क्षेत्रमा बिक्री वितरणको व्यवस्था गर्ने | २०८१/८२-२०८३/८४ | २०० | ० |
| ६ | स्थानीय तहमा वित्तीय संस्थाको पहुँच वृद्धि गर्ने उद्यम खोल्ने र गरिवलाई सहुलियत दरमा कृषि ऋण उपलब्ध गराउने | २०८१/८२-२०८३/८४ | २५० | ० |
| ७ | गरिवलाई सामाजिक सेवा इकाई मार्फत सहुलियत दरमा स्वास्थ्य सेवा उपलब्ध | २०८१/८२-२०८३/८४ | २५० | ० |

### ३.९.५ अपेक्षित उपलब्धि

गरिबी न्यूनीकरण सम्बन्धी नीति कानुन, योजना, बजेट तथा कार्यक्रम एकीकृत समन्वयात्मक र दीर्घकालीन गरिबी न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्न नीतिगत आधार तयार भएको हुनेछ।दिगो विकासका लक्ष्यलाई आन्तरिकीकरण गरिएको स्रोतको संकलन एवं वितरण र पुनर्वितरणमा आर्थिक बृद्धि सामाजिक विकासका माध्यमबाट गरिबी निवारणमा केन्द्रित गरिएको तथ्य र तथ्याङ्कमा आधारित गरिबी म्यापिङ्ग भएको, गरिब घरपरिवार पहिचान भएको, सामाजिक सुरक्षाका कार्यक्रम समन्वयात्मक एवं एकद्वार प्रणालीबाट सञ्चालन भएको र गरिबीको अनुपात एकल अंकमाझ गरिवी निवारणको आधार तयार भएको हुनेछ ।

### ३.९.६ जोखिम तथा अनुमान पक्ष

गाउँक्षेत्रमा बसोबास गर्ने गरिब, घरपरिवारविहिन, बेरोजगारको लगत संकलन, गरिबीको कारण र सम्बोधनका उपायको पहिचान, लक्षित वर्ग कार्यक्रम सञ्चालन, जोखिमयुक्त क्षेत्रमा रहेका बस्ती स्थानान्तरण, विभिन्न तहका सरकार र क्षेत्रले सञ्चालन गर्ने कार्यक्रमबीच समन्वय, सीप विकास, उद्यमशीलता विकास, मनोसामाजिक रुपान्तरणका कार्यक्रम प्राथमिकता र पर्याप्त स्रोत विनियोजका साथ कार्यान्वयन गरिएमा गरिबी निवारणका उद्देश्य प्राप्ति हुन्छ भने महामारी, बाढी पहिरो जस्ता प्राकृतिक विपत्तिले गरिबीको सघनतालाई झन बढाउने जोखिम हुन्छ ।

# परिच्छेद — ४ : सामाजिक क्षेत्र

## ४.१ शिक्षा

शिक्षा हरेक व्यक्तिको मर्यादित एवम् परिष्कृत जीवन र सम्मानित रोजगारी तथा उद्यम विकासको आधार हो। नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ ।आधारभूत शिक्षामा पहुँच, आधारभूत तहसम्मको अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्मको निःशुल्क शिक्षा पाउने हक प्रत्याभूत गरेको छ।नेपालको संविधानले स्थानीय तहलाई आधारभूत र माध्यमिक शिक्षाको जिम्मेवारी दिएकोछ। गाउँपालिकावासीलाई उत्पादनशील जीवन बिताउन आवश्यक पर्ने जीवनोपयोगी सीपको विकास र सिकाइको अवसर प्रदान गर्दै सक्षम र समावेशी जनशक्तिको विकासद्वारा मुलुकको आर्थिक तथा सामाजिक विकासमा सहयोग पुऱ्याउनु पर्दछ।यो योजना बालबालिकालाई गुणस्तरीय र समावेशी शिक्षण सिकाइको वातावरणमा सहभागी हुने अवसरको सुनिश्चितता प्रदान गरी दिगो विकासका लक्ष्यहरू हासिल गर्ने महत्वपूर्ण माध्यम बन्ने अपेक्षा गरिएको छ ।

नेपालको संविधानले विद्यालय तहको शिक्षा निःशुल्क प्राप्त गर्ने अधिकारलाई सुनिश्चिता गरेको छ। शैक्षिक विकासको सन्दर्भमा निरक्षरता अन्त्य गर्दै प्राविधिक तथा व्यावसायिक शिक्षामा सहज पहुँच कायम गर्न राष्ट्रिय तथा स्थानीयस्तरबाट अभ्यासहरू भई रहेका छन् ।नेपालले लिएको दिगो विकास लक्ष्यअनुसार सन् २०३० सम्ममा सबैलाई गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न संघीय, प्रादेशिक तथा स्थानीय सरकारका तर्फबाट आवश्यक पहल भइरहेको छ । शिक्षालाई विकासको मुल आधारका रुपमा लिई दोगडाकेदार गाउँपालिकाले नमुना विद्यालयका साथै प्राविधिक तथा उच्च शिक्षाका पूर्वाधार तयार गरी सहज अवसरहरू सृजना गर्ने कुरालाई महत्व दिई दश वर्षे शिक्षा योजना तर्जुमा कार्यको शुरुवात गरेको छ ।

गाउँपालिकाभित्र २ निजि र ५४ सरकारी मध्ये ४३ आधारभूत तह, ११ माध्यमिक बिद्यालय, ९ सामुदायिक बाल विकास केन्द्र र १ वटा सामुदायिक क्याम्पस  रहेका छन् ।

### ४.१.१ समस्या तथा चुनौती

शिक्षा क्षेत्रको सुधारमा राष्ट्रिय तथा स्थानीय स्तरबाट संस्थागत तथा व्यवहारिक प्रयास भएता पनि गुणस्तरीय तथा प्रतिस्पधी शिक्षाको दिशामा समय सापेक्ष सुधारहरू हुन सकेका छैनन् । भौगोलिक बिकटता, गरिवी र श्रोत तथा साधनको अपर्याप्तता रहको छ । हालसम्म शिक्षण सिकाईमा शैक्षिक सामग्रीको निर्माण तथा उपयोग हुन सकेको छैन भने आधुनिक सूचना प्रविधिमा पहुँचमा कमी रहेको छ । स्थानीय आवश्यकता अनुसारको स्थानीय पाठ्क्रम र शैक्षिक क्यालेण्डर तयारी तथा कार्यान्वयन हुन सकेको छैन । विद्यालयको अनुगमन तथा मुल्यांकनमा पर्याप्त ध्यान दिन नसक्दा शिक्षकको नियमितता र शिक्षण प्रकृया प्रभावकारी हुन सकेको छैन । सिकाई उपलब्धी विश्लेषण र कार्यान्वयमा कमी रहेको छ ।

स्थानीय शैक्षिक संस्थामा जनविश्वासको कमीका कारण गुणस्तरीय शिक्षाका लागि गाउँपालिका बाहिरका निजी शैक्षिक संस्थाप्रतिको परनिर्भरता कायम रहेको छ । उच्च शिक्षाका लागि क्याम्पस र प्राविधिक शिक्षाका लागि विद्यालयमा प्राविधिक धारको आवश्यकतालाई सम्बोधन हुन सकेको छैन । धेरैजसो ११ र १२ कक्षामा अध्ययन गर्ने विद्यार्थिको अन्यत्र वस्नु पर्ने अवस्था विद्यमान छ । कतिपय वडाहरूमा विद्यालयका भवनहरू जिर्ण र पहिरोको जोखिममा रहेका छन् ।दलित जातिका वालवालिकाहरूको विद्यालयलाई निरन्तरता दिने क्रम कम छ। सानो उमेरमा विवाह गर्ने र उमेर वढ्दै गएपछि वजार र वैदेशिक रोजगारीमा जाने क्रम रोकिएको छैन। निरक्षरता हटाउन सञ्चालन भएका अनौपचारिक शिक्षा कक्षा प्रभावकारी हुन सकेका छैनन्। पूर्वाधारतर्फ वालमैत्री तथा अपांगमैत्री भवन,खेल मैदान, घेरवार र शौचालयको कमी रहेको छ। सामाजिक परिवेशमा शैक्षिक वातावरणको कमीजस्ता समस्या विद्यमान रहेको छ ।

### ४.१.२ उद्देश्य

- शिक्षण संस्थाको भौतिक पूर्वाधार र नवीन प्रबिधि मार्फत आधुनिकीकरण गर्नु ।
- साक्षरतार जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु ।
- व्यवहारिक, व्यवसायिक,प्राविधिक, अनुसन्धानमूलक र सिर्जनामुखी शिक्षा प्रणालीको विकास गर्नु ।

### ४.१.३ रणनीति

- शिक्षामा सबैको पहुँच पुर्याउन आवश्यक नीतिगत परिवर्तन गर्न पहल गरिनेछ ।
- शिक्षाको गुणस्तरमासुधार गर्न लगानीमा वृद्धि गरिनेछ ।
- नमूना प्रारम्भिक बालविकास केन्द्र स्थापना गरिनेछ ।
- दुर्गम तथा छरिएको बस्ती भएका क्षेत्रका विद्यालयलाई नमूना आवासीय तथा गाउँपालिकाका अन्य क्षेत्रका छनौट भएका विद्यालयलाई नमूना विद्यालयका रुपमा रुपान्तरण गरिने छ । राष्ट्रिय शैक्षिक नीति तथा त्यसमा आधारित आवश्यक ऐन, नियम, निर्देशिका तथा कार्यविधि तयार गरिनेछ ।
- गाउँ शिक्षा समितको गठन र परिचालन गरिनेछ ।
- सवै विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठन तथा परिचालन गरिनेछ ।
- बालमैत्री विद्यालयका लागि भौतिक पूर्वाधार, सेवा प्रवाहर गुणस्तरसुधार सम्बन्धी न्यूनतम सूचकको निर्धारण गरिनेछ ।
- गाउँशिक्षा कार्यालय तथा स्रोत केन्द्र समेतको भवन निर्माण गरिनेछ ।
- सवै बालविकास केन्द्र, विद्यालय, माध्यामिक शिक्षालायमा बालमैत्री सूचकका आधारमा सुविधायुक्त न्यूनतम भौतिक पूर्वाधार (भवन, कार्यालय तथा कक्षाकोठा, फर्निचर तथा डेष्क बेञ्च, छात्र र छात्राका लागि अलग अलग सौचालय (छात्राका लागि आवश्यक सामाग्रि सहितको चेन्जिङ कक्ष समेत), खानेपानी, खेलमैदान, विज्ञान प्रयोगशाला, पुस्तकालय, कम्प्यूटर सहितका शैक्षिक उपकरण, बगैंचा लगायतको) निर्माण व्यवस्थापन गर्ने गराइनेछ ।
- आधारमा विद्यालय जाने उमेरका तर विद्यालय जाने अवसरबाट बञ्चित रहेका बालबालिकाको अवस्था विवरण सहितको सामाजिक नक्साङ्कन नियमित सार्वजनिक गरी विद्यालयमा पहुँच पुर्याइने गरी सहयोगका कार्यक्रम सञ्चालन गरिनेछ ।
- लक्षित वर्गका बालबालिकाको विद्यालयमा पहुँच बृद्धिका लागि अभिभावक शिक्षा तथा पिछडिएका गरिव टोल बस्तीमा विद्यालय भर्नाका लागि जनचेतनामुलक घर दैलो कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकाका सवै विद्यालयमा पूर्वप्राथमिक शिक्षा कार्यक्रम तथा गाउँपालिका क्षेत्रका गरिव, सुकुम्बासी वस्तिमा आवश्यकता बमोजिम प्रारम्भिक बालविकास केन्द्रको स्थापना तथा सञ्चालन गरिनेछ ।
- गाउँपालिका सवै सामुदायिक तथा सस्थागत विद्यालयले बालमैत्री वातावरणमा आफ्ना शैक्षिक कार्यक्रम ब्यवस्थित गरि सञ्चालन गर्ने गराउने साथै झोला र हित शिक्षण कार्यक्रम सञ्चालनका लागिआवश्यक पूर्वाधार तयार गरिनेछ ।
- अनौपचारिक शिक्षा तथा बाल शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
- अति गरिव तथा बिपन्न बर्गका बालबालिकालाई शैक्षिक सामग्री र छात्रवृतिको व्यवस्थापन गरिनेछ ।
- गाउँपालिका सवै वडामा साक्षरता अभियान सञ्चालन गरिनेछ ।

- बालमैत्री विद्यालयका लागि आवश्यक न्यूनतम भौतिक पूर्वाधार सहितका स्रोतरसाधन तयार गरेका निजी स्तरमा सञ्चालित तथा सञ्चालन हुने प्रस्तावित विद्यालयलाई मात्र स्तरोन्नती, सञ्चालन सिफारिस तथा स्वीकृति दिइनेछ ।
- विद्यार्थी संख्या र विषयका आधारमा सवै सामुदायीक विद्यालयमा शिक्षक दरवन्दी मिलान गर्ने माध्यमिक विद्यालयमा कम्प्यूटर शिक्षालाई अनिवार्य गरिनेछ ।
- गाउँपालिका भित्र सम्भाव्य माध्यमिक तहमा कृषि,विज्ञान तथा प्राविधिक विषयको पठनपाठनको व्यवस्था मिलाइनेछ ।
- विद्यालय शैक्षिक गुणस्तर सुधार अभियान अन्तरगत सामुदायिक तथा संस्थागत विद्यालय साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।
- सवै विद्यालयमा दक्ष जनशक्तिको व्यवस्थापन गरिनेछ ।
- कक्षा पाँच भन्दा माथिको अध्ययन अध्यापन हुने विद्यालयमा बाल क्लब गठन, परिचालन र अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- सवै विद्यालयमा खेलकुद सामग्रीको व्यवस्थापन गर्ने गराउने ।
- प्राविधिक विषयमा उच्च शिक्षा अध्ययन गर्ने अति गरिब तथा बिपन्न, पिछडावर्ग, दलित, जानजाति तथा आदिवासी समुदायका बालबालिकालाई ज्ञान ज्योति छात्रवृत्तिको व्यवस्था गर्ने ।
- सिकाई उपलब्धी र उत्तीर्ण संख्याको आधारमा एक विद्यालयएक शिक्षककादरले उत्कृष्ट विद्यालय र उत्कृष्ट शिक्षक पुरस्कार तथा सम्मान कार्यक्रम सञ्चालन गर्ने प्रत्येक वर्ष एक—एक वटा सामुदायिक विद्यालयमा नमूना विद्यालय विकास कार्यक्रम सञ्चालन गर्ने ।
- सवै वडामा स्मार्ट बोर्ड निर्माण (फ्रि वाईफाई जोन निर्माण) जनसाङ्ख्यिक बनौट भौगोलिक अवस्थाको आधारमा विद्यालय नक्साङ्कन गरी विद्यालय गाभ्ने, सार्ने तथा नयाँ स्थापना गर्ने ।
- प्रत्येक विद्यालयमा उजुरी तथा सुझाव पेटिकाको व्यवस्था गर्ने ।
- विद्यालायलाई शान्ति क्षेत्र घोषणा गरि कार्यान्वयनमा ल्याउने ।
- नियमित अनुगमनका लागि सरोकारवाला सहभागि रहेको अनुगमन सम्यन्त्र निर्माण गर्ने ।
- सवै विद्यालयमा शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभवक तथा सहयोगी र साझेदार संस्थाको समेत आचार संहिता निर्माण गरि कार्यान्वयनमा ल्याउने आर्थिक पारदर्शिता र गुणस्तर सुधारका लागि प्रत्येक विद्यालयले सार्वजनिक सुनुवाईलाई कार्यान्वनयमा ल्याउने ।
- सिर्जनशील, व्यवहारिक र प्रयोगात्मक शिक्षा प्रणालीमा लगानी विस्तार गर्ने।
- सूचना प्रविधिको प्रयोगलाई विस्तार गर्ने, गुणस्तर सुधार गर्ने र प्रविधिमैत्री शैक्षिक सामग्री, पाठ्यक्रम, शिक्षक, भौतिक पूर्वाधार विकासका कार्यक्रमलाई एकीकृतरूपमा सञ्चालन गर्ने।

### ४.१.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १. | विपन्न तथा जेहन्दार विद्यार्थीलाइ छात्रवृत्ति कार्यक्रम | २०८१/८२-२०८३/८४ | ८२०० | |
| २. | सम्पूर्ण विद्यालयहरुका सोलार वितरण कार्यक्रम | २०८१/८२-२०८३/८४ | ३००० | |

| | | | | |
|---|---|---|---|---|
| ३. | अभिभावकहरुलाइ शिक्षा सम्बन्धमा जनचेतनामुलक कार्यक्रम | २०८१/८२-२०८३/८४ | २००० | |
| ४. | अनाथ बालबालिकालाइ निःशुल्क कापीकिताब वितरण कार्यक्रम | २०८१/८२-२०८३/८४ | ३००० | |
| ५. | प्रत्येक टोलमा वालविकास केन्द्र स्थापना | २०८१/८२-२०८३/८४ | ५०० | |
| ६. | प्रत्येक विद्यालयमा खेल मैदान र घेर पर्खाल निर्माण | २०८१/८२-२०८३/८४ | ४७०० | |
| ७. | निःशुल्क इन्टरनेटको व्यवस्था | २०८१/८२-२०८३/८४ | ३००० | |
| ८. | वालवालिका सँग शिक्षक अभिभावक कार्यक्रम | २०८१/८२-२०८३/८४ | ३००० | |
| ९. | विषयगत शिक्षकको उपलब्धता | २०८१/८२-२०८३/८४ | ८०० | |
| १०. | सबै आविमा बगैचा र पार्किङको ब्यवस्था | २०८१/८२-२०८३/८४ | ६०० | |
| ११. | सबै विद्यालयहरुमा शैक्षिक र खेल सामग्रीहरुको उपलब्धता | २०८१/८२-२०८३/८४ | ४००० | |
| १२. | खेलमैदान निर्माण वसन्तपुर मा वि | २०८१/८२-२०८३/८४ | ६००० | |

### ४.१.५ अपेक्षित उपलब्धि

योजना अवधिको अन्तमा गाउँपालिका भित्रका प्राय सबै सामुदायिक विद्यालय आधुनिक भौतिक पूर्वाधारका हिसावले सुविधा सम्पन्न भएका, विद्यार्थी संख्या न्यून भएका विद्यालय समायोजन भएका, १ विद्यालयलाई प्राविधिक विद्यालयको रुपमा रूपान्तरण भएको, शिक्षाको अवसरबाट बञ्चित पूर्व प्राथमिक विद्यालय तथा विद्यालय र उच्च शिक्षा उमेर समुहका सवै बालबालिकाको शिक्षामा पहुँच बृद्धि भएको, शत प्रतिशत बालबालिकाले बालमैत्री वातावरणमा शिक्षा प्राप्त गरिरहेका, नियमित रूपमा हुन् आविष्कार प्रदर्शनीले व्यवहारिक र व्यवसायिक शिक्षामा परिवर्तन भएको, छात्रबृत्तिबाट सिमान्तकृत वर्गका बालबालिका शिक्षाको मूल प्रवाहीकरणमा अग्रसर भएका,सूचना तथा प्रविधिमैत्री एकीकृत कार्यक्रमले शैक्षिक सिकाइ र विद्यार्थीको सफलता र प्रतिस्पर्धी क्षमता उच्च र नमूनायोग्य भएको हुनेछ ।

### ४.१.६ जोखिम पक्ष तथा अनुमान

समग्र विद्यालय सुधारका लागि अध्यापन गर्ने शिक्षक—शिक्षिकामा नविनतम ज्ञान तथा सीप को विकास हुने, शिक्षामा समान लैङ्गिक अवसर बढाउने चेतनामुलक कार्यको संचालन हुने, समय समयमा शिक्षक—विद्यार्थी— अभिभावक अन्तरक्रियाबाट सबै पक्षमा रचानात्मक सुधार आउने, स्थानीय आवश्यकता र संभाव्यताको आधारमा पाठ्यक्रमको निर्माण हुने, नवीनतम सूचना प्रविधिको प्रयोग वृद्धि हुने, पाठ्यसामाग्री समयमै उपलब्ध हुनेछ । उल्लेखित कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गर्न नसकिएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

## ४.२ स्वास्थ्य

मुलुक तथा नागरिकको विकासका लागि स्वस्थ नागरिक हुनै पर्दछ । नेपालको संविधानले प्रत्क नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य वा निःशुल्क प्राप्त गर्ने मौलिक हकको व्यवस्था गरेको छ । आधारभूत स्वास्थ्य सेवालाई

गाउँपालिकाका प्रत्येक वडा केन्द्रमा विस्तार तथा स्तरोन्नोति गरिलोक कल्याणकारी राज्यको मूलभूत मान्यतालाई व्यवहारमा उतार्नु गाउँपालिकाको कर्तव्य र जिम्मेवारी हो । गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थामा आवश्यकता अनुसारको आधुनिक उपकरण र विशेषज्ञ चिकित्सक र आधुनिक भौतिक पूर्वाधारको व्यवस्था गरि स्वास्थ्यसेवालाई प्रभाबकारी वनाउन आमूल परिवर्तनको खाँचो रहेको छ ।

गाउँपालिका भित्र खोप सेवा, सरकारद्धारा निःशुल्क उपलब्ध गराइने औषधिको व्यवस्था, पोषणको अबस्थामा सुधार, गर्भवती सुत्केरी महिलाको स्वास्थ्य सुरक्षा, किशोरकिशोरीलाई यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी सचेतना आदि सम्बन्धमा व्यवहारिक नीति, योजना तथा कार्यक्रमको कार्यान्वयन गर्दै स्वस्थ नागरिक र स्वच्छ समाज निर्माणमा उल्लेख्य योगदान पुग्नजाने देखिन्छ । यसबाट राष्ट्रिय तथा दिगो विकासले लिएका लक्ष्य प्राप्तिमा महत्वपूर्ण परिपूरकको कार्य जिम्मेवारी पूरा हुन जानेछ । स्वास्थ्य क्षेत्रमा सुधार ल्याउन आधुनिक चिकित्सा, होमियोप्याथी चिकित्सा, आयुर्वेदिक चिकित्सा, अकुपञ्चर चिकित्सा लगायतका बैकल्पिक चिकित्सा प्रणालीको एकीकृत तथा समन्वयात्मकरूपमा अगाडि बढाउनु पर्ने देखिन्छ ।

### ४.२.१ समस्या तथा चुनौती

विश्वव्यापी प्रकोपको रुपमा रहेको विभिन्न महामारीहरुका लागि पूर्व सावधानी मूलक कृयाकलापहरु कम हुनु, आपतकालिन अवस्थामा स्तरीय उपकरण सहितको उपचार केन्द्रहरु स्थापना नहुनु, सबै स्वास्थ्य संस्थामा प्रसुति सेवाको कमी हुनु, सरुवा तथा जटिल प्रकारका नसर्ने रोगको प्रकोप बढ्दै जानु, समुदायमा नै सुविधा सम्पन्न अस्पतालको अभावले रोग निदानमा समस्या, महिला प्रजनन स्वास्थ्य समस्या बढ्दै जानु, सरकारी स्वास्थ्य संस्थामा आवश्यकता अनुसारको उपकरण र विशेषज्ञ चिकित्सकको अभाव, निशुल्क तथा अत्यावश्यक औषधीको समयमानै पर्याप्त मात्रामा बर्षभरी नै उपलब्ध नहुनु । अपाङ्गता भएका व्यक्ति तथा महिलाहरूको स्वास्थ्य चौकीको पहुँचमा कमी, बालबालिकाका पोषण अवस्था सन्तोषकनक नुहुनु आदि यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन ।

### ४.२.२ उद्देश्य

- निःशुल्क आधारभूत स्वास्थ्य सेवा, गुणस्तरीय एवं विशिष्टीकृत स्वास्थ्य सेवामा नागरिकको पहुँच विस्तार गर्नु ।
- औपचारिक तथा अनौपचारिक शैक्षिक क्रियाकलापबाट आम नागरिकमा स्वास्थ्य सम्बन्धी निरोधात्मक, प्रवद्र्धनात्मक र उपचारात्मक पद्धति र प्रणालीको अभिवृद्धि गर्नु ।
- आधुनिक तथा बैकल्पिक समग्र स्वास्थ्य सेवाको व्यवस्थापन सुदृढीकरण गर्नु ।

### ४.२.३ रणनीति

- आधुनिक विधि र निश्चित मापदण्ड विकास गरि स्वास्थ्य संस्थाको संख्या, प्रकार, स्थान तथा आवश्यक स्वास्थ्य जनशक्तिको निर्धारण गर्न गुरुयोजना तयार गरि लागू गरिनेछ र क्रमशः समयसापेक्षरूपमा पेशागत जनशक्तिको व्यवस्था तथा क्षमता अभिवृद्वि गरिनेछ ।
- एक चिकित्सक र स्वास्थ्यकर्मी एक स्वास्थ्य संस्थाको अवधारणालाई लागू गर्न तथा सेवाको पहुँच विस्तार गर्नका लागि सरकारी अस्पतालमा अतिरिक्त सुविधा सहितको विस्तारित स्वास्थ्य सेवा कार्यान्वयन गरिनेछ ।
- नयाँ प्रविधिजन्य स्वास्थ्य सामग्रीका साथै औषधि तथा औषधिजन्य सामग्रीको उत्पादन, आयात, भण्डारण, वितरण तथा प्रयोगको नियमन तथा व्यवस्थापन गरिनेछ

- स्वास्थ्य व्यवस्थापन समितिको गठन गरिनेछ
- आधारभूत स्वास्थ्य सम्बन्धी तथ्याङ्क अध्यावधिक गरिनेछ
- अस्पताल तथा स्वास्थ्य केन्द्रको निर्माणका लागि आर्थिक स्रोतको व्यवस्था गरिनेछ ।
- अस्पताल तथा स्वास्थ्य केन्द्र निर्माणका लागि जग्गाको व्यवस्थापन साथै सुविधा सम्पन्न अस्पताल र स्वास्थ्य केन्द्रको निर्माण गरिनेछ ।
- आयुर्वेद चिकित्सा, प्राकृतिक चिकित्सा तथा अन्य चिकित्सा पद्धति तथा सेवालाई सञ्चालन गरिनेछ ।
- सवै स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविकाको शिप र दक्षता बृद्धिका लागि नियमित तथा प्रशिक्षणको व्यवस्था मिलाउने
- स्वास्थ्य हेल्पडेक्सको व्यवस्था गर्ने कुष्ठ रोग तथा सरुवा रोग लगायत स्वास्थ्यसँग सम्बन्धित सवै विषय र क्षेत्रका बारेमा सञ्चार स्रोत, एसएमएस लगायतका सम्भाब्य सवै खाले प्रविधिको प्रयोग गरि जन चेतना मुलक कार्यक्रम सञ्चालन गरिनेछ।
- विभिन्न किसिमका खोप, भिटामिन पोलियो थोपा, अल्वेण्डाजोल वितरण जस्ता अभियानगत कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।
- लागू पदार्थ दुव्र्यसनी विरुद्ध सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्वास्थ्य विमालाई अनिवार्य गरिनेछ ।
- स्वास्थ्य केन्द्र मार्फत गर्भवती जाँच सेवालाई प्रभावकारी बनाउने
- कुपोषित बालबालिका तथा गर्भवती र सुत्केरी महिलाका लागि पोषण शिक्षा तथा पोषण सहयोग कार्यक्रम साथै आइरन चक्की तथा क्यालसियम चक्की वितरण कार्यक्रम सञ्चालन गरिनेछ
- सीमान्तकृत परिवारका गर्भवती महिलालाई सरसफाईको लागि निःशुल्क सावुन, सेम्पु तथा तेल वितरण गरिनेछ
- एम्बुलेन्स सेवालाई प्रभावकारी, सर्वसुलभ र सहुलियत पूर्ण बनाउने ।
- विभिन्न स्वास्थ्य संस्थाको सम्लग्नता र सहयोगमा प्रत्येक ३–३ महिनामा बिपन्न वर्ग, पिछडिएका तथा गरिब समुदाय बसोवास गरेका क्षेत्रलाई लक्षित गरि निःशुल्क स्वास्थ्य परीक्षण, औषधि तथा सर्जिकल उपकरण उपलब्ध गराउने ।
- समग्र स्वास्थ्य उपचार साथै महिला तथा बालबालिकाका लागि अनिवार्य खोप, सुत्केरी गराउने तथा महिला तथा बालपोषण, स्वास्थ्य सरसफाई, प्रजनन स्वास्थय, एच.आईभी.एड्स नियन्त्रण, परिवार नियोजन, महामारी, क्षयरोग औषधि सहितको घुम्ति स्वास्थ्य सिविर सञ्चालन गरिनेछ
- गाउँघर क्लिनिक सञ्चालन गर्ने साथै नवजात शिशुको नियमित तौल लिने व्यवस्था मिलाउने
- सरसफाईको लागि सीमान्तकृत परिवारमा जन्मेका बालबालिकाका लागि निशुल्क सावुन, सेम्पु तथा तेल वितरण गर्ने
- शिशु स्याहार केन्द्रस्थापना र सञ्चालन गरिनेछ ।
- व्यवस्थित परिवार प्रोत्साहन पुरस्कार वितरण गर्ने ।
- आधुनिक सूचना प्रविधिको उपयोग गर्दै उन्नत र भरपर्दो टेलिमेडिसिन तथा टेलिहेल्थका लागि आवश्यक जनशक्ति पूर्वाधारको निर्माण गर्ने ।

### ४.२.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | प्रसुति केन्द्र स्थापना | २०८१/८२-२०८३/८४ | ९०० | |
| २ | Birthing Centre सञ्चालन | २०८१/८२-२०८३/८४ | १५०० | |
| ३ | गाउँघर क्लिनिक भवन निर्माण र सञ्चालन | २०८१/८२-२०८३/८४ | ६०० | |
| ४ | स्वास्थ्य भवन निर्माण | २०८१/८२-२०८३/८४ | १५०० | |
| ५ | बर्थिङ सेन्टरको पुर्ननिर्माण | २०८१/८२-२०८३/८४ | १४०० | |
| ६ | सुविधासम्पन्न स्वास्थ्य चौकीको निर्माण | २०८१/८२-२०८३/८४ | १५०० | |
| ७ | स्वास्थ्य चौकीको पुर्ननिर्माण र व्यवस्थापन | २०८१/८२-२०८३/८४ | ९०० | |
| ८ | बसेडी, खातीगाउँ पन्तोली बडगाउँमा Birthing center स्थापना | २०८१/८२-२०८३/८४ | ६०० | |
| ९ | आधारभूत स्वा. केन्द्र लाई स्वास्थ्य चौकीमा स्तरोन्नती | २०८१/८२-२०८३/८४ | १५०० | |
| १० | आधारभूत स्वास्थ्य केन्द्रको ल्याब सहित स्तरोन्नती तथा तला थप | २०८१/८२-२०८३/८४ | १५०० | |
| ११ | गाउँघर क्लिनिकलाई भवन निर्माण | २०८१/८२-२०८३/८४ | ३००० | |
| १२ | सबैलाई पायक पर्ने स्थानमा बर्थिंग सेन्टर निर्माण | २०८१/८२-२०८३/८४ | ३००० | |
| १३ | सबै तहका स्वास्थ्य कर्मीहरूका लागि तालिम तथा क्षमता विकास कार्यक्रम | २०८१/८२-२०८३/८४ | ७५० | |
| १४ | पोषण हट व्याग, कम्बल वितरण | २०८१/८२-२०८३/८४ | १२५० | |

### ४.२.५ अपेक्षित उपलब्धि

योजना अवधिको अन्तमा एउटा सुविधा सम्पन्न १५ शैयाको अस्पताल तथा १ वटा थप प्राथमिक स्वास्थ्य केन्द्र र औषधालयको स्थापना र विकास भई सम्पूर्ण गर्भवती महिला, नवजात शिशु लगायत सवै जनताले सर्व सुलभरुपमा गुणस्तरीय स्वास्थ्य सेवाको उपभोगको अवसर पाएको, विशिष्ट प्रकारका असाध्य रोगको उपचार विशेषज्ञ एवं टेलिमेडिसिन र टेलिहेल्थको माध्यमबाट उपलब्ध भएको,सबै नागरिकमा स्वास्थ्य बीमा कार्यक्रम पुगेको, स्वास्थ्य सेवामा कार्यरत जनशक्तिलाई विशेष प्रोत्साहन उपलब्ध गराई स्वास्थ्यकर्मी उच्च मनोबल र उत्प्रेरणा सहित नियमित उपचार सेवामा सहभागी भएका, पाँचवटा गाउँघर क्लिनिक सञ्चालन भएको, सबै वडाबाट एम्बुलेन्स सेवा नियमित सञ्चालन भएको,

औपचारिक तथा अनौपचारिक शैक्षिक प्रणालीबाट सबै नागरिक स्वास्थ्य र जीवनप्रति सुशिक्षित भएका, बैकल्पिक चिकित्सा प्रणालीको पनि जनविश्वास बढेको एवं विकास भएको हुनेछ।

### ४.२.६ जोखिम पक्ष तथा अनुमान

आधारभूत, विशेषज्ञ तथा आकस्मिक सेवा सम्बन्धी पूर्वाधारको विकास, प्राचिन र आधुनिक चिकित्सा प्रणालीको प्रयोग र संरक्षण, सरकारका नीति र नागरिकको सचेतना विस्तार, प्रजनन स्वास्थ—सुरक्षित गर्भपतन सम्बन्धी सेवाको विस्तार, नाक, कान, घाँटी तथा मुटु, मृगौला लगायतका संवेदनशील अंगको सहज शल्यक्रियाको व्यवस्था, महिला तथा किशोरी शिक्षाको प्रचार—प्रसार, पोषण तथा खाद्य सुरक्षा लगायतका कार्यक्रममा विशेष ध्यान पुर्याउन सकिएमा गुणस्तरीय स्वास्थ सेवा सुनिश्चित गर्न सकिन्छ । अपर्याप्त श्रोतसाधन र आवश्यक दक्ष जनशक्तिको अभावमा उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

## ४.३ युवा तथा खेलकुद

सक्षम, स्वस्थ्य, प्रविधिमैत्री र  सृजनशील युवा समकालीन नेपाली समुदायको परिचय हो। परिबर्तन र विकासको संवाहक युवा जनशक्ति हो । राष्ट्रिय विकासमा युवा सहभागिताको अभिवृद्धि गर्दै राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण तयार गरि युवा को सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गरिनुपर्दछ । बजारको माग अनुरुप शिक्षा प्रविधि क्षमता विकासका अवसर उपलब्ध गराउन नसक्दा युवा बरालिने र कुलतको दलदलमा भासिएका छन् । आफ्नै मुलुक तथा गाउँठाउँमा शिक्षा स्वास्थ्य प्रविधि र रोजगारीका अवसरको न्यूनताले एकातिर राज्यले युवाबाट लाभ लिन सकिरहेको छैन भने अर्को तर्फ अवसरको खोजिमा युवा विश्व बजारमा प्रतिस्पर्धी हुन नसक्दा सस्तो श्रममा जोखिमयुक्त काम गर्न बाध्य भएको छ ।

उत्पादन र उत्पादकत्व बढाउने पूँजीको रूपमा रहेका युवाको विदेश पलायन रोक्दै गाउँपालिकाको विकासको हरेक क्षेत्रमा युवाको पहुँच बढाउने र सामाजिक आर्थिक रूपान्तरणमा युवालाई मूल प्रवाहीकरण गर्दै शिक्षित, दक्ष, लगनशील, अनुशासित युवा बाट गाउँपालिकाको विकासमा योगदानको वातावरण सिर्जना गर्नु आवश्यक देखिन्छ । पुस्ता हस्तान्तरणमा देखिएको अस्वभाविक संस्कार परिवर्तन गर्ने हरेक क्षेत्रमा युवा सहभागितालाई प्रोत्साहित गर्ने, आविष्कार, सृजनाका लागि उल्लेख्य रूपमा प्रोत्साहन कोष तथा कार्यक्रम बनाउनु युवा र मुलुक सबैको हित र समृद्धिको आधार हुने देखिन्छ ।

### ४.३.१ समस्या र चुनौती

युवामा अनुशासन, नैतिकता, धैर्यताता जस्ता गुण र क्षमताको विकास गर्नु, युवा प्रतिभा तथा जनशक्ति पलायन रोक्नु, युवामा वैदेशिक रोजगारीको मोह कम नहुनु, स्थानीय स्तरमा रोजगारीको अवसर सिर्जना गराउनु, युवाक्लबहरुसँग साझेदारीमा सामुदायिक विकास कृयाकलाप संचालन गर्नु, खेलकुद पूर्वाधारको निर्माण गर्नु, व्यावसायिक खेलकुदको विकास गर्नु, खेलकुद प्रतियोगिताको लागि आर्थिक तथा व्यवस्थापकिय पक्षमा सुधार गर्नु जस्ता समस्या र चुनौती विद्यमान रहेका छन् ।

### ४.३.२ उद्देश्य

- सबै युवालाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी वनाउनु ।

- गाउँपालिकाको आर्थिक विकास र समृद्धिमा उपलब्ध युवा शक्तिको महत्तम उपयोग गर्नु ।
- खेल तथा सामाजिक सांस्कृतिक क्षेत्रमा सहभागिता बढाउँदै युवा प्रतिभा आर्थिक सामाजिक प्रविधिको विकासमा लगाउनु ।

### ४.३.३ रणनीति

- युवालाई विकास एवं समृद्धि प्रति जिम्मेवार, कर्तव्य बोध, चरित्रवानर नैतिकवान् बनाउन युवा नीति नियम बनाई कार्यान्वयन गर्ने ।
- युवालाई उद्यम व्यवसाय सञ्चालनमा प्रोत्साहन गर्ने ।
- सीपमूलक, व्यवसायिक तथा प्राविधिक शिक्षाका लागि प्राविधिक शिक्षालय स्थापना एवं शैक्षिक कार्यक्रम सञ्चालन गर्ने
- व्यापार व्यवसाय सञ्चालन व्यवस्थापनका लागि इच्छुक युवाले सर्वसुलभरुपमा न्यूनतम ब्याजदरमा ऋण प्राप्त गर्न सक्ने व्यवस्थाका लागि बैंक तथा वित्तीय संस्था सँग साझेदारी गर्ने
- गाउँपालिका भित्रै अवसरको सिर्जना गरि बैदेशिक रोजगारीमा जान चाहने युवालाई निरुत्साहित गर्ने साथै कारणबस बैदेशिक रोजगारीमा जान चाहने लागि सीप विकास सुरक्षित बैदेशिक रोजगारी तालिम सञ्चालन गर्ने ।
- युवा स्वयंसेवक, स्वरोजगारर उद्यम सञ्चालन गर्न सहुलियत कर्जाको उपलब्धता ।
- युवा नेतृत्व विकास र अध्ययन अनुसन्धानमा सहभागिता ।
- युवामा सकारात्मक सोंच विकासको अभियान सञ्चालन
- युवामा व्याप्त लागू पदार्थ दुर्व्यसनी रोक्न सचेतना तथा उद्धार कार्यक्रम सञ्चालन गर्ने ।
- आर्थिक विकास कार्यक्रमसँग आवद्ध गरि वर्तमान निर्वाह मुखी कृषि प्रणालीलाई प्रतिस्थापन गर्दै आधुनिक एवं व्यवसायिक कृषि कार्यक्रम सञ्चालन गर्ने तथा युवायुवतीबाट प्रवर्द्धित उद्योग, व्यापार तथा व्यवसायको विकास, विस्तार र प्रवद्र्धनका लागि विशेष बजार सञ्जालको व्यवस्थापन गर्ने
- युवा व्यायम शाला स्थापना, खेलकुद मैदान निर्माण र खेलकुद प्रतियोगिता सञ्चालन गर्ने ।
- खेलकुद विकास कार्यक्रमसँग आवद्धगरि खेलकुद तथा अतिरिक्त कृयाकलाप कार्यक्रम सञ्चालन गर्ने ।
- युवा प्रतिभा पुरस्कारको स्थापना गरि आर्थिक विकास र समृद्धि निर्माण साथै खेलकुद विकास र विस्तारमा संलग्न तथा सहयोग पुर्याउने युवायुवतीलाई प्रतिभा पुरस्कारबाट सम्मानित गर्ने।
- आजको युवा प्रविधिमैत्री पुस्ता (I generation, innovative, internet, isolated, intellectual, social cultural Indifferent) भएकोले सूचना प्रविधिको उपलब्धता र गुणस्तर विकास गरी सेवा उद्यमशीलताको प्रवद्र्धन गर्ने।

### ४.३.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १. | क्रिकेट मैदान निर्माण | २०८१/८२-२०८३/८४ | २२५० | |
| २. | युवाहरुको लागि क्षमता सीप विकास तालिमहरुको सञ्चालन | २०८१/८२-२०८३/८४ | १५०० | |

| | | | | |
|---|---|---|---|---|
| ३. | युवा क्लबहरुको क्षमता विकास तथा खेलकुद परिचालन | २०८१/८२-२०८३/८४ | ३००० | |
| ४. | अन्तर विद्यालय खेलकुद प्रतियोगिता सञ्चालन | २०८१/८२-२०८३/८४ | ९०० | |
| ५. | योग शिविर संचालन | २०८१/८२-२०८३/८४ | ८५० | |
| ६. | खेल मैदान निर्माण | २०८१/८२-२०८३/८४ | ६०० | |
| ७. | खेलकुद सामग्री हस्तान्तण कार्यक्रम | २०८१/८२-२०८३/८४ | २५५० | |

### ४.३.५ अपेक्षित उपलब्धि

योजना अवधि पूरा हुँदा सबै युवालाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी सीपमूलक तालिम प्रदान भएको, वित्तीय स्रोतमा युवाको पहुँच वृद्धि भएको हुने, युवामा नेतृत्व विकास भई अर्थपूर्ण सहभागिता भएको हुने, रोजगार र स्वरोजगार व्यवसायमा युवाको सहभागिता वृद्धि भई युवाको विदेश पलायनमा कमी आएको, सिर्जनशील एवं उद्यमशील कार्यमा युवा सहभागिता विस्तार भएको, खेलकुद पूर्वाधारको निर्माण भई खेलकुद क्षेत्रको प्रवद्र्धन भएको, शासकीय प्रणालीमा अर्थपूर्ण सहभागिता अभिवृद्धिबाट सुशासन प्रवद्र्धनमा टेवा पुगेको, युवामा विश्वव्यापीकरण र सूचना प्रविधिको लाभ प्राप्त भएको हुनेछ ।

### ४.३.६ जोखिम तथा अनुमान पक्ष

गाउँपालिकामा बसोबास गर्ने युवाको अवस्था पहिचान गरी आवश्यकता सम्बोधन गर्ने विशिष्ट र सामान्य प्रकृतिका कार्यक्रम तर्जुमा, नवप्रवर्तनकारी सोच, व्यवसायीक खोच, कर्म गर्ने जोस र जागरणयुक्त युवालाई सहि मार्ग निर्देशन, आर्थिक(प्राविधिक सहयोग र अनुकरणीय कार्यलाई पहिचान गर्न सकेमा सम्पूर्ण युवाशक्ति विकासका संवाहक बन्न सक्छन् । वडा, पालिका, प्रदेश र राष्ट्रियस्तरका खेलमा पालिकाबाट प्रतिनिधित्व, परम्परागत मनोरञ्जनका माध्यमको संस्थागत संरक्षण भई स्वस्थ र समुन्नत गाउँको विकास भएको हुनेछ । युवा तथा खेलकुद लक्षित नीति–कार्यक्रम तर्जुमा गर्न नसकेमा सामाजिक सद्भाव स्खलन, हिंसा बढोत्तरी, विकासमा अवरोध हुन पुगी समाज अधोन्नतिको मार्गमा जाने जोखिम रहन्छ ।

## ४.४ जनसंख्या तथा बसाइँसराई

मानव सभ्यताको सुरूआतदेखि नै अवसर र सुविधाको प्यास मेटाउन बसाइसराई गरी सुविधायुक्त ठाउँमा पुग्ने मानवीय स्वभाव नै रहि आएको छ । नेपालको संविधान र कार्य विस्तृतीकरणले जनसंख्या योजना, परिवार नियोजन र जनसंख्या व्यवस्थापनलाई संघ र प्रदेशको एवं व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध बिच्छेद, बसाईसराई) सम्बन्धित तथ्याङ्क व्यवस्थापन गर्ने कार्य संघ, प्रदेश रस्थानीय तहको साझा अधिकारको रूपमा लिएको छ । जनशक्ति विकासको परिचालक तथा प्रयोगकर्ताका साथै उत्पादक र उपभोक्ता समेत हो । सबै नागरिकको गुणस्तरीय जीवनयापनको लागि अवसरको वृद्धि गर्न जनसंख्या सम्बन्धी दीर्घकालीन योजना (२०६७—२०८७), राष्ट्रिय जनसंख्या नीति २०७१, बमोजिम गाउँपालिकाले उपयुक्त नीति, योजना तथा कार्यक्रम तयार गरि अगाडि बढ्नु पर्ने देखिन्छ ।

### ४.४.१ समस्या र चुनौती

शिक्षा, स्वास्थ्य, रोजगारीका अवसर, प्रविधिको पहुँच शहरमबाट ग्रामीण क्षेत्रमा विस्तार र विविधीकरण गर्नु, सोह्रवर्ष देखि पचास वर्ष उमेर समूहका अधिकांश युवा जनशक्ति बैदेशिक रोजगारी तथा अध्ययन लगायत अन्य कामको सिलसिलामा बिदेशमा रहनु, जस्ता कारणले तराई मधेश तथा सहरी क्षेत्रमा बसाई सराईको प्रकृया तीव्र हुनु, ज्येष्ठ नागरिकको जनसंख्या बढ्दो क्रममा हुनु तथा गरिबी, अशिक्षा, भौगोलिक विकटता, अव्यवस्थित बसोबास र सामाजिक कुरीतिले जनसंख्या र विकासका बीच असन्तुलन हुनु, विदेशमा सिकेको सीपलाई स्वदेशमा उपयोग गर्ने व्यवस्था मिलाउनु, उच्च दरमा बढ्दो ज्येष्ठ नागरिक जनसंख्याको व्यवस्थापन गर्नु, स्वास्थ्य, शिक्षा, रोजगारी र खानेपानी जस्ता आधारभूत सुविधा सहितको एकीकृत बस्तीको विकास गर्नु, सन्तुलित तथा समानुपातिक विकास मार्फत् आन्तरिक बसाइँ सराइलाई व्यवस्थित गर्नु, सामाजिक सांस्कृतिक एकता र सद्भावको संरक्षण गर्नु जस्ता यस  क्षेत्रका प्रमुख समस्या तथा चुनौती हुन।

### ४.४.२ उद्देश्य

- सबै नागरिकमा शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षाका अवसरको पहुँच पुर्याई गुणस्तरीय जीवनयापनको अवसर सिर्जना गर्नु ।
- आर्थिक विकास र समृद्धिमा जनसंख्यिक लाभांशको अधिकतम उपयोग गर्नु ।

### ४.४.३ रणनीति

- जनशक्ति विकासका लागि नीति तथा कार्य योजना बनाई लागू गर्ने ।
- स्वास्थ्य, विकास कार्यक्रम र जनसंख्या बीच सामञ्जस्यता कायम गर्दै जनसंख्या व्यवस्थापनलाई समन्वयात्मक रूपमा सञ्चालन गरिनेछ ।
- जनसंख्या सम्बन्धी अध्ययन अनुसन्धान गर्ने, जनसंख्या व्यवस्थापन सम्बन्धी नीति बनाउने ।
- सबै विकास नीति तथा कार्यक्रममा जनसंख्यालाई एकीकृत गर्ने ।
- विदेशवाट प्राप्त विप्रेषण र सीपलाई उत्पादन क्षेत्रमा लगाउने ।
- वडा केन्द्र क्रमशः प्रशासनिक एवम् आर्थिक केन्द्रको रुपमा विकास गर्ने ।
- परिवार नियोजनका साधनको प्रयोग बढाई जनसंख्या बृद्धिलाई प्रतिस्थापनदरमा व्यवस्थित गर्ने ।
- श्रमबजारमा आउने आर्थिक रुपले सक्रिय जनसंख्यालाई ब्यवसायिक तालिम संञ्चालन गर्ने ।
- ब्यक्तिगत घटनाको दर्ता प्रभावकारी बनाउने ।
- सूचना प्रविधिको पहुँच र गुणस्तर सुधार गर्दै वहुआयामिक अवसरको उपलब्धता विस्तार गर्ने ।
- गुणस्तरीय जीवनका लागि सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारको लगानी सन्तुलित समन्यायिक र पारदर्शी बनाउने ।

### ४.४.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | जनशक्ति विकास योजना निर्माण र कार्यान्वयन | २०८१/८२-२०८३/८४ | ५० | ० |

| | | | | |
|---|---|---|---|---|
| २ | विकास आयोजनामा जनसंख्या व्यवस्थापनलाई एकीकृत गर्ने | २०८१/८२-२०८३/८४ | २५० | ० |
| ३ | जनसंख्या तथा दिगो विकासका कार्यक्रममा लक्षित वर्गको सहभागिता परिवार व्यवस्थापन कार्यक्रम सञ्चालन | २०८१/८२-२०८३/८४ | ५०० | ० |
| ४ | गाउँपालिकाको नीति निर्माणमा ज्येष्ठ नागरिकको अनुभवको उपयोग गर्ने | २०८१/८२-२०८३/८४ | १५० | ० |
| ५ | जेष्ठ नागरिकका लागि सामाजिक संरक्षण कार्यकम सुदृढीकरण | २०८१/८२-२०८३/८४ | २०० | ० |
| ६ | गाउँपालिकाका सवै भौतिक संरचना अपाङ्गमैत्री बनाउने | २०८१/८२-२०८३/८४ | १००० | ० |
| ७ | जनसंख्या व्यवस्थापनका लागि सरोकारवालासँग साझेदारी र सहकार्य | २०८१/८२-२०८३/८४ | १५० | ० |
| ८ | ग्रामीण क्षेत्रबाट हुने बसाइसराईलाई व्यवथित गर्ने व्यक्तिगत घटनाको दर्ता प्रणालीलाई व्यवस्थित गर्ने | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ९ | सूचना प्रविधिको पहुँच र गुणस्तर सुधार गर्दै वहुआयामिक अवसरको उपलब्धता विस्तार गर्ने | २०८१/८२-२०८३/८४ | २५० | ० |
| १० | सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारको लगानी सन्तुलित, समन्यायिक र पारदर्शी बनाउने | २०८१/८२-२०८३/८४ | १०० | ० |

### ४.४.५ अपेक्षित उपलब्धि

योजना अवधिको अन्तमा सबै नागरिकलाई शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षा उपलब्ध गराई गुणस्तरीय जीवनयापनको अवसर सिर्जना भएको हुने, गाउँपालिकाको आर्थिक विकास र समृद्धिमा उपलब्ध जनसंख्याको महत्तम उपयोग गाउँपालिकाको आर्थिक विकास र समृद्धिमा उपलब्ध जनसंख्याको महत्तम उपयोग भएको, आधारभूत आवश्यकताका पूर्वाधार सन्तुलित र गुणस्तरीय आधारमा निर्माण भएर आर्थिक सामाजिक क्षेत्रमा सहभागिता बढेको, सूचना प्रविधिको पहुँच तथा गुणस्तर अभिबृद्धिबाट वहुआयामिक लाभ सबै नागरिकले लिन सक्ने वातावरणको निर्माण भएको हुनेछ ।

### ४.५ लैङ्गिक समानता तथा महिला सशक्तिकरण

सबै नागरिक कानुनको रोहमा बराबर रहेका छन्। कसैप्रति उचोनिचो थिचोमिचो बैरभाव राख्न पाइदैन। जात भाषा धर्म संस्कृति भेषभूषा चालचलन रहनसहन वर्ण लिङ्ग क्षेत्रको राज्यमा समान अधिकार र अपनत्व रहेको हुन्छ। तर व्यवहारमा संगति देखिदैन । यसका लागि नियमन र कानुनको कार्यान्वयन आवश्यक रहेको हुन्छ । सबै तहका सबै

सरकारले लैंगिक विभेद न्यूनीकरण गरी समतामूलक समाज निर्माण गर्नुपर्ने छ। यसैका लागि उपयुक्त नीति निर्माण र र कानुनको कार्यान्वयनमा स्थानीय सरकार अझ नागरिकको नजिक रहेको छ । महिलालाई हरेक क्रियाकलापमा सहभागी हुन पाउने अवसरको सिर्जना गरि लैंगिक समानता तथा महिला सशक्तीकरण गर्नु पर्ने दायित्व तथा जिम्मेवारी गाउँपालिका समक्ष रहेको छ ।संविधान तथा कानुनले लैङ्गिक विभेदको अन्त्य गरि महिलालाई लैङ्गिक भेदभाव विना समानवंशीयहक, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधार सहभागी हुने हक लगायत मौलिक हकको प्रत्याभूति गरेका छन् । राष्ट्रिय, प्रादेशिक तथा दिगो विकासका लक्ष्यमा लैङ्गिक समानता तथा महिला सशक्तीकरणको विषय समावेशभएको छ । महिलाको क्षमता, श्रम, सीप र सृजनालाई विकास प्रकृयामा लगाउने उपयुक्त अवसरको सिर्जना गरि सामाजिक समानता कायम गर्न ठोस नीति, योजना तथा कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको छ ।

### ४.५.१ समस्या तथा चुनौती

पुरूष प्रधान रहेको नेपाली समाजमा महिला माथि हुने व्यवहारगत विभेद हट्न नसक्नु, अशिक्षा, लैङ्गिक, सोंच, मूल्य, मान्यता, प्रथा, परम्परा कायमै रहनु, महिला तथा बालिकामाथि घरेलु, यौनजन्य तथा लैङ्गिकतामा आधारित हिंसा विद्यमान हुनु, प्रदेश र स्थानीय तह बीच लैङ्गिक समानता सम्बन्धी नीति, योजना तथा कार्यक्रममा सामञ्जस्यता कायम गर्नु, पारिवारिक र सामाजिक मूल्य, मान्यता र लैङ्गिक भूमिकामा परिवर्तन ल्याउनु, महिला माथि हुने सबै किसिमका हिंसा, विभेद र शोषणको अन्त्य गर्नु, धार्मिक संस्कार महिला मैत्री नहुनु, राजनैतिक दलमा समेत महिलाको समान हैसियत कायमन हुनु, सम्पति माथि महिलाको पहुँच स्थापित गर्नु, महिला अधिकारका क्षेत्रमा वनेका कानुनको प्रभावकारी कार्यान्वयन गर्नु, राज्यका सबै तह र तप्कामा लैङ्गिक मूल प्रवाहीकरण गर्नु, आर्थिक तथा सामाजिक जीवनमा सारभूत समानता स्थापित गर्नु, राष्ट्रिय आयमा महिलाको योगदान लेखाङ्कन गर्नु, नीति कानुन योजना र बजेट चक्रमा महिलाको अर्थपूर्ण सहभागिता प्रत्याभूत गर्नु यस क्षेत्रका समस्या तथा चुनौती हुन् ।

### ४.५.२ उद्देश्य

- नीति निर्माण तथा विकास प्रकृयामा महिलाको नेतृत्वदायी भूमिका विकास गर्दै स्रोत, साधन, अवसर तथा लाभमा पहुँच सुनिश्चित गर्नु ।
- महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, हिंसा र शोषणको अन्त्य गरि समतामूलक समाज निर्माण गर्नु ।
- महिलाको योगदानलाई आयमा लेखाङ्कन गर्ने प्रणालीमा सहयोग गर्नु ।

### ४.५.३ रणनीति

- लैङ्गिक समानता तथा महिला सशक्तीकरण सम्बन्धी क्षेत्रगत नीति, कानुन, कार्यक्रम नीतिगत परिपूरक र परिपोषक हुने गरी तर्जुमा गर्ने ।
- महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र विभेद रोकथाम एवं नियन्त्रणका लागि कानुनी उपचार प्रणालीलाई सरल, सहज, प्रभावकारी र पहुँच योग्य बनाइनेछ ।
- महिलाको आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा योगदान पुग्ने गरी योजना तथा कार्यक्रममा लैगिंक उत्तरदायी बजेटको व्यवस्था गरिनेछ ।
- हिंसा पीडित तथा प्रभावित महिलाको राहत तथा उद्धारको पुनर्स्थापना केन्द्र सञ्चालन गरिनेछ ।

- उद्यमशीलताको माध्यमबाट पिछडिएका तथा विपन्न महिलाको आर्थिक सशक्तीकरण गर्नको लागि जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला सहकारी संस्थालाई महिलाका उत्पादनमूलक व्यवसाय तथा स्वरोजगारको क्षेत्रमा परिचालन गर्ने वातावरण सृजना गरिनेछ ।
- सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य अधिकारलाई थप सुनिश्चित गर्न विशेषकार्यक्रम सञ्चालन गरिनेछ ।
- औपचारिक तथा अनौपचारिक शिक्षा प्रणालीबाट परम्परागत कुरीतिका आधारमा महिलामाथि थोपरिने आरोप लाञ्छना निमिट्यान्न पार्ने ।
- स्थायी सम्पत्तिमा महिलाको अनुपात बढाउन सुविधा तथा सहुलियतको अवसर उपयोगमा उत्प्रेरित गर्ने ।
- सारभूत लैंङ्गक समानता प्राप्तिको लागि पुरुषको सक्रिय सहभागिता सुनिश्चित गर्ने ।
- महिला विरूद्ध हुने सबै प्रका हिंशा शोषण र भेदभाव अन्त्यका लागि निरोधात्मक तथा संरक्षणात्मक उपायद्वारा न्यायमा पहुँच अभिबृद्धि गर्ने ।
- सिमान्तकृत वर्ग तथा समुदायका महिलालाई तालिम, अनुदान, सहभागिता, सशक्तिकरण, क्षमता विकास, सहकारीकरण लगायतका कार्यक्रम मार्फत मूलप्रवाहीकरण गर्ने ।

## ४.५.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | लैंगिक समानता प्रवद्र्धन हुने गरी क्षेत्रगत नीति तथा कार्यक्रम | २०८१/८२-२०८३/८४ | १०० | ० |
| २ | कानुनमा परिपूरकता र परिपोषकताको अवलम्बन | २०८१/८२-२०८३/८४ | | ० |
| ३ | सार्थक लैंगिक समानताका लागि पुरुषको सक्रिय सहभागिता प्रवद्र्धन कार्यक्रम | २०८१/८२-२०८३/८४ | ५०० | ० |
| ४ | महिला, अपाङ्गता तथा अन्य अल्पसंख्यकका लागि प्रतिस्पर्धात्मक परीक्षा तयारी कक्षा सञ्चालन | २०८१/८२-२०८३/८४ | २५० | ० |
| ५ | लैंगिक तथा यौनिक अल्पसंख्यकप्रतिको विभेद न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम | २०८१/८२-२०८३/८४ | २५० | ० |
| ६ | लैंगिक हिंसा पीडितको लागि कानुनी उपचारको व्यवस्था गर्न लैंगिक उत्तरदायी शासन कायम गर्न प्रवद्र्धनात्मक कार्यक्रम | २०८१/८२-२०८३/८४ | १५० | ० |
| ७ | लैंगिक हिंसा विरुद्ध शून्य सहनशीलताको नीति कार्यान्वयनमा सामाजिक कार्यक्रम | २०८१/८२-२०८३/८४ | ३५० | ० |
| ८ | एकल, पिछडिएका तथा विपन्न महिला संरक्षण तथा सशक्तीकरण | २०८१/८२-२०८३/८४ | २५० | ० |

| | | | | |
|---|---|---|---|---|
| ९ | महिला विकास कार्यक्रमद्वारा प्रवद्र्धन महिला संस्थाहरुलाई प्रोत्साहन कार्यक्रम | २०८१/८२-२०८३/८४ | ५०० | ० |
| १० | महिलाले गर्ने घरायसी कामको समय र श्रमको वचत गर्ने प्रविधिको प्रयोगमा प्रोत्साहन कार्यक्रम | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ११ | सुरक्षित मातृत्व र प्रजन्न अधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रम | २०८१/८२-२०८३/८४ | १५० | ० |
| १२ | महिलाहरूको लागि सीप तथा व्यवसायिकता विकास तालिम एवम् महिला उद्यमीको लागि सहुलियत ऋण प्रदान गर्ने | २०८१/८२-२०८३/८४ | १०० | ० |
| १३ | लैङ्गिक समानता तथा सशक्तीकरण मापन सूचकको निर्माण तथा प्रभावकारी अनुगमन मूल्यांकन र नियम गर्ने | २०८१/८२-२०८३/८४ | ५०० | ० |
| १४ | सिमान्तकृत वर्ग तथा समुदायको महिलालाई तालिम अनुदान सहभागिता सहकारीकरण लगायतका उपकरणको प्राथमिकताका आधारमा मूलप्रवाहीकरण कार्यक्रम | २०८१/८२-२०८३/८४ | १०० | ० |
| १५ | लैङ्गिक लेखापरीक्षण कार्यक्रम | २०८१/८२-२०८३/८४ | १५० | ० |

### ४.५.५ अपेक्षित उपलब्धि

योजना अवधिको अन्तमा गाउँपालिकाको राजनैतिक, आर्थिक, सामाजिक जस्ता क्षेत्रको नीति निर्माण तथा विकास प्रकृयामा महिलाको नेतृत्वदायी भूमिका विकास भई स्रोत, साधन, अवसर तथा लाभमा पहुँच स्थापित भएको, लैङ्गिक हिंसामुक्त क्षेत्र हुने गरी लैगिंक उत्तरदायी बजेटको व्यवस्था भएको, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यका कार्यक्रमबाट दुई तिहाई जनसंख्या लाभान्वित भएको, महिला सहकारीको स्थापनाबाट महिलाको आर्थिक, सामाजिक, सांस्कृतिक, व्यवसायिक र राजनीतिक क्षमता सुदृढ भएको, नीति, योजना, बजेट, कार्यक्रम र सार्वजनिक सेवा प्रवाहको ढाँचा र सामाजिक व्यवहारमा लैंगिक समानताप्रति रूपान्तरण हुन गई नमूना लैंगिक उत्तरदायी शासन प्रवद्र्धन भएको हुनेछ ।

### ४.५.६ जोखिम पक्ष तथा अनुमान

लैङ्गिक तथा सामाजिक समावेशी र समतामूलक समाजको निर्माण हुने, महिलाहरू सामाजिक तथा आर्थिक विकासको मूल प्रवाहमा आउने, वञ्चितीकरण र भेदभावमा परेका वर्ग र आादिबासी जनजाती समूदायको विकास प्रक्रियामा समतामुलक सहभागिता हुने, बालबालिका तथा किशोर किशोरीको श्रृजनशीलताको विकास हुने, अपाङ्गता भएका व्यक्तिको संरक्षण र संवद्र्धन हुने, लैससास नीतिको अवलम्बन हुने । समाजमा लैङ्गिक तथा सामाजिक समानता तथा सद्भाव बनाउन नसकेको खण्डमा अपेक्षित उद्देश्य हासिल नहुने जोखिम देखिन्छ ।

## ४.६ बालबालिका तथा किशोरकिशोरी

बालबालिका तथा किशोरकिशोरीको मानसिक तथा शारीरिक स्वास्थ्य र विकासको परिवार समाज र समग्र विश्व समुदायको प्रमुख सबाल बनेको छ । नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ । दिगो विकासका लक्ष्यका सूचकहरूमा बालबालिकाको शिक्षा स्वास्थ्य बालश्रम पोषण सामाजिक दुर्व्यवहार लगायतका धेरै पक्षलाई समावेश गरिएको छ । बालबालिका तथा किशोर किशोरीको शिक्षा र स्वास्थ्यमा पहुँच बढाउँदै उनीहरु विरूद्ध हुने सबै प्रकारका हिंसा तथा विभेदको अन्त गरि बालअधिकारको रक्षा गर्नु गाउँपालिकाको महत्वपूर्ण जिम्मेवारी हो । गाउँपालिका संविधान र कानुन प्रदत्त जिम्मेवारी तथा सामाजिक दायित्व बहन गर्न बालबालिकाको गुणस्तरीय शिक्षा, स्वास्थ्य, बालबालिका माथि हुने हिंसा, शोषण, दुव्र्यवहार, उपेक्षाको अन्त्य र  सुरक्षित र पहुँच योग्य वातावरण तथा किशोर किशोरीमा हुने सबै प्रकारका विभेदको अन्त्य गर्ने विषयको उपयुक्त नीति, योजना तथा कार्यक्रम निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ ।

### ४.६.१ समस्या तथा चुनौती

गरिबी सामाजिक कुरीति बञ्चितीकरण अशिक्षा र लैङ्गिक सवालका कारण बालबालिका सानैदेखि घरव्यवहारमा संलग्न हुनु, अभिभावक तथा समाजले बालबालिकाको गुणस्तरीय शिक्षा, स्वास्थ्य र पोषणमा पर्याप्त ध्यान नदिनु, बालमैत्री वातावरणको कमी हुनु, कानुनी नियन्त्रणका वावजुद बाल श्रम शोषणको अवस्था विद्यमान रहनु, असहाय, अनाथ, सडक तथा श्रमिक बालबालिकाको उचित संरक्षण र व्यवस्थापन हुन नसक्नु, बालबिवाह,हिंसा, शोषण, यौन दुर्व्यवहार, बलात्कार, हत्या, लिंग पहिचान गरि भ्रुणहत्या, बाल न्याय प्रणालीको प्रभावकारिता नहुनु आदि यस क्षेत्रका मुख्य समस्या तथा चुनौती हुन् ।

### ४.६.२ उद्देश्य

- बालबालिका तथा किशोर किशोरीको समग्र अधिकारको संरक्षण तथा प्रवद्र्धन गर्नु ।
- बालबालिकाको उज्ज्वल जीवनका लागि समाज र सरकारको परम्परागत दायित्वको पुनर्परिभाषित गर्नु ।

### ४.६.३ रणनीति

- बालबालिका माथि हुने शारीरिक तथा मानसिक सजाय, बालविवाह, बालश्रम, वालवालिका विरुद्धको हिंसा, लागू औषध, बालयौन दुर्व्यवहार, बालबालिका बेच बिखन तथा गैरकानुनी ओसार पसार लगायत वालवालिका सम्बन्धी कानुनी प्रावधानका विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- हिंसा प्रभावित बालबालिका तथा किशोर किशोरीको उचित संरक्षण तथा पुर्नस्थापनाका लागि विशेष व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको बालमैत्री स्थानीय शासन कार्यान्वयन रणनीतिक योजना निर्धारण गरि बालबचाउ, बालसंरक्षण, बाल विकास र बाल सहभागितासँग सम्बन्धित सवै कार्यक्रम समय तालिकाका आधारमा सञ्चालन व्यवस्थापन गर्ने ।
- बालविवाह र बाल अधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन ।
- सडक तथा वेवारिसे वालवालिकाको उद्धार तथा संरक्षण ।
- बाल अधिकार समितिको संस्थागत तथा क्षमता विकास ।

- बालक्लव गठन तथा सञ्चालन
- किशोर किशोरीका लागि जीवनोपयोगी सीप विकास तालिम ।
- अभिभावक सचेतना कार्यक्रम सञ्चालन ।
- बालमैत्री स्थानीय शासन प्रवद्र्धन कार्यक्रम ।
- बालकोष स्थापना तथा सञ्चालन ।
- मनोविमर्शसेवा, स्थानीय तहमा बाल उद्यान, बाल पुस्तकालय, बाल सहभागितासँग सम्बन्धित बालक्लव तथा बाल संजालको स्थापना र संस्थागत सुदृढीकरण ।
- बालबालिका तथा किशोरकिशोरप्रति परम्परागतरुपमा गरिने समाज र सरकारको दायित्व र जिम्मेवारी विश्वव्यापीकरण समाजको गतिशीलता र सूचना प्रविधिको प्रयोग अनुकूलका व्यवहार र लगानी, संरक्षणको व्यवस्थामा पुनर्परिभाषित गर्ने ।

## ४.६.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | बालबालिका तथा किशोरी सम्बन्धी नीति तथा कानुन तर्जुमा | २०८१/८२-२०८३/८४ | ५० | ० |
| २ | बहुक्षेत्रीय पोषण सम्बन्धी सचेतनामूलक कार्यक्रम | २०८१/८२-२०८३/८४ | १००० | २०० |
| ३ | किशोरकिशोरी प्रजनन स्वास्थ्य कार्यक्रम | २०८१/८२-२०८३/८४ | ५०० | २०० |
| ४ | पूर्ण खोप सुनिश्चितताका लागि सचेतनामूलक कार्यक्रम | २०८१/८२-२०८३/८४ | १०० | ५० |
| ५ | बालविवाह तथा किशोर किशोरी सचेतना कार्यक्रम | २०८१/८२-२०८३/८४ | १५० | ० |
| ६ | जोखिममा परेका बालबालिकाको लागि पुनःस्थापना केन्द्र स्थापना र सञ्चालन | २०८१/८२-२०८३/८४ | २५० | ० |
| ७ | यौन तथा प्रजनन अधिकार, वालविवाह सम्बन्धी सचेतना कार्यक्रम | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ८ | बाल क्लब तथा सञ्जाल गठन एवं परिचालन | २०८१/८२-२०८३/८४ | ३०० | ० |
| ९ | एक वडा एक वाल उद्यान निर्माण | २०८१/८२-२०८३/८४ | ८०० | ० |
| १० | बालमैत्री स्थानीय शासन प्रवर्द्धन तथा व्यवस्थापन कार्यक्रम | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ११ | सार्वजनिकस्थल र विद्यालयमा बालमैत्री भौतिक संरचना निर्माण | २०८१/८२-२०८३/८४ | ५०० | ० |
| १२ | बालअधिकार समिति गठन र परिचालन | २०८१/८२-२०८३/८४ | १०० | ० |

| | | | | |
|---|---|---|---|---|
| १३ | विशेष संरक्षण र सुविधा आवश्यक पर्ने बालबालिका तथा किशोरकिशोरको लागि भौतिक पूर्वाधार तथा सेवा सुविधा सोही अनुरूप विकास गर्ने | २०८१/८२-२०८३/८४ | ५०० | ० |
| १४ | बालबालिकाको विकासका लागि विश्वव्यापीकरण, समाजको गतिशीलता र सूचना प्रविधिको प्रयोग अनुकूलका व्यवहार र लगानी, संरक्षणको व्यवस्थामा पुनर्परिभाषित गर्ने | २०८१/८२-२०८३/८४ | ३५० | ० |

### ४.६.५ अपेक्षित उपलब्धि

योजना अवधिको अन्त सम्ममा बालबालिका तथा किशोर किशोरी विरुद्ध हुने सवै प्रकारका विभेद, हिंसा र शोषण अन्त्य भएको, बालमैत्री शासनको अभ्यास भएको, चार स्थानमा बालबालिका उद्यान सञ्चालन भएका, सूचना केन्द्र स्थापना भएको, बालबालिका तथा किशोर किशोरीमैत्री गाउँपालिका भएको, सरकारी निकाय, संस्था, बाबुआमा तथा संरक्षकको बालबालिका प्रतिको दायित्व अभिबृद्धि भएको हुनेछ ।

### ४.६.६ जोखिम पक्ष तथा अनुमान

लैङ्गिक तथा सामाजिक समावेशी र समतामूलक समाजको निर्माण हुने, महिलाहरू सामाजिक तथा आर्थिक विकासको मूल प्रवाहमा आउने, वञ्चितीकरण र भेदभावमा परेका वर्ग र आादिबासी जनजाती समूदायको विकास प्रक्रियामा समतामुलक सहभागिता हुने, बालबालिका तथा किशोर किशोरीको श्रृजनशीलताको विकास हुने, अपाङ्गता भएका व्यक्तिको संरक्षण र संवद्र्धन हुने, लैससास नीतिको अवलम्बन हुने । समाजमा लैङ्गिक तथा सामाजिक समानता तथा सद्भाव बनाउन नसकेको खण्डमा अपेक्षित उद्देश्य हासिल नहुने जोखिम देखिन्छ ।

## ४.७ ज्येष्ठ नागरिक

जनसंख्याको संरचनागत अनुपातमा निकट भविष्यमा परिवर्तन देखिनेछ। विस्तारै जेष्ठ नागरिकको संरचनामा बृद्धि हुँदै जानेछ । यसबाट सक्रिय जनसंख्याको अनुपात घट्दै जाने तथा आश्रित जनसंख्याको अनुपातमा विस्तार हुँदै जानेछ । यसैले अहिलेदेखि नै उपयुक्त नीति, कानुन, योजना, संरचना, कार्यक्रम, व्यवहारलाई रूपान्तरण गर्नु सान्दर्भिक र बुद्धिमत्तापूर्ण पूर्वतयारी हुन जाने देखिन्छ । जेष्ठ नागरिकको उचित सम्मान र संरक्षण गरि आत्मसम्मानमा अभिबृद्धि गर्नु र सम्मानजनक जीवनयापनको अवसर प्रदान गर्नु गाउँपालिकाको कर्तव्य तथा दायित्व हो । संविधानले ज्येष्ठ नागरिकको हकलाई मौलिक हककोरूपमा व्यवस्था गरि राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको प्रत्याभूति गरेको छ । जेष्ठनागरिकको ज्ञान, सीप र अनुभवको सदुपयोग गर्ने वातावरण बनाउने, जेष्ठनागरिक मिलन केन्द्र, कानुनी सहायता केन्द्र, स्वास्थ्य उपचार केन्द्र व्यवस्थापन र सञ्चालन गर्ने सार्बजनिक सेवामा सहुलियत, औषधोपचार, सामाजिक सुरक्षा भत्ता लगायतका विविध विषयमा गाउँपालिकाले उपयुक्त नीति, योजना तथा कार्यक्रम निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ ।

### ४.७.१ समस्या तथा चुनौती

ज्येष्ठ नागरिकलाई सेवा सुविधा र सामाजिक सुरक्षा पर्याप्त नहुनु, उनीहरूको ज्ञान, सीप र अनुभव राष्ट्रले उपयोग र पुस्तान्तरण गर्न नसक्नु, शारीरिक र मानसिकरूपमा असक्त, असहाय, एकल, वेवारिसे तथा जोखिममा परेका ज्येष्ठ

नागरिकको उचित संरक्षण  नहुनु, परिवारको बाबु आमा प्रति पूरा गर्नु पर्ने दायित्व बहन र हेरचाहमा क्रमशः ह्रास हुँदै जानु, अनुकूलन प्रकृतिका भौतिक पूर्वाधार र सामाजिक संरक्षणका कार्यक्रम सञ्चालन नहुनु, संयुक्त परिवारको परम्परागत संस्कारमा विचलन हुन गई न्यूक्लियस परिवारमा रूपान्तरण हुँदै जानु, परम्परागत संस्कार तथा सम्मान गर्ने प्रचलनमा क्षयीकरण हुँदै जानु आदि यस क्षेत्रमा रहेका समस्या तथा चुनौती हुन् ।

### ४.७.२ उद्देश्य

- ज्येष्ठ नागरिकको उचित सम्मान र मर्यादा राख्दै संरक्षण गर्नु ।
- उनीहरुको विशिष्ट ज्ञान, सीप र अनुभवको पुस्तान्तरण गर्नु ।
- परम्परागत संस्कार संस्कृतिका सबल पक्षलाई पुनर्जीवित तुल्याउनु ।

### ४.७.३ रणनीति

- जेष्ठ नागरिकको सामाजिक संरक्षण तथा सुरक्षासँग सम्बन्धित नीति तथा कानुन तर्जुमा र परिमार्जन गर्ने ।
- जेष्ठ नागरिक, एकल महिला तथा अनाथ र असहाय बालबालिका एकीकृत ग्राम निर्माण व्यवस्थापन तथा मिलन केन्द्रका लागि आवश्यक जग्गा जमिन तथा स्थानको व्यवस्था गर्ने
- नीति निर्माणमा सहभागिता र स्रोत साधनमा पहुँच बढाई अपनत्व बृद्धिगर्ने
- प्रत्येक वडामा कम्तिमा एक—एक वटा एकीकृत सेवा सुविधा (दिवासेवा, स्वास्थ्य सेवा, कानुनी सेवा लगायतका सेवा सुविधा) सहितको जेष्ठ नागरिक मिलन केन्द्र तथा चौतारीको स्थापना र सञ्चालन गर्ने
- असहाय जेष्ठ नागरिक, बालबालिका र एकल महिलाका एक्लोपनाको अन्त्यका लागि पारिवारिक वातावरण र सेवा सुविधा सहितको एकीकृत ग्राम तथा आवास गृह निर्माण तथा सञ्चालन व्यवस्थापन गर्ने
- जेष्ठ नागरिक स्वास्थ्य उपचार कोषको स्थापना गरि असहाय जेष्ठ नागरिकका लागि स्वास्थ्य उपचार तथा गरिव तथा विपन्न वर्गका जेष्ठ नागरिकका लागि निःशुल्क औषधिको व्यवस्था मिलाउने । आफ्नो विशिष्ट प्रकारको ज्ञान, शिप र अनुभवको सदुपयोग गरि सामाजिक तथा आर्थिक विकासमा पुर्‍याएको योगदानका आधारमा जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन व्यवस्थापन गर्ने
- सामाजिक सुरक्षा भत्ता एवं परिचय पत्र वितरणलाई सहज र सर्वसुलभ बनाउने
- जेष्ठ नागरिकको लागि स्वास्थ्य अभ्यास (योगअभ्यास) केन्द्र स्थापना र सञ्चालन गर्ने
- जेष्ठ नागरिकलाई धार्मिक स्थल, पर्यटकीय स्थल लगायतका स्थानमा भ्रमणको व्यवस्था मिलाउने
- सार्वजनिक यातायातका साधनमा जेष्ठ नागरिकका लागिनिःशुल्कआवतजावतको व्यवस्था मिलाउने
- ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अवसर प्रदान गर्नुका साथै अन्तरपुस्ता हस्तान्तरण गरिनेछ ।
- आफ्ना आमा बाबुलाई सन्तानले हेरचाह तथा उचित व्यवस्थापन गर्नुपर्ने पद्धतिको थप प्रवद्र्धन गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता लगायतका सुविधा बैंकिङ्ग प्रणालीमार्फत उपलब्ध गराउने ।
- मानसिक स्वास्थप्रति विशेष सहुलियत र सुविधा उपलब्ध गराउने ।
- सन्ततिको आर्थिक उपार्जनको निश्चित अंश बाबुआमालाई योगदान पुर्याउने गरी सन्तालाई उत्प्रेरित गरिनेछ ।
- अनिवार्य स्वास्थ्य बीमाको व्यवस्था गरी सबै प्रकारका जटिल तथा दिर्घ रोगको उपचारमा सहज बनाउने ।
- दिगो विकासको लक्ष्य अनुरूप जीवन पर्यन्त शिक्षालाई व्यवहारमा रूपान्तरण गर्ने ।

### ४.७.४ कार्यक्रमको संक्षिप्त विवरण

| क.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | ज्येष्ठ नागरिक सम्बन्धी नीति तथा कानुन र तर्जुमा एवं कार्यान्वयन | २०८१/८२-२०८३/८४ | ५० | ० |
| २ | ज्येष्ठ नागरिकका सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमलाई विद्युतीय माध्यमबाट कार्यान्वयन गर्ने | २०८१/८२-२०८३/८४ | २५० | ० |
| ३ | ज्येष्ठ नागरिकप्रति गरिनुपर्ने सम्मान, आदर र संरक्षण घर परिवार, समाज र राज्यको दायित्व सम्बन्धमा औपचारिक तथा अनौपचारिक शैक्षिक कार्यक्रम | २०८१/८२-२०८३/८४ | ५०० | ० |
| ४ | ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र र स्वास्थ्य अभ्यास (योग अभ्यास) केन्द्र स्थापना तथा सञ्चालन | २०८१/८२-२०८३/८४ | ८०० | ० |
| ५ | अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रम | २०८१/८२-२०८३/८४ | २०० | ० |
| ६ | ज्येष्ठ नागरिक आश्रमको सुदृढीकरण | २०८१/८२-२०८३/८४ | ३०० | ० |
| ७ | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | २०८१/८२-२०८३/८४ | ५०० | ० |
| ८ | स्वास्थ्य बीमाको माध्यमबाट सबै प्रकारका जटिल तथा दिर्घ रोगको उपचारमा प्रत्याभूति | २०८१/८२-२०८३/८४ | २५० | ० |
| ९ | जीवन पर्यन्त शिक्षा | २०८१/८२-२०८३/८४ | १५० | ० |
| १० | नागरिक शिक्षा नैतिक शिक्षा र पूर्वीय दर्शनका असल पक्षलाई शैक्षिक पाठ्यक्रममा समावेश गर्ने | २०८१/८२-२०८३/८४ | २५० | ० |

### ४.७.५ अपेक्षित उपलब्धि

नागरिकलाई सम्मान र गौरवान्वित हुने गरि नीति कानुनको तर्जुमा एवं परिमार्जन भएको, जेष्ठ नागरिकप्रति हुने हिंसा तथा दुर्व्यवहारमा उल्लेख्य कमी आएको, जेष्ठ नागरिक मिलन केन्द्र तथा चौतारी, आरोग्यकेन्द्र, भजनशाला, पुस्तकालय, आश्रमको स्थापना र सञ्चालन भएको, ज्येष्ठ नागरिकको जीवन सम्मानित र सुरिक्षत बनाई उनीको विशिष्ट ज्ञान, सीप र अनुभव अन्तरपुस्ता हस्तान्तरण गर्ने असल सामाजिक सांस्कृतिक परम्पराको पुनर्जीवन्त भएको, जेष्ठ नागरिकमैत्री पूर्वाधार निर्माण तथा सेवाप्रवाहमा उल्लेख्य परिवर्तन भएको हुनेछ ।

## ४.८ अपाङ्गता भएका व्यक्ति

संविधान तथा कानुनले अपाङ्गता भएका व्यक्तिको नागरिक, राजनैतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सहितको सम्मानजनक जीवनयापनको अधिकारलाई स्थापित गरेको छ। अपाङ्गता भएका व्यक्तिको शिक्षा, स्वास्थ्य, रोजगारी, उचित सम्मान र उपयुक्त अवसर प्रदान गरि अपाङ्गता भएका व्यक्तिको अधिकारलाई संरक्षण गर्न गाउँपालिकाले ठोस नीति, योजना तथा कार्यक्रम तयार गरि अगाडि बढ्न आवश्यक रहेको छ । शारीरिक तथा मानसिकरूपमा फरक देखिए पनि यस्ता व्यक्तिमा अदभूत खालको कुनै न कुनै फरक प्रकृतिको क्षमता रहेको हुँदा क्षमता अनुसारको अवसर उपलब्ध गराउनुपर्ने हुन्छ । सामाजिक व्यवहार, चिन्तन, सोंचाई दृष्टिकोणमा परिवर्तन गर्न सकिएमा

पनि यस प्रकारको आत्मसम्मान र स्वाभिमानको ठूलो कदर भएको हुन्छ।विकास निर्माण तथा सेवा प्रवाहमा अपाङ्गता भएका व्यक्ति अनुकूल बनाउन सकिएमा अपाङ्गता भएका व्यक्ति, समाज र समग्र राष्ट्रले गौरब गर्न र पर्याप्त लाभलिन सक्छ। सबै तहका सरकारबाट समावेशी, समन्यायिक, सन्तुलित र सहभागितामूलक शासन व्यवस्थाको प्रवद्र्धन नै संविधानको मर्म तथा भावनाको पालना हो ।

### ४.८.१ समस्या तथा चुनौती

अपाङ्गता भएका व्यक्तिको आत्मसम्मान र स्वाभिमानप्रति सामाजिक व्यवहार, चिन्तन, सोंचाई दृष्टिकोणमा साँघुरो एवं सहानुभूतिमूलक देखिनु, अपाङ्गता मैत्री शिक्षा र शैक्षिक पूर्वाधार अभावमा अपाङ्गता भएका वालवालिका विद्यालयको पहुँचबाट बाहिरिनु, अपाङ्गता भएका व्यक्तिको लागि रोजगारी उपलब्ध गराउन नसक्नु, सामाजिक सहभागिता र आयआर्जनका अवसरमा समान पहुँच नहुनु र विभिन्न अवरोध, विभेद र असमान व्यवहारको अवस्था विद्यमान हुनु, भौतिक संरचना अपाङ्गमैत्री नहुनु, सूचना तथा सञ्चार प्रविधि अपाङ्गता भएका व्यक्तिको लागि पहुँच युक्त हुन नसक्नु, अपाङ्गताको वर्गीकरण अनुसारको व्यवहार तथा सेवा सुविधाको उपलब्ध गराउन नसक्नु यस क्षेत्रका प्रमुख समस्या तथा चुनौती रहेका छन् ।

### ४.८.२ उद्देश्य

- अपाङ्गता भएका व्यक्तिको राजनैतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार मार्फत सबै प्रकारका अवसरमा सहज पहुँच स्थापित गरि मर्यादित जीवन जीउने वातावरण बनाउनु ।

### ४.८.३ रणनीति

- सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको हक अधिकार संरक्षण गर्न आवश्यक नीति निर्माण गरि प्रभावकारी कार्यान्वयन गर्ने ।
- गाउँपालिकाभित्र  बसोबास गर्ने अपाङ्गताभएकाव्यक्तिकोअभिलेख व्यवस्थापन गर्दै क्षमता पहिचान गर्ने ।
- अपाङ्गको अधिकार र क्षमता उपयोगका विषयमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने
- अपाङ्गताको पहिचान गरि सहायक तथा सहयोगी सामग्री वितरण गर्ने
- सीप विकास केन्द्रको स्थापना र सञ्चालन गर्ने
- अपाङ्गबाट प्रवर्द्धित तथा सञ्चालित साथै अपाङ्गले मात्र रोजगारी प्राप्त गर्ने गरि एक नमूना उद्योग वाव्यापार वा व्यवसाय सञ्चालन व्यवस्थापनमा गाउँपालिकाले सहयोग र साझेदारी गर्ने
- अपाङ्गताको वर्गीकरणका आधारमा परिचयपत्र वितरण गर्ने
- पूर्ण अपाङ्ग भई क्षमताको प्रयोग गर्न नसक्ने भएका व्यक्तिका लागि पोषण सहयोग कार्यक्रम सञ्चालन गर्ने साथै स्वास्थ्य उपचारको व्यवस्था मिलाउने
- आपत्कालीन अपाङ्गता कोषको स्थापना र सञ्चालन ।
- नेपाल सरकार तथा प्रदेश सरकारसँग समन्वय गर्दै अपाङ्गता सम्बन्धी संघ संस्थाको नियमन ।
- अनुगमन तथा मूल्याङ्कन, अपाङ्गता क्षेत्रमा काम गर्ने संस्थाको क्षमता बृद्धि ।
- पुनर्स्थापना केन्द्रको स्थापना र सञ्चालन ।
- अपाङ्गता भएका व्यक्ति प्रति गरिने विभिन्न प्रकारका अन्धविश्वास, विभेद र हिंसा अन्त्य गर्ने ।
- अपाङ्गता भएका व्यक्तिका लागि सार्वजनिक सेवा प्रवाह गर्न एकीकृत प्रणालीको सञ्चालन

- सार्वजनिक तथा निजी क्षेत्रका पूर्वाधार निर्माण, सवारी साधन, सेवा प्रवाहका भौतिक तथा सूचना प्रविधिको विकास गर्दा अपाङ्गतामैत्री र सुविधायुक्त बनाउने ।

### ४.८.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | अपाङ्गता भएका व्यक्तिको हक अधिकार, मर्यादा, आत्मसम्मान र स्वाभिमानको प्रवद्र्धन हुने गरी नीति तथा कानुन निर्माण | २०८१/८२-२०८३/८४ | ५० | ० |
| २ | अपाङ्गता भएका व्यक्तिका लागि सार्वजनिक सेवा प्रवाह गर्न एकीकृत प्रणाली | २०८१/८२-२०८३/८४ | १५० | ० |
| ३ | अपाङ्गतामैत्री शिक्षण सिकाई प्रवद्र्धन कार्यक्रम | २०८१/८२-२०८३/८४ | २०० | ० |
| ४ | अपाङ्गता भएका व्यक्तिमाथि हुने हिंसा तथा विभेद न्यूनीकरण सम्बन्धी कार्यक्रम | २०८१/८२-२०८३/८४ | २५० | ० |
| ५ | अपाङ्गता भएका व्यक्तिलाई सामाजिक सुरक्षामा पहुँच पु¥याउन सचेतना कार्यक्रम | २०८१/८२-२०८३/८४ | २५० | ० |
| ६ | अपाङ्गता भएका व्यक्तिलाई सरकारी तथा निजी क्षेत्रमा रोजगारीको पहुँच पुर्याउन क्षमता अभिवृद्धि कार्यक्रम | २०८१/८२-२०८३/८४ | ५०० | ० |
| ७ | अपाङ्गता भएका व्यक्तिकालागि सहायक सामग्री वितरण | २०८१/८२-२०८३/८४ | ३०० | ० |
| ८ | अपाङ्गता भएका व्यक्तिका लागि सशक्तीकरण कार्यक्रम | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ९ | पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिका परिवारका लागि जीविकोपार्जन सहयोग | २०८१/८२-२०८३/८४ | १०० | ० |
| १० | सार्वजनिक तथा निजी क्षेत्रका पूर्वाधार निर्माण, सवारी साधन, सेवा प्रवाहका भौतिक तथा सूचना प्रविधिको विकास गर्दा अपाङ्गतामैत्री र सुविधायुक्त बनाउने | २०८१/८२-२०८३/८४ | ५०० | ० |
| ११ | अपाङ्गता भएका व्यक्तिलाई सरकारी र निजी क्षेत्रमा रोजगारीका अवसर बृद्धि गरिनेछ | २०८१/८२-२०८३/८४ | ५०० | ० |
| १२ | सार्वजनिक–निजी साझेदारीमा विशेष प्रकारको अपाङ्गताको लागि पुनस्र्थापना सेवा र आवश्यक स्वास्थ्योपचारको व्यवस्था | २०८१/८२-२०८३/८४ | ५०० | |

### ४.८.५ अपेक्षित उपलब्धि

नागरिकलाई सम्मान र गौरवान्वित हुने गरि नीति कानुनको तर्जुमा एवं परिमार्जन भएको, जेष्ठ नागरिकप्रति हुने हिंसा तथा दुर्व्यवहारमा उल्लेख्य कमी आएको, जेष्ठ नागरिक मिलन केन्द्र तथा चौतारी, आरोग्यकेन्द्र, भजनशाला, पुस्तकालय, आश्रमको स्थापना र सञ्चालन भएको, ज्येष्ठ नागरिकको जीवन सम्मानित र सुरिक्षत बनाई उनीको विशिष्ट

ज्ञान, सीप र अनुभव अन्तरपुस्ता हस्तान्तरण गर्ने असल सामाजिक सांस्कृतिक परम्पराको पुनर्जीवन्त भएको, जेष्ठ नागरिकमैत्री पूर्वाधार निर्माण तथा सेवा प्रवाहमा उल्लेख्य परिवर्तन भएको हुनेछ ।

## ४.९ सामाजिक सुरक्षा तथा संरक्षण

लोकतन्त्रको स्थायित्व, शान्ति, सुशासन, समानता, राष्ट्रिय एकता र सद्भावका लागि गरिब तथा विपन्न वर्ग तथा समुदायप्रति राज्यको विशेष संरक्षणकारी भूमिका निहित रहेको हुन्छ । लोक कल्याणकारी राज्यले तृणमुलमा रहेका नागरिकलाई राज्यबाट उपलब्ध गराउन सक्ने विविध सेवा, सुविधाको उपयोग गर्दै गरिबी न्यूनीकरण र असमानताको अन्त्य गरिनु पर्दछ । संविधानले नागरिकको सामाजिक सुरक्षा तथा संरक्षणको हकलाई सुनिश्चित गरेको छ । नेपाल सरकारले आर्थिक तथा सामाजिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका विपन्न एकल महिला, पूर्ण अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक, आफ्नो हेर चाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिक, दलित आदिलाई लक्षित गरि स्वास्थ्य उपचार सेवा, स्वास्थ्य बीमा, छात्रवृत्ति, निर्वाहमुखी भत्ता लगायत विशेष व्यवस्था सहित संरक्षणको व्यवस्था गर्दै आएको अवस्था छ । खाद्यान्न पोषण स्वास्थ्य शिक्षा कृषि श्रम तगा रोजगारी लगायतका क्षेत्रमा सामाजिक सुरक्षा र संरक्षणका लक्षित कार्यक्रम सञ्चालित छन् । गाउँपालिकाले नेपाल सरकार तथा प्रदेश सरकार सँग समन्वय र सहकार्य गर्दै यसका अतिरिक्त सामाजिक सुरक्षा तथा संरक्षण प्रणालीलाई अझ सुदृढ वनाउन आवश्यक देखिन्छ ।

### ४.९.१ समस्या तथा चुनौती

सामाजिक सुरक्षा तथा संरक्षणका लक्षित कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक स्रोत साधन अपर्याप्त हुनु, सामाजिक सुरक्षा कार्यक्रम प्रभावकारी व्यवस्थापन नहुँदा संघ, प्रदेश सँगको समन्वय प्रभावकारी नहुनु, गाउँपालिकामा सम्बन्धित नीति तथा कानुनी पूर्वाधार अपर्याप्त हुनु, सामाजिक सुरक्षा तथा संरक्षण सेवाको एकीकृत सूचनाप्रणालीलाई कार्यान्वयनमा ल्याउनु, एकीकृत तथ्याङ्कको व्यवस्थापन गर्नु, योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा सबैको आवद्धता बढाउनु, जेष्ठ नागरिकको जनसंख्याको अनुपात बढ्दै जाँदा राज्यकोषमा पर्ने थप दायित्वको सुनिश्चित गर्नु, सबै तहका सरकारका बीचमा स्रोतको न्यूनताका बावजुद सामाजिक सुरक्षाका कार्यक्रम घोषणा गर्ने प्रतिस्पर्धा देखिनु, सामाजिक सुरक्षा तथा संरक्षणमा बजेटको ठूलो हिस्सा छुट्याउनु पर्दा पुँजीगत बजेटको आकार संकुचन र सुक्दै जानु, आदि यस क्षेत्रका समस्या तथा चुनौती हुन् ।

### ४.९.२ उद्देश्य

- सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रममा लक्षित वर्गका नागरिकको पहुँच सुनिश्चित गरि सम्मानजनक जीवनयापनका अवसर प्रदान गर्नु ।

### ४.९.३ रणनीति

- नेपाल सरकार तथा प्रदेश सरकारसँग समन्वय तथा सहकार्य गरि ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका ब्यक्ति, लोपोन्मुख समुदायका नागरिक, दलित बालबालिका लगायतलाई उपलब्ध गराइने सामाजिक सुरक्षा भत्ता, स्वास्थ्य बीमा, जीवन बीमा, दुर्घटना बीमा, शैक्षिक छात्रवृत्ति, पोषण लगायतका सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रम सञ्चालन गर्ने ।

- लक्षित वर्गको सूचना तथा तथ्यांक अद्यावधिक गरि विकास कार्यक्रम तथा आयोजनामा लक्षित वर्गका सामाजिक सुरक्षासवाललाई मूलप्रवाहीकरण गरिनेछ।
- हिंसापीडित, शारीरिकरूपले अशक्त, अपाङ्गता भएका तथा विशेष जोखिममा रहेका विपन्न वर्गका नागरिकका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- समाजमा परम्परागत संस्कृतिकरुपमा जरा गाडेर बसेका सामाजिक कुरीति तथा विकृति निमिट्यान्न पार्ने र मर्यादित जीवन बारे शैक्षिक तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ
- योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा आवद्धता बढाउन प्रोत्साहनका कार्यक्रम गर्ने।
- सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमलाई सबै तहका सरकार तथा सबै निकायबाट फरक फरक रूपमा नदिई एकीकृत प्रणालीका माध्यमबाट कार्यान्वयन लैजाने ।
- शैक्षिक छात्रवृत्ति प्राप्त जनशक्तिलाई स्थानीय उत्पादन, रोजगारी सिर्जना, उद्यमशीलता विकास, व्यवसायिकता र नवप्रर्वतनमा सहभागी र योगदान पुरयाउने गरी कार्यक्रमको मोडालिटी परिवर्तन गर्ने ।

## ४.९.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा सम्बन्धी नीति तथा कानुन र मापदण्ड निर्माण तथा नियमन | २०८१/८२-२०८३/८४ | ५० | ० |
| २ | सामाजिक सुरक्षा कार्यक्रममा सहजीकरण (जेष्ठ नागरिक, एकल महिला, अपांगता, लोपोन्मुख, दलित आदि) सामाजिक सुरक्षा कार्यक्रममा पहुँच वृद्धि सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन | २०८१/८२-२०८३/८४ | २०० | ० |
| ३ | सामाजिक सुरक्षा तथा लक्षित वर्गको पहिचान र एकीकृत सूचना प्रवाह | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ४ | नेपाल सरकारको योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा पहुँच वृद्धि गर्न सहयोग गर्ने | २०८१/८२-२०८३/८४ | २५० | ० |
| ५ | सामाजिक सुरक्षा कार्यक्रममा बहुनिकायगत समन्वय गरी एकीकृतरूपमा कार्यान्वयन | २०८१/८२-२०८३/८४ | ३०० | ० |
| ६ | परम्परागत सामाजिक कुरीति विरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ७ | मर्यादित सामाजिक जीवनका लागि विद्यालयमा आधारित कार्यक्रम सञ्चालन गर्ने | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ८ | निजी तथा गैरसरकारी क्षेत्रबाट योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा आवद्धता बढाउन प्रोत्साहनका कार्यक्रम | २०८१/८२-२०८३/८४ | ४०० | ० |
| ९ | शैक्षिक छात्रवृत्ति प्राप्त जनशक्तिलाई स्थानीय उत्पादन, रोजगारी सिर्जना, उद्यमशीलता विकास, व्यवसायिकता र नवप्रर्वतनमा सहभागी र योगदान पुरयाउने गरी कार्यक्रमको मोडालिटी परिवर्तन गन | २०८१/८२-२०८३/८४ | १०० | ० |

### ४.९.५ अपेक्षित उपलब्धि

योजना पुरा हुँदा यथार्थ तथ्याङ्कमा आधारित रही वास्तविक लक्षित वर्गको सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रममा पहुँच सुनिश्चित भएको, नेपाल सरकार तथा प्रदेश सरकारका नीति अनुकूलका सामाजिक सुरक्षा सम्बन्धी नीति तथा कानुन र मापदण्डको तर्जुमा गरी यसै बमोजिम कार्यान्वयन तथा नियमन भएको, सामाजिक सुरक्षा भत्ता, स्वास्थ्यबीमा, जीवनबीमा, दुर्घटनाबीमा, शैक्षिक छात्रवृत्ति, यातायात सहुलियत, अनुदान लगायतका सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन भएका, अध्ययन पुरा गरेपश्चात निश्चित समय स्थानीय उत्पादन, रोजगारी सिर्जना, उद्यमशीलता विकास, व्यवसायिकता र नवप्रर्वतनमा सहभागी र योगदान पुरयाउने गरी सम्झौता गराई शैक्षिक छात्रवृत्ति प्रदान गर्ने गरी कार्यक्रमको मोडालिटी परिवर्तन भएको ८ वटै वडातहमा पुग्ने गरी विद्युतीय माध्यम तथा भौतिक उपस्थितिको माध्यमबाट जनचेतनामूलक कार्यक्रम सञ्चालन गरि समाजमा रहेका कुरीति र विकृतिको परम्परागत व्यवहारमा आमूल सुधार हुन गई सम्मानजनक जीवनयापनका अवसर स्थापित भएको हुनेछ ।

### ४.९.६ जोखिम पक्ष तथा अनुमान

सामाजिक सुरक्षाका वास्तविक लाभग्राहीको पहिचान, योगदानमा आधारित र दिगो सामाजिक सुरक्षाका कायक्रमको कार्यान्वयन, तहगत सरकारको समन्वयात्मक पहल हुन सकेमा सामाजिक सुरक्षाका कार्यक्रम प्रभावकारी हुन्छन् । गाउँपालिकाको आय, वित्तीय हस्तान्तरण लगायतका पक्षलाई ध्यान नदिई वितरणमुखी कार्यक्रम सञ्चालन गर्न नसकिएमा सामाजिक सुरक्षाका कार्यक्रमको अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ ।

### ४.१० सामाजिक संघ संस्था

आर्थिक तथा सामाजिक विकासका सहयोगी तथा साझेदारको रूपमा सामाजिक संघ संस्थाले स्वतन्त्र रुपमा वा सरकारसँग सहकार्य गर्दै आइरहेका छन् । विशेष गरी सामाजिक अभियान जागरण सचेतना क्षमता विकास लक्षित वर्ग एवं समुदायको उत्थानका कार्य सामाजिक संस्थाबाट प्रभावकारी रूपमा सञ्चालन हुँदै आएका छन् । सामाजिक संघसंस्थालाई एउटै छातामुनि समेटी विकास प्रयासमा लगाउने वातावरण निर्माण गर्नु र उनीहरुबाट प्रवाह हुने स्रोतको उपयोगलाई वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरि पारदर्शी बनाई प्रभावकारी सेवा र जनताको जीवन स्तरमा सुधार गर्ने गराउने तर्फ जोड दिनु आवश्यक छ । गाउँपालिकाको नीति तथा योजनामा सामाजिक संघ संस्थाको कार्यक्रममा दोहोरोपनाआउन नदिन सामाजिक संघ संस्थासँग नीति योजना र कार्यक्रममा समन्वय सहकार्य तथा साझेदारीमा विश्वासको वातावरण अझ फरकिलो बनाउनुपर्ने आवश्यकता रहेको छ । सरकारका वहुपात्रमध्येका यस्ता संघ संस्थालाई पारदर्शिता र आर्थिक अनुशासनका आधारमा आफ्ना क्रियाकलाप कार्यान्वयनको अवसर उपलब्ध गराउनु गाउँपालिकाको सामाजिक काम पनि हो ।

### ४.१०.१ समस्या तथा चुनौती

सामाजिक संघ संस्थाबाट सञ्चालन हुने क्रियाकलाप पारदर्शी, आर्थिक अनुशासनको पालना र प्रभावकारी बनाउन नसक्नु, सामाजिक संघ संस्थाको कार्यक्रममा दोहोरोपना हुनु, परियोजनाको प्रभावकारी सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन नहुनु, एकीकृत सूचना तथा तथ्याङ्क प्रणाली नहुनु, सामाजिक संघ संस्थामा आन्तरिक सुशासनको कमी हुनु, सामाजिक संघ संस्था मार्फत वैदेशिक सहायता परिचालन भैरहेको भएता पनि लगानी अनुसार अपेक्षित प्रतिफल हासिल हुन नसक्नु,

बजेटको अधिकतम रकम सफ्टवेर कार्यक्रममा एकाई मूल कार्यक्रममा न्यून लगानी गरिनु, संघ संस्थाको उद्देश्य विपरितका क्रियाकलाप सञ्चालन गरिनु यस क्षेत्रका समस्या तथा चुनौती हुन् ।

### ४.१०.२ उद्देश्य

- गाउँपालिकाको आवश्यकता, प्राथमिकता, सम्भावनाको क्षेत्रमा संघ संस्थाको स्वतन्त्र र साझेदारीका आधारमा नेतृत्व विकास, आर्थिक—सामाजिक विकास तथा सांस्कृतिक उन्नयनमा क्रियाशील बनाउनु ।
- संघ संस्थाको उचित परिचालन, समयानुकूल व्यवस्थापन र स्वस्थ नियमन गर्नु।

### ४.१०.३ रणनीति

- सामाजिक संघ संस्था स्थापना, स्वीकृति, आवद्धता, सञ्चालन, व्यवस्थापन, परिचालन तथा नियमनको लागि आवश्यक नीति, कानुन र मापदण्ड तर्जुमा गर्ने ।
- सामाजिक संघ संस्थासँग गरिने सहकार्य तथा साझेदारीका कार्यक्रमलाई गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा समाबेश गरि सञ्चालन गर्ने ।
- सामाजिक संघ संस्थाबाट गाउँपालिकामा सञ्चालन गरिने कार्यक्रमको आचार संहिता तथा मापदण्ड तर्जुमा गरि कार्यान्वयन गर्ने ।
- सामाजिक संघ संस्थाबाट सञ्चालित हुने कार्यक्रमको तर्जुमा, कार्यान्वयन तथा अनुगमन मूल्यांकनमा जनसहभागिता सुनिश्चित गर्ने ।
- सामाजिक संघ संस्थाका कार्यक्रमलाई पारदर्शी बनाउने र सञ्चालित कार्यक्रमलाई उपलब्धिमूलक बनाउने प्रयास गरिनेछ ।
- सामाजिक संघसंस्थालाई मर्यादित, अनुशासित र सुशासनयुक्त बनाउन अनुगमन तथा प्रतिवेदन प्रणालीको विकास गरिनेछ ।
- सामाजिक संघसंस्थाको सामाजिक लेखा परीक्षण, वित्तीय लेखा परीक्षण,व्यवस्थापकीय परीक्षण कार्यको थालनी गर्ने ।
- सरकार तथा यस्ता संघसंस्थाका बीचमा निरन्तर सूचना, तथ्याङ्क, र प्रतिवेदनको आदानप्रदानका लागि मोबाइल एप्सको विकास गरी उपयोगमा ल्याइनेछ ।

### ४.१०.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | सामाजिक संघसंस्था दर्ता, नवीकरण, स्थानान्तरण, लागनी, प्रतिवेदन, नियमन सम्बन्धी नीति तथा कानुन र मापदण्ड निर्माण | २०८१/८२-२०८३/८४ | ५० | ० |
| २ | नेतृत्व विकास र आर्थिक, सामाजिक तथा सांस्कृतिक समुन्नति हुने गरी क्रियाकलाप सञ्चालन गर्न प्रबन्ध मिलाउने | २०८१/८२-२०८३/८४ | १०० | ० |

| | | | | |
|---|---|---|---|---|
| ३ | संस्थागत उत्तरदायित्व तथा सुशासन प्रवद्र्धन गर्न सामाजिक लेखा परीक्षण, वित्तीय लेखा परीक्षण, व्यवस्थापकीय परीक्षण कार्यको थालनी | २०८१/८२-२०८३/८४ | २५० | ० |
| ४ | संस्था सञ्चालन सम्बन्धी आचार संहिता तथा मापदण्ड तर्जुमा गरि कार्यान्वयन गर्ने | २०८१/८२-२०८३/८४ | ५० | ० |
| ५ | सूचना, तथ्याङ्क, र प्रतिवेदनको आदानप्रदानका लागि मोबाइल एप्सको विकास गर्ने | २०८१/८२-२०८३/८४ | २५० | ० |

### ४.१०.५ अपेक्षित उपलब्धि

योजना कार्यान्वयनको अन्तमा सामाजिक संघ संस्था परिचालन, व्यवस्थापन र नियमन प्रणाली सम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था गरिएको हुने, गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा सामाजिक संघसंस्थामार्फत परिचालित हुने बजेट समावेश भएको हुने, निश्चित मापदण्डमा आधारित रही संघसंस्था दर्ता, नवीकरण कार्यक्रम सञ्चालन भएको, प्रतिवेदनतथा परीक्षणबाट पारदर्शिता तथा आर्थिक अनुशासनमा सुधार भएको, गाउँपालिकाको प्राथमिकताको आर्थिक सामाजिक क्षेत्रमा सामाजिक संघ संस्थाका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन भएको, कृषि, वन तथा पशुमा आधारित उद्यमशीलता र व्यवसाय सञ्चालनका लागि वित्तीय स्रोत, प्रविधि, व्यवस्थापनमा, सामाजिक संघ संस्था र गाउँपालिका बीचमा साझेदारीका कार्यक्रम सञ्चालन भएको हुनेछ ।

## ४.११ श्रम तथा रोजगारी

गाउँपालिका भित्र रहेका दक्ष तथा अदक्ष जनशक्ति व्यवस्थापन गर्नु प्राथमिक तथा महत्वपूर्ण कार्य हो । तीन तहका सरकारबाट संचालन गरिने विकास निर्माणमा उपभोक्ता समिति मार्फत गरिने कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम, सामाजिक सुरक्षा कार्यक्रम, वैदेशिक रोजगारीका लागि गरिएका श्रम सम्झौता क्षमता विकासका कार्यक्रम अनुदानका कार्यक्रम लगायतका यावत कार्यक्रम रोजगारी सिर्जना एवं श्रमव्यवस्थापनसँग सम्बन्धित रहेका छन् । देशको कुल जनसङ्ख्यामा ५७ प्रतिशत आर्थिक रूपले सक्रिय जनशक्तिको हिस्सा रहेको छ । देश भित्र पर्याप्त श्रम तथा रोजगारीको अवसर सिर्जना हुन नसक्नाले ऊर्जा शील उ त्पादनशील ठूलो जनशक्ति देश बाहिर जान विवश रहेको छ । वैदेशिक रोजगारीबाट युवा जनशक्तिले प्राप्त गरेको क्षमता अनुभव सीप पुँजी प्रविधिको समुचित उपयोग गर्न सकेमा रोजगारी सिर्जना गर्दै आर्थिक सामाजिक भौतिक प्रविधिगत विकास गर्न सकिन्छ । यसका लागि तीन तहका सरकारसंग समन्वय गर्दै अंगाडि वढ्नु पर्ने आवश्यक्ता रहेको छ ।

### ४.११.१ समस्या तथा चुनौती

गाउँपालिकाको व्यवसायिक तथा प्राविधिक जनशक्ति उत्पादन गर्ने संस्थागत क्षमता कमजोर हुनु, स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको माग अनुसारको जनशक्ति उत्पादन गर्नु, श्रमबजारमा प्रवेश गर्ने युवाको क्षमता र ज्ञान अनुरूपको पर्याप्त रोजगारी सिर्जना गर्नु, श्रमलाई सम्मान गर्ने संस्कृतिको विकास गर्नु उपलब्ध स्रोत चालु खर्चमा विस्तारित हुँदा पुँजी निर्माणमा न्यून स्रोतको उपलब्धता हुनु, वैदेशिक रोजगारीका सबै चरणहरूलाई व्यवस्थित, भरपर्दो र सुरक्षित बनाउनु, बैदेशिक रोजगारीबाट प्राप्तसीप स्रोत अनुभव क्षमता पुँजी प्रविधिको समुचित उपयोग गर्नु विप्रेषण आयबाट हुने बचत उत्पादनशील क्षेत्रमा परिचालन गर्नु,, सामाजिक सुरक्षालाई योगदानमूलक बनाउँदै पहुँच वृद्धि गर्नु, छरिएर रहेका

कार्यक्रमलाई एकीकृत तथा परिणाममुखी बनाउनु, श्रम तथा रोजगारी व्यवस्थापनमा तीन तहकाबीचमा समन्वय स्थापित गरेर एकीकृत कार्यक्रम संचालन गर्नु प्रमुख समस्या तथा चुनौती रहेका छन् ।

### ४.११.२ उद्देश्य

- बजारको माग अनुकूल शैक्षिक तथा प्राविधिक जनशक्ति उत्पादन गर्नु ।
- वैदेशिक रोजगारीबाट प्राप्त सीप, प्रविधि र पुँजीको प्रभावकारी परिचालन गर्नु ।
- श्रम तथा रोजगारी व्यवस्थापनको लागि उद्यमशीलता विकास गर्ने ।

### ४.११.३ रणनीति

- श्रम तथा रोजगार सम्बन्धी ऐन, कानुन कार्यविधि र मापदण्डको निर्माण
- प्राविधिक तथा सूचना प्रविधिमैत्री जनशक्तिको उत्पादन एवं विकास गर्ने
- कृषि क्षेत्रमा लगानी बढाउँदै श्रम तथा रोजगारीका अवसर बढाउने ।
- वैदेशिक रोजगारीबाट फर्केका जनशक्तिलाई र उनीहरूको सिप र क्षमतालाई स्थानीय तहमै रोजगारीमूलक कार्यक्रमा सहभागी गराउने ।
- अन्तरसरकार तथा निकाय एवं गैरसरकारी निकायका बीचमा श्रम तथा रोजगार व्यवस्थापन सूचना प्रणालीको विकास गरिनेछ ।
- सीप विकास तालिम तथा रोजगार मूलक तालिम कार्यक्रम कार्यान्वयन गर्ने ।

### ४.११.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | श्रम तथा रोजगार सम्बन्धी नीति ऐन, कानुन कार्यविधि र मापदण्डको निर्माण | २०८१/८२-२०८३/८४ | ५० | ० |
| २ | श्रमिक र रोजगारदातावीच अन्तरक्रिया कार्यक्रम | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ३ | रोजगारदाता र श्रमशक्तिको विस्तृत विवरण सहितको प्रोफाइल तयार गर्ने | २०८१/८२-२०८३/८४ | ५०० | ० |
| ४ | लैङ्गिकताको आधारमा ज्यालामा गरिने विभेद हटाउन नियमन तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ५ | कार्यस्थलमा हुने हिंसालाई न्यूनीकरण गर्न सूचना तथा सञ्चार प्रविधिको प्रयोग | २०८१/८२-२०८३/८४ | २५० | ० |
| ६ | तालिम आवश्यकता पहिचान सर्वेक्षण | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ७ | छोटो तथा लामो अवधिको तालिम कार्यक्रमहरू सञ्चालन | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ८ | उद्यमशीलता विकास तालिमको सञ्चालन | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ९ | सीप परीक्षणको व्यवस्था | २०८१/८२-२०८३/८४ | २५० | ० |

| | | | | |
|---|---|---|---|---|
| १० | समुहमा विपन्नहरूका लागि सीपमा आधारिता उद्यम प्रवद्र्धनमा लागि सहयोग | २०८१/८२-२०८३/८४ | २५० | ० |
| ११ | उद्यमीहरूलाई उद्योग स्थापना तथा सञ्चालन अनुदान | २०८१/८२-२०८३/८४ | ५०० | ० |
| १२ | वैदेशिक रोजगारीमा जानेको लागि कानुनी सचेतना प्रदान गर्ने | २०८१/८२-२०८३/८४ | १५० | ० |
| १३ | वैदेशिक रोजगारीका लागि उपयुक्त तालिम सञ्चालन | २०८१/८२-२०८३/८४ | १०० | ० |
| १४ | बैदेशिक रोजगारबाट फर्केका युवा लक्षित परामर्श तथा उद्यमशीलता विकास तालिम | २०८१/८२-२०८३/८४ | १५० | ० |
| १५ | व्यावसायिकता तथा उद्यम प्रवद्र्धनका लागि ऋणको व्याजमा अनुदान | २०८१/८२-२०८३/८४ | ५०० | ० |

### ४.११.५ अपेक्षित उपलब्धि

श्रम तथा रोजगार सम्बन्धी नीति तथा कानून तयार भएको हुने, र सक्षम एवं प्रतिस्पर्धी श्रम शक्ति तयार भई श्रमिक आपूर्ति आधार तयार भएको हुनेछ । सुमधुर र स्वच्छ श्रम सम्बन्धको विकास भएको हुनेछ । प्रधानमन्त्री रोजगार कार्यक्रम युवा स्वरोजगार कार्यक्रमको अत्यधिक लाभ युवा शक्तिले प्राप्त गर्नेछ । वित्तीय संस्थाको प्राथमिकता प्राप्त कर्जा तथा विपन्न क्षेत्रको कर्जा उपयोगबाट स्वरोजगारी अवसर वृद्धिभई श्रम तथा रोजगारीको क्षेत्र व्यवस्थित भएको हुनेछ ।

### ४.११.६ जोखिम तथा अनुमान पक्ष

गाउँक्षेत्रमा बसोबास गर्ने युवाको अवस्था पहिचान गरी आवश्यकता सम्बोधन गर्ने विशिष्ट र सामान्य प्रकृतिका कार्यक्रम तर्जुमा, नवप्रवर्तनकारी सोच, व्यवसायीक खोजकर्म गर्ने जोस र जागरणयुक्त युवालाई सहि मार्ग निर्देशन, आर्थिक(प्राविधिक सहयोग र अनुकरणीय कार्यलाई पहिचान गर्न सकेमा सम्पूर्ण युवाशक्ति विकासका संवाहक बन्न सक्छन्। युवा लक्षित नीति–कार्यक्रम तर्जुमा गर्न नसकेमा सामाजिक सद्भावमा स्खलन, हिंसा बढोत्तरी, विकासमा अवरोध हुन पुगी समाज अवन्नतिको मार्गमा जाने जोखिम रहन्छ ।

## ४.१२ सार्वजनिक, निजी, सहकारी, गैरसरकारी एवं सामुदायिक क्षेत्रका बीचमा साझेदारी

विश्वव्यापीकरण, निजीकरण र उदारीकरणको अबलम्बन सँगै सररकारको कार्य क्षेत्र कार्यशैली कार्य प्रक्रियामा परिवर्तन आएको छ । समाजवादी शासन व्यवस्थामा सरकारले नै सबैका म आफू एक्लैले गर्नुपर्छ । भन्ने आमधारण एवं अभ्यासको रूपमा रहेको थियो । विकासको प्रारम्भिक चरणमा निजी क्षेत्र सक्षम पनि थिएन । गैरसरकारी संस्थाको पनि संस्थागत विकास भएको थिएन । नेपालमा प्रजातन्त्रको पुनर्दोय पश्चात निजी क्षेत्रलाई संवेदनशील क्षेत्र बाहेक अन्य क्षेत्रमा लगानी गर्न खुला गरियो । हजारौ राष्ट्रिय गैरसरकारी तथा सयौं अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको स्थापना भए । दुर्गम तथा विकट क्षेत्रमा गैरसरकारी संस्थाले आफ्ना सेवा विस्तार गरे । विकासको पछिल्लो अवधारणा अनुसार सरकार नियमनकर्ता सहजकर्ता, उत्प्रेरक र प्रवर्द्धकको रूपमा रहन थाल्यो । सरकारका हात निजी क्षेत्र सहकारी गैरसरकारी संस्था सामुदायिक संस्था मार्फत विस्तारित हुँदै गएका छन् । सरकारको स्रोत जनशक्ति व्यवस्थापन संरचनाको सिमितता तथा सामाजिक संरक्षणका कार्य एवं प्रशासनिक कार्यमा हुने बृहतलगानीका कारण सबै क्षेत्रमा सरकारले प्रत्यक्ष उपस्थिति जनाउन सक्ने अवस्था देखिदैन । यसै विषयलाई मध्य नजर राख्दै नीति कानुन योजना बजेट कार्यक्रम सबै कार्यमा निजी क्षेत्र, गैरसरकारी क्षेत्र, सहकारी क्षेत्र र समुदायको साझेदारी सहकारी सहलगानी समन्वय सहभागिताको प्रबन्ध गरेको

छ। स्थानीय तहमा फोहर व्यवस्थापन स्वास्थ्य तथा सरसफाइ अभियान शैक्षिक तथा अन्य सुरक्षा सम्बन्धी विषयको चेतना विस्तार नागरिकको अधिकार तथा जिम्मेवारी लगायतका विषयमा गैरसरकारी क्षेत्र तथा समुदायले उल्लेख्य भूमिका निर्वाह गरिरहेको छ । यसै गरी निजी क्षेत्रले पूर्वाधार निर्माण उद्यमशीलता सामाजिक विकास आर्थिक विकासमा महत्त्वपूर्ण खम्बाको रूपमा काम गरेको छ ।

### ४.१२.१ समस्या तथा चुनौती

निजी क्षेत्र नाफामूलक क्षेत्रमा लगानी उत्प्रेरित हुँदा सामाजिक संस्थागत उत्तरदायित्व पालना गराउनु, व्यवसायिक मूल्य मान्यताको पालना गराउनु, सहकारी क्षेत्रले सञ्चालक समितिको हितका भन्दा सदस्यको हित र भलाइका लागि काम गर्नु, ठेक्का कार्य बिचौलियाका कार्यमा निरूत्साहित गराई सेवा भाव एवं सहभागिता प्रति प्रतिवद्ध बनाउनु, सरकारी क्षेत्र प्रति नागरिक समाज, समुदाय, निजीक्षेत्र, सहकारीक्षेत्र, गैरसरकारीक्षेत्रको आशा, भरोसा, विश्वास र आस्था जगाउनु अर्को महत्त्वपूर्ण समस्या तथा चुनौती रहेको छ ।

### ४.१२.२ उद्देश्य

- सरकार, निजी क्षेत्र, सहकारी क्षेत्र, गैरसरकारी क्षेत्र एवं सामुदायिक क्षेत्रका बीचमा सहकार्य तथा साझेदारी समृद्धिमा सबैको जिम्मेवारी बलियो बनाउनु ।

### ४.१२.३ रणनीति

- सार्वजनिक क्षेत्रले निजी क्षेत्रलाई सहजीकरण तथा पूर्वाधार निर्माण गर्दै स्वस्थ व्यवसायिक एवं उद्यमशील वातावरण बनाउने ।
- कृषि वन पशुजन्य सहकारी संस्थाको प्रवद्र्धन गर्दै सामुहिक हितमा योगदान बढाउने ।
- क्षमता विकास सशक्तीकरण मूल प्रवाहीकरण कानुनी व्यवस्था लगायतका विषयमा क्षमता विकास र सचेतना कार्यक्रममा गैरसरकारी क्षेत्रसँग स्वस्थ र सघनरूपमा सहकार्य तथा समन्वय गर्ने ।
- सामाजिक विकासमा समुदायको सहभागितालाई प्राथमिकता दिँदै समुदायको स्तरोन्नति सक्रियता सक्षमता बृद्धि गर्दै सामाजिक न्याय र संरक्षणका कार्यमा सहकार्य र साझेदारी गर्ने ।
- स्वरोजगारी सिर्जना, उद्यमशीलताको खोजी तथा अवलम्बन आर्थिक उपार्जन, सामाजिक क्षेत्रका कार्यलाई बल पुग्ने गरी नीति, कानुन, योजना तर्जुमा तथा बजेट विनियोजन गर्ने ।
- विकास निर्माणका काम सहभागितामूलक एवं योगदानमूलक बनाउन सार्वजनिक प्रशासनको प्रतिष्ठा र गरिमा बढाउने ।

### ४.१२.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | गैरसरकारी क्षेत्रसँग विपद् जलवायु परिवर्तन तथा वातावरण संरक्षणका कार्यमा सहकार्य | २०८१/८२-२०८३/८४ | १०० | ० |
| २ | उद्यमीहरूलाई उद्योग स्थापना तथा सञ्चालन | २०८१/८२-२०८३/८४ | २०० | १०० |

| | | | | |
|---|---|---|---|---|
| | अनुदान | | | |
| ३ | वैदेशिक रोजगारीमा जानेको लागि कानुनी सचेतना प्रदान गर्ने | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ४ | वैदेशिक रोजगारीका लागि उपयुक्त तालिम सञ्चालन | २०८१/८२-२०८३/८४ | १५० | ० |
| ५ | बैदेशिक रोजगारबाट फर्केका युवा लक्षित परामर्श तथा उद्यमशीलता विकास तालिम | २०८१/८२-२०८३/८४ | १०० | ० |

### ४.१२.५ अपेक्षित उपलब्धि

आर्थिक सामाजिक भौतिक प्रविधिको विकासमा सार्वजनिक तथा गैरसार्वजनिक क्षेत्रका बीचमा नीतिगत कानुनी योजना एवं संरचनागत रूपमा साझेदारी सहभागिता बढेको जनविश्वास बढेको, स्थानीय नागरिकमा भावनात्मक सम्बन्ध बढेको, आर्थिक सामाजिक रूपमा पछाडि परेका समुदाय वर्ग र क्षेत्र मूलप्रवाहीकरण भएको, सामाजिक कुसंस्कार कुरीति कुप्रथा कुप्रचलन अन्त्य भएको, व्यवसायिक क्षेत्रको संस्थागत सामाजिक उत्तरदायित्व (सिएसआर) बढेको नागरिकको खुशी र स्वस्थता बढेको हुने छ ।

## ४.१३ सामाजिक सांस्कृतिक विविधता

### ४.१३.१ पृष्ठभूमि

हाम्रो गाउँपालिकाको भूगोलमा विविधता छ । सामाजिक संरचना फरकपना छ । सांस्कृतिक प्रचलन समुदाय र धर्म पिच्छे फरक छन् रहन सहन फरक छ । आर्थिक सामाजिक अवस्थामा भिन्नता छ । व्यवसायिक संस्कारमा विविधता छ । रोजगारी पनि समुदाय अनुसार फरक फरक रहेको छ । जन्म देखि मृत्यू सम्मका संस्कार जात जाति धर्म भूगोल अनुसार कुनै न कुनै रूपमा बेमेल छ । खानपान बसाइ रीति रिवाज धर्म संस्कार भाषा व्यवहार फरक फरक भए पनि सामाजिक एकता विश्वास भरोसा सहकार्य सन्निकता प्रगाढ रहेको छ । एक समुदायले अर्को समुदायलाई उसका सामाजिक आर्थिक संस्कारमा सहयोग गरेकै हुन्छन्। यसले गर्दा समाजमा शान्ति, सदाचार, सम्मिलन र सहकार्यका संस्कार जीवन्तर निरन्तर चलेका छन् । सबैको सबै प्रति आस्था र सम्मान भएकोले सामाजिक सद्भाव दिगो दरिलो एवं प्रगाढ भएर बसेको छ ।

### ४.१३.२ समस्या तथा चुनौती

आन्तरिक तथा वाह्य बसाइ सराइका कारणले सामाजिक संरचनामा भएको परिवर्तनले बढेको अविश्वास घटाउनु, गैरसरकारी संस्थाबाट फैलाइएका असामाजिक व्यवहारलाई निटियान्न पार्नु, समाजमा उपेक्षित उत्पीडित समुदाय वर्ग क्षेत्रको मूलप्रवाहीकरण गर्नु, परम्परा देखिएकता बद्ध सहिष्णुता पूर्वक रहेको सामाजिक संस्कारलाई अझ प्रगाढ बनाउनु समस्या तथा चुनौती रहेका छन् ।

### ४.१३.३ उद्देश्य

- सामाजिक सांस्कृतिक विविधतालाई सम्पन्नता र समृद्धिमा रूपान्तरणका लागि विवेक पूर्ण रूपमा विविधता व्यवस्थापन गर्नु ।

### ४.१३.४ रणनीति

- सामाजिक सांस्कृतिक एकता सद्भाव बलियो बनाउन नीति कानुन संरचना संस्था प्रशासनिक कार्य व्यवहार सुदृढ तुल्याउने ।
- आर्थिक सामाजिक भौगोलिक सांस्कृतिक रूपमा औषत अवस्था भन्दा कमजोर सूचकांकमा रहेका जातजाति समुदायलाई विशेष सुविधाका माध्यमबाट मूल प्रवाहीकरण (लेभलप्लेइङ्फिल्ड) गर्ने
- निजी क्षेत्र गैरसरकारी क्षेत्र तथा सामुदायिक क्षेत्रसँग सार्वजनिक क्षेत्रले साझेदारी र सहकार्य गर्दै
- जागरण, चेतना, रोजगारी, उद्यमशीलताका माध्यमबाट सामाजिक सांस्कृतिक असमझदारी न्यूनीकरण गर्ने
- सामाजिक संरक्षणका कार्यक्रमलाई लक्षित समुदाय उन्मुख र प्रभावकारी तुल्याउने ।

### ४.१३.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | नीति तथा कानुन, आचारसंहिता एवं संरचनागत प्रबन्ध | २०८१/८२-२०८३/८४ | ५० | ० |
| २ | विशेष जातजातिलाई स्रोतमा प्राथमिकीकरण | २०८१/८२-२०८३/८४ | २५० | ० |
| ३ | योजना तथा बजेटबाट राष्ट्रिय एकता तथा मेलमिलापका लागि सन्तुलित आर्थिक, सामाजिक, भौतिक, सांस्कृतिक सन्तुलन | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ४ | आधारभूत तहका विद्यालयमा स्थानीय पाठ्यक्रममा सामाजिक सांस्कृतिक विविधता पाठ्यक्रममा समावेश | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ५ | गैरसरकारी क्षेत्रसँग सामाजिक रुपान्तरणका कार्यमा सहकार्य | २०८१/८२-२०८३/८४ | १०० | ० |

### ४.१२.६ अपेक्षित उपलब्धि

निहित स्वार्थ प्रेरित संस्थाबाट समाजमा देखिएको असहिष्णुता असमझदारीमा न्यूनीकरण भएको, आर्थिक सामाजिक सांस्कृतिक विभेद खाडल पुरिएको, सार्वजनिक निकायबाट हुने सेवा र कार्यमा सन्तुलन समानता समता सामाजिक न्याय प्रकट भएको, गैरसार्वजनिक क्षेत्रसँग सार्वजनिक क्षेत्रले सहकारी तथा साझेदारीका माध्यमबाट रोजगारी उद्यमशीलता नवप्रवर्तनमा योगदान पुगेको, विविधतालाई विवेक पूर्ण र असल मनसायले सम्बोधन गरी सामाजिक सांस्कृतिक सहिष्णुता र सम्मानको धरहरामा श्रीबृद्धि भएको हुनेछ ।

# परिच्छेद — ५: भौतिक पूर्वाधार

## ५.१ सडक पूर्वाधार

विकास प्रकृयालाई ठोस गति तथा दिशा प्रदान गर्न सडकको उपलब्धता प्रारम्भिक शर्त हो। सडक विकासले उत्पादकत्व वृद्धि गर्न, स्वास्थ्य र शिक्षा सेवामा पहुँच उपलव्ध गराउदै रोजगारी सिर्जना गर्न, गरिबी न्यूनीकरण गर्न र समग्र सामाजिक र आर्थिक विकासमा टेवा पुर्याउन उल्लेखनीय योगदानगर्दछ । सडक सञ्जाल अन्तर्गत आउने विभिन्न खोलानालाहरूमा पुल निर्माण तथा मर्मतले बाह्रैमासे आवत जावतको प्रत्याभूति गराउँदछ । बाह्रै महिना सुरक्षित तवरबाट सवारीसाधन सञ्चालन गर्न सकिने सडक पूर्वाधार आजको आवश्यकता हो । हिउँदे धुलेसडकले एकातिर असुरक्षा थपेका छन् भने अर्कोतर्फ सवारीधनी र उपभोक्ताको लागत एवं समय महङ्गो बनाएका छन् । हालसम्म यस स्थानीयतहमा पक्की सडक नभएता पनि कच्ची सडक भने गाउँपालिका केन्द्रमा पुगिसकेको छ । करिब ७५ प्रतिशत जनसंख्या सडक सञ्जाल भित्ररहेका छन् । आगामी दिनमा ग्राभेल सडकलाई पक्की सडकमा र कच्ची सडकलाई ग्राभेल सडकमा स्तरोन्नति गरी सुरक्षित, लागत प्रभावी र समय बचत हुनेगरी सडक पूर्वाधारको विकास तथा विस्तारको लागि गाउँपालिकाले पहिलो प्राथमिकता दिनु पर्ने देखिन्छ ।

### ५.१.१ समस्या तथा चुनौती

सडकको स्पष्ट वर्गीकरण नहुनु, मापदण्डविना योजना पहिचान तथा छनौट हुनु, आवश्यक पूर्वतयारी विना योजना कार्यान्वयनमा लैजानु, दक्ष श्रमिक तथा अन्य विषयगत जनशक्ति उपलब्धतामा कमी रहनु, गुणस्तरीय निर्माण सामग्रीका साथै नदीजन्य निर्माण सामग्रीको सहज उपलब्धता हुन नसक्नु, बजेटको विनियोजन र सञ्चालन कुशलताको अभाव हुनु, आयोजना व्यवस्थापनमा सुशासन कायम राख्न गर्नुपर्ने उपायहरूको अवलम्बन नहुनु, ठेक्का व्यवस्थापनमा कमजोरी रहनु, सडक लम्बाइ वृद्धिका साथै मर्मतसम्भारको दायित्व वृद्धि भए अनुरुप स्रोत व्यवस्थापन नहुनु, आदि यस क्षेत्रका समस्याहरू रहेका छन् ।

### ५.१.२ उद्देश्य

- गाउँपालिकाको सबै क्षेत्रमा सडक पूर्वाधार विकास, विस्तार रस्तरोन्नति मार्फत दिगो, भरपर्दो र सुरक्षित पक्की सडक निर्माण गर्ने ।
- सडक पूर्वाधार विकाससंग शिक्षा,स्वास्थ्य, सरसफाइ र उद्यमशीलता आदिको सम्बन्ध स्थापित गर्दै जाने।

### ५.१.३ रणनीति

- गाउँपालिकाको आर्थिक तथा सामाजिक गतिविधिलाई सन्तुलित, समावेशी, गतिशील बनाउन योगदान पुर्याउन सक्ने रणनीतिक सडक सञ्जाल सुदृढ गर्ने ।
- छिटो, भरपर्दो र वातावरण मैत्री सडक सञ्जाल विकास गर्न सहयोगी हुने प्रविधि तथा उपायहरू अबलम्बन गर्ने ।
- संघीय सरकार, प्रदेश सरकारसँगको सहकार्य र सहलगानीमा सडक निर्माणलाई प्रथमिकता दिने ।
- सर्वसाधारण नागरिकको दैनिक आवागमन सुरक्षित एवं भरपर्दो सडक पूर्वाधार निर्माण गर्ने ।
- आर्थिक वृद्धिलाई योगदान पुग्ने गरी सुरक्षित सडक पूर्वाधारको पहुँच र सुविधा विस्तार गर्ने ।
- कृषि, उद्योग, व्यापार, जलविद्युत्, पर्यटन, शिक्षा र स्वास्थ्य सेवामा पहुँच बढाउने गरी अन्य स्थानीय तह तथा प्रदेशका रणनीतिक सडक सञ्जालसँग आवद्धता बढाउने ।

- वडा केन्द्र देखि गाउँपालिका केन्द्र सम्मका सडक पक्की तथा ग्राभेल गरी वर्षै भरी सञ्चालनमा आउने बनाउने ।
- सरकार—समुदाय—निजी क्षेत्र साझेदारी, लगानी तथा सहकार्यलाई निरन्तरता एवं प्राथमिकता दिने ।
- सडक पुल निर्माणका लागि संघीय सरकार तथा प्रदेश सरकारसँग साझेदारी तथा सहकार्य गर्ने ।
- वातावरणमैत्री एवं सुरक्षित पारस्थितिक प्रणालीका लागि सडकको दायाँ बायाँ हरियाली कायम गर्न कार्यक्रम सञ्चालन गर्ने ।
- सार्वजनिक निर्माणमा सार्वजनिक—निजी साझेदारी निर्माण (ppp), सञ्चालन तथा हस्तान्तरण, डिजाइन, फाइनान्स, निर्माण, सञ्चालन तथा हस्तान्तरण (डीएफसीओटी) जस्ता उपयुक्त मोडल अवलम्बन गर्ने।
- ज्येष्ठ नागरिक, बालबालिका तथा अपाङ्ग मैत्री सडक डिजाइन तथा निर्माणको सुनिश्चितता गर्ने ।

## ५.१.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | सित्तड देखि वडा नं १ रीम भाताडा हुदै गोराङ को गौरिखेत लाटीनाथ मन्दिर सम्म सडक निर्माण(२० कि.मि.) | २०८१/८२-२०८३/८४ | ३६००० | |
| २ | सित्ताड वडा नं. ६ पन्ज्युनयामा करिडोर वडा नं.१ को कुम्तडी र साजीवटा र भाटाडा सम्मको सडक निर्माण | २०८१/८२-२०८३/८४ | ४५००० | |
| ३ | वडा नं. ३ को सिल्लेगाडा देखि वडा नं. १ रीम गोराङ गौरी खेत सम्म सडक ग्राभेल र कालोपत्रे निर्माण | २०८१/८२-२०८३/८४ | ८००० | |
| ४ | वडा नं ६ को पन्ज्युनया देखि वडा नं. १ को सदरमुकाम सम्मको सडक निर्माण | २०८१/८२-२०८३/८४ | ४००० | |
| ५ | ढिकगाड देखि कमलपुर हुदै टकगाउँ सडक निर्माण योजना (५ कि.मि) | २०८१/८२-२०८३/८४ | ४००० | |
| ६ | धमाली रोलगाउँ, भुलगाउँ पुच्चौरा सडक निर्माण योजना (२ कि.मि ) | २०८१/८२-२०८३/८४ | ६००० | |
| ७ | कमलपुर देखि तल्ला बडीया कबोली गाउँ बडीया हुदै जेवालाखान सडक निर्माण | २०८१/८२-२०८३/८४ | ४०० | |
| ८ | टाकगाउँ खोला देखि खुररा रौली हुदै शंशेरी माण्डौ सडक निर्माण | २०८१/८२-२०८३/८४ | ८०० | |
| ९ | सैनी माण्डौ देखि कफलकोट धुरा हुदै शैलेश्वोर मन्दिर PPC बाटो निर्माण | २०८१/८२-२०८३/८४ | २४०० | |
| १० | भौनाली गाउँ, भहाडी ल्यारखेती PPC बाटो निर्माण | २०८१/८२-२०८३/८४ | २२०० | |

| | | | | |
|---|---|---|---|---|
| ११ | सित्तड देखि वडा नं १ रीम भाताडा हुदै गोराङ को गौरिखेत लाटीनाथ मन्दिर सम्म सडक निर्माण(२० कि.मि.) | २०८१/८२-२०८३/८४ | ३६००० | |

### ५.१.५ अपेक्षित उपलब्धि

सडक स्तरोन्नति भई कालोपत्रे तथा ग्राभेल भएको हुनेछ । सबै वडामा सडक सञ्जाल विस्तार भई पहुँच स्थापित भएको हुनेछ र सडक सञ्जालको विकास र विस्तारसँगै स्थानीय उत्पादन र आर्थिक क्रियाकलापमा महत्वपूर्ण योगदान भएको हुनेछ ।

### ५.१.६ जोखिम पक्ष तथा अनुमान

पलिकाको विशेषता र आवश्यकताका आधारमा सडक र हवाई पूर्वाधारको निर्माण हुने, सार्वजनिक स्थलमा विद्युत, शौचालय र प्रतिक्षालय निर्माण हुने, सडक पूर्वाधार निर्माणमा जस्तै मर्मत संभारका लागि पनि वार्षिक बजेट विनियोजन भएमा यातयातका पूर्वाधार निर्माण र प्रभावकारी सञ्चालनमा आउन सक्नेछन् । स्थानीय बासीको आवश्यकताको आधारमा रुटको निर्धारण, यातायातको सञ्चालन, प्रभावकारी अनुगमन हुन नसकेमा यातायात क्षेत्रमा निर्धारित लक्ष्य हासिल नहुने जोखिम रहन्छ ।

## ५.२ यातायात व्यवस्थापन

आर्थिक विकासको महत्वपूर्ण खम्बाको रूपमा समेत यातायात क्षेत्र रहेको छ । सरकार आफैले यातायात उद्योग सञ्चालनका लागि पुँजी जनशक्ति लागत व्यवस्थापन का हिसाबले पनि प्रभावकारी हुँदैन । अहिलेको खुला तथा प्रतिस्पर्धात्मक बजारको अवधारणा अनुसार सरकारको मुख्य भूमिका प्रवर्द्धक, नियामक र उत्प्रेरक को रूपमानै उपयुक्त हुन्छ । यातायात सेवालाई भरपर्दो सुरक्षित सस्तो सरल सहज बनाउन स्तरीय सडक निर्माण तथा नियमित मर्मत संभार गर्नु पर्दछ । शहरीकरणको चाप र ग्रामीण भेकसम्म पनि सडक सञ्जाल विस्तार हुँदै गरेको सन्दर्भमा सबै नागरिकलाई किफायती, सुरक्षित, प्रदूषणरहित र सुविधा सम्पन्न यातायात सेवाको प्रत्याभूति गराउन यातायात ब्यवस्थापन क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नु पर्ने आवश्यकता छ ।

### ५.२.१ समस्या तथा चुनौती

अधिकांश सडक साँघुरा हुनु, निजी सवारी साधनहरूको संख्या बढ्दै जानु, ट्राफिक नियमको प्रभावकारी कार्यान्वयन हुन नसक्नु, सडक दुर्घटनामा कमी आउन नसक्नु, अव्यवस्थित सडक मर्मत सम्भारका कारण यातायात ब्यवस्थापनमा समस्या आउनु, सवारी साधनको नियमित र व्यवस्थित परीक्षण प्रणाली नहुनु, विकट भौगोलिक अवस्था हुनु, प्रचलित नेपाल कानुनको पूर्ण परिपालना नहुनु, न्यून ट्राफिक प्रहरीको संख्या रहनु, ट्राफिक संकेतको प्रबन्धन गरिनु, सिन्डीकेट तथा कार्टेलिङ्गको नियन्त्रण हुन नसक्नु जस्ता समस्या तथा चुनौती रहेका छन् ।

### ५.२.२ उद्देश्य

- यात्रु आवागमन तथा मालसामान ओसार पसार कार्यलाई भरोसा योग्य सुरक्षित तथा मितव्ययी बनाउँदै आर्थिक तथा सामाजिक विकासमा योगदान बढाउनु ।
- किफायती, सुरक्षित, प्रदूषण रहित, सुविधा सम्पन्न, प्रतिस्पर्धी र प्रभावकारी यातायात प्रणालीको विकास गर्नु ।

### ५.२.३ रणनीति

- सुरक्षित यातायातका लागि ट्राफिक पूर्वाधार तथा सवारी साधनमा जीपीएस प्रणाली जडान गर्ने । विद्युतीय सवारी साधनको सञ्चालनमा उत्प्रेरित एवं सहजीकरण गर्ने
- रूटपरमिट प्रतिस्पर्धी बनाउन कानुनी तथा व्यवहारिक योजना बनाइ प्रदेश सरकार सँग आवश्यक समन्वय र सहकार्य गर्ने ।
- नियमित र निरन्तर रूपमा यातायातका वहुआयामिक पक्षमा औपचारिक तथा अनौपचारिक अनुशिक्षण कार्य गर्ने ।
- प्रविधिको प्रयोग गर्दै सडक दुर्घटनालाई न्यूनीकरण गर्ने ।

### ५.२.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | मेन रोड देखि भुल्यौडा सम्म सडक निर्माण | २०८१/८२-२०८३/८४ | ४००० | |
| २ | खोचलेक बजार देखि गोवल सम्म सडक निर्माण | २०८१/८२-२०८३/८४ | २२०० | |
| ३ | खाडा टोल देखि बलेराज स्कुल सम्म PPC बाटो निर्माण | २०८१/८२-२०८३/८४ | ४०० | |
| ४ | गोलचोरदेखि सिद्धनाथ आ.वि सम्म PPC बाटो निर्माण | २०८१/८२-२०८३/८४ | १६०० | |
| ५ | रौलदेउ देखि कालर सम्म PPC बाटो निर्माण | २०८१/८२-२०८३/८४ | ३००० | |
| ६ | जसलिङ्ग मन्दिर देखि ठुला गाडा सम्म PPC बाटो निर्माण | २०८१/८२-२०८३/८४ | ४००० | |
| ७ | पानी गैर देखि कलौना सम्म PPC बाटो निर्माण | २०८१/८२-२०८३/८४ | ८०० | |
| ८ | खाती गाउँ देखि कुकुडेपानी सम्म PPC बाटो निर्माण | २०८१/८२-२०८३/८४ | ४००० | |
| ९ | कालर देखि चनै राज मा.वि सम्म PPC बाटो निर्माण | २०८१/८२-२०८३/८४ | ४००० | |
| १० | भुल्यौडा देखि बडी गाउँ सम्म PPC बाटो निर्माण | २०८१/८२-२०८३/८४ | १०००० | |

### ५.२.५ अपेक्षित उपलब्धि

गाउँपालिकामा सार्वजनिक यातायात सेवा सुरक्षित भरपर्दो र उपयोगी बनाउन यातायात सेवा सञ्चालन सम्बन्धी मापदण्ड तर्जुमा भई कार्यान्वयन भएको हुनेछ । यातायात व्यवसायी नाफामुखी भन्दा सेवामुखी व्यवसायको रूपमा सञ्चालनका लागि उत्प्रेरित भएका हुने, ट्राफिक संकेत लाइट नियमका बारेमा सचेतना कार्यक्रम विस्तार भएको हुने, प्रदेश सरकारबाट सवारी साधन करको दर तथा दर्ता नवीकरणका दर तोक्दा विद्युतीय सवारी साधन र सुरक्षित सवारी साधन सञ्चालनमा सहुलियत र उत्प्रेरणा दिने गरी विशेष सुविधाका कार्यक्रम घोषणा भएको हुनेछ ।

### ५.२.६ जोखिम पक्ष तथा अनुमान

गाउँक्षेत्रका विशेषता र आवश्यकताका आधारमा सडक र हवाई पूर्वाधारको निर्माण हुने, सार्वजनिक स्थलमा विद्युत, शौचालय र प्रतिक्षालय निर्माण हुने, सडक पूर्वाधार निर्माणमा जस्तै मर्मत संभारका लागि पनि वार्षिक बजेट विनियोजन भएमा यातयातका पूर्वाधार निर्माण र प्रभावकारी सञ्चालनमा आउन सक्नेछन् । स्थानीय बासीको आवश्यकताको आधारमा रुटको निर्धारण, यातयात सञ्चालन, प्रभावकारी अनुगमन हुन नसकेमा यातयात क्षेत्रमा निर्धारित लक्ष्य हासिल नहुने जोखिम रहन्छ ।

## ५.३ खानेपानी तथा सरसफाई

आधारभूत आवश्यकतामा रहेको खानेपानीलाई नेपालको संविधानले मौलिकहकको रुपमा व्यवस्था गरेको छ । गाउँपालिकामा आधारभूत स्तरको खानेपानी सुविधाबाट लाभान्वित जनसंख्या ७० प्रतिशत पुगेको छ भने मध्यम तथा उच्च स्तरको खानेपानी सुविधाबाट ५० प्रतिशत जनसंख्या मात्र लाभान्वित छन् ।दोगडाकेदार गाउँपालिकालाई खुल्ला दिशामुक्त घोषित भैसकेका छन् । नेपालको भूगोल सानो रहेकोमा ब्राजिल पछिको दोस्रो ठूलोपानीको स्रोत भएको मुलुकको रूपमा रहेको छ । पानी उपलब्धताका आधारमा उपयुक्त नीति योजना र सन्तुलित बजेट व्यवस्थापन गर्न सकेमा हरेक घरधुरी आधारभूत खानेपानीको सुविधा प्राप्त गर्न सक्छन् आधारभूत खानेपानीको सुविधा पुगिसके पछि स्वस्थ खानेपानी उपलब्ध गराउने सरकारको उद्देश्य रहेको छ । यसैलाई परिपूर्ति गर्न संघ तथा प्रदेश सरकार बाट एकघर एकधारा कार्यक्रमलाइ कार्यान्वयनर्मा लगिएको छ । हरेक घरधुरीमा स्वस्थ खानेपानीको उपलब्धता गराउन सकेमा मात्र स्वस्थ नागरिकको विकास सम्भव छ । खानेपानीको सुविधा सँगसँगै सरसफाइ कार्यक्रमको पनि विकास गरिएको छ । हरेक घर विद्यालय सार्वजनिक स्थलमा शौचालयको व्यवस्था गर्ने सरकारको नीतिको निरन्तरता लाई सहयोग पुर्याउनु यस सरकारको जिम्मेवारी तथा कर्तव्य रहेको छ । स्वस्थ नागरिक उत्पादनमा योगदान पुर्याउन र समग्र आर्थिक सामाजिक विकासको आधारशीला तयार गर्न गुणस्तरीय खानेपानी र सरसफाइको सुविधाको व्यवस्था गर्नु सरकारको दायित्व रहेको हुँदा खानेपानी तथा सरसफाई क्षेत्रलाई उच्च प्राथमिकतामा राखी कार्य गर्नुपर्ने आवश्यकता रहेको छ ।

### ५.३.१ समस्या तथा चुनौती

प्राकृतिक एवं मानवजन्य कारणले पानीका श्रोत तथा मुहानहरूमा ह्रास आई खानेपानीको उपलब्धतामा कमी आउनु, गाउँपालिकाका सवै घरधुरीमा सुलभ खानेपानी पुर्याउन नसक्नु, खानेपानी मुहान जीर्ण हुनु, मुहान संरक्षणको बारेमा जनचेतनाको कमि हुनु, स्वच्छ खानेपानीको व्यवस्था नहुँदा पानी जन्य रोगहरू वढ्नु, भूक्षयको कारण खानेपानी तथा सरसफाइका संमरचनाहरू क्षति ग्रस्त हुनु, व्यक्तिगत तथा सामुदायिक सरसफाइको अभ्यास कमजोर हुनु, खानेपानी आपूर्तिको लागि आधुनिक विकल्पको प्रयोग गर्न नसकिनु जस्ता समस्या र चुनौती माङसेङ गाउँपालिमा समे विद्यमान रहेका छन् ।

### ५.३.२ उद्देश्य

- आधारभूत खानेपानी तथा सरसफाई नपुगेको क्षेत्रमा सुविधा पुर्याउने
- आधारभूत खानेपानी पुगेको स्थानमा स्वस्थ खानेपानीको सुविधा पुर्याउने
- खानेपानी तथा सरसफाईबाट हुने रोगको रोक थाम तथा न्यूनीकरणमा सहयोग पुर्याउने
- महिलाको जीवनस्तर तथा आर्थिक क्षेत्रमा सहभागिता बढाउने

### ५.३.३ रणनीति

- आधारभूत खानेपानी सुविधा नपुगेका क्षेत्रलाई उच्च प्राथमिकतामा राखी खानेपानी आयोजना निर्माण तथा सुविधा विस्तार गर्ने ।
- परम्परागत खानेपानीका मुहान कुवा, पँधेराको संरक्षण गर्ने ।
- खानेपानीका स्रोत संरक्षणका लागि वृक्षारोपण गर्ने ।
- सडक, भवन जस्ता पूर्वाधार निर्माणमा वातावरण संरक्षणलाई ध्यान दिने ।
- संघीय सरकार तथा प्रदेश सरकारको लगानीमा स्थानीय सरकारको सहलगानी गर्ने ।
- घर घरमा खानेपानी तथा सरसफाईको सुविधाबाट महिलाका लागि प्राप्त हुने खाली समय आर्थिक उत्पादन तर्फ लगाउन उत्प्रेरित गर्ने ।
- शत प्रतिशत घरमा आधारभूत शौचालय तथा सरसफाई सुविधाको व्यवस्था गर्ने ।

### ५.३.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | शुद्ध खानेपानी परिक्षण कार्यक्रम | २०८१/८२-२०८३/८४ | ६०० | |
| २ | खानेपानीका मुहान संरक्षण | २०८१/८२-२०८३/८४ | ५००० | |
| ३ | वडा नं.४ क प्रत्येक टोलमा फिल्टर सहित शुद्ध खानेपानी योजना निर्माण | २०८१/८२-२०८३/८४ | ३००० | |
| ४ | नानखोलि देखि डुडरा सम्म खानेपानी योजना | २०८१/८२-२०८३/८४ | ६००० | |
| ५ | जाजरा भण्डारी गाड सम्म लिफ्टीङ खानेपानी योजना निर्माण | २०८१/८२-२०८३/८४ | ३०५० | |
| ६ | मल्लेक वोरिंग खानेपानी योजना निर्माण | २०८१/८२-२०८३/८४ | ५००० | |
| ७ | कोइराई सडदुली देखि पितरकाडा सम्म लिफ्टीङ खानेपानी योजना निर्माण | २०८१/८२-२०८३/८४ | ६००० | |
| ८ | मुस्यारोड देखि काला गाउँ सम्म खानेपानी योजना निर्माण | २०८१/८२-२०८३/८४ | २००० | |
| ९ | पातली गाड देखि तखेड(राताढुंगा) सम्म लिफ्टीङ खानेपानी योजना निर्माण | २०८१/८२-२०८३/८४ | ३००० | |
| १० | घारूडी देखि मुडीला सम्म खानेपानी योजना | २०८१/८२-२०८३/८४ | १००० | |
| ११ | सित्तड खानेपानी योजना निर्माण | २०८१/८२-२०८३/८४ | ३००० | |
| १२ | गौउगोरा खानेपानी योजना निर्माण | २०८१/८२-२०८३/८४ | ५००० | |

| | | | | |
|---|---|---|---|---|
| १३ | चन्तडी खानेपानी योजना निर्माण | २०८१/८२-२०८३/८४ | १५०० | |
| १४ | घारुडी मुहान देखि सुङरखाली खानेपानी योजना निर्माण | २०८१/८२-२०८३/८४ | ६०० | |

### ५.३.५ अपेक्षित उपलब्धि

स्थानीय तहका सबै घरधुरीमा आधारभूत तहको खानेपानी तथा सरसफाई सुविधा उपलब्ध भएको हुनेछ । परम्परागत पानीका स्रोत र मुहान कुवा पँधेरा इनारको संरक्षण र सुधार भएको पानीका स्रोतको दिगोपनाका लागि वृक्षरोपण भएको र सरसफाई प्रति विद्यालय शिक्षा, अनौपचारिक शिक्षा गैरसरकारी क्षेत्रसँगको समन्वयमा कार्यान्वयन भएको हुनेछ । आधारभूत खानेपानीमा उल्लेख्य लगानीका लागि संघीय सरकार तथा प्रदेश सरकारको विशेष अनुदान कार्यक्रम मार्फत भएको हुनेछ ।

### ५.३.६ जोखिम तथा अनुमान पक्ष

संभावित खानेपानीको मुहान क्षेत्र पहिचान हुने, स्वच्छ पानी वितरण प्रणाली स्थापना हुने, पिउने पानी शुद्धीकरणको विधि बारे पालिकाबासी सचेत भएको हुने, मानवजन्य र अन्य फोहोरमैलाको उचित व्यवस्थापन भई सफा र हराभरा स्थानको निर्माण हुने, खानेपानी र फोहोरमैला व्यवस्थापनमा सामुदायिक र निजी संस्थाको संलग्नता बढी सुविधा सम्पन्न गाउँको विकास भएको हुने । उचित योजना, मुहान संरक्षणको अभाव, आयोजना निर्माणको अनुगमन मुल्याङ्कन हुन नसकेमा खानेपानी सम्बन्धी मौलिक हक तथा दिगो विकासका लक्ष्य प्राप्त नहुने जोखिम रहन्छ ।

## ५.४ आवास, भवन तथा बस्ती विकास

व्यवस्थित र सुरक्षित आवास समृद्ध गाउँपालिका विकासको आधारशिला हो । नेपालको संविधानले अव्यवस्थित बसोबास, योजनाबद्ध, पूर्ण पूर्वाधार, वातावरणमैत्री आवासलाई नागरिकको सुरक्षित आवासको हकलाई प्रत्याभूति गरेको छ । भौगोलिक हिसाबले विकट र छरिएर रहेका तथा विपदको जोखिममा रहेका घरपरिवारलाई सुविधा सम्पन्न, वातावरणमैत्री आवासको व्यवस्थापन र विपन्न तथा शहरी क्षेत्रमा अनधिकृत तथा अव्यवस्थितरुपले बसोबास गरेका घर परिवारलाई उचित व्यवस्था गर्न यस क्षेत्रलाई प्राथमिकता राखी गाउँपालिकाले कार्य गर्नुपर्ने देखिन्छ । सामाजिक तथा आर्थिक विकासको लागि भवन निर्माण क्षेत्रको महत्वपूर्ण योगदान रहेको हुन्छ । विपदबाट जोगिन तथा स्वस्थ जीवनका निमित्त सुरक्षित एवं भौगोलिक अवस्थिति अनुकूलको भवन निर्माण तथा उपयोग सबै नागरिकको संवैधानिक अधिकारको रूपमा रहेको छ । गाउँपालिका भित्र भवन निर्माणलाई सुरक्षित बनाउन भवन संहिताको पालनालाई प्रभावकारी बनाउँदै लैजान नीतिगत, कार्यक्रमगत तथा जनचेतनामूलक कार्यक्रम संचालनमा जोड दिनु पर्ने देखिन्छ ।

### ५.४.१ समस्या तथा चुनौती

आवासको निर्माण गर्दा परम्परागत तरिकाले निर्माण गर्नु, प्राविधिकको परामर्श नलिनु, निर्माण सामाग्री कम गुणस्तर र खर्चिलो हुनु, सुरक्षित,स्वास्थ्य र सुविधायुक्त आवास नहुनु, भू—उपयोग नीतिलाई कार्यान्वयन गर्न नसकिनु, गाउँपालिकाले निर्धारण गरेको मापदण्ड विपरित आवास निर्माण हुनु तथा मापदण्ड अनुसार भएको वा नभएको अनुगमन गर्ने कार्य प्रभावकारी नहुनु जस्ता समस्या र चुनौती रहेका छन् ।

### ५.४.२ उद्देश्य

- सुरक्षित बस्ती विकासका लागि आधारभूत पूर्वाधारको निर्माण गर्नु
- स्थानीय स्रोत तथा साधनको समुचित उपयोग गर्दै दिगो बस्ती विकास गर्नु
- एकीकृत् आवास तथा बस्ती विकास गरी अनधिकृत, अब्यवस्थित र छरिएर रहेका विपन्न र सीमान्तकृत घर परिवारलाई एकता बद्ध गर्नु ।

### ५.४.३ रणनीति

- भौगोलिक हिसाबले बिकट र छरिएर रहेका तथा विपद्को जोखिममा रहेका र सीमान्तकृत र परिवारलाई आधारभूत सुविधा सहितको एकीकृत वस्ती निर्माण गरी स्थानान्तरण गर्ने
- स्थानीय स्रोतकारूपमा रहेका काठ, ढुँङ्गा, बालुवा, गिटीको संरक्षणर उपयोग गर्ने । लोकमार्ग क्षेत्रमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गर्ने ।
- कृषियोग्य जमिनमा हुने गरेको जग्गा प्लटिङ्गलाई नियन्त्रण गरी ब्यवस्थित गर्ने
- पुनर्निर्माण हुन बाँकी रहेका निजी आवास, सार्वजनिक भवन, विद्यालय र स्वास्थ संस्था पुनर्निर्माणका लागि संघ तथा प्रदेश सरकार र पुनर्निर्माण प्राधिकरणसंग समन्वय गरी सम्पन्न गर्ने ।

### ५.४.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | वडा भवन निर्माण | २०८१/८२-२०८३/८४ | ५०००० | २००० |
| २ | सार्वजनिक स्थानमा शौचालय स्थापना | २०८१/८२-२०८३/८४ | १५००० | ० |
| ३ | सार्वजनिक स्थानमा प्रतिक्षालय स्थापना | २०८१/८२-२०८३/८४ | २००० | ० |
| ४ | सामुदायिक भवन निर्माण | २०८१/८२-२०८३/८४ | ४००० | ० |
| ५ | पर्यटकीय आवस भवन निर्माण | २०८१/८२-२०८३/८४ | ७०० | ० |
| ६ | स्वास्थ्य चौकीमा प्रतिक्षालय स्थापना | २०८१/८२-२०८३/८४ | ८००० | ० |

### ५.४.५ अपेक्षित उपलब्धि

व्यवस्थित बस्ती विकासको लागि नीति तथा कानून तर्जुमा भएको हुने, छरिएररहेको बसोवासलाई व्यवस्थित गर्न पूर्वाधार सहित नमूना एकीकृत बस्ती विकास भएको हुनेछ । सुरक्षित बस्ती विकासका लागि आधारभूत पूर्वाधारको निर्माण भएको हुने साथै सार्वजनिक भवन तथा आवास व्यवस्थापन संस्थागत भएको हुनेछ ।

### ५.४.६ जोखिम तथा अनुमान पक्ष

जोखिमयुक्त क्षेत्रको नक्साङ्कन भई सुरक्षित स्थानमा स्थानान्तरणको योजना तयार भएको हुने, सुरक्षित भवन निर्माण आचारसंहिता कार्यान्वयन हुने, बहुसरोकारवाला निकायको सहभागितामा लक्षित वर्गको लागि सुरक्षित आवास निर्माण हुने, गाउँपालिका भित्र अपाङ्गमैत्री सार्वजनिक र संस्थागत भवन निर्माण हुन सकेमा सुरक्षित आवास र बस्ती निर्माण हुने देखिन्छ । स्थानीय निर्माण सामाग्रीको प्रयोगलाई प्रोत्साहन गर्न नसकेमा, भवन निर्माण सम्बन्धी मौलिकताको संरक्षण र भवन निर्माण आचार संहिता कडाईका साथ कार्यान्वयन हुन नसकेमा सुरक्षित आवास निर्माणको लक्ष्य प्राप्ति चुनौतीपुर्ण हुन्छ ।

## ५.५ सिंचाई

नयाँ खेतीका विधि तथा ढाँचाहरूको अभ्यास गर्न र उत्पादकत्व बढाई खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान पुर्याउन सिंचाईको मुख्य भूमिका रहने गर्दछ । कृषि योग्य भूमिमा सिँचाइको उपलब्धताले कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउने अबसरको रूपमा विकास गर्न सम्भव रहेको छ । आकाशे पानीमा भरपर्ने हाम्रो कृषि प्रणालीका कारण खेती योग्य भूमिको पूर्ण एवं सार्थक उपयोग गर्न सकिएको छैन। बाह्रै महिना सिँचाइको सुविधा उपलब्ध हुन सकेमा कृषकले मौसमी तथा बेमौसमी खेती पाती गरी आर्थिक उपार्ज नगर्दै बाहिरबाट खरिद गरिने कृषि उपजलाई बिस्थापन गर्न सक्छन् ।

### ५.५.१ समस्या तथा चुनौती

सबै कृषि भूमिमा बर्षभरी सिचाइ सुविधा नहुनु, नयाँ प्रविधिमा आधारित सिचाइ योजनाको विस्तार नहुनु, सडक निर्माणको क्रममा प्रयोग भएका ठूला उपकरण तथा अन्य प्राकृतिक कारणले भूक्षयको प्रकोप वढदै जानु, गाउँपालिकाको दक्षिणी भेगमा चुरे क्षेत्र र खहरेको कारण पहिरो र माटो कटान धेरै हुनु, सिँचाइ तथा खानेपानीको लागि वैकल्पिक श्रोतको पहिचान, विकास निर्माणलाई पर्यावरणमैत्री र दिगो विकास लक्ष्य अनुकुल बनाउनु तथा अन्तर क्षेत्र समन्वय कायम गर्नु जस्ता समस्या र चुनौती विद्यमान रहेका छन् ।

### ५.५.२ उद्देश्य

- संभाव्य सवै क्षेत्रमा साना सिंचाईलाई विस्तार गर्नु ।
- सिंचाईको उपलब्धता संगै कृषि क्षेत्रको विस्तार गर्नु ।
- सिंचाई प्रणाली तथा नदीको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु ।

### ५.५.३ रणनीति

- भूमि प्रयोग नक्सा, खेतीको परिदृश्य, खेती अनुसार पानीको आवश्यकता र स्रोत पहिचानर सम्भावित सिचाई योजनाका परिदृश्यहरू समेत प्रतिविम्बित हुने गरी विस्तृत "सिंचाई गुरुयोजना" तयार गर्ने ।
- परम्परागत कृषक कुलोहरू तथा जीर्ण सिंचाई आयोजनाहरूको भौतिक पूर्वाधारको स्तरोन्नति वा आधुनिकीकरण गरी बाह्रै महिना सिंचाई सुविधा पुर्याइनेछ ।
- आकाशे पानीलाई भण्डारण गरी पुनर्भरणको क्षेत्र निर्माण गर्ने ।
- साना–साना पानीका स्रोतलाई संकलन गर्ने ।
- परम्परागत पोखरी तथा पानीका मुहानलाई दिगो बनाउन वृक्षारोपण गर्ने ।

- लिफ्ट सिंचाइलाई प्रवर्द्धन गर्ने ।

### ५.५.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १. | थोपा सिंचाइ कार्यक्रम | २०८१/८२-२०८३/८४ | १००० | |
| २. | भम्कारोडा खोला देखि कौली हुदै कुम्तडी सम्म सिचाई कुलो निर्माण | २०८१/८२-२०८३/८४ | १५०० | |
| ३. | लिउडे खोला विरत्वा हुदै भतडाकतुजे सम्म सिचाई कुलो निर्माण | २०८१/८२-२०८३/८४ | ५००० | |
| ४. | किमत्वलो पोखरी निर्माण साथै पोखरी मुहान देखि सिचाई नहर र पोकारी बाट किम्तोला, भुलगाउँ, कार्कीगाउँ र भण्डारी गाउँ सम्म सिचाई कुलो निर्माण | २०८१/८२-२०८३/८४ | २३०० | |
| ५. | पन्गाड खोला देखि वास गोराङ सम्म सिचाई कुलो निर्माण | २०८१/८२-२०८३/८४ | १००० | |
| ६. | दह सिचाई पोखरी निर्माण | २०८१/८२-२०८३/८४ | ५००० | |
| ७. | कुलमाई सिचाई पोखरी निर्माण | २०८१/८२-२०८३/८४ | २३०० | |
| ८. | करकल दुंगा सिचाई पोखरी निर्माण | २०८१/८२-२०८३/८४ | १००० | |
| ९. | ढण दल्लाड सिचाई टंकी निर्माण | २०८१/८२-२०८३/८४ | २३०० | |
| १०. | पौडा सिचाई योजना ढिकगाड | २०८१/८२-२०८३/८४ | ५००० | |
| ११. | धमाली, भटसेरा, सिमलकोट सिचाई योजना | २०८१/८२-२०८३/८४ | १००० | |

### ५.५.५ अपेक्षित उपलब्धि

कृषि योग्य भूमिमा बाह्रै महिना सिंचाई प्रबन्ध रहेको हुनेछ । सिंचाईका आधुनिक प्रविधि प्लाष्टिक पोखरी थोपा सिंचाई आकाशे पानी संकलनको विकास एवं विस्तार भएको हुनेछ । साना सिंचाई योजना निर्माण र विस्तारमा कृषक सहकारी निजी क्षेत्रसँग साझेदारी भएको संघीय सरकार प्रदेश सरकार सँग मझौला तथा ठूला सिंचाई आयोजना कार्यान्वयनका लागि समपूरक लगानी भएको बैकल्पिक ऊर्जाको माध्यमबाट लिफ्ट सिंचाई आयोजना सञ्चालन भएको हुनेछ ।

### ५.५.६ जोखिम तथा अनुमान पक्ष

कृषियोग्य भूमिमा सिंचाइ सुविधा उपलब्ध भई उत्पादन वृद्धि हुने, जलाधार क्षेत्रको पहिचान, प्रयोग र संरक्षण भएको हुने, मानवजन्य जलाशय निर्माण भएको हुने, आलोपालो प्रणाली मार्फत सिंचाइको समानुपातिक सुविधा पुगेको हुने, जलवायु अनुकुल उत्पादन र सिंचाइ प्रणाली प्रयोगमा आएको हुनेछ । उल्लेखित कार्यक्रम प्राथमिकताका साथ सञ्चालन

गर्न नसकिएमा पानीको प्राकृतिक श्रोतको संरक्षण नहुने, परम्परागत र आधुनिक नहरको नियमित मर्मत संभार नहुने र कृषियोग्य भूमि बाँझो रहने जोखिम बढी, अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

## ५.६ लघु जलविद्युत तथा ऊर्जा

दोगडाकेदार गाउँपालिकालाई प्राप्त हुने अनुदान तथा आन्तरिक आम्दानीको अवस्थालाई विश्लेषण गर्दा जल विद्युतमा लगानी गर्न सक्ने देखिदैन । संघ, प्रदेश र निजी क्षेत्रसंगको सहकार्य तथा सहलगानीमा लघु जलिवद्युत आयोजना संचालन गर्न सकिने संभावना चाहिं रहेको छ । संभाव्यताको आधारमा लघु जल विद्युतको विकासमा गाउँपालिकाले प्राथमिकता दिनु पर्ने देखिन्छ । आर्थिक तथा सामाजिक विकासका लागि ऊर्जाको भरपर्दो तथा आवश्यकता अनुसारको उपलब्धता हुनुपर्दछ । ऊर्जाको पर्याप्त उपलब्धता बाट मात्र औद्योगिकीकरण व्यवसायीकरणमा सहजता आउने हुन्छ । महिलाको जीवनस्तरमा सुधार बालबालिकाको पठनपाठनमा सुधार एवं स्वस्थ वातावरण बनाउन पनि ऊर्जाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । जलविद्युतको उत्पादन प्रसारण तथा खपतको कार्यले स्थानीय रोजगारी सिर्जना, बचत, लगानी र उद्यमशीलता प्रवद्र्धनमा योगदान पुर्याउने हुँदा जलविद्युतमा लगानी र सहकार्यका कार्यक्रम तर्जुमामा गाउँपालिकाले योजना तथा कार्यक्रम तर्जुमा गर्नु पर्ने आवश्यकता रहेको छ ।

### ५.६.१ समस्या तथा चुनौती

गाउँपालिका सबै वडामा विद्युत विस्तार गर्नु, स्थानीय खोला खोल्साबाट उत्पादन भएको मझौला हाइड्रो प्रति समुदायको आर्कषण क्रमशः कम हुदै जानु, खलगाड र भास्कर खोलाबाट विद्युत उत्पादनको संभावना भएपनि नीजि लगानीकर्ताको प्राथमिकतामा नपर्नु, खाना पकाउने इन्धनको श्रोतको परम्परागत श्रोतको रुपमा दाउराको प्रयोगले गर्दा वन पैदावरमा अत्याधिक चाप पर्नु, बैकल्पिक ऊर्जा प्रवद्र्धन केन्द्रसँग नवीकरणीय ऊर्जा प्रवद्र्धनका लागि समझदारी भए पनि कार्यप्रगति श्रोत सन्तोषजनक नहुनु जस्ता समस्या र चुनौती रहेका छन् ।

### ५.६.२ उद्देश्य

- हरित ऊर्जाको उत्पादन तथा उपयोग बढाउनु
- उत्पादित विद्युतीय ऊर्जाको वहुआयामिक उपयोग गर्नु
- विद्युत व्यवस्थापनलाई दिगो र भरपर्दो बनाउनु ।

### ५.६.३ रणनीति

- जलविद्युत कम्पनीलाई लाइसेन्स जारी गर्न आवश्यक सिफारिश तथा सहजीकरण गर्ने ।
- सार्वजनिक — निजी साझेदारी लगानीको वातावरण बनाउने ।
- प्रसारण लाइनलाई दिगो बनाउन संघीय सरकार तथा प्रदेश सरकारसँग समन्वय गर्ने
- प्राविधिक तथा आर्थिक हिसाबले आकर्षक जलविद्युत् आयोजना पहिचान र विकास गरी ऊर्जा सुरक्षामा योगदान पुर्याउनु र ग्रामीण दिगो अर्थतन्त्रको आधारशीला तयार गर्ने ।

### ५.६.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | वडा नं. १ रिमको सम्पूर्ण वडा हरुमा(साविक वडाहरु) विधुत लाइन विस्तार साथै थ्री प्रेस लाइन विस्तार | २०८१/८२-२०८३/८४ | ४००० | |
| २ | महारुद्र मन्दिर, कलालिङ्ग मन्दिर, लटिनाथ मन्दिर, गलिनाथ मन्दिर, भूमिराज मन्दिर, वेताल मन्दिर हरुमा सोलारका लागि वजेट माग गर्ने | २०८१/८२-२०८३/८४ | ३००० | |
| ३ | चनैराज मन्दिर ढिकगाड सोलार बत्ति जडान योजना | २०८१/८२-२०८३/८४ | २०००० | |
| ४ | चनैराज मन्दिर पातल सोलार बत्ति जडान योजना | २०८१/८२-२०८३/८४ | ९०० | |
| ५ | ढिकगाड लघु जलविधुत आयोजना निर्माण | २०८१/८२-२०८३/८४ | ३००० | |
| ६ | प्रत्येक टोलमा राष्ट्रिय प्रसारण लाइन वितरण | २०८१/८२-२०८३/८४ | ४००० | |
| ७ | प्रत्येक टोलमा सोलार बत्ती जडान | २०८१/८२-२०८३/८४ | ३००० | |
| ८ | लघु जलविद्युतको मर्मत र निर्माण | २०८१/८२-२०८३/८४ | २०००० | |
| ९ | पर्यटक जाने मन्दिरहरुमा सोलार बत्ती जडान | २०८१/८२-२०८३/८४ | ९०० | |

### ५.६.५ अपेक्षित उपलब्धि

व्यवस्थित बस्ती विकासको लागि नीति तथा कानून तर्जुमा भएको हुने, छरिएर रहेको बसोवासलाई व्यवस्थित गर्न पूर्वाधार सहित नमूना एकीकृत बस्ती विकास भएको हुनेछ । सुरक्षित बस्ती विकासका लागि आधारभूत पूर्वाधारको निर्माण भएको हुने साथै सार्वजनिक भवन तथा आवास व्यवस्थापन संस्थागत भएको हुनेछ ।

### ५.६.६ जोखिम तथा अनुमान पक्ष

विद्युत प्रसारणको लागि जग्गा प्राप्ति, सहज साइट क्लियरेन्स, विद्युतीय सवारी साधन र सामाग्रीको प्रयोगमा वृद्धि, निजी क्षेत्रको संलग्नतामा वैकल्पिक उर्जाको विकास र विस्तार, विद्युत चोरी नियन्त्रण, सार्वजनिक स्थलमा सौर्य उर्जाको प्रयोग गरी विद्युतीकरण गरिएमा अपेक्षित उपलब्धि हासिल हुन्छ । तर उल्लेखित क्रियाकलाप सञ्चालन गर्न नसकिएमा उद्देश्य हासिल नहुने जोखिम रहन्छ ।

## ५.७ भवन निर्माण

सामाजिक तथा आर्थिक विकासको लागि भवन निर्माण क्षेत्रको महत्वपूर्ण योगदान रहेको हुन्छ । विपदबाट जोगिन तथा स्वस्थ जीवनका निमित्त सुरक्षित एवं भौगोलिक अवस्थिति अनुकूलको भवन निर्माण तथा उपयोग सबै नागरिकको संवैधानिक अधिकारको रूपमा रहेको छ । गाउँपालिका भित्र भवन निर्माणलाई सुरक्षित बनाउन भवनसंहिताको

पालनालाई प्रभावकारी बनाउँदै लैजान नीति गत, कार्यक्रमगत तथा जनचेतनामूलक कार्यक्रम संचालनमा जोड दिनु पर्ने देखिन्छ ।

### ५.७.१ समस्या तथा चुनौती

ग्रामीण क्षेत्रमा परम्परागत घर निर्माणको वाहुल्यता रहनु, भवन आचारसंहिता पूर्णरुपमा कार्यान्वयन नहुनु, भवन निर्माण मापदण्डमा एकरुपकता नहुनु र छोटो समयमा नै मापदण्ड परिवर्तन भैरहनु, ईन्जिनियरको सुपरीवेक्षणबिना भवन निर्माण हुनु, भवन निर्माण गर्ने कामदार तथा प्राविधिकको क्षमतातथा दक्षता वृद्धि हुन नसक्नु, गरिबी, कानुनको न्यून जानकारी, सार्वजनिक निकायको उदासिनता कारणले सार्वजनिक तथा निजी भवन मापदण्ड अनुसार बन्नन सक्नु यस क्षेत्रका समस्या तथा चुनौतीहरू हुन् ।

### ५.७.२ उद्देश्य

- भवन निर्माण मापदण्डको महत्व र आवश्यक्ता वारेमा सर्बसाधारणलाई सचेत गराउनु
- सार्वजनिक तथा निजीभवन निर्माणबाट विपद्को सामना गर्ने तथा वातावरण अनुकूल बनाउनु
- स्थानीय सिप कौशल क्षमता अनुभवलाई मापदण्डमा आधारित वनाई स्रोत तथा साधनको परिचालन र उपयोग बढाउनु

### ५.७.३ रणनीति

- आवास नभएका विपन्न तथा लक्षित समूहका लागि सुरक्षित तथा किफायती आवासको व्यवस्था गर्न सहजीकरण गर्ने
- स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित, बलिया र किफायती भवनहरू निर्माण गर्नु ।
- सार्वजनिक निकायका लागि आवश्यक पर्ने भवन वहुउपयोगी र वुहउद्देश्यीय हुने गरी सुरक्षित तथा वातावरण मैत्री हुने गरी डिजाइनिङ्, इञ्जिनियरिङ तथा निर्माण गर्ने ।
- भवन डिजाइन, निर्माण तथा सुपरीवेक्षणका कार्यमा संलग्न जनशक्तिको क्षमता विकास गर्ने ।

### ५.७.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | भवन संहितासम्बन्धी नीति तथा कानुन निर्माण र कार्यान्वयन | २०८१/८२-२०८३/८४ | १०० | ० |
| २ | निजी क्षेत्रसँग समन्वय गरी स्थानीय तह स्तरिय नमूना भवन मोडल विकास गर्ने | २०८१/८२-२०८३/८४ | १५० | ० |
| ३ | सुरक्षित र किफायती निजी भवन निर्माण गर्न घर निर्माणको बेला प्राविधिक कगउभचखष्कष्यल सहयोग | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ४ | सुरक्षित, किफायती, वातावरणमैत्री र पहिचानयुक्त | २०८१/८२-२०८३/८४ | १०० | ० |

| | | | | |
|---|---|---|---|---|
| | भवन निर्माणको लागि चेतनामूलक कार्यक्रम | | | |
| ५ | भवन निर्माणमा काम गर्ने जनशक्तिको क्षमता विकास कार्यक्रम | २०८१/८२-२०८३/८४ | ५०० | ० |
| ६ | भवन निर्माणमा स्थानीय सामग्रीको प्रयोग वृद्धि गर्न प्रोत्साहन कार्यक्रम | २०८१/८२-२०८३/८४ | १५० | ० |
| ७ | सरकारी भवन मर्मत संभार तथा निर्माण संरचनागत सुधार | २०८१/८२-२०८३/८४ | ५०० | ० |

### ५.७.५ अपेक्षित उपलब्धि

सार्वजनिक सेवा प्रवाहका लागि एकीकृत सुरक्षित सुविधा सम्पन्न प्रशासनिक भवन निर्माण भएको हुनेछ । वडा कार्यालय व्यवस्थित तथा सुविधाजनक रूपमा सञ्चालन गर्न वडा केन्द्रमा वडा प्रशासनिक भवन निर्माण भएको हुनेछ । भवन निर्माणका लागि निश्चित मापदण्ड कार्यान्वयन भएको हुनेछ ।

### ५.७.६ जोखिम तथा अनुमान पक्ष

अव्यवस्थित, असुरक्षित तथा जोखिमयुक्त अवस्थामा रहेका घरपरिवारलाई व्यवस्थित, सुविधा सम्पन्न, वातावरण मैत्री तथा सुरक्षित आवास सुनिश्चित गर्न दीर्घकालीन योजना निर्माण गर्न नसकिएमा संविधान प्रदत्त सुरक्षित आवासको हक तथा दिगो विकासको  लक्ष्य कार्यान्वयन दुवै जोखिममा पर्ने संभावना रहन्छ ।

## ५.८ वैकल्पीक (नविकरणीय ऊर्जा)

पृथ्वीको गर्भमा रहेको खनिज उर्जाको भण्डारण सकिदै जाँदा विश्वभर प्रयोग हुने दुई तिहाई बढीको व्यापारिक उर्जाको स्रोतको विकल्प बारे संसारभर अध्ययन, अनुसन्धान र उत्पादन भैरहेका छन् । त्यो सँगै नवीकरणीय उर्जालाई थप प्रतिस्पर्धी र ग्रीड इन्टर्याक्टिभ वनाउन व्याट्री स्टोरेज प्रविधिको घट्दो मूल्यले पनि सहयोग गरिरहेको छ । यसवाट दुर्गम क्षेत्रमा रहेका राष्ट्रिय प्रसारणभन्दा बाहिरका गाउँहरूमा विद्युतीकरणको दीर्घकालीन समाधान भएका छन् । विद्युत उत्पादन बाहेक वायो ग्याँस, वायोमास, वायोइन्धन जस्ता क्षेत्रमा पछिल्ला वर्षहरूमा भएका अध्ययनले निकै उर्जा दक्ष र प्रयोगकर्ता मैत्री प्रविधिहरू विकास भैरहेका छन् । दिगो विकास लक्ष्य (२०१५—२०३०) तथा नेपालको संविधानले पनि नवीकरणीय उर्जाको विकास गरी आधारभूत आवश्यकता परिपूर्ति गर्नका लागि सुपथ र सुलभ रुपमा भरपर्दो उर्जाको आपूर्ति गर्ने नीति अङ्गीकार गरेको छ । राष्ट्रिय प्रसारण लाइन पुर्याउन सम्भाव्यता नभएका तथा छरिएर रहेका बस्तिहरूमा आधुनिक उर्जाको पहुँच पुर्याउन, शहरी क्षेत्रमा बढ्दो उर्जा मागको व्यवस्थापन गर्न र परम्परागत तथा आयातित उर्जा माथिको निर्भरतालाई कमगर्न विभिन्न किसिमका नवीकरणीय उर्जाको प्रवद्र्धन, विकास तथा दिगो व्यवस्थापन गरी यस क्षेत्रलाई मूल प्रवाहमा ल्याउन जरुरी छ।नवीकरणीय उर्जा क्षेत्रमा नेपालमा भैरहेका कार्यहरूमा लघु जलविद्युत, सुधारिएको पानी घट्ट, सौर्य उर्जा, वायुउर्जा, सुधारिएको चुलो, सौर्य कुकर, विद्युतीय चुलो र बायोग्याँस आदि रहेका छन् ।

### ५.८.१ समस्या तथा चुनौती

उपभोक्ता समेतको सहभागिता सहलगानीका क्षेत्रमा साझेदारी गरी उत्पादित ऊर्जालाई वितरण तथा दिगो रूपमा उपयोग एवं व्यवस्थापन गर्ने र उद्यमशीलता तथा रोजगारीका अवसर बढाउन कृषि तथा पशुपालनका लागि सहुलियत दरमा ऊर्जा उपलब्ध गराउने तथा वैकल्पिक ऊर्जा विकासमा निजी क्षेत्रको लगानी अपेक्षाकृत रुपमा आकर्षित हुन नसक्नु, स्थानीय तहमा वैकल्पिक ऊर्जाको प्रवद्र्धन, विकास र व्यवस्थापन दक्षता उपलब्ध नहुन जस्ता समस्या तथा चुनौती रहेका छन् ।

### ५.८.२ उद्देश्य

- नवीकरणीय उर्जाको माध्यमबाट ग्रामीण विद्युतीकरण र उद्योग सञ्चालन गरी रोजगार सिर्जना गर्नु
- फोहर व्यवस्थापन तथा ऊर्जा उत्पादनलाई एकीकृत कार्यक्रमका रूपमा विकास गर्नु
- बैकल्पिक ऊर्जालाई महत्त्वपूर्ण ऊर्जाको आधारका रूपमा विकास गर्नु
- रोजगारीका अवसरका साथै ऊर्जाको वहुआयामिक उपयोगतर्फ केन्द्रित गर्नु

### ५.८.३ रणनीति

- बस्तीबाट उत्सर्जन हुने फोहरलाई ऊर्जामा परिणत गर्न संघीय सरकार तथा प्रदेश सरकारबाट समपूरक तथा विशेष अनुदान प्राप्त गर्ने ।
- दैनिक गार्हस्थकार्य तथा साना तथा घरेलु उद्यममा ऊर्जाको उपयोग बढाउन माग र आपूर्तिको सन्तुलन मिलाउने ।
- अतिरिक्त ऊर्जा शक्ति राष्ट्रिय विद्युत प्रसारण लाइनमा जोड्ने ।
- कृषि, पशुपालन, सिँचाई, पर्यटन, औद्योगिक प्रयोजनका लागि ऊर्जाको उपयोग बढाउने ।

### ५.८.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | नवीकरणीय उर्जा सम्बन्धी नीति तर्जुमा | २०८१/८२-२०८३/८४ | ५० | ० |
| २ | सौर्य तथा बायुऊर्जा उत्पादन गर्ने सकिने ठाउँ पहिचान तथा सम्भाव्यता अध्ययन | २०८१/८२-२०८३/८४ | २५० | ० |
| ३ | बिद्युत नपुगेका र तत्काल वितरण लाईन पुर्याउँन सम्भब नरहेका घरहरूमा सौर्य ऊर्जा जडान | २०८१/८२-२०८३/८४ | ५०० | ० |
| ४ | लघु जलविद्युत निर्माण,मर्मतसम्भार तथा स्तरन्नोति गरि सञ्चालनमा ल्याउने | २०८१/८२-२०८३/८४ | ८०० | ० |
| ५ | नवीकरणीय ऊर्जामा आधारित रहेर सञ्चालित घरेलु उद्योग र पर्यटन व्यवसायलाई आवश्यकताका आधारमा सौर्य ऊर्जा प्रयोगको लागि प्रोत्साहन | २०८१/८२-२०८३/८४ | १०० | ० |

| | | | | |
|---|---|---|---|---|
| ६ | लिफ्ट सिंचाई आवश्यकता रहेका ठाउँमा सौर्य ऊर्जा प्रयोगको लागि प्रोत्साहन | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ७ | लिफ्ट खानेपानी आयोजना आवश्यकताका रहेका ठाउँमा सौर्य ऊर्जा प्रयोगको लागि प्रोत्साहन | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ८ | विद्युतीय चुलो प्रयोग प्रवद्र्धन (परिवार) | २०८१/८२-२०८३/८४ | २०० | ० |
| ९ | सुधारिएको चुलो प्रवद्र्धन सहयोग कार्यक्रम | २०८१/८२-२०८३/८४ | २०० | ० |

### ५.८.५ अपेक्षित उपलब्धि

बैकल्पिक ऊर्जा जडानका लागि बैकल्पिक ऊर्जा केन्द्रसँग सहकार्य स्थापित भएको हुनेछ । संघीय सरकार तथा प्रदेश सरकारले विद्युतीकरण कार्यक्रममा प्राथमिकता दिएको हुँदा सह लगानी तथा साझेदारी कार्य भएको हुनेछ । बैकल्पिक ऊर्जा जडान तथा विस्तारबाट समुदाय तथा सामुदायिक विद्यालय लाभान्वित भएका हुनेछन् ।

### ५.८.६ जोखिम तथा अनुमान पक्ष

विद्युत प्रसारणको लागि जग्गा प्रासि, सहज साइट क्लियरेन्स, विद्युतीय सवारी साधन र सामाग्रीको प्रयोगमा वृद्धि, निजी क्षेत्रको संलग्नतामा वैकल्पिक उर्जाको विकास र विस्तार, विद्युत चोरी नियन्त्रण, सार्वजनिक स्थलमा सौर्य उर्जाको प्रयोग गरी विद्युतीकरण गरिएमा अपेक्षित उपलब्धि हासिल हुन्छ । तर उल्लेखित क्रियाकलाप सञ्चालन गर्न नसकिएमा उद्देश्य हासिल नहुने जोखिम रहन्छ ।

## ५.९ सूचना तथा संचार

नेपालको संविधानले पूर्ण प्रेस स्वतन्त्रता, प्रकाशन तथा प्रसारण स्वतन्त्रता, सञ्चार एवं सूचनाको हकलाई मौलिक हकको रुपमा उल्लेख गरेको छ । एक्काइसौं शताब्दीको विकासको आधार स्तम्भको रूपमा सूचना तथा प्रविधि क्षेत्र रहेको छ । आर्टिफिसियल इन्टेलीजेन्सको विकास र विस्तार ले एकातिर मानव जीवनमा अमुल्य सहयोग पुर्याएको भने अर्का तर्फ मानवको रोजीरोटी माथि धावा बोलिरहेको छ । सूचना तथा सञ्चार को निरन्तर अनुसन्धान विकास विस्तारले विश्वलाई एकाकार मात्र बनाएको छैन यसबाट हुने लाभ र हानी संसार मा तुरून्तै फैलिरहेका छन् । संक्रमण रोगका शेविस्तार यसको सानो उदाहरण हो । औषधि उपचार को विकास र प्रयोग क्षणभरमा संसारमा प्रयोग सिद्धभएको छ । प्रविधिको विकासले मानव जीवनजति सहज बन्दै गएको छ त्यतिनै झनै जोखिमपूर्ण पनि बन्दै गएको छ । सूचना तथा प्रविधिमा हुने सानो तिनो रोकावट तथा अवरोध बाट दैनिक जीवन ठप्प हुने अवस्था सिर्जना हुँदै गएको छ । यसर्थ गाउँपालिकाको विकास र समृद्धिमा सूचना प्रविधिको प्रयोगमा जोड दिनु आवश्यक देखिन्छ ।

### ५.९.१ समस्या तथा चुनौती

स्थानीय तहसम्म इन्टरनेट सेवा र अन्य सञ्चारका माध्यमको उपलव्धता नहुनु र उपलव्ध सञ्चार माध्यमहरू समेत शहर केन्द्रित हुनु, सञ्चार संस्थाहरूको संख्यात्मकसँगै गुणात्मक विकास हुन नसक्नु, कृषि तथा पशुपालन उद्योग व्यवसाय, अध्ययन अध्यापन, स्वास्थ्य उपचार जस्ता दैनिक जीवन लगायतका हरेक पक्षमा सूचना तथा सञ्चारको सही सदुपयोग तथा सस्तो तथा भरपर्दो बनाउनु, सार्वजनिक क्षेत्रमा भएको न्यून सेवा सुविधाका कारण उम्दाजनशक्तिलाई सेवामा प्रवेश गराउनु, उत्प्रेरित गराई सेवामा टिकाइ राखु आदि यस क्षेत्रका समस्या तथा चुनौती रहेका छन् ।

### ५.९.२ उद्देश्य

- सार्वजनिक सेवा र कार्य तथा उद्यमशीलतामा सूचना प्रविधिको अधिकतम उपयोग बढाउँदै आर्थिक सामाजिक समृद्धि र सामाजिक न्यायको विकास गर्ने
- सूचना प्रविधिको व्यवसायलाई सुरक्षित भरपर्दो र आकर्षक वनाउने ।

### ५.९.३ रणनीति

- सूचना र सञ्चार क्षेत्रको विकासको लागि नीतिगत र कानूनी पूर्वाधार तयार गर्ने
- सूचना प्रविधिको अनुसन्धान, विकास र उपयोगमा गाउँपालिका तथा निजी क्षेत्रको सहभागिता बढाउँदै आर्थिक, सामाजिक र साँस्कृतिक क्षेत्रको विकास गर्ने ।
- सुरक्षित एव भरपर्दो सरकारी तथ्याङ्कको विकास गर्ने ।
- सार्वजनिक सेवा प्रवाह तथा विकास निर्माणमा अधिकतमरूपमा सूचना प्रविधिको उपयोग बढाई लागत, समय, गुणस्तर, विश्वासनीयता र पारदर्शिताको प्रवद्र्धन गर्ने ।
- सूचना प्रविधिमा आधारित रोजगारीको बृद्धि गर्ने ।
- सामाजिक न्याय तथा सांस्कृतिक कुरीति न्यूनीकरणमा सूचना तथा प्रविधिको विकास र उपयोगमा समाजका सबै वर्ग तथा क्षेत्रलाई सहभागी गराउने ।

### ५.९.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | सार्वजनिक स्थानमा सि सि टीभी जडान कार्यक्रम | २०८१/८२-२०८३/८४ | ६०० | ० |
| २ | डकुमेन्ट्री निर्माण | २०८१/८२-२०८३/८४ | १५०० | ० |
| ३ | टेलीफोन टावरहरु निर्माण | २०८१/८२-२०८३/८४ | १००० | ० |
| ४ | वडा भवनहरुमा वाइफाइ जडान तथा स्तरोन्ती | २०८१/८२-२०८३/८४ | ४००० | १०० |

### ५.९.५ अपेक्षित उपलब्धि

सार्वजनिक निकायमा नियमित रूपमा सूचना वर्गीकरण गरी उपयुक्त सूचना सार्वजनिक गर्दै पारदर्शिता अवलम्बन भएको हुनेछ। योजना अवधिमा प्रत्येक घरधुरीमा मोबाइल फोनको सुविधा प्रयोग गर्न सक्ने गरी भरपर्दो मोबाइल नेटवर्क सेवा र इन्टरनेट सेवा पुगेको हुनेछ। संघीय तथा प्रदेश सरकारको सहयोगमा सबै वडा केन्द्रमा अप्टिकल फाइबर सञ्जाल पुगेको, सूचना प्रविधिको विकास तथा विस्तारको लागि गैरसरकारी क्षेत्रको सहकार्यमा विभिन्न प्रकारका प्रविधि मेला सञ्चालन भएको, सार्वजनिक तथा निजी सञ्चार माध्यमबाट सांस्कृतिक मूल्य—मान्यता संरक्षण तथा सामाजिक सदभाव अभिवृद्धि भएको र सूचना तथा प्रविधिको माध्यमबाट सार्वजनिक सेवा तथा कार्य व्यवस्थितरूपमा सञ्चालन भएको हुनेछ।

### ५.९.६ जोखिम पक्ष तथा अनुमान

सूचना तथा सञ्चारका क्षेत्रमा भित्रिएका नवीनतम प्रविधिको प्रयोग गर्न सार्वजनिक र निजी सेवा प्रदायकबीच सहकार्य हुने, लक्षित वर्गका सञ्चार सेवाको पहुँच विस्तार कार्यक्रम केन्द्रित हुने, गाउँपालिकाको वेबसाइट निरन्तर

अद्यावधिक गरी सार्वजनिक सूचनामा पहुँच बढाउने, सञ्चारका माध्यमबाट प्रकाशन र प्रशारण हुने सामाग्रीको गुणस्तरीय विकासको लागि क्षमता अभिवृद्धि गर्ने जस्ता कार्य गरिएमा अपेक्षित उपलब्धि हासिल हुने संभावना रहन्छ । आयोजना–कार्यक्रमलाई प्राथमिकीकरण तथा श्रोतसाधनको उचित विनियोजन गर्न नसकिएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

# परिच्छेद – ६ : वन, वातावरण तथा बिपद् व्यवस्थापन

## ६.१ वन तथा वातावरण

यस गाउँपलिकामा वन जंगलको अवस्था राम्रो देखिन्छ । गउँपालिकाको कूल भूभाग ११८३६९४. हेक्टर मध्ये करिब १०५००.८४ हेक्टर अर्थात करिब ८.८७ प्रतिशत हिस्सा वन जंगलले ओगटेको छ । त्यसै गरि ३३२०५.०५ हेक्टर भु-भाग घाँसे मैदान, ५१९६२.६७ हेक्टर हिउँ तथा हिमनदीले ओगटेको क्षेत्र , १११.७८ नदी खोला र ताल क्षेत्र क्षेत्र रहेको देखिन्छ भने खेतीयोग्य जमिनको हिस्सा २६५४.१हेक्टर मात्र रहेको देखिन्छ । अरु वालुवा क्षेत्र, ताल तलैया, हिमनदी र चट्टान क्षेत्र एकदमै कम रहेको देखिन्छ ।

यहाँ मुख्य गरी सल्ला, बाँझ, उतिस, चिलाउने, कटुस, वर, पीपल जातका प्रजातिहरू पाइन्छ । यसैगरी कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा आदि तथा घस्रने जीवहरूमा, हरेउ, सुनगोहोरो, छेपारो, भित्ती, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि जातका चराचुरुङ्गीहरू पाइन्छन् । यहाँका जंगलहरू बस्तीदेखि कुनै नजिकै त कुनै टाढा, अपायक स्थानमा घना र उत्तम छन् भने बस्ती नजिक रहेका वन क्षेत्रहरू विगतमा विनाशको क्रममा रहेतापनि हाल क्रमशः सुधारको क्रममा छन् ।

भूउपयोगको दृष्टिकोणले नदी तथा ताल क्षेत्रले जैविक विविधताको संरक्षणमा निकै महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । गाउँक्षेत्रमा रहेको चौलानी नदि, भण्डारी गाड, कन्सना गाड, उस खोला, ढिक गाड, मौभेरी गाड लगायतका खोला तथा अन्य साना खोल्सा आदिले यस क्षेत्रको जैविक विविधताको संरक्षणमा निकै ठुलो योगदान पुऱ्याएका छन् ।

### ६.१.१ समस्या तथा चुनौती

अवैज्ञानिक सडक पूर्वाधार निर्माणको क्रममा भूक्षय तथा पहिरोको जोखिम बड्दै रहेको छ । वातावरण संरक्षण सम्बन्धी जनचेतनाको कमी, चुरेक्षेत्रको भू संवेदनशीलता तथा वनसंरक्षणमा पर्याप्त कार्यक्रमको कमी, खाना पकाउन इन्धनको रुपमा वनजङ्गलमा आश्रित रहनु, जलाधार क्षेत्रको कमजोर व्यवस्थापन, प्लाष्टिक र शिशाजन्य फोहोर मैलाको उचित व्यवस्थापन नहुँदा माटो प्रदुषण र अन्य वातावरणीय ह्रास बढ्दै जानु, रसायनिक मल तथा बिषादीको असन्तुलित प्रयोगको कारण पर्यावरणीय र मानवीय स्वस्थ्यमा नकारात्मक प्रभाव देखा पर्नु, जलवायु परिवर्तनको नकारात्मक असर बढ्दै जानु आदि यस क्षेत्रका प्रमुख समस्या र चुनौती हुन ।

### ६.१.२ उद्देश्य

- दिगो विकासको लक्ष्य हासिल गर्न विकास र वातावरणका बीचमा सन्तुलन स्थापित गर्नु ।
- जलवायु माटोपानी बोटविरूवा पशुपन्छी जस्ता प्राकृतिक स्रोतको संरक्षण उपयोग र सम्बर्द्धन गर्नु ।
- हरित विकासको अभ्यास तथा जल वायुपरिवर्तन अनुकूलित गराउनु ।

### ६.१.३ रणनीति

- दिगो बस्ती विकास तथा भौतिक पूर्वाधार निर्माणका लागि नीति गत कानुनी संरचनागत संस्थागत प्रविधिगत आधार निर्माण गर्ने

- प्रदूषण नियन्त्रणका लागि संस्थागत क्षमता अभिवृद्धि गरी जनचेतना शैक्षिक जागरण र नीतिगत प्रबन्ध एवं कार्यान्वयनमा व्यापक ताल्याउने ।
- जलवायु परिवर्तनको असर घटाउन वा बढ्न नदिन प्राकृतिक स्रोतको परिमाणस्थानमा सन्तुलन नबिगारी उपयोग गर्ने ।
- वातावणीय मूल्याङ्कनका प्रणाली तथा पद्धतिको सरलीकरण गर्दै यसको कार्यान्वयनमा व्यापकता ल्याउने ।
- वातावरणको संरक्षण विपद् न्यूनीकरण र दिगो विकासका लागि प्राकृतिक स्रोत माथिको निर्भरता र अत्यधिक दोहनता घटाउने ।
- जनस्तरमा वातावरणीय चेतना र सावधानी जगाउने कार्यक्रम सञ्चालन गर्ने ।
- वातावरण र जलवायु परिवर्तनका क्रियाकलापमा सार्वजनिक निकाय गैरसरकारी संस्थाका बीचमा समन्वय र साझेदारी र सहलगानी गर्ने ।
- वातावरणमैत्री योजना अनुरूप योजना तर्जुमा तथा कार्यान्वयनमा अन्तरनिकाय समन्वयलाई सुदृढ गर्ने ।
- हरित अर्थतन्त्रको विकास सम्बन्धी कार्यक्रमलाई आर्थिक क्रियाकलापका सबै क्षेत्रमा आन्तरिकीकरण गर्ने ।
- वातावरणमैत्री तथा जलवायु परिवर्तन अनुकूल नहुने खालका पूर्वाधार विकासमा जोड दिइने ।

## ६.१.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी निर्देशिका तयार गर्ने | २०८१/८२-२०८३/८४ | ५० | ० |
| २ | जलवायु परिवर्तनका जोखिम न्यूनीकरण मापदण्ड निर्माण | २०८१/८२-२०८३/८४ | ३० | ० |
| ३ | वातावरणमा प्रभाव पार्नसक्ने आयोजना सञ्चालन पूर्व सरोकारवाला निकायसँग छलफल | २०८१/८२-२०८३/८४ | १० | ० |
| ४ | माध्यामिक तहका विद्यालयमा वातावरण शिक्षा तथा प्रचारप्रसारका लागि सहजीकरण | २०८१/८२-२०८३/८४ | १० | ० |
| ५ | वन तथा झाडीबुट्यान क्षेत्रको संरक्षण एंव व्यवस्थापन गर्ने | २०८१/८२-२०८३/८४ | ५० | ० |
| ६ | महत्वपूर्ण तथा संवेदनशील क्षेत्रलाई वातावरण संरक्षण क्षेत्र कायम गरी संरक्षण गर्ने । | २०८१/८२-२०८३/८४ | १० | ० |
| ७ | घरायसी फोहोर तथा जैविक फोहोरलाई मलमा रुपान्तरण गर्न निजी क्षेत्रलाई प्रोत्साहन | २०८१/८२-२०८३/८४ | ० | ० |
| ८ | जलबायु परिवर्तनमा मानवीय हस्तक्षेपको प्रभाव मूल्याङ्कन गर्ने । | २०८१/८२-२०८३/८४ | १०० | ० |

| | | | | |
|---|---|---|---|---|
| ९ | सिमसार क्षेत्रहरूको व्यवस्थापन कार्ययोजना बनाई कार्यान्वयन गर्ने | २०८१/८२-२०८३/८४ | १०० | ० |
| १० | जलवायुमैत्री खेती प्रणालीको विकास तथा जलबायु परिवर्तन अनुकुलन सम्बन्धी तालिम सञ्चालन गर्ने | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ११ | जलवायु परिवर्तन अनुकूलन हुने खालका पूर्वाधार विकास उत्प्रेरणा कार्यक्रम सञ्चालन | २०८१/८२-२०८३/८४ | १०० | ० |

### ६.१.५ अपेक्षित उपलब्धि

वातावरण संरक्षण तथा विकासका बीचमा सन्तुलन स्थापित गर्ने व्यवहारको विस्तार भएको हुने प्राङ्गारिक खाद्यान्न तथा विषादीको उत्पादन तर्फ कृषक अग्रसर रहने दिगो विकासका लक्ष्य अनुरूपका क्रियाकलापको अपेक्षित उपलब्धिको प्राप्ति भएको हुने जलवायु परिवर्तनको जोखिम न्यूनीकरण, अनुकूलन र समयानुकूलन कायम भएको, जलवायु वित्तको खाका तयार भएको हुनेछ । जनस्तरमा वातावरण संरक्षण जलवायु परिवर्तन एवं अनुकूलनका विषयमा व्यापक जनचेतना शैक्षिक जागरण व्यवहारमा परिवर्तनका विषय प्रभावकारी भएको प्लाष्टिकजन्य झोला प्याकिङ्ग किचन सामग्री उपभोगमा उल्लेख्य दुरूत्साहन भएको हुनेछ । माटो जल जमिन जंगल वायु जलचर थलचर लगायतका प्राकृतिक स्रोत साधनको दिगो संरक्षण तथा उपभोग भएको हुनेछ ।

### ६.१.६ जोखिम तथा अनुमान पक्ष

निजी वन प्रवद्र्धनको संभाव्यता अध्ययन गर्ने, हरित क्षेत्र विस्तारको लागि बोटविरुवाको बेर्ना वितरण, भूसंरक्षणको लागि नदीजन्य कटान रोक्नका लागि तारजाली लगाउने, बायो इजिनियरिङ्ग विधि अवलम्बन गरी निर्माण गर्ने जस्ता कार्य गर्न सकिएमा वन तथा भूसंरक्षण क्षेत्र गर्न सकिन्छ । भूउपयोग नीति अनुसार उद्योगको स्थापना हुने, पर्यावरणमैत्री बालीनाली प्रणाली प्रयोग हुने, भौतिक निर्माण सम्बन्धी विकासका कार्य सञ्चालन गर्दा दीर्घकालीन वातावरणीय प्रभावको अध्ययन हुने, औद्योगिक, अस्पतालजन्य, मानवजन्य फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन हुने तथा मृत जनावारको उचित व्यवस्थापन भएमा वातावरण संरक्षण हुनसक्छ । वातावरण संरक्षण सम्बन्धी जनचेतनाको कमी, नदीजन्य तथा खानीजन्य पदार्थको अधिक दोहन, दीर्घकालीन असरको अध्ययन नगरी सञ्चालन गरिने विकास निर्माणका कार्यले पृथ्वीबाट मानव लगायत अन्य प्राणीको पनि लोप हुने जोखिम आउन सक्छ तथा पर्यावरणीय सन्तुलनलाई ख्याल नगरी विकास निर्माणका कार्य गरिएमा प्राकृतिक सन्तुलन बिग्रन गई प्राकृतिक विपद् आउने जोखिम रहन्छ ।

## ६.२ विपद् व्यवस्थापन

विपद् भन्नाले चट्याङ्ग, असिना, भूकम्प, आगलागि, बाढी पहिरो, अनावृष्टि, अतिवृष्टि, अनिकाल, महामारी, युद्ध, भोकमरी आदिबाट सिर्जित समाजको अस्तव्यस्त अवस्थालाई बुझिन्छ हामी प्रकृतिजन्य र मानवजन्य विपद्को उच्चजोखिममा रहेका छौं । यसैगरी हैजा, बर्डफ्लु, स्वाइनफ्लु, कोभिड—१९ जस्ता महामारीरोग पनि विपद्को कारकका रूपमा देखिएका छन्। विपद्लाई रोकथाम न्यूनीकरणका लागि पूर्वतयारी र पूर्वसावधानीमा विशेष ध्यान पुर्याउनु पर्ने हुन्छ । पूर्वसचेतनाले ठूलो मात्रामा धनजनको क्षति हुनबाट जोगाउन सकिन्छ । विकास निर्माणका कार्य वातावरण को परीक्षण बिना जथाभावी गर्नाले पहिरो बाढी सडक  दुर्घटनाको जोखिम रहेको छ । विपद् जोखिमलाई न्यूनीकरण का लागि विपद् म्यापिङ्ग सुरक्षा

सतर्कता सुरक्षा सामग्रीको भण्डारण, विपद् उद्दार जनशक्तिको उपलब्धता हुनु जरूरी रहेको हुन्छ । प्रभावकारी विपद व्यवस्थापनको लागि गाउँपालिकाले नीति, कानून तथा कार्यक्रममा विशेष जोड दिनु पर्ने देखिन्छ ।

### ६.२.१ समस्या तथा चुनौती

महामारीजन्य रोगको रोकथाम सम्बन्धी पर्याप्त तयारीको कमी, ग्रामीण साना सडकहरु निर्माण वातावरणीय पक्षलाई ध्यान नदिइनु, दैविक तथा प्राकृतिक विपद् जोखिम र विपद्का घटना वढ्दै जानु, जोखिम न्यूनिकरणको लागि जनचेतनाको कमी हुनु, विपद् जोखिम न्यूनिकरण योजना तयार नहुनु, विकास निर्माण, गरिबी निवारण र विपद् व्यवस्थापनका कार्यलाई अन्तर आबद्धिकरण गर्नु जस्ता र चुनौती र समस्या विद्यमान छन् ।

### ६.२.२ उद्देश्य

- विपद्का सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्वचेतावनी प्रणाली सुदृढगर्नु ।
- विपद् पश्चात्को पुनर्लाभ, पुर्नस्थापना, पुनर्निर्माण र नवनिर्माणका कार्यलाई सबल र उत्थानशील बनाउनु

### ६.२.३ रणनीति

- प्रभावकारी विपद व्यवस्थापनको लागि गाउँपालिकाले नीति, कानून तर्जुमा गरी कार्यक्रम  संचालन गर्ने
- प्रकोप तथा प्रकोपजन्य विपद्को प्रतिकुलअसरलाई न्यूनीकरण गर्न अनुकूलनका कार्यक्रम सञ्चालन गर्ने
- आपत्कालीनखोज, उद्धार, उपचार तथा तत्काल राहतका लागि क्षमता अभिवृद्धि गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने ।
- सरकारी तथा गैरसरकारी निकायका बीचमा सघन समन्वय साझेदारीलाई थप प्रभावकारी वनाउने ।
- योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा समाहित गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउने
- विपद्को जोखिम भएका स्थानमा नयाँ बस्ती विकास नगर्ने ।
- विपद्  व्यवस्थापनलाई दिगो बनाउन विभिन्न प्रकारका प्रकोपका विषयमा अध्ययन तथा अनुसन्धान गर्ने
- विपद्  व्यवस्थापनमा संलग्न जनशक्ति तथा कर्मचारीलाई वहुआयामिक तालिम प्रदान गर्ने ।
- जलवायुपरिवर्तनबाट भएको असर अनुरूप अनुकूलनको कार्यक्रम सञ्चालन गर्ने ।
- विपद्बाट हुन सक्ने क्षति कम गर्न विपद् जोखिम व्यवस्थापनलाई विकास निर्माणमा मूलप्रवाहीकरण र स्थानीय स्तरको योजना तर्जुमामा विपद् जोखिम व्यवस्थापनलाई आन्तरिकीकरण गर्ने ।

### ६.२.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | विपद व्यवस्थापनको लागि गाउँपालिकाको नीति, कानून तर्जुमा | २०८१/८२-२०८३/८४ | ५० | ० |
| २ | गाउँ पालिका र वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन | २०८१/८२-२०८३/८४ | १०० | २० |
| ३ | क्षति न्यूनीकरणका लागि विपद् जोखिम व्यवस्थापन योजना निर्माण, कार्यान्वयन तथा व्यवस्थापन | २०८१/८२-२०८३/८४ | १०० | ० |

| | | | | |
|---|---|---|---|---|
| ४ | आपतकालीन आश्रयस्थलको निर्माण | २०८१/८२-२०८३/८४ | ८०० | ० |
| ५ | आपतकालीन सहायताका लागि खाद्यान्न, लत्ता कपडा एवम् आवश्यक सामग्रीको भण्डारण | २०८१/८२-२०८३/८४ | ५०० | ० |
| ६ | विकास योजनाहरू सञ्चालन गर्दा विपद् जोखिमलाई ख्याल गरी सञ्चालन गर्ने | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ७ | विपद् जोखिममा न्यूनीकरण जनचेतनाको कार्यक्रम सञ्चालन | २०८१/८२-२०८३/८४ | १०० | ९० |
| ८ | विपद् पश्चात आवश्यक पर्ने उद्दार उपकरण तथा राहत सामग्री भण्डारण | २०८१/८२-२०८३/८४ | २५० | ० |

### ६.२.५ अपेक्षित उपलब्धि

यो योजनाको अन्तमा गाउँपालिकाको विपद् व्यवस्थापन सम्बन्धी नीति कानुन, संरचना संस्थागत व्यवस्था भएको हुनेछ । सबै सरकारको विपद् व्यवस्थापन सम्बन्धी कानुन तथा कोषको व्यवस्था भएको हुनेछ । सूचना तथा प्रविधिका आधुनिक एवं विकसित रूपको उपयोग तथा प्रभाव विकास तथा विस्तार भएको हुनेछ साथै अन्तरसरकार तथा गैरसरकारी निकायका बीचमा प्रभावकारी समन्वय र साझेदारी विकास भएको हुनेछ ।

### ६.२.६ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकामा प्रत्येक वर्ष दोहोरिने प्राकृतिक जोखिम न्युनीकरणको लागि जोखिमयुक्त क्षेत्रको नक्सांकन हुने, जोखिमयुक्त स्थानबाट सुरक्षित स्थानमा बस्ती स्थानान्तरण हुने, जलवायु परिवर्तनबाट सिर्जना हुने समस्या र अनुकुलनताका उपाय अवलम्बन हुने, संक्रमण र महामारीजन्य रोगको बारेमा गाउँपालिका भौतिक र वित्तीय रुपमा सबल अवस्थामा हुने तथा तीनै तहका सरकारबाट सञ्चालित कार्यक्रमबीच समन्वयात्मक सम्बन्ध बनाउन सकेमा विपद्जन्य समस्या र जलवायु परिवर्तन अनुकुल बालीनाली लगाउन सकिन्छ । विपद्को पूर्व सूचना प्रणालीको स्थापना, पूर्व तयारीका कार्यक्रम, राहत, उद्धार तथा पुनरुथापना कोष जस्ता आधारभूत कार्यक्रम सञ्चालन गर्न नसकिएमा अपेक्षित उपलब्धि हासिल गर्न कठिन हुन्छ ।

## ६.३ वन तथा वनस्पति सम्पदा

संविधानतः वनक्षेत्र व्यवस्थापनको अधिकार नेपाल सरकार र प्रदेश सरकारमा निहित रहेको छ। तथापि स्थानीय तहसँगको समन्वयमा वन, जलाधार तथा जैविक विविधता संरक्षणबाट स्थानीय तहको सम्मृद्धिमा टेवा पुर्याउन यस क्षेत्रका समस्याको सम्बोधन गर्ने गरि उपयुक्त नीति, ऐन, नियम र सांगठनिक संरचना अपरिहार्य हुन्छ। वन र स्थानीय जनताको दैनिक जीवनको आवश्यकता प्रत्यक्ष सम्बन्ध राख्ने भएकोले गाउँपालिकाले व्यवस्थापन र उपयोगमा बिशेष भूमिका निर्बाह गर्नुपर्ने हुन्छ। साथै, संघीय तथा प्रदेश कानुनको अधीनमा रही वैज्ञानिक वन व्यवस्थापन सहितको योजना र तदनुरुपका बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नु आवश्यक देखिन्छ। वन वनस्पतिको अध्ययन अनुसन्धान र विकासका लागि आवश्यक सहजीकरण गर्नु पनि गाउँपालिकाको जिम्मेवारी रहेको छ ।

### ६.३.१ समस्या तथा चुनौती

हरियो वन नेपालको धन भन्ने लोकोक्ति बमोजिम यसबाट उल्लेख्य लाभ लिन सकिएको छैन्। प्राकृतिक जडिबुटी कौडीको भाउमा विदेश निकासी गरी करौडौ मूल्यमा औषधि खरिद गरिएको छ। विभिन्न विदेशी मुलुकबाट काठ तथा काठजन्य उत्पादन पैठारी गरी नेपालको काठपातको समुचित उपयोग गरिएको छैन। संविधानको अधिकार सूची बमोजिम तीन तहकै सरकारका बीचमा बन व्यवस्थापनका कार्यक्रममा समन्वय स्थापित गर्नु, वन तथा वातारणको संरक्षण गर्दै जलवायु अनुकूलनका कार्यक्रम सञ्चालन गर्नु, गाउँपालिकामा वन सँग सम्बन्धित जनशक्तिको अभाव हुनु, वनजन्य उद्योग र सहकारीको विकास हुन नसक्नु आदि समस्या तथा चुनौती हुन् ।

### ६.३.२ उद्देश्य

- उपभोक्ता समूहको व्यवस्थापन मार्फत सामुदायिक, धार्मिक, कवुलियती वनको संरक्षण, सम्बर्द्धन, उपयोग र नियमनमा प्रभावकारी भूमिका निर्वाह गर्नु ।
- जैविक विविधता, सिमसार क्षेत्र र वातावरणको संरक्षण गर्नु ।

### ६.३.३ रणनीति

- नेपाल सरकार तथा प्रदेश सरकार सँग समन्वय गरि वन, वनस्पति, वन्यजन्तु, चराचुरुङ्गी, सिमसार क्षेत्र, जलउपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड निर्धारण साथै योजना, कार्यान्वयन र नियमन गर्ने ।
- सामुदायिक, धार्मिक, कवुलियती वनको संरक्षण, सम्वर्द्धन, उपयोग र नियमन गर्ने ।
- वन उपभोक्ता समूहको व्यवस्थापन गर्ने ।
- औषधिजन्य एवं अत्तरजन्य जडिबुटीको संरक्षण, प्रवद्र्धन, संकलन र प्रशोधन गर्ने ।
- नदीकिनार, नदीउकास, नहर किनार तथा सडक किनारमा वृक्षारोपण गर्ने
- निजी तथा व्यवसायिक वनको प्रवद्र्धन र नियमन गर्ने ।
- सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन गर्ने ।
- जडीबुटी तथाअन्य गैर काष्ठ वन पैदावार सम्बन्धी उत्पादन, प्रशोधन, र बजार व्यवस्थापन गर्ने ।
- वन बीउ बगैंचा स्थापना, व्यवस्थापन र प्रवद्र्धन गर्ने ।
- नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवद्र्धन गर्ने ।
- वन्य जन्तु र चराचुरुङ्गीको संरक्षण, व्यवसायिक पालन, उपयोग र अनुगमन गर्ने ।
- वन्य जन्तुबाट स्थानीय समुदायमा पर्ने प्रभाव रोकथाम, व्यवस्थापन गर्ने ।
- स्थानीय वन्यजन्तु, पर्यटन र आय आर्जन गर्ने ।
- स्थानीय स्तरमा आखेटो पहारको व्यवस्थापन गर्ने ।
- वन, वन्यजन्तु तथा चराचुरुङ्गीको अभिलेखाङ्कन र अध्ययन अनुसन्धान गर्ने ।
- रैथाने प्रजातिको संरक्षण र प्रवद्र्धन साथै मिचाहा प्रजातिको नियन्त्रण गर्ने ।
- जैविक विविधताको अभिलेख राख्ने ।
- सामुदायिक भूसंरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम सञ्चालन गर्ने ।
- विकास र वन, वनस्पति, जैविक विविधता बीचमा सामञ्जस्यता स्थापित गर्ने ।

- वन अतिक्रमण, चोरी निकासी, वन डढेलो जस्ता अपराधलाई निरूत्साहित र मिचाहा वाह्य प्रजातिको नियन्त्रण गर्ने ।
- वन क्षेत्रका सरोकारवाला निकायको स्वरूप कार्यशैली र आचरणलाई रूपान्तरण गरी पारदर्शी नतीजामुखी र जवाफदेही बनाउने ।

## ६.३.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | सामुदायिक वन गठनमा सहजीकरण | २०८१/८२-२०८३/८४ | १०० | ० |
| २ | सामुदायिक वन कार्ययोजना कार्यान्वयनमा सहजीकरण | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ३ | गरिवी न्यूनीकरणका लागि व्यवसायिक कवुलियती वन कार्यक्रम | २०८१/८२-२०८३/८४ | १५० | ० |
| ४ | साझेदारी वन व्यवस्थापन कार्य योजना कार्यान्वयनमा सहजीकरण | २०८१/८२-२०८३/८४ | १५० | ० |
| ५ | राष्ट्रिय वन व्यवस्थापन कार्यक्रममा सहजीकरण | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ६ | मानव वन्यजन्तु द्वन्द व्यवस्थापन कार्यक्रम | २०८१/८२-२०८३/८४ | २०० | ० |
| ७ | वन्यजन्तु संरक्षण | २०८१/८२-२०८३/८४ | ५०० | ० |
| ८ | वन संरक्षण क्षेत्र व्यवस्थापन | २०८१/८२-२०८३/८४ | २५० | ० |
| ९ | वन अतिक्रमण नियन्त्रण कार्यक्रम | २०८१/८२-२०८३/८४ | ३०० | ० |
| १० | वृक्षारोपण र संरक्षण | २०८१/८२-२०८३/८४ | ५०० | ० |
| ११ | विरुवा उत्पादन र वितरण | २०८१/८२-२०८३/८४ | ५०० | ० |
| १२ | जडिबुटी नर्सरी स्थापना र सञ्चालन | २०८१/८२-२०८३/८४ | ५०० | ० |
| १३ | जडिबुटी व्यवसायीहरूको संजालीकरण | २०८१/८२-२०८३/८४ | २०० | ० |
| १४ | सिमसार क्षेत्र, पोखरी तथा जलाधार क्षेत्रको संरक्षण | २०८१/८२-२०८३/८४ | ४५० | ० |
| १५ | किसानसँग भू—संरक्षण कार्यक्रम | २०८१/८२-२०८३/८४ | २०० | ० |
| १६ | औषधियोग्य र अत्तरयोग्य वन जडिबुटिको उत्पादन, संकलन, प्रशोधन जस्ता व्यवसायिक कार्यमा सहजीकरण | २०८१/८२-२०८३/८४ | १०० | ० |
| १७ | पर्या—पर्यटन एवं वन्यजन्तुको संरक्षणमा पर्यटन व्यवसायीसँग साझेदारी | २०८१/८२-२०८३/८४ | १०० | ० |

### ६.३.५ जोखिम तथा अनुमान पक्ष

निजी वन प्रवद्र्धनलाई प्रोत्साहन, हरित क्षेत्र विस्तारको लागि बोटविरुवाको बेर्ना वितरण, नदीजन्य कटान रोक्नका लागि तारजाली व्यवस्थापन, बायो इजिनियरिङ्ग विधि अवलम्वन गरी निर्माण जस्ता कार्य गर्न सकिएमा वन तथा भूसंरक्षण गर्न सकिन्छ । पर्यावरणीय सन्तुलनलाई ख्याल नगरी विकास निर्माणका कार्य गरिएमा प्राकृतिक सन्तुलन बिग्रन गई प्राकृतिक विपद् आउने जोखिम रहन्छ ।

# परिच्छेद—७ : सुशासन तथा संस्थागत विकास

## ७.१ योजना तर्जुमा तथा कार्यान्वयन

योजनावद्ध विकासले नै गाउपालिकाले लिएको आर्थिक, सामाजिक, भौतिक, प्रविधिगत र सांस्कृतिक विकासको लक्ष्य प्राप्तिका लागि मद्दत गर्दछ। लक्ष्य हासिल गर्न अवलम्बन गरिने रणनीति, कार्यनीति र कार्यक्रमको भूमिका महत्वपूर्ण हुनुपर्दछ। बजेट तथा कार्यक्रमले सही बाटो  तय गर्दछ र यसै अनुरूप दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य प्राप्ति गर्न सकिन्छ। स्थानीय सरकारले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा संघीय तथा प्रदेश सरकारका आवधिक योजनाका आधार पत्र र योजना एवं विषयलाई प्रमुख आधारको रूपमा ग्रहण गर्नु पर्ने हुन्छ। योजनाहरूलाई तथ्य र प्रमाणमा आधारित र नतिजामुखी बनाउन हरेक आयोजनाको नतिजा खाका विकास गर्ने र गाउँपालिकाले कार्यान्वयन गरेको योजनाको नियमित रुपमा मूल्याङ्कन गरी उपलब्धि सार्वजनिक गर्ने व्यवस्थाको विकास गर्न आवश्यक छ ।

### ७.१.१ समस्या तथा चुनौती

नियमित रुपमा विषयगत तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषण गरी योजना छनौट गर्ने प्रणालीको आधारशीला तयार गर्नु, प्रथम पञ्चवर्षीय योजना, वार्षिक विकास कार्यक्रम र मध्यकालीन खर्च संरचना बीचको सामन्जस्य कायम गर्दै योजना कार्यान्वयनलाई प्रभावकारी बनाउनु, योजना निर्माणको लागि आवश्यक विज्ञ जनशक्तिहरू गाउँपालिकाभित्रै उत्पादन गर्नु, संघ प्रदेशसँग एकाकार भई सामञ्जस्यता स्थापित गर्नु, विकासको दीर्घकालीन सोंच तर्जुमा गरी सो अनुसार योजना तथा कार्यक्रम तर्जुमा गर्नु, जनताका असीमित आकाँक्षालाई सन्तुलित र न्यायोचित तवरले सम्बोधन गरी सन्तुष्ट बनाउनु, आदि समस्या तथा चुनौती रहेका छन् ।

### ७.१.२ उद्देश्य

- योजना तर्जुमा तथा कार्यान्वयनलाई लक्ष्य र परिणामबीच सामन्जस्य कायम गर्नु ।

### ७.१.३ रणनीति

- तथ्याङ्कको वैज्ञानिक प्रयोग गर्दै परिणाममुखी नीति तथा योजना निर्माण गर्ने
- संविधान तथा प्रचलित कानुन अनुरूप योजना तर्जुमा प्रणाली तथा कार्यान्वयन पद्धतिको विकास गर्ने ।
- स्थानीय आवश्यकता माग सम्भावनाका आधारमा योजना तर्जुमा तथा कार्यान्वयन गर्ने ।
- सार्वजनिक निकाय एवं निजी, सहकारी तथा सामुदायिक क्षेत्रका विशिष्टता स्रोत साधनका आधारमा योजनाका क्षेत्रको कार्यान्वयन गर्ने ।
- संघ तथा प्रदेश सरकारसँग सहकार्य तथा समन्वय स्थापित गर्दै योजनाको सार्थक नतीजा प्राप्त गर्ने ।
- प्रमाणमा आधारित नतिजामुखी योजना र मध्यकालीन खर्च संरचनालाई संस्थागत गरी योजनाका विभिन्न तह र अवयव बीच कार्यमूलक सम्बन्ध कायम गरिनेछ ।
- सार्वजनिक खरिद नियमावली, प्राकृतिक साधन स्रोतको दिगो उपयोग तथा जनशक्ति परिचालन सम्बन्धी कानुनी, नीतिगत, संस्थागत र प्रक्रियागत सुधार गर्ने ।
- योजना तर्जुमा तथा कार्यान्वयनमा सहभागी हुने जनशक्तिको सोंचाइमा नसिकता कार्यशैली संस्थागत क्षमता विकास तथा जवाफदेहिता अभिवृद्धि गर्ने ।
- योजना अनुगमन तथा मूल्याङ्कनका लागि विद्युतीय प्रणालीको विकास तथा अभ्यासलाई अवलम्बन गर्ने ।

- योजना अनुगमन निर्देशिका र संयन्त्र बनाई नियमित समीक्षा गर्ने साथै तेस्रो र स्वतन्त्र पक्षबाट विशेष आयोजनाहरूको मूल्याङ्कन गर्ने ।

## ७.१.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | तथ्याङ्कको सूची तयार गरी वडा तहमा वितरण | २०८१/८२-२०८३/८४ | २० | ०० |
| २ | विद्यालय र प्राज्ञिक संस्थासँग छलफल र कार्यशाला | २०८१/८२-२०८३/८४ | ३० | ० |
| ३ | संघीय सरकारतथा प्रदेश सरकारका विभिन्न निकायसँग बैठक र छलफल | २०८१/८२-२०८३/८४ | ३० | ० |
| ४ | योजना तर्जुमालाई पृष्ठपोषण गर्ने अध्ययन अनुसन्धान | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ५ | उत्पादन र उत्पादकत्व वृद्धि सम्बन्धी अध्ययन अनुसन्धान | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ६ | योजनाको वर्गिकरण गर्न मापदण्ड बनाउने | २०८१/८२-२०८३/८४ | २० | ० |
| ७ | अभिमुखीकरण तालिम (सबै वडा अध्यक्ष तथा कर्मचारीलाई) | २०८१/८२-२०८३/८४ | १०० | ४० |
| ८ | संघीय सरकार तथा प्रदेश सरकारसँग समन्वय र अन्तर सम्बन्ध कायम गर्ने योजनाको पहिचान,छनौट र कार्यान्वयन गर्ने उच्चस्तरीय संयन्त्र गठन गर्ने | २०८१/८२-२०८३/८४ | ३० | ० |
| ९ | अनुगमन तथा मूल्याङ्कन निर्देशिका बनाउने | २०८१/८२-२०८३/८४ | २० | ० |
| १० | अनुगमन तथा मूल्याङ्कनको पृष्ठपोषणलाई योजना निर्माणमा समावेश गर्ने | २०८१/८२-२०८३/८४ | २० | ० |
| ११ | प्रत्येक आयोजनाको नतिजा तयार गर्ने | २०८१/८२-२०८३/८४ | ३० | ० |

## ७.१.५ अपेक्षित उपलब्धि

नेपालको संविधान तथा प्रचलित कानून वमोजिम स्थानीय सरकारलाई प्रदान गरेको अधिकार एवं कार्य जिम्मेवारी अनुरूप तादाम्यता हुने गरी योजना प्रणाली विकास तथा कार्यान्वयन व्यवस्था भएको हुनेछ। साथै, संघ तथा प्रदेश सरकारका आवधिक वार्षिक योजनासँग परिपूरकता भएको, मध्यमकालीन खर्च संरचना संस्थागत भएको, वार्षिक विकास कार्यक्रम र आवधिक योजना बीच तालमेल कायम भएको हुनेछ। सूचना प्रविधिमा आधारित अनुगमन तथा मूल्याङ्कन

प्रणालीको विकास तथा अभ्यास भएको र आयोजना निर्धारित नतीजा सूचक अनुसार नै कार्यान्वयन भएको हुनेछ। समग्रमा योजनाबद्ध विकासको थालनी भएको हुनेछ।

### ७.१.६ जोखिम तथा अनुमान पक्ष

आधारित नीति निर्माण, आवश्यकतामा आधारित कार्यक्रम/आयोजना छनौट, लक्षित वर्गमा लाभको वितरण, क्षमता विकास र सामाजिक आर्थिक शसक्तीकरणका लागि वस्तुगत र वैज्ञानिक तथ्याङ्कको आवश्यकता पर्दछ। त्यसैगरी सिमित श्रोतसाधनको कुशल विनियोजन, प्रभावकारी कार्यान्वयन र कानून बमोजिमको प्रतिवेदन प्रणालीले सार्वजनिक श्रोतको पारदर्शीता, वित्तीय अनुशासन दर्शाउछ । तसर्थ तथ्याङ्कमा आधारित योजना प्रणाली र अनुशासित विनियोजन र खर्च प्रणाली अवलम्वन गरिएमा सार्वजनिक वित्त प्रणाली स्वस्थ बन्न सक्छ। तथ्याङ्क प्रणाली र स्वस्थ सार्वजनिक वित्त व्यवस्थापन निर्माणका लागि समयमा पर्याप्त लगानी गर्न नसकिएमा कुनै पनि उत्कृष्ट योजना/आयोजना कार्यान्वयन नहुने जोखिम रहन्छ ।

## ७.२ योजना तर्जुमा

गाउँपालिका भित्रका नागरिकहरूको हक अधिकारको संरक्षण तथा समृद्धि हासिल गर्न दीर्घकालीन योजना तर्जुमा गर्नु पर्ने हुन्छ । लक्षित विकास प्रतिफल हासिल गर्न वस्तुगत व्यवहारिक र तथ्याङ्कमा आधारित योजना तर्जुमा तथा सोको प्रभावकारी कार्यान्वयनको अग्रणी भूमिका रहन्छ। योजना प्रक्रियालाई सूचना तथा तथ्य र प्रमाणमा आधारित, नतिजामुखी र यथार्थ परक बनाउन आवधिक योजनाको नतिजाखाका तयार गरी कार्यान्वयनमा लैजाने र मध्यमकालीन खर्च संरचनालाई थप यथार्थपरक बनाउँदै लैजादा स्रोतको अधिकतम उपयोग र निर्धारित समय लागत परिमाण र गुणस्तरको नतीजा प्राप्त गर्न सकिन्छ ।

### ७.२.१ समस्या तथा चुनौती

नेपालको संविधानले परिकल्पना गरे अनुरूपको व्यवहार प्रदर्शन गर्नु बढ्दो जनआकांक्षालाई सन्तुलित समन्यायिक रूपमा सम्बोधन गर्नु संघीय तथा प्रदेश सरकारको विकास योजना सँग सँगै तालमा ताल मिलाउनु, विकासको दीर्घकालीन सोंच तर्जुमा गरी सो अनुसार योजना तथा कार्यक्रम तर्जुमा गर्नु, स्रोत साधनको सुनिश्चितता गरी आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेछ बीच सामञ्जस्यता कायम गर्नु, सङ्घीयताको लाभ जनतामा पुग्ने गरी योजना तर्जुमा सम्बन्धी सङ्गठनात्मक संरचना, प्रक्रिया तथा विधिमा सुधार गर्नु र योजना तर्जुमा सम्बन्धी जनशक्तिको क्षमता विकास गरी संस्थागत सुदृढीकरण गर्नु योजना तर्जुमा प्रक्रियामा देखिएका समस्या तथा चुनौती हुन् । यसै गरी योजना कार्यान्वयन गर्ने निकायका क्षमता अभिवृद्धि गर्नु, कार्यान्वयनमा संलग्न जनशक्तिको उत्प्रेरणा र कार्य सम्पादन स्तर अभिवृद्धि गर्नु, योजना कार्यान्वयनलाई प्राथमिकतामा राख्नु विकास र वातावरणका बीचमा सन्तुलन स्थापित गर्नु अन्तर सरकार तथा गैरसार्वजनिक क्षेत्रका बीचमा विवेक पुर्ण र असल सम्बन्ध सहकार्य साझेदारी सहलगानीको कार्य संस्कारको प्रचलन गराउनु योजना कार्यान्वयन सम्बन्धी अन्य समस्या तथा चुनौती हुन् ।

### ७.२.२ उद्देश्य

- आर्थिक प्राविधिक संस्थागत संरचनागत र प्रशासनिक क्षमता र कार्य संस्कारको परिधिअनुरूप हुने गरी योजनाको क्षेत्र तथा संख्याको निर्धारण तथ्यपरक बनाउँदै योजना तर्जुमा तथा कार्यान्वयन गर्नु ।

### ७.२.३ रणनीति

- नीतिगत संरचनागत संस्थागत जनशक्ति र योजनाको क्षेत्र तथा संख्या निश्चित गर्ने ।
- सूचना तथा तथ्य एवं प्रमाणमा आधारित यथार्थ परक योजना तर्जुमा र कार्यान्वयन गर्ने ।
- योजना तर्जुमा तथा कार्यान्वयन लगायतका सबै चरणमा सरोकार पक्षको सार्थक सहभागिता सुनिश्चित गर्ने ।
- योजना तर्जुमा तथा कार्यान्वयन लगायतका समग्र पक्षमा सूचना तथा प्रविधिको अधिकतम उपयोग गर्ने ।
- प्रमाणमा आधारित नतिजा मुखी योजना र मध्यमकालीन खर्च संरचनालाई संस्थागत गरी योजनाका विभिन्न तह र अवयव बीच कार्यमूलक सम्बन्ध स्थापित गर्ने ।
- योजना तर्जुमा तथा कार्यान्वयनमा संलग्न हुने जनशक्तिको क्षमता विकास तथा जवाफदेहिता अभिवृद्धि गर्ने ।

### ७.२.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | विषयगत तथ्याङ्कको सूची तयार गरी वडा तहमा वितरण तथा सुदृढीकरण | २०८१/८२-२०८३/८४ | ३० | ० |
| २ | विद्यालय र प्राज्ञिक संस्थासँग छलफल र कार्यशाला | २०८१/८२-२०८३/८४ | ५० | ० |
| ३ | संघीय सरकारतथा प्रदेश सरकारका विभिन्न निकायसँग बैठक र छलफल | २०८१/८२-२०८३/८४ | ३० | ० |
| ४ | योजना तर्जुमालाई पृष्ठपोषण गर्ने अध्ययन अनुसन्धान | २०८१/८२-२०८३/८४ | ५० | ० |
| ५ | उत्पादन र उत्पादकत्व वृद्धि सम्बन्धी अध्ययन अनुसन्धान | २०८१/८२-२०८३/८४ | ५० | ० |
| ६ | योजनाको वर्गिकरण गर्न मापदण्ड बनाउने अभिमुखीकरण तालिम (सबै वडा अध्यक्ष तथा कर्मचारीलाई) | २०८१/८२-२०८३/८४ | ३० | ० |
| ७ | योजनाको पहिचान, छनौट र कार्यान्वयन गर्ने उच्चस्तरीय संयन्त्र गठन गर्ने | २०८१/८२-२०८३/८४ | १० | ० |
| ८ | सबै तहका सरकारका तथ्याङ्कका बीचमा एकरुपता स्थापित गर्ने | २०८१/८२-२०८३/८४ | १० | ० |
| ९ | अनुगमन तथा मूल्याङ्कनको पृष्ठपोषणलाई योजना निर्माणमा समावेश गर्ने | २०८१/८२-२०८३/८४ | १० | ० |
| १० | प्रत्येक आयोजनाको नतिजा सूचक तयार गर्ने । | २०८१/८२-२०८३/८४ | १० | ० |

### ७.२.५ अपेक्षित उपलब्धि

आर्थिक सामाजिक सांस्कृतिक भौगोलिक अवस्था एवं विशिष्टता अनुरूपको योजना तर्जुमा गरी उच्चतम लक्ष्य प्राप्ति भएको हुनेछ। संघ प्रदेशका योजना सँग सामिप्यता र सामञ्जस्यता स्थापित भएको हुनेछ। साथै मध्यमकालीन खर्च संरचना संस्थागत भएको, वार्षिक विकास कार्यक्रम र आवधिक योजना बीच ताल मेल कायम भएको हुनेछ । त्यसै गरी योजना तर्जुमा तथा कार्यान्वयन निकायको संस्थागत सुदृढीकरण भएको, योजना तर्जुमा तथा कार्यान्वयन लगायतका सबै

चरणमा सरोवार पक्षको सार्थक सहभागिता रहेको, र कार्यक्रम तथा आयोजना निर्धारित गुणस्तर, लागत एव समय भित्रै सम्पन्न भएको सूचना प्रविधिको अधिकतम उपयोग गर्दै योजना तर्जुमा कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन भएको हुनेछ।

## ७.३ अनुगमन तथा मूल्यांकन

प्रभावकारी अनुगमन तथा मूल्यांकन र पृष्ठपोषण सहितको सुधार विकास, सुशासन र समृद्धिको आधार हो । नीति, कानुन, योजना, आयोजना, बजेट तथा कार्यक्रमको चक्रका सम्पूर्ण चरणलाई कुशल दक्षतापूर्ण प्रभावकारी, नतिजामुखी र जवाफदेहीपूर्ण बनाउन स्वस्थ निष्पक्ष विश्वाशिलो अनुगमन तथा मूल्याङ्कन पद्धतिको महत्त्वपूर्ण भूमिका रहको हुन्छ । यसै गरी विकास आयोजनाको रियल टाइम स्टाटसको जानकारी लिन सूचना प्रविधिको प्रयोग र नतिजामूलक बनाउन आयोजना व्यवस्थापन सूचना प्रणालीको सफ्टवेयर विकास गर्नु आबश्यक छ। अनुगमन र मूल्याङ्कनले हामीलाई अघिल्लो सफलता र चुनौतीहरूबाट पाठ सिक्न मद्दत गर्दछ र निर्णय गर्नको लागि मद्दत पुर्याउँछ ।

### ७.३.१ समस्या तथा चुनौती

अनुगमन तथा मूल्याङ्कन सम्बन्धी क्षमता विकास गर्नु र दक्ष जनशक्ति जनशक्त्ति नहुनु, भरपर्दो सूचना तथा तथ्यांक उपलब्ध नहनु, अनुगमन मूल्यांकनलाई सामान्य औपचारिकताकोरूपमा मात्र लिइनु, अनुगमन मूल्यांकनबाट दिइएका पृष्ठपोषणलाई सुधारको कार्ययोजना नवनाइनु प्रमुख समस्या तथा चुनौती रहेका छन् ।

### ७.३.२ उद्देश्य

- अनुगमन तथा मूल्याङ्कन संरचनाको निर्माण तथा नीतिगत व्यवस्था गर्नु
- योजना, नीति, कार्यक्रम तथा आयोजना कार्यान्वयन तहमा रहेका समस्या समाधान गरी निर्धारित समय गुणस्तर लागत परिमाणमा सम्पन्न गर्नका लागि पृष्ठपोषण गर्नु ।

### ७.३.३ रणनीति

- नीतिगत, कानुनी, संस्थागत, संरचनागत व्यवस्था एवं सुधार गरी योजना, नीति, आयोजना, बजेट तथा कार्यक्रमको समयबद्ध अनुगमन तथा मूल्याङ्कनलाई संस्थागत गर्ने ।
- मूल्याङ्कन स्वतन्त्र विश्वासिलो र गुणस्तरीय बनाउँदै निर्णय प्रक्रियामा मूल्याङ्कनका नतिजाको प्रयोगलाई उपयोग गर्ने।
- अनुगमन तथा मूल्याङ्कन सम्बन्धी निकाय र जनशक्तिको क्षमता विकासलाई विशेष जोड दिने ।
- दिगो विकासका लक्ष्य समेतको अनुगमन तथा मूल्याङ्कन गर्न सकिने गरी नतिजा मूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप विकास गर्ने ।
- अनुगमन तथा मूल्याङ्कनमा अन्तरसरकार तथा अन्तरनिकाय सहभागितामूलक विधि र अभ्यास अवलम्बन गर्दै जाने ।
- तेस्रो पक्ष तथा सहभागितामूलक मूल्याङ्कन प्रणाली विस्तार गर्नुका साथै थप गुणस्तरीय बनाउने ।
- आमसञ्चार, सामाजिक सञ्जाल, सूचना प्रविधिको प्रयोग बढाई अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाउने

### ७.३.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन तयार गरी कार्यान्वयन गर्ने । | २०८१/८२-२०८३/८४ | २० | ० |
| २ | विकास समस्या समधान समिति गठन गर्ने | २०८१/८२-२०८३/८४ | १० | ० |
| ३ | अनुगमन तथा मूल्याङ्कन तालिम | २०८१/८२-२०८३/८४ | ५० | ० |
| ४ | क्षेत्रगत वार्षिक समीक्षा वैठक (शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार, कृषि, र सूचना प्रविधि) | २०८१/८२-२०८३/८४ | ३० | ० |
| ५ | अनुगमन तथा मूल्याङ्कनको विद्युतीय प्रणाली निर्माण | २०८१/८२-२०८३/८४ | ५० | ० |
| ६ | प्रथम पञ्चवर्षीय योजनाको मध्यावधि मूल्याङ्कन | २०८१/८२-२०८३/८४ | २० | ० |
| ७ | प्राथमिकता प्राप्त आयोजनाको सूचक अनुसार वार्षिक अनुगमन र मूल्याङ्कन गर्ने | २०८१/८२-२०८३/८४ | २० | ० |
| ८ | पञ्चवर्षीय योजनाको तेश्रो पक्षबाट मूल्याङ्कन | २०८१/८२-२०८३/८४ | ४० | ० |
| ९ | छनौट भएका आयोजनाको प्रभाव मूल्याङ्कन | २०८१/८२-२०८३/८४ | ५० | ० |
| १० | प्रथम पञ्चवर्षीय योजनाको सिकाई अभिलेख तयार गरी दोस्रो आवधिक योजनाको तयारी गर्ने | २०८१/८२-२०८३/८४ | ५० | ० |

### ७.३.५ अपेक्षित उपलब्धि

अनुगमन तथा मूल्याङ्कनको लागि स्पस्ट नीतितथा कानूनतर्जुमा भई कार्यान्वयन भएको, अन्तरसरकार तथा अन्तर निकायका बीचमा समन्वयकारी तथा प्रमाणमा आधारित सहयोग आदान प्रदान भएको हुनेछ। यसका लागि सामाजिक सञ्जाल, आमसञ्चार तथा प्रविधिको प्रयोग बढेको, विभिन्न क्षेत्रका कर्मचारी जनप्रतिनिधिले नतिजामूलक अनुगमन तथा मूल्याङ्कन सम्बन्धी तालिम प्राप्त गरेको, विशिष्टप्रकृतिका आयोजना वा कार्यक्रमको मूल्याङ्कन गरिएको, बस्तुनिष्ठ अनुगमन मूल्यांकनमा संस्थागत पद्धतिको विकास भएको हुनेछ।

## ७.४ तथ्यांक प्रणाली

यथार्थ परक सूचना तथा तथ्याङ्कले मात्र बास्तविक योजना तथा आयोजना तथा कार्यक्रम निर्माणमा मद्दत पुर्याउँछ ।आजको यथार्थ अवस्था थाहा हुनसकेमा मात्र भोलिको लक्ष्य निर्धारण तथ्यपरक हुन्छ। हाम्रो तथ्याङ्क प्रणालीमा अद्यावधिकता विश्वासनियता एकरूपता नदेखिने हुँदा तथ्याङ्कको जमीनस्थानीय तह भएकोले यथार्थ परक भरपर्दो तथ्याङ्क भण्डारण र प्रकाशन गर्नु पर्दछ। यसैमा आधारित रहेर प्रदेश तथा संघ सरकारले नीति कानुन योजना बजेट तर्जुमा तथा कार्यान्वयन गर्दछ ।संघीय इकाईका बीचमा हरेक सार्वजनिक सेवा र कार्यमा असल सुमधुर साझेदारी सहकार्य समन्वय र सम्बन्ध स्थापित गर्न सकेमा संविधानले परिकल्पना गरेको समृद्धि सामाजिक न्याय समानता प्राप्ति गर्न सकिन्छ । गाउँपालिकाको आर्थिक तथा सामाजिक अबस्थाको यथार्थ चित्रण गर्न र सोही बमोजिम गाउँपालिकाको भावी कार्यदिशा निर्धारण गर्न तथ्याङ्कको महत्वपूर्ण भुमिका हुने हुँदा यसको संकलन, प्रशोधन र विश्लेषणमा विशेष ध्यान दिनु आबश्यक छ ।

### ७.४.१ समस्या तथा चुनौती

गाउँपालिका स्तरिय खण्डीकृत तथ्याङ्क बनाउनु, संघीय इकाईका बीचमा भएका तथ्याङ्क विश्वासिला र भरपर्दा एवं एकरूपता नहुनु, स्थानीय तहमा तथ्याङ्क संकलन प्रशोधन भण्डार र प्रकाशनका लागि सक्षम जनशक्ति उपलब्ध नहुनु, तथ्याङ्कमा आधारित रहेर नीति कानुन योजना बजेट तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन नगरिनु, प्रमुख समस्या तथा चुनौती रहेका छन् ।

### ७.४.२ उद्देश्य

- किफायती विश्वासिलो र समय सापेक्ष (रियल टाइम) तथ्याङ्कीय पद्धतिको विकास गर्नु
- योजना, आयोजना तथा कार्यक्रममा यथार्थ र भरपर्दो तथ्याङ्कको उपयोग गर्नु ।

### ७.४.३ रणनीति

- विश्वव्यापीमानक अनुरूपका तथ्याङ्क उत्पादन, सुधार र आपूर्ति गर्ने ।
- संघीय तथा प्रदेश इकाईका बीचमा समपूरक तथा परिपूरक तथ्याङ्कको व्यवस्थापन गर्ने
- तथ्याङ्कको गुणस्तर सुनिश्चित गर्न नीतिगत कानुनी संरचना गत संस्थागत प्रविधिगत क्षमता अभिवृद्धि गर्ने।
- आर्थिक योजना तथा तथ्याङ्क सेवाको मानक योग्यतामा समयानुकूल बनाउने ।
- तथ्याङ्क संकलनलाई सूचना प्रविधिमा आधारित बनाउँदै प्रशोधन र विश्लेषण गर्ने ।

### ७.४.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | तथ्याङ्क संकलन,प्रशोधन र व्यवस्थापन सम्बन्धी कार्ययोजना निर्माण | २०८१/८२-२०८३/८४ | ३० | ० |
| २ | तथ्याङ्क शाखाको स्थापना | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ३ | वार्षिक बजेट तथा कार्यक्रमसँगै गाउँपालिकाको स्थितिपत्र सार्वजनिकीकरण | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ४ | तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषणको लागि स्थानीय तहको क्षमता र दक्षता वृद्धि तालिम | २०८१/८२-२०८३/८४ | ५० | ० |
| ५ | मध्यमकालीन खर्च संरचनाको लागि आवश्यक तथ्याङ्क संकलन | २०८१/८२-२०८३/८४ | ३० | ० |
| ६ | प्रमाणमा आधारित एवं वस्तुगत तथ्याङ्कलाई आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन | २०८१/८२-२०८३/८४ | ५० | ० |

### ७.४.५ अपेक्षित उपलब्धि

योजना, आयोजना तथा कार्यक्रममा यथार्थ र भरपर्दो तथ्याङ्क प्रणालीको उपयोग भएको हुने, वास्तविक तथ्याङ्क विकासका लागि नीति कानुन संस्थागत संरचना विकास भएको, संघीय इकाईका बीचमा खण्डीकृत तथ्याङ्कको उपलब्धता रहेको, सूचना प्रविधिमा आधारित तथ्याङ्कको उपयोग भएको हुनेछ ।

### ७.४.६ जोखिम तथा अनुमान पक्ष

प्रमाणमा आधारित नीति निर्माण, आवश्यकतामा आधारित कार्यक्रम/आयोजना छनौट, लक्षित वर्गमा समन्यायिक लाभको वितरण, क्षमता विकास र सामाजिक आर्थिक शसक्तीकरणका लागि वस्तुगत र वैज्ञानिक तथ्याङ्कको आवश्यकता पर्दछ। त्यसैगरी सिमित स्रोतसाधनको कुशल विनियोजन, प्रभावकारी कार्यान्वयन र कानून बमोजिमको प्रतिवेदन प्रणालीले सार्वजनिक स्रोतको पारदर्शीता, वित्तीय अनुशासन दर्शाउछ। तसर्थ तथ्याङ्कमा आधारित योजना प्रणाली र अनुशासित विनियोजन र खर्च प्रणाली अवलम्वन गरिएमा सार्वजनिक वित्त प्रणाली स्वस्थ बन्न सक्छ। तथ्याङ्क प्रणाली र स्वस्थ सार्वजनिक वित्त व्यवस्थापन निर्माणका लागि समयमा पर्याप्त लगानी गर्न नसकिएमा कुनै पनि उत्कृष्ट योजना/आयोजना कार्यान्वयन नहुने जोखिम रहन्छ।

## ७.५ अनुसन्धान तथा विकास

गाउँपालिकाको सार्वजनिक सेवा प्रवाह र विकास निर्माणका काम कारवाहीलाई नवीनतम प्रविधि, प्रकृया र शैली मार्फत आधुनिक, परिस्कृत र परिमार्जित गर्दै लैजानु आजको आवश्यक्ता हो। उपलब्ध स्रोतको दिगो समुचित र महत्तम विकास र उपयोगका लागि यसको ठूलो महत्त्व रहेको छ। अध्ययनशील अनुसन्धानमूखी कर्मचारी तथा शासकीय प्रणालीको विकास गर्न सकिएमा भविष्यमा समग्र राष्ट्रको हितमा यस स्थानीय तहले अतुलनीय योगदान पुर्याउन सक्ने देखिन्छ। यसका लागि गाउँपालिकाले अनुसन्धान तथा विकासका लागि विशेष लगानी गर्नु पर्ने आवश्यक्ता देखिन्छ।

### ७.५.१ समस्या तथा चुनौती

अनुसन्धान तथा विकासका लागि गाउँपालिकाको जनशक्ति, वित्तीय स्रोत लगायतको संस्थागत क्षमता कमजोर रहनु,नीतिगत र कानूनी व्यवस्था प्रवन्ध गर्नु ,सामयिक सूचना तथा तथ्याङ्कहरू माग अनुरूप उपलब्ध गराउनु, सार्वजनिक प्रशासनको क्षेत्र अध्ययन अनुसन्धानमुखी बनाउनु, अनुसन्धानको लागि आबश्यक शैक्षिक संस्थाको अभाव हुनु । छात्रवृत्तिमा अध्ययन अनुसन्धानमा संलग्न जनशक्तिको उपयोग र टिकाइराख्नु, अनुसन्धानको क्षेत्रलाई प्राथमिकतामा राख्नु, अध्ययन अनुसन्धानदाताको सम्मान र प्रतिष्ठा बढाउँदै सम्मानजनक सुविधा उपलब्ध गराउनु, अध्ययनको क्षेत्रमा अन्तर तहगत समन्वय स्थापित गर्नु प्रमुख चुनौतीकोरूपमा रहेका छन् ।

### ७.५.२ उद्देश्य

- अनुसन्धान तथा विकासका माध्यमबाट समग्र शासकीय क्षेत्रमा सुधार ल्याउने ।

### ७.५.३ रणनीति

- अनुसन्धान र विकासलाई संस्थागत गर्न नीतिगत तथा कानूनी व्यवस्था गर्ने ।
- संघ प्रदेश तथा गैर सरकारी क्षेत्रसँग अनुसन्धान कार्यमा साझेदारी एवं सहकार्य गर्ने ।
- प्राज्ञिक क्षेत्र तथा सार्वजनिक क्षेत्रका बीचमा नियमित र निरन्तर अनुसन्धानका लागि समझदारी तथा नियमित बजेट तथा कार्यक्रमको व्यवस्था गर्ने ।
- आफ्नो क्षेत्रमा रहेका उच्च ओहोदा र विशिष्ट सेवाबाट सेवा निवृत्त राष्ट्रसेवक एवम् विज्ञलाई अध्ययन अनुसन्धानको कार्यमा सहकार्य गर्ने ।
- अनुसन्धान र विकासकामा युवा जनशक्तिलाई प्रोत्साहन गर्न अनुसन्धान तथा विकास कोषको परिचालन गर्ने ।
- अन्तराष्ट्रिय क्षेत्रमा भएका आविष्कार, अनुसन्धान र विकासका क्षेत्रमा गरिएका नवीन प्रविधिको स्थानीयकरणमा प्रोत्साहित गर्ने ।

### ७.५.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | अनुसन्धान नीति तथा कानुन तयार गर्ने | २०८१/८२-२०८३/८४ | ५० | ० |
| २ | अनुसन्धानको लागि हरेक आर्थिक वर्ष कुल बजेटको निश्चित अंश विनियोजन गर्ने | २०८१/८२-२०८३/८४ | ० | ० |
| ३ | उच्च उत्पादन र उत्पादकत्वका लागि मुख्य वाली र उद्योग छनौट गर्ने | २०८१/८२-२०८३/८४ | ० | ० |
| ४ | उच्च मूल्य भएका जडिवुटीको घरेलुकरण र बजारीकरण गर्ने | २०८१/८२-२०८३/८४ | २० | ० |
| ५ | अनुसन्धानमा संलग्न युवा वैज्ञानिकहरूको क्षमता विकास | २०८१/८२-२०८३/८४ | १०० | ० |

### ७.५.५ अपेक्षित उपलब्धि

अनुसन्धान नीति तथा कानुन तयार भएको हुनेछ, समग्र शासकीय क्षेत्रमा व्यवहारिक तथा प्रयोगमुखी आविष्कार अनुसन्धान तथा विकासको खोजी भएको हुनेछ। शैक्षिक प्रतिष्ठान, प्राज्ञिक संस्थासँग समुच्च तथा प्रतिवद्धरूपमा अनुसन्धान तथा विकासका कार्य नियमित तथा निरन्तर हुनेछ। सार्वजनिक प्रशासन लगायत समग्र शासकीय पक्षमा अनुसन्धान पद्धति विकास भई लागु भएको हुनेछ।

## ७.६ मानव संसाधन विकास

विकासको अवधारणा मानव विकास र विकासमा मानव एक अर्कामा अन्योन्याश्रित रहेका छन्। मानवको दैनिकी जीवनमा सहजीकरण खुशी सुखी मनोरञ्जनात्मक जीवन तथा दीघ जीवनका लागि स्वस्थ जीवर्नेनै मानवको सदावहार आकांक्षा रहेको छ। यसै विषयलाई केन्द्र विन्दुमा राखेर शिक्षा स्वास्थ्य आचरणमा परिस्कृत गर्दै मानव संशाधनको विकास भइ रहेको छ। स्वस्थ एवं सक्षम कुशल उत्पादनशील मानव संशाधनबाट आर्थिक सामाजिक सांस्कृतिक भौतिक प्रविधि गत विकासको गति तीव्र एवं गुणस्तरीय विकास हुन्छ । मानव संसाधनको विकासले कृषि तथा गैरकृषि क्षेत्रको उत्पादकत्व बढाउन, सरकारी क्षेत्रको कार्य कुशलता अभिवृद्धि गर्न तथा क्षेत्रीय एवम् अन्तर्राष्ट्रिय श्रम बजारमा पहुँच पुयाउन सघाउ पुग् छ। हाम्रो कुल जनसङ्ख्यामा आर्थिक रूपमा सक्रिय जनशक्तिको हिस्सा ५७ प्रतिशत रहेको छ। ऊर्जाशील जनशक्तिलाई देश भित्रै उत्पादनशील क्षेत्रमा लगाउन सकिएमा आर्थिक सामाजिक विकासमा महत्त्वपूर्ण योगदान पुग्ने देखिन् छ। वैदेशिक रोजगारीमा जाने जनशक्तिलाई पनि दक्ष तथा व्यवसायिक एवं प्रतिस्पर्धी र उत्पादनशील बनाउन सकिएमा उच्च स्तरको रोजगारीका साथै सम्मान जनक सुविधा र सहुलियत प्राप्त हुने अवसर प्राप्त हुन् छ।

### ७.६.१ समस्या तथा चुनौती

परम्परागत तथा औपचारिक शैक्षिक प्रणाली रहनु प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम प्रदान गर्ने संस्थाको उपलब्धता न्यून रहनु वा शैक्षिक शुल्क महँङ्गो हुनु, व्यवहारिक शैक्षिक अभ्यास नहुनु, अनुसन्धानमूलक सिर्जनशील मूलक शैक्षिक पद्धतिको विकास हुन नसक्नु, सक्षम जनशक्ति विदेश पलायन हुँदा उक्त जनशक्तिले आफ्नो ठाउँमा योगदान

नगर्नु, बजारको माग र विकासको सम्भावना अनुरूप सार्वजनिक नीति र लगानीको वातावरण नहुनु यस क्षेत्रका प्रमुख समस्या तथा चुनौती हुन् ।

### ७.६.२ उद्देश्य

- स्थानीय क्षेत्रको उन्नति र प्रगतिका लागि प्रतिस्पर्धी, सक्षम तथा गुणस्तरीय, योग्य, नैतिकवान मानव संसाधनको विकास गर्नु ।

### ७.६.३ रणनीति

- आफ्नो क्षेत्रका विकासका निमित्त आवश्यक पर्ने दक्ष, प्रतिस्पर्धी, कुशल, विकाउ मानव संसाधन विकास र उपयोगको लागि मानव संसाधन योजना तयार गर्ने ।
- प्राविधिक तथा व्यवसायिक शिक्षा तथा सीप मूलक शैक्षिक संस्थाको स्थापना गरी शैक्षिक कार्यक्रम तथा तालिमको व्यवस्था गर्ने ।
- सूचना तथा प्रविधिको माध्यमबाट अन्तर्राष्ट्रिय ज्ञान विज्ञान अनुसन्धानको खोजि गरी उपयोग र अवलम्बन गर्ने ।
- मानव संसाधनको विकास र उपयोगमा अन्तरसरकार तथा गैरसरकारी क्षेत्रका बीचमा निरन्तर प्रविधि जनशक्ति कार्यशैली, कार्यसंस्कारको आदान प्रदान, तालिम कार्य लगायतका पक्षमा सहकार्य एवं साझेदारी गर्ने ।
- उच्च वैज्ञानिक तथा प्राविधिक शिक्षाका अवसरहरू उपलब्ध गराएर श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय जनशक्ति तयार गर्ने ।
- आन्तरिक तथा वाह्य श्रम बजारको माग अनुसारका विभिन्न किसिमका व्यवसायिक तथा सीपमूलक तालिम सञ्चालन गर्ने ।
- लक्षित समूहको क्षमता विकासका लागि छात्रवृत्ति लगायतका सुविधा उपलब्ध गराइने छ ।
- निजी क्षेत्र एवं गैरसरकारी क्षेत्रका प्राविधिक एवं व्यवसायिक शैक्षिक तथा तालिम प्रदायक संस्थालाई आफ्नो पूर्वाधार तथा जनशक्ति विकासका लागि प्रोत्साहित गरिने छ ।
- मानव संसाधनको उपयोगका लागि रोजगारीका अवसरहरू धेरै भएको निजी क्षेत्रसँग सहकार्य गरिने छ ।

### ७.६.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | आगामी वर्षलाई दृष्टिगत गर्दै जनशक्ति प्रक्षेपण गरी सोही अनुसार जनशक्ति उत्पादनका लागि नीतिगत व्यवस्था तथा कार्यान्वयन | २०८१/८२-२०८३/८४ | १०० | ० |
| २ | आवश्यक आधारभूत,मध्यम र उच्चस्तरको जनशक्ति उत्पादन गर्न शैक्षिक संस्थासँग सहकार्य | २०८१/८२-२०८३/८४ | ५०० | ० |
| ३ | "मध्यमस्तरीय जनशक्ति उत्पादन कार्यक्रम" (प्राविधिक विद्यालय, निजी क्षेत्र र अन्य संस्थासँगको सहकार्यमा पर्यटन, कृषि, उद्योग, पूर्वाधार निर्माण आदि क्षेत्रलाई आवश्यक जनशक्ति उत्पादन) | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ४ | प्राविधिक तालिम केन्द्र र विद्यालय स्थापना | २०८१/८२-२०८३/८४ | ५०० | ० |
| ५ | युवाहरूलाई अल्प, मध्यम र लामो अवधिको प्राविधिक तथा व्यवसायिक तालिम सञ्चालन | २०८१/८२-२०८३/८४ | ५०० | ० |
| ६ | विदेशमा आर्जित ज्ञान तथा सीपको उपयोग गर्न | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ७ | युवालाई प्रोत्साहन स्वरुप बिऊ पूँजीको व्यवस्था | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ८ | सार्वजनिक निजी क्षेत्रका बीचमा सहकार्य गर्दै व्यवस्थापकीय कुशलताको विकास | २०८१/८२-२०८३/८४ | १०० | ० |

### ७.६.५ अपेक्षित उपलब्धि

बजारको माग अनुसारको जनशक्ति उत्पादन र उपयोगका लागि नीति योजना कार्यक्रम अनुसार जनशक्ति तयार एवं उपयोग भएको अन्तर सरकार तथा गैरसरकारी क्षेत्र एवं निजी क्षेत्रका बीचमा प्रविधि पाठ्य क्रम पाठ्य सामग्री प्रशिक्षकको आदान प्रदान भएको प्राविधिक तथा व्यवसायिक शैक्षिक तथा तालिम प्रतिष्ठान स्थापना भएको ज्ञान विज्ञानमा आधारित मानव संसाधनको विकास तथा उपयोगका निम्ति एकीकृत योजना तयार भएको, ज्ञान र सीप युक्त जनशक्ति उत्पादन भएको, मानव विकास र उपयोगमा सरकारी र निजी क्षेत्र बीच सहकार्य भएको हुनेछ ।

## ७.७ सुशासन

सुशासनको अभावमा समृद्ध गाउँपालिकाको परिकल्पना अधुरो रहन जान्छ जनसहभागिता, कानुनको शासन, पारदर्शिता, जवाफदेहिता, सहमतीय पद्धति, समावेशिता, सामाजिक न्याय जस्ता बिषय सुशासन तथा लोकतन्त्रका आधार स्तम्भका रूपमा रहेका छन् ।लोकतन्त्रमा पूर्ण प्रेस स्वतन्त्रता, स्वच्छ एवं स्वतन्त्र न्यायपालिका/न्याय प्रणाली, शासकीय शक्तिको सन्तुलित पृथकीकरण, नागरिक समाजको निगरानी, संवैधानिक निकायको स्वायत्तता, र प्रभावकारिता जस्ता क्षेत्र रहेका हुन्छन्।लोकतन्त्रको विकल्प अझ सुधारिएको लोकतन्त्र नै हो।सुशासनले समाजमा न्याय, नैतिकता, समानता, समावेशिता, सहभागिता, सक्षमता, समृद्धि, सामाजिक न्याय र सन्तुलन जस्ता विविध पक्षको वकालत र प्रवद्र्धन गर्दछ ।

यसर्थ गाउँपालिकाले जनताप्रति उत्तरदायी भई प्रभावकारी सेवा प्रदान गर्ने, विकास निर्माणलाई गुणस्तरिय वनाउने, आर्थिक अनुशासन कायम गर्ने दिशाका केन्द्रित भई काम गर्नु पर्ने देखिन्छ ।

### ७.७.१ समस्या तथा चुनौती

सूचना सञ्जालको व्यवस्था गर्नु, सरकारी एवम् सार्वजनिक सम्पत्तिको बढ्दो अतिक्रमण रोक्नु, पर्याप्त स्रोत साधनको व्यवस्था गर्नु, जिम्मेवार निकाय बीच समन्वय कायम गर्नु, शासकीय क्षेत्रमा सबै पक्षको सन्तोषजनक उपस्थिति गराउनु, सबै पक्षको सार्थक सहभागिताको अवसर प्रदान गर्नु,निष्पक्ष र तटस्थ सेवा प्रवाह गर्नु, सार्वजनिक क्रियाकलापको पूर्णपारदर्शिता अवलम्बन गर्नु, उपलब्ध स्रोत तथा साधनको दक्षता पूर्ण वंकुशल परिचाल नगर्नु, नैतिक चरित्र इमान्दारिता सदाचारिता को उच्च रूपमा पालन र अभ्यास गर्नु, सामाजिक न्यायस्थापि तगर्नु, सन्तुलि तर समन्यायिक विकासको अभ्यास गर्नु, व्यवसायिकता र सार्वजनिक सामाजिक उत्तरदायित्वका बीचमा सामञ्जस्यता स्थापित गर्नु, लगायतका विषय समस्या तथा चुनौतीका रूपमा रहेका छन् ।

### ७.७.२ उद्देश्य

- शान्ति, सुव्यवस्था र अमनचयन कायम गरी नागरिकको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु ।
- लोकतान्त्रिक प्रणाली र सुशासनको अभ्यासबाट आर्थिक समृद्धि हासिल गर्नु ।
- स्थानीय सरकार र जनताबीचको सम्वन्ध सुमधुर वनाउनु ।

### ७.७.३ रणनीति

- शान्ति, सुव्यवस्था र अमनचयन कायमगर्न संघरप्रदेश सरकारसंग समन्वय स्थापित गर्ने ।
- सार्वजनिक कानुन तर्जुमा र कार्यान्वयनलाई लोकतान्त्रिक रपारदर्शी बनाउने ।
- सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षण नागरिक निगरानी आम्दानी र खर्चको नियमित सार्वजनिकी करण जस्ता पारदर्शिताका औजारको अधिकतमा उपयोग गर्ने ।
- नीति कानुन योजना बजेट तर्जुमा तथा कार्यान्वयनमा सर्वपक्षीय सहभागिताको सुनिश्चित गर्ने ।
- खुला बजेट प्रणालीको अभ्यासको थालनी गर्ने ।
- प्रचलित कानुन तथा नीतिको प्रभावकारिता र प्रभावको परीक्षण गर्ने ।

### ७.७.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | सुशासन र विकासका लागि मापदण्ड मार्गदर्शन तथा आचार संहिता निर्माण | २०८१/८२-२०८३/८४ | २० | ० |
| २ | सूचना प्रविधिमा आधारित सार्वजनिक सेवा प्रवाह तथा विकास प्रशासन सञ्चालन | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ३ | नागरिक बडापत्रको कार्यान्वयन | २०८१/८२-२०८३/८४ | ३० | ० |
| ४ | सार्थकजन सहभागितामा आधारित नीति, कानुन, योजना, बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन प्रदेश तथा स्थानीय शासकीय सुधार कार्यक्रम (पीएलजीएसपी) को कार्यान्वयन | २०८१/८२-२०८३/८४ | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| ५ | खुला बजेट प्रणालीको अभ्यास तथा प्रवर्द्धन | २०८१/८२-२०८३/८४ | ० | ० |
| ६ | सार्वजनिक खर्चको विद्युतीय माध्यमबाट नियमित सार्वजनिकीकरण | २०८१/८२-२०८३/८४ | १०० | ३० |
| ७ | सामाजिक परीक्षण, सार्वजनिक परीक्षण र सार्वजनिक सनुवाइ | २०८१/८२-२०८३/८४ | १५०० | ५०० |
| ८ | आर्थिक अनुशासन तथा वित्तीय उत्तरदायित्वका लागि संघीय सरकार तथा प्रदेश सरकारलाई नियमित वित्तीय प्रतिवेदन | २०८१/८२-२०८३/८४ | ४०० | १०० |
| ९ | सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन | २०८१/८२-२०८३/८४ | ० | ० |
| १० | सूचना प्रविधिको प्रयोगबाट सेवा प्रवाहमा सुधार | २०८१/८२-२०८३/८४ | ० | ० |
| ११ | शान्ति, सुव्यवस्था र अमनचयन कायम गर्न संघ र प्रदेश सरकारसँग समन्वय | २०८१/८२-२०८३/८४ | ० | ० |

### ७.७.५ अपेक्षित उपलब्धि

सुशासनका मूलभूत मान्यता स्थापनाको लागि नीतिगत व्यवस्था भएको, सार्वजनिक निकायका क्रियाकलाप र कोषको आयव्ययलाई पारदर्शी तुल्याइएको, संघीय सरकार तथा प्रदेश सरकार लाई वित्तीय विवरण र आर्थिक विवरण नियमित रूपमा प्रतिवेदन प्रेषित गरिएको, कानुनमा आधारित रहेर जनशक्तिको व्यवस्थापन गरिएको, सूचना प्रविधिको उपयुक्त विकास र उपयोग गर्दै सार्वजनिक प्रशासन निष्पक्ष तठस्थला गत प्रभावीर कुशल बनाइएको हुनेछ । स्रोत परिचालन एवं वितरणमा समानता सन्तुलन न्याय विवेक समावेशिताको अवलम्बनबाट सुशासन कायम हुन गई सार्वजनिक सेवा प्रबाह प्रभावकारी भएको, विकास निर्माणका काममा गुणस्तरियता कायम भएको र जनतासंगको सम्वन्ध सुमधुर भएको हुनेछ ।

## ७.८ न्याय प्रणाली

संविधानले गरेको व्यवस्था र मर्म अनुरुप कानून निर्माण गरी न्यायमा सबैको सरल र सहज पहुँच स्थापित गरी न्यायमा सहज पहुँच, शीघ्र न्याय प्राप्ति, सस्तो र सुलभ सुविधा भएमा मात्र नागरिकले न्याय प्रति भरोसा तथापि विश्वास गर्छन्। ढिलो न्याय दिनु भनेको न्याय नदिनु सरह हो भन्ने कानुनी मान्यता रही आएकोछ ।न्याय प्रणालीको प्रस्थान बिन्दु स्थानीय तहको न्यायिक समितिलाई न्याय सम्पादन र व्यवस्थापनमा सक्षम एवम प्रणालीबद्ध बनाई न्याय सम्पादन र व्यवस्थापनमा प्रभावकारिता कायम गर्न आवश्यक छ ।

### ७.८.१ समस्या तथा चुनौती

स्थानीय तह मान्याय सम्पादनका लागि स्थापित न्यायिक समिति मान्यायत था कानुनको पर्याप्त ज्ञान नहुनु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनमा भएका नवीनतम विधि र पद्धतिको यथेष्ट जानकारी नहुनु, समय समयमा तालिम तथा अभिमुखीकरणमा निरन्तरता नहुनु समस्या एवं चुनौती रहेका छन् । यसै गरी पीडित पक्षलाई संविधान अनुकूल कानुनी सहायता उपलब्ध गराउनु अर्को चुनौती रहेको छ । न्याय सम्पादनका लागि स्थानीय तहमा कार्यरत कर्मचारीमा पर्याप्त ज्ञान सीप अनुभव नहुनु पनि समस्या तथा चुनौती रहेका छन् ।

### ७.८.२ उद्देश्य

- न्यायिक प्रक्रियालाई सरल, अनुमान योग्य, पारदर्शी र सूचना प्रविधिमैत्री बनाउनु ।
- स्थानीय स्तरका विवाद तथा मुद्धाहरूलाई समयमै न्याय निरूपण गर्दै न्यायपूर्ण समाज निर्माण गर्नु ।

### ७.८.३ रणनीति

- न्यायिक सम्पादनलाई प्रभावकारी वनाउन नीतिगत तथा कानुनी आधार निर्माण गर्ने ।
- न्यायिक समितिमा रहने पदाधिकारीको क्षमतागरी संस्थागत क्षमता समेत बढाउने ।
- अन्तर सरकार तथा न्याय र कानुनका क्षेत्रमा संलग्न निजी तथा गैरसरकारी क्षेत्र सँग सहकार्य समन्वय र सम्मिलनका कार्यलाई प्रवर्द्ध नगर्ने ।

### ७.८.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | आवश्यक नीति तथा कानुन तर्जुमा गर्ने | २०८१/८२-२०८३/८४ | २० | ० |
| २ | न्यायिक समितिका सदस्य र सम्बन्धित कर्मचारीको क्षमता विकास | २०८१/८२-२०८३/८४ | ३०० | ० |
| ३ | न्यायिक इजलासको लागि आवश्यक पूर्वाधार र प्रविधिको व्यवस्था | २०८१/८२-२०८३/८४ | ५०० | ० |
| ४ | वडा तहमा स्थानीय मेलमिलाप समितिको गठन | २०८१/८२-२०८३/८४ | ५० | ३० |
| ५ | स्थानीय मेलमिलापकर्ताको क्षमता विकास | २०८१/८२-२०८३/८४ | २०० | ९० |

### ७.८.५ अपेक्षित उपलब्धि

त्रीवर्षीय योजनाको अन्तमा न्यायिक समितिमा रहने पदाधिकारी तथा कार्य सम्पादनसंग सम्बन्धित कर्मचारीको मुद्दा अनुसन्धानगर्ने, छलफल गर्नेर विवाद निरूपण गर्न सक्ने क्षमताको विकास भएको हुनेछ ।

## ७.९ संघीय शासन प्रणालीको सुदृढीकरण

विभिन्न जात, जाति, वर्ग, क्षेत्र, लिङ्ग र समुदायका नागरिकहरूको स्वामित्व, सहभागिता र पहुँच अभिवृद्धि गर्दै विविधताको व्यवस्थापनका माध्यमबाट राष्ट्र निर्माण गर्ने उद्देश्यका साथ संघीय शासन प्रणाली लागू भएको छ स्थानीय सरकारको शासकीय शैली कुशलता दक्षता क्षमता संस्कार सदाचारिता बाट संघीयता प्रति साधारण नागरिकको अवधारणा स्थापित हुन्छ । स्थानीय कार्यपालिका, व्यवस्थापिका र न्याय पालिकाबाट सम्पादन हुने सेवा प्रवाह, विकास निर्माण, न्याय सम्पादन, सरकारको निगरानी, निष्पक्षता, सन्तुलित विकास, सामाजिक न्याय, कानुनी शासन जस्ता लोकतन्त्रका आधारभूत मूल्यमान्यतालाई संस्थागत रूपमा स्थापित गर्न सकिएमा संघीयताको परिकल्पना साच्चिकै सार्थक र लाभकारी हुनेछ । सार्वजनिक वित्तको सम्भावनालाई अधिकतम परिचालन गर्दै साधन तथा स्रोतको कुशल तथा दक्षता पूर्ण तवरले प्रगतिशील आधारबाट वितरण तथा पुनर्वितरण गरिएमा आर्थिक सामाजिक प्रविधिगत भौतिक र सांस्कृतिक विकासको आधारयो रदिगो

हुनेछ । स्थानीय तह संघीय शासनको प्रणालीमा जनताको सबैभन्दा नजिक रहेर शासकीय अभ्यास गर्ने सरकारको रूपमा रहेका छन् ।

## ७.९.१ समस्या तथा चुनौती

संघीयता कार्यान्वयनको स्पष्ट मार्ग चित्र तयार भइ नसक्नु, संघ, प्रदेश र स्थानीय तहका सरकार बीच अन्तर सम्बन्ध परिभाषित भए तापनि कार्यान्वयनमा प्रष्टता नहुनु, एक अर्को सरकारबीच अपेक्षित समन्वय कायम हुन नसक्नु र प्रदेश तथा स्थानीय तहको क्षमता विकासको स्पष्ट योजना नबन्नु,सार्वजनिक वित्त स्रोतको परनिर्भरताका कारण गाउँपालिकाले दीर्घकालीन सोंचमा स्पष्टता ल्याउन सकेको छैन्।गाउँपालिकाको नीति, कानुन, योजना, बजेट तथा कार्यक्रम कार्यान्वयनमा लैजान आवश्यक पर्ने जनशक्तिको न्यूनता रहेको छ ।न्यून जनशक्ति पनि आफ्नो क्षेत्र अनुसार अनुभवी दक्ष र काविल देखिन सकेकोछैन।स्रोत र योजनाका बीचमा तीन तहका सरकारका बीचमा अझै अन्यौल अस्पष्टता अलमल रहेकोछ।यी संघीयता कार्यान्वयनका प्रमुख समस्याको रुपमा रहेका छन् ।

## ७.९.२ उद्देश्य

- संघीय शासन प्रणालीबाट प्राप्त हुने लाभको समन्यायिक वितरण गर्नु ।
- जनताको नजिकमा रहेर छिटो छरितो सेवा प्रवाह हुने वातावरण सिर्जना गर्नु ।
- राजनीतिक एवम् प्रशासनिक नेतृत्व विकासको माध्यमबाट संघीयता सुदृढीकरण गर्नु ।

## ७.९.३ रणनीति

- नीति, योजना, कानून तर्जुमा गर्दा सामाजिक, आर्थिक, भौगोलिक रुपले पिछडिएका वर्ग तथा क्षेत्रलाई प्राथमिकतामा दिने
- नीति तथा कानुन नेपालको संविधान संघीय कानुन र प्रदेश कानुन अनुकूल तर्जुमा एवं कार्यान्वय नगर्ने
- स्थानीय आवश्यकता माग संभावना अनुसारनै सार्वजनिक वित्तको परिचालन योजना बजेट तथा कार्यक्रमको तर्जुमा तथा कार्यान्वय नगर्ने
- वित्तीय अनुशासन र उत्तर दायित्व लाई सर्वोपरी ठानी उपलब्ध स्रोतको कुशलता र दक्षता पूर्ण तवरले उपयोग गर्ने
- सेवा प्रवाह विकास निर्माण न्याय सम्पादन वातावरण संरक्षण सामाजिक न्याय र सन्तुलित विकास गर्ने

## ७.९.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आर२० .व.८०८/१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | सेवा प्रवाह सम्बन्धी कार्यविधि, निर्देशिका र मापदण्ड निर्माण गर्ने | २०८१/८२-२०८३/८४ | ५० | ० |
| २ | वार्षिक कार्यक्रम तथा बजेट बनाउँदा स्थानीय तहमा पिछाडिएका वर्ग तथा क्षेत्रलाई प्राथमिकता दिने र मूल्याङ्कन गर्ने | २०८१/८२-२०८३/८४ | ० | ० |
| ३ | संघीयता कार्यान्वयन गर्नआवश्यक नीति तथा कानुनको निर्माण गर्ने | २०८१/८२-२०८३/८४ | १०० | ० |

| | | | | |
|---|---|---|---|---|
| ४ | स्थानीय तह मातहतका निकायको संरचना निर्माण,क्षमता अभिवृद्धि तथा पूर्वाधार विकास गर्ने | २०८१/८२-२०८३/८४ | १००० | ० |
| ५ | संघीयता कार्यान्वयनका लागि आवश्यक संगठन संरचनाको निर्माण गर्ने । | २०८१/८२-२०८३/८४ | १००० | ० |
| ६ | साझेदारी कार्यक्रमको मोडल बिकास गर्ने । | २०८१/८२-२०८३/८४ | ० | ० |
| ७ | समाज नेतृत्व विकास कार्यक्रम सञ्चालन गर्ने । | २०८१/८२-२०८३/८४ | ० | ० |
| ८ | कर्मचारीको क्षमता बिकास कार्यक्रम सञ्चालन गर्ने | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ९ | संघीयताको सफल कार्यन्वयनका लागि अध्ययन | २०८१/८२-२०८३/८४ | २०० | ० |

## ७.१० स्थानिय तहको सन्तुलित विकास

गाउँपालिकाले आफ्नो प्रशासनिक सीमा भित्रको सबै क्षेत्र , वर्ग र समुदायलाई समेट्ने गरी कार्यक्रम तथा आयोजना तर्जुमा गर्नु पर्दछ ।सन्तुलित र समन्यायिक विकासले मात्र संघीय शासन प्रणालीको आधार निर्माण गर्न सक्छ ।संघ तथा प्रदेश सरकारबाट गरिने वित्तीय हस्तान्तरणले सन्तुलित तथा समन्यायिक विकास लाई महत्त्वपूर्ण योगदान पुऱ्याउँछ ।गाउँपालिकाले संविधान बमोजिम नागरिकका आधारभूत आवश्यकता उपलब्ध गराउने र स्थानीय सरकारको कार्य जिम्मेवारी वित्तीय स्रोतको उपलब्धता अनुसार योजना तथा कार्यक्रम र स्रोत साधनको वितरण गरी सन्तुलित विकासमा जोड दिनु पर्ने आबश्यक्ता रहेको छ ।

### ७.१०.१ समस्या तथा चुनौती

विगतको लगानी ग्रामीण क्षेत्रमा न्यून हुनु र क्षेत्रीय सन्तुलनको योजना तयार भए पनि ब्यावहारिक रुपमा कार्यान्वयन नहुनु, स्थानीय जनताको आर्थिक, सामाजिक, भौगोलिक विकासको आकांक्षा बढ्दो रुपमा रहनु, आन्तरिक स्रोतको सम्भाव्यता र परिचालनको अवस्था साँघुरो हुनु सन्तुलित विकासका लागि भौगोलिक विषमता हुनुआदि समस्या तथा चुनौती रहेका छन् ।

### ७.१०.२ उद्देश्य

- नीतिगत तर कार्यक्रमगत ब्यवस्था गरी सबै क्षेत्रमा सन्तुलित विकास गर्नु ।

### ७.१०.३ रणनीति

- विकट र पिछडिएका क्षेत्रमा समन्यायिक विकास गर्ने ।
- स्थानीयस्तरमा उपलब्ध स्रोत साधनको सम्भाव्यताका आधारमा लगानी वृद्धि गरी सन्तुलित विकास गर्ने।
- नीति तथा कानुनमा परि स्थिति परिवेश प्रतिवद्धता अनुरूपको व्यवस्था गर्ने
- योजना, बजेट तथा कार्यक्रमलाई पूर्ण र सार्थक,जनसहभागिता मूलक बनाउँदै कार्यान्वयन योग्य बनाउने ।
- संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरणको अधिकतम उपयोग गर्दै कार्य सम्पादनमा प्राप्त हुने थप वित्तीय हस्तान्तरणको स्रोत प्राप्तिमा जोडदिने ।
- सरकारको न्यून उपस्थिति रहेका स्थानमा सहकारी, निजी, सहकारी तथा सामुदायिक क्षेत्र सँग सहकार्य समन्वय र हातेमालो गर्दै सेवा प्रवाह तथा विकास निर्माणका कार्यमा उत्प्रेरित गर्ने ।

- सार्वजनिक क्षेत्रका अवसरलाई विकासको अवस्था र औषत अवस्था भन्दा पछाडि रहेका क्षेत्रलाई प्राथमिकीकरण गरी बराबरी मैदान बनाउन अग्रसर रहने ।
- मानव संसाधनलाई उच्ततम रूपमा उपयोग गर्ने ।
- प्राकृतिक एवम् मानवीय सम्पदाहरूको पहिचान गरी बढी प्रतिफल दिने आयोजना र कार्यक्रमलाई उच्च प्राथमिकता दिने र पिछडिएका क्षेत्रमा कार्यान्वयन गर्ने व्यवस्था गर्ने ।

### ७.१०.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | वार्षिक बजेट तर्जुमा गर्दा आर्थिक सामाजिक भौतिक विकासले पछि परेका वडामा लगानी विस्तार | २०८१/८२-२०८३/८४ | ० | ० |
| २ | सामाजिक सांस्कृतिक परम्पराबाट पछि परेका क्षेत्रमा शैक्षिक कार्यक्रमको विस्तार | २०८१/८२-२०८३/८४ | ३०० | ० |
| ३ | गरिबी बढी देखिएका वस्ती वडामा रोजगारी सिर्जना परम्परागत सीपमा सशक्तीकरण कृषि तथा पशु व्यवसायमा अनुदान | २०८१/८२-२०८३/८४ | १००० | ० |
| ४ | आयोजनाहरू छनौट गर्दा पिछडिएको क्षेत्रलाई प्राथमिकता दिन | २०८१/८२-२०८३/८४ | ५०० | ० |
| ५ | सार्वजनिक निजी साझेदारी मार्फत् पिछडिएका क्षेत्र लाभान्वित हुने गरी कार्यक्रम सञ्चालन गर्ने | २०८१/८२-२०८३/८४ | ५०० | ० |
| ६ | स्थानीय स्रोत साधनमा आधारित आर्थिक क्रियाकलापद्धारा उद्यमशीलता र रोजगारी सिर्जना | २०८१/८२-२०८३/८४ | ५०० | ० |
| ७ | स्थानीय मौलिक संस्कृति र पर्यटकीय स्थलको प्रचारप्रसार गरी पर्यटन प्रवद्र्धन | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ८ | सवै वडा केन्द्रमा सडक पूर्वाधारको विकास गर्न संघ र प्रदेश सरकारका बीच सहसम्बन्ध र सम्भावनाको उच्चतम उपयोग | २०८१/८२-२०८३/८४ | १०० | ० |

### ७.१०.५ अपेक्षित उपलब्धि

सडक पूर्वाधार नपुगेका बस्ती तथा वडामा कच्ची सडक सञ्जाल विस्तार भएको विद्यालय भवन नभएकोमा विद्यालय भवन निर्माण भएको प्राकृतिक स्रोतको परिचालनबाट सरकारले आम्दानी गरेकामा थप लगानी तथा योगदान विस्तार भएको हुनेछ । सन्तुलित समन्यायिक समावेशी भौतिक पूर्वाधार र सामाजिक पूर्वाधार विकासमा संघीय सरकार तथा प्रदेश सरकारबाट समपूरक लगानी तथा विशेष लगानी भएको हुनेछ ।

## ७.११ शासकीय सुधार

सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै गाउँपालिकाबाट प्रवाह हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने लक्ष्य

गाउँपालिकाले राखेको छ । परिवर्तित राजनीतिक तथा संवैधानिक व्यवस्थालाई मध्यनजर गरी समग्र शासकीय व्यवस्थामा सुधार हुनुपर्दछ । संविधान राजनीतिक व्यवस्था र कानुनमा परिवर्तनलाई शासनका पात्रले आत्मसात गरिनुपर्दछ । सार्वजनिक प्रशासन, सहकारी क्षेत्र, निजी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज, सामुदायिक क्षेत्रले पनि विगतमा गरिएका नीतिगत तथा व्यवहारगत पक्षमा सुधार गरिनु पर्दछ । परम्परागत कार्यशैली र कार्य सम्पादन प्रकृयामा सुधार गरी सर्व साधारणमा सुशासनको प्रत्याभूति गर्दै संघीयताप्रतिको विश्वास वढाउँदै जानु पर्ने देखिन्छ ।

## ७.११.१ समस्या तथा चुनौती

एकात्मक र केन्द्रीकृत शासन प्रणालीमा लामो समय अभ्यस्त भएकोले सोही अनुसारका कार्य संस्कार कार्य शैलीको अवलम्ब नगरिनु, स्थानीय तहको कार्य जिम्मेवारी बमोजिमको क्षमता अभिवृद्धि नहुनु, सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा प्रचलित विकास एवम् प्रविधिको समुचित उपयोग गर्न नसक्नु, पारदर्शिता र जवाफ देहिताको प्रणालीमा पूर्ण रुपमा विकास भईनसक्नु, संघप्रदेश र स्थानीय तहबीच अपेक्षित समन्वय नहुनु, पर्याप्त दक्ष जनशक्ति उपलब्ध नहुनु प्रमुख समस्या तथा चुनौतीकारूपमा रहेका छन ।

## ७.११.२ उद्देश्य

- गाउँपालिकाको काम कारवाहीलाई भ्रष्टाचारमुक्त, पारदर्शी, जनउत्तरदायी, नागरिकमैत्री तथा प्रविधिमैत्री बनाई शासन व्यवस्थामा जनविश्वास अभिवृद्धि गर्नु ।

## ७.११.३ रणनीति

- कानून तथा व्यवहारमा सुधार गरी सेवा प्रवाहलाई पारदर्शी र प्रभावकारी बनाउने ।
- सार्वजनिक क्षेत्रमा हुने अस्वाभाविक क्रियाकलाप, आम्दानी खर्च व्यवहार र प्रवृत्तिलाई रोकथाम तथा न्यूनीकरण गर्ने ।
- राजनीति प्रशासन र निजी क्षेत्रका बीचमा रहेको बिचौलिया साँठगाँठ (मिडियटरनेक्सस) लाई प्रविधिको उपयोग गर्दै न्यूनीकरण गर्ने ।
- प्रतिस्पर्धात्मक बजार योग्यता प्रणालीको अवलम्बन गर्दै लोकतान्त्रिक अभ्यासलाई सार्थकता प्रदान गर्ने ।
- नागरिक समाज गैरसरकारी संस्थाबाट हुने स्वस्थ शासकीय अभ्यासका लागि निगरानी नियमन निर्देशन पालना गर्ने कार्यमा अग्रसर तालिने ।
- सार्वजनिक स्रोतको संकलन र खर्च कानुन बाहेक गर्न नहुने कानुनी व्यवस्थालाई सधै हृदयङ्गम गर्ने ।
- आर्थिक पारदर्शिताका लागि सार्वजनिक सुनुवाई, सामाजिक र सार्वजनिक परीक्षण, विद्युतीय सार्वजनिकी करणका अभ्यासलाई नियमित र सार्थक बनाउँदै लैजाने ।
- पदाधिकारी तथा कर्मचारीको कार्यसम्पादनलाई मापन योग्य बनाउने ।
- सरकारी कामकारवाहीलाई मितव्ययी बनाउन र एउटै काममा एक भन्दा बढी निकायले दोहोरो खर्च गर्न नसक्ने वातावरण सिर्जना गर्न आधुनिक सूचना प्रविधिको प्रयोग गर्ने तथा निश्चित मापदण्डका आधारमा खर्च गर्ने व्यवस्था गरिनेछ ।

### ७.११.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | स्थानीय सेवासम्बन्धी कानुन निर्माण गर्ने | २०८१/८२-२०८३/८४ | ५० | ० |
| २ | कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली (पुरस्कार) | २०८१/८२-२०८३/८४ | ५० | ० |
| ३ | सबै कार्यालयहरुलाई प्रबिधिमैत्री बनाउने | २०८१/८२-२०८३/८४ | ३०० | ० |
| ४ | नियमित वेबसाइट अद्याबधिक गर्ने | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ५ | सबै वडा कार्यलयहरूमा सुझाव पेटीका र नागरिक वडापत्र राख्ने | २०८१/८२-२०८३/८४ | १०० | ५० |
| ६ | सदाचार बारे प्रशिक्षण दिने | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ७ | कार्यक्रममा दोहोरोपना घटाउन कम्प्युटर सफ्टेवयर बनाई कार्यान्वन गर्ने | २०८१/८२-२०८३/८४ | ५०० | ० |
| ८ | निर्माण सम्पन्न आयोजनाको सार्वजनिक परीक्षण र सामाजिक परीक्षण जस्ता सबै विधिको प्रयोग गर्ने | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ९ | स्थानीय तहको शासकीय सुधारका लागि प्राविधिक सहयोग प्रदान (अभिमुखीकरण कार्यक्रम) गर्ने | २०८१/८२-२०८३/८४ | ३०० | ० |
| १० | सार्वजनिक पद धारण गरेका व्यक्तिले सदाचारलाई जीवनशैलीकै रुपमा अनुसरण गर्नुपर्ने व्यवस्था गरिनेछ | २०८१/८२-२०८३/८४ | १०० | ० |

### ७.११.५ अपेक्षित उपलब्धि

पञ्चवर्षीय योजनाको अन्तमा चुस्त संरचना,जनताप्रति उत्तरदायी कार्यशैली र सूचना प्रविधिको उपयोग भएको हुने पारदर्शिता र जवाफदेहिताको प्रणालीमा पूर्ण रुपमा विकास भई गाउँपालिकाको विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहमा सुधार भई समग्र शासकीय पक्षमा सुधार भएको हुनेछ ।

## ७.१२ प्रशासनिक सुशासन

नागरिकको समृद्धि तथा सुखी जीवनको सुनिश्चितता गर्नु प्रशासनिक सुशासनको प्रमुख लक्ष्य हो ।सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागिता मूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्नु सबै तहका सरकारको महत्त्व पूर्ण जिम्मेवारी तथा दायित्व रहेकोछ । सार्वजनिक प्रशासनमा सुशासन कायम गर्ने सम्बन्धमा विभिन्न प्रयास भइरहेका छन् । सर्वसाधारण जनताको दैनिक काम पर्ने र प्रत्यक्ष जनसम्पर्क हुने केही कार्यालयहरूमा नागरिक बडापत्र लागु गरिएकोछ ।

सरकारी कार्यालय सूचना प्रविधि मैत्री बनाई छरितो र पार्दर्शी सेवा प्रवाहमा जोड दिई प्रशासनिक सुशासनको कार्यलाई योजनाबद्ध ढंगले अघि बढाउने कार्य आवश्यक भएको छ ।

### ७.१२.१ समस्या तथा चुनौती

कर्मचारीमा सुशासन कायम गर्न चाहिने सीप र ज्ञानको कमी, सुशासन कायम गर्न राष्ट्रसेवर्क कर्मचारीलाई दिशा निर्देश गर्ने संयन्त्रको कमी, स्थानीय निजामति सेवा सम्बन्धी कानूनको अभाव, प्रशासनिक क्षेत्रमा बढदो राजनीतिक हस्तक्षेप, प्रशासनिक अनुशासनमा ह्रास, न्यून वेतनधारी कर्मचारी, पूर्वानुमान योग्य वृत्ति विकास प्रणालीको अभाव, प्रोत्साहन र प्रशिक्षणको अभाव आदि प्रमुख समस्या हुन् ।

### ७.१२.२ उद्देश्य

- गाउँपालिकाको सार्वजनिक प्रशासनलाई स्वच्छ, नतीजामुखी,जवाफदेही र पारदर्शी बनाई सार्वजनिक सेवा प्रवाह र विकास प्रक्रियालाई व्यवस्थित गर्नु ।

### ७.१२.३ रणनीति

- जवाफदेही, नागरिकमैत्री र जनउत्तरदायी सेवा प्रवाह गर्न संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी विद्यमान संगठन संरचनामा परिर्माजन गर्ने।
- सार्वजनिक सेवाहरूलाई गुणस्तरीय र सर्वसाधारणको पहुँच योग्य बनाउन सङ्घीयशासन प्रणाली अनुरूप प्रशासन संयन्त्रको विकास गर्ने ।
- सार्वजनिक निकायका समग्र क्रियाकलापका चरणमा सूचनामा नागरिक सहभागिता बढाउने ।
- राष्ट्रसेवकहरूलाई काम प्रति परिणाम मुखी र उत्तरदायी बनाउने ।
- सार्वजनिक निकायका निर्णय र प्रगतिका सूचना विद्युतीय तथा आम सञ्चारका माध्यमबाट नियमित रूपमा सार्वजनिकीकरण गर्ने
- सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, समावेशी एवम सहज बनाउन विद्युतीय शासन प्रणालीको अवलम्बन गरी प्रशासनिक कार्यविधिलाई सरलीकरण र सङ्क्षेपीकरण गरिनेछ ।
- सेवा प्रवाहलाई जन उत्तरदायी बनाउन क्षतिपूर्ति सहितको बडापत्र कार्यान्वयनमा जोड दिइनेछ ।
- जन गुनासोलाई प्रत्यक्ष रूपमा अनुभूत गर्ने गरी व्यवस्थापन गरिनेछ ।
- आयोजना स्थलमा आयोजनाको विस्तृत विवरण खुलेको होर्डिङ बोर्ड राख्ने व्यवस्थालाई अनिवार्य बनाइनेछ ।
- भ्रष्टाचार विरुद्धको शून्य सहनशीलताको नीतिअनुरूप सार्वजनिक प्रशासनमा सदाचारिता अभिवृद्धि गरिनेछ ।
- आयोजना कार्यान्वयनमा पारदर्शिताको अभिवृद्धि गर्दै जिम्मेवार पदाधिकारीको कार्य जिम्मेवारी र जवाफदेहिता तोकेर कार्य सम्पादन सूचकसहितको कार्यसम्पादन सम्झौता गर्ने कानूनी व्यवस्था गर्ने ।

### ७.१२.४ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने । | २०८१/८२-२०८३/८४ | ५०० | ० |
| २ | स्थानीय निजामती सेवा सम्बन्धी नीतितर्जुमा, निजामती सेवा ऐन र नियमावलीको तर्जुमा गर्ने | २०८१/८२-२०८३/८४ | २०० | ० |
| ३ | बिद्युतीय शासन पद्धति लागु गर्ने | २०८१/८२-२०८३/८४ | ० | ० |
| ४ | अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख बिच कार्य सम्पादन सम्झौता गर्ने कानूनी व्यवस्था गर्ने । | २०८१/८२-२०८३/८४ | २० | ० |
| ५ | कार्य सम्पादन तथा स्वस्थ कार्यमा आधारित प्रोत्साहन प्रणाली अवलम्बन गरी व्यक्तिको कार्यसम्पादनलाई निजको कार्यालयको कार्य प्रगतिसँग आबद्ध सूचना प्रविधिको विकास र विस्तार द्वारा विद्युतीय प्रणालीको अधिकतम प्रयोग गरी स्वचालित कार्यप्रणालीको विस्तार । | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ६ | गाउँपालिकाभित्रसञ्चालित आयोजनाको प्रगति समिक्षाबाट प्राप्त पृष्ठपोषणहरूको कार्यन्वयन भए नभएको चौमासिक समिक्षा गर्ने | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ७ | वडा कार्यालयबाट आधारभूत सेवा प्रबाह गर्न सहिजकरण गर्ने | २०८१/८२-२०८३/८४ | १०० | ० |
| ८ | सेवा प्रदायकलाई तालिम क्षतिपूर्ति सहितको नागरिक वडापत्र लागु गर्ने | २०८१/८२-२०८३/८४ | ५० | ० |
| ९ | मोबाइल एप्सको निर्माण गरी सेवा प्रवाहको प्रचारप्रसार गर्ने | २०८१/८२-२०८३/८४ | ३०० | ० |
| १० | स्थानीय सेवाका कर्मचारीको लागि सेवाकालिन तालिम सञ्चालन गर्ने | २०८१/८२-२०८३/८४ | ३०० | १०० |
| ११ | स्थानीय सुशासनको लागि कर्मचारीहरुलाई प्रशिक्षित गर्ने | २०८१/८२-२०८३/८४ | २०० | १०० |

### ७.१२.५ अपेक्षित उपलब्धि

स्थानीय सेवा वा निजामती सेवाका लागि अत्यावश्यक नीति र ऐन कानुनहरू तर्जुमा भई कार्यान्वयन भएका हुनेछन् । सूचना प्रविधिको विकास र विस्तार द्वारा सार्वजनिक प्रशासनलाई विद्युतीय सुशासन प्रणालीको रूपमा अघि बढाई सबै सरकारी कार्यालयमा स्वचालित कार्यप्रणालीको विस्तार भएको हुनेछ । सेवा प्रवाहमा न्यूनलागत, उच्च गुणस्तर र

सरल पहुँचको सुनिश्चतता भएकोहुनेछ । राष्ट्र सेवक कर्मचारीहरूको क्षमता अभिवृद्धिभई सेवा प्रवाह कुशल तथा प्रभावकारी भएको हुनेछ । सम्रगतामा गाउँपालिकाको सार्वजनिक प्रशासनको सुधार भएको हुनेछ ।

## ७.१३ भ्रष्टचार नियन्त्रण

सामाजिक विकृतिको रूपमा रहेको भ्रषट्रचार नियन्त्रण अहिले सबैको साझा चासो र सरोकारको विषय वन्न पुगेको छ । सार्वजनिक वस्तु र सेवाको वितरण एवं विकास प्रशासन काक्रियाकलाप पारदर्शी, उत्तरदायी, जनमुखी र कानुन सम्मत रूपमा कार्यान्वयन गर्नुपर्दछ । प्रशासनिक संयन्त्र माधमिराको रूपमा विस्तार र विकृत देखिएको भ्रष्टाचार अनुचित कार्य एवम् अनियमिततालाई रोकथाम न्यूनीकरण र नियन्त्रण गरी सदाचारयुक्त, नैतिकवान् एवम् सुसंस्कृत र सभ्य समाजको निर्माण गर्न आवश्यक रहेकोछ । वहु आयामिक क्षेत्रबाट भ्रष्टाचार विरुद्ध उपयुक्त विधि तथा प्रक्रिया अवलम्बन गर्ने र सो विधि अन्तर्गत भ्रष्टाचार निरोध, कानुन कार्यान्वयन, प्राविधिक सहयोग र सूचना आदान प्रदान तथा कार्यान्वयन सम्बन्धी संयन्त्रलाइर्प भावकारी परिचालनगर्नु पर्दछ । सार्वजनिक निकायमा हुने भ्रष्टाचार जन्य क्रियाकलाप, अनियमितता, ढिला सुस्ती तथा अनिर्णय जस्ता विकृतिहरूको निराकरण गर्न उजूरी पेटिका अनलाइन उजूरी सूचना प्रविधिको व्यापक प्रयोग तेस्रो पक्षको निगरानी राजनीतिक निगरानी नियमन र निर्देशनको परिपाटीलाई पद्धति मूलक बनाउनुपर्दछ । गाउँपालिकामा स्थानीय सुशासन कायमको लागि ढिलासुस्ती, अनियमितता तथा अनिर्णयजस्ता विकृति एवम् भ्रष्टाचारजन्य क्रियाकलापको निराकरण गर्न आवश्यक रहेको छ ।

### ७.१३.१ समस्या तथा चुनौती

विश्वमा आएका विभिन्न परिवर्तनसँगै भ्रष्टाचारका आयाम तथा स्वरुपमा पनि परिवर्तन आएकाले त्यसै अनुरुपको अनुसन्धान तथा तहकिकातको व्यवस्था नहुन, संघीय शासनको अभ्यास सँगसँगै भ्रष्टाचारको विकेन्द्री करणहुनु, अनैतिक सम्पत्ति आर्जनलाई समेत सामाजिक अपराधको रूपमा नलिई प्रतिष्ठाको रूपमा स्थापित गर्नु, भ्रष्टाचारजन्य अपराधले नयाँ— नयाँ स्वरूप ग्रहण गर्दै जानु र यसका आयाम फराकिलो र विस्तारित हुँदै गएको मा सो अनुरूपको अनुसन्धान र तहकिकात सम्बन्धी क्षमता विकास गर्नु, भ्रष्टाचारको उजुरी दिने, साक्षी बस्ने व्यक्ति तथा अभियोजन गर्ने कर्मचारीहरूको उचित संरक्षणगर्नु, दक्षजनशक्तिको कमीरहनु जस्ता समस्या तथा चुनौतीका रूपमा रहेका छन् ।

### ७.१३.२ रणनीति

- राजनीति र प्रशासनको सीमा र अन्तरसम्वन्ध स्थापित गर्न राजनीतिक तथा प्रशासनिक कार्य जिम्मेवारीको स्पष्ट सीमा निर्धारण गर्ने ।
- सुशासन तथा व्यवस्थापनलाई परिपूरक तथा परिपोषक रूपमा योगदान पुर्‍याउने नीतिगत तथा कानुनी आधार बनाउने ।
- अनुचित तथा अनियमित कार्यलाई निरूत्साहित तुल्याउन सामाजिक संस्कार सोंचाइ व्यवहार र कार्यशैलीमा रूपान्तरण गर्ने
- सूचना प्रविधिमा आधारित सेवा प्रवाह विकास निर्माण अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास तथा विस्तार गर्ने
- आर्थिक कारोवारलाई पारदर्शी उत्तरदायी परिणाममुखी विश्वासनीय बनाउने
- नगद कारोवारको न्यूनीकरण गरी सार्वजनिक आर्थिक कारोवार वित्तीय संस्था मार्फत हुने अनिवार्यता गर्ने
- भ्रष्टाचार विरुद्धको राष्ट्रिय रणनीति तथा निकायगत कार्ययोजनालाई समय सान्दर्भिकरूपमा उपयोग तथा अनुकूरण गर्ने

- भ्रष्टाचार अनुचित कार्य तथा अनियमित कार्यलाई न्यूनीकरणका लागि स्रोतको उपलब्धताका आधारमा सार्वज निकनिकायमा कार्यरत निर्वाचित र नियुक्त व्यक्तिलाई सेवा सुविधा उपलब्ध गराउने ।
- भ्रष्टाचार नियन्त्रणका लागि नागरिक समाज गैरसरकारी संस्था एवम् सामुदायिक संस्था र आमसञ्चार क्षेत्र सामाजिक सञ्जालको सहयोग र निगरानीलाई प्रवर्द्धन गर्ने
- सम्पत्ति शुद्धीकरण कार्यलाई दुरूत्साहन गर्न संघीय सरकारलाई सहयोग पु¥याउने ।
- सार्वजनिक सेवा तथा विकास निर्माण कार्यमा संलग्न निकायलाईव्यवस्थित, प्रतिस्पर्धी, पारदर्शी र उत्तरदायी बनाउने ।
- राष्ट्र सेवक कर्मचारीको छनौट नियुक्ति पद स्थापन सरूवा बढुवा तथा मौद्रीक गैर मौद्रिक प्रोत्साहन उपलब्ध गराउने बेञ्च मार्किङ्ग बनाउँदा निजको कार्य कुशलता दक्षता सदाचारिता कार्य सम्पादनको नतीजा व्यवसायिकतालाई प्रमुख आधारका रूपमा विकास गर्ने ।
- आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक तथा अन्तिम लेखा परीक्षण कार्यलाई बढी पालन योग्य बनाई आर्थिक अनुशासन वित्तीय कुशलता प्रवर्द्धन गर्ने ।
- भ्रष्टाचार निवारण सम्बन्धमा प्राविधिक सहायता र सूचना आदान प्रदानसम्बन्धी प्रदेश तथा संघ सरकारले गरेको व्यवस्थालाई सहयोग र कार्यान्वयन गने

## ७.१३.३ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | भ्रष्टाचार सम्बन्धी अध्ययन अनुसन्धान गर्ने । | २०८१/८२-२०८३/८४ | ३०० | ० |
| २ | सेवाकालीन तालिमको पाठ्यक्रममा भ्रष्टाचार विरुद्धको विषयवस्तु समावेश गर्ने । | २०८१/८२-२०८३/८४ | २० | ० |
| ३ | निजी क्षेत्रको भ्रष्टाचार नियन्त्रण गर्ने बारे कानुन बनाउने । | २०८१/८२-२०८३/८४ | ३० | ० |
| ४ | भ्रष्टाचार नियन्त्रण सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने । | २०८१/८२-२०८३/८४ | ५० | ० |
| ५ | कर्मचारीको सेवा सुविधा पुनराबलोकन गर्ने । | २०८१/८२-२०८३/८४ | ० | ० |
| ६ | विकास आयोजनाको खर्च निर्माणस्थलमै सार्वजनिकीकरण गर्ने । | २०८१/८२-२०८३/८४ | ३० | ० |
| ७ | भ्रष्टाचार विरुद्ध भएका कानुन बारे प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने । | २०८१/८२-२०८३/८४ | ४० | ० |
| ८ | भ्रष्टाचार विरुद्धका कार्यक्रम सञ्चालन गर्न नागरिक समाजसँग सहकार्य कार्यक्रम सञ्चालन गर्ने । | २०८१/८२-२०८३/८४ | २० | ० |

### ७.१३.४ अपेक्षित उपलब्धि

भ्रष्टाचार विरुद्धको शून्य सहनशीलताको नीतिलाई बलमिलेको, आर्थिक अनुशासन तथा वित्तीय सुशासनमा अभिवृद्धि भएको, सेवा प्रवाह तथा विकास निर्माणका कार्यमा सूचना प्रविधिको प्रयोगबाट प्रशासनिक कार्यमा पारदर्शिता तथा तथ्याङ्क संकलन एवं भण्डारमा स्वस्थता र सुरक्षणता बृद्धि हुने, र सामाजिक आर्थिक शान्ति सुरक्षा लगायतका सूचकमा सुधार आई सुशासन कायम भएको हुनेछ ।

## ७.१४ शान्ति सुव्यवस्था

समाजमा आर्थिक तथा सामाजिक विकासको माध्यमबाट सहिष्णु र सदाचार समाजको निर्माण गर्दै शान्ति सुव्यवस्था कायम गर्नु गाउँपालिकाको पहिलो महत्त्वपूर्ण् कार्य हुन आउँछ । प्रभावकारी सुरक्षा प्रबन्ध सुशासन र विकासको पूर्व सर्त हो । स्थानीय तहमा उच्च, फराकिलो र समावेशी आर्थिक विकासका लागि समेत प्रभावकारी शान्ति सुव्यवस्था हुनु आवश्यकछ । सामाजिक संरचना अन्तर निर्भरता सार्वजनिक निकायको विश्वासनीयता सरकारका बीचमा रहेको समझदारीले शान्ति सुव्यवस्थामा प्रभाव पार्दछ । जातीय विभेद, धार्मिक सहिष्णुता, समाबेशिता, आपसी सहयोग र एकताको प्रवर्दधन र विकासले शान्ति सुव्यवस्थाकायम गर्न मद्दत पुर्याउँछ । संघ तथा प्रदेश सरकारसँगको समन्वयमा सामुदायिक प्रहरी संग सहकार्य र साझेदारी गर्दै समुदायमा शान्ति र एकता कायम राख्नु पर्ने आबश्यक्ता रहेको छ ।

### ७.१४.१ समस्या तथा चुनौती

संबैधानिक व्यवस्था अनुसार शान्ति सुरक्षाको लागि प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरीवेक्षण र समन्वय सम्बन्धी व्यवस्था गाउँपालिकाको कार्य जिम्मेवारीमा नरहनु ,साना हतियारको प्रयोग बढ्नु, सामाजिक सञ्जालको बढ्दो रूपमा गलत उपयोग गरिनु, विशेषगरी ऊर्जाशील युवा जनशक्ति वैदेशिक रोजगारीमा रहनु, सामान्य विकास निर्माणका लागि समेत प्राविधिक जनशक्ति देश बाहिरबाट आएर काम गर्नु, हरेक क्षेत्रमा विचौलियाको जगजगी बढ्नु, सरकारी एवम् सार्वजनिक सम्पत्तिको बढ्दो अतिक्रमण रोक्नु, अन्तर सरकार तथा अन्तर निकायका बीचको समन्वय कायम गर्नु तथा मानव अङ्ग तथा मानव तस्करी तथा बेचबिखन जस्ता समस्याहरू रोक्नु समस्या तथा चुनौतीका रूपमा रहेका छन् ।

### ७.१४.२ रणनीति

- सुरक्षा सम्बन्धी सूचना संकलन तथा जोखिम विश्लेषण र सुरक्षा निकायहरू बीच सूचना आदान प्रदान गरी समन्वय र सहकार्यमा जोड दिइनेछ
- शान्ति सुव्यवस्था प्रवर्दधनका लागि प्रशासनमा विधिको शासनलाई प्राथमिकता दिने ।
- विपद्ब् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउने ।
- अन्तर सरकार तथा अन्तर निकायका बीचमा समन्वय तथा सहकार्य स्थापित गर्ने ।
- गाउँ प्रहरी तथा सामुदायिक प्रहरीलाई जनमैत्री बनाउने ।
- सूचना सम्प्रेषण तथा सुरक्षा प्रणालीका आधुनिक प्रविधिको जडान तथा उपयोग लाई व्यवस्थित र विस्तार गर्ने
- अपराध नियन्त्रणमा सहयोग पुग्ने नयाँ प्रविधिलाई प्रयोगमा ल्याइनेछ ।
- मानवअंग तथा मानव तस्करी एवं बेचविखन जस्तो अमानवीय कार्यलाई नियन्त्रणका उपायको अवलम्ब नगर्ने
- विपद्को अवस्थामा तत्काल खोज, उद्धार र राहत वितरण गर्न तालिम प्राप्त दक्ष जनशक्ति तयार गर्नुका साथै आपतकालीन उद्धारका लागि न्यूनतम उद्दार तथा राहत सामग्रीको भण्डारण गर्ने ।

### ७.१४.३ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | संघीय सरकार तथा प्रदेश सरकारसँग समन्वय गर्दै वडा तहमा आवश्यकता अनुसार प्रहरी चौकी निर्माण एवं स्तरोन्नति गर्ने । | २०८१/८२-२०८३/८४ | ५०० | ० |
| २ | विभिन्न सुरक्षा संवेदनशील स्थानमा सिसिटिभी जडान गर्ने | २०८१/८२-२०८३/८४ | ५०० | ० |
| ३ | समुदाय प्रहरी साझेदारी कार्यक्रम सञ्चालन गर्ने | २०८१/८२-२०८३/८४ | ५०० | ० |
| ४ | लागूपदार्थ दुव्र्यसनी सुधार केन्द्र स्थापना गर्ने | २०८१/८२-२०८३/८४ | ४०० | ० |
| ५ | लागू औषध सम्बन्धी सचेतना तथा अनुगमन कार्यक्रम सञ्चालन गर्ने | २०८१/८२-२०८३/८४ | ३० | ० |
| ६ | विपद् व्यवस्थापन योजना तयार गर्ने | २०८१/८२-२०८३/८४ | ५०० | ० |
| ७ | विपद् व्यवस्थापन बारे प्रशिक्षण दिने | २०८१/८२-२०८३/८४ | २०० | १०० |

### ७.१४.४ अपेक्षित उपलब्धि

प्रहरीलाई जनमैत्री बनाई सामुदायिक प्रहरीमा विशेष जोड दिने व्यवस्था भएको हुने , समाजमा कानुनी शासनको अभ्यासबाट शान्ति सुव्यवस्था कायम भएकोहुने, अन्तर सरकार तथा अन्तरनिकायका बीचमा असल समन्वय सहकार्य साझेदारी विकास भएको हुने, सूचना सम्प्रेषण प्रणाली केन्द्रिय सञ्जालमा आवद्ध भई सुरक्षा प्रणाली प्रविधिमैत्री र आधुनिक भएकोरशान्ति र सहिष्णु समाजनिर्माण भएको हुनेछ ।

## ७.१५ वित्तिय सुशासन

सार्वजनिक स्रोतको मितव्ययी र अधिकतम परिचालन, प्रतिवेदन तथा लेखापरीक्षण मार्फत् वित्तीय व्यवस्थापनमा पारदर्शितार जवाफदेहिता अभिवृद्धि गरी नागरिकलाई वित्तीय सुशासनको प्रत्याभूति दिनु स्थानीय सरकारको दायित्व हो । सार्वजनिक खरिद कार्यलाई वस्तु निष्ठ तथा प्रभावकारी बनाउन विद्युतीय खरिद प्रक्रियालाई अनिवार्य गर्ने, सार्वजनिक स्रोतको परिचालन तथा खर्चको मासिक चौमासिक अर्धवार्षिक र वार्षिक रूपमा अनुगमन तथा मूल्याङ्कन गर्ने र सोको प्रतिवेदन सार्वजनिक गर्ने कार्यलाई ध्यानदिनु पर्ने देखिन्छ । सार्वजनिक खर्चको पारदर्शिता अभिवृद्धि गर्न सरकारी निकायका कार्यक्रम तथा खर्चलाई सार्वजनिकीकरण गर्ने पद्धतिको समेत थप विकास गर्न आबश्यक रहेकोछ ।

### ७.१५.१ समस्या तथा चुनौती

वित्तीय स्रोतको तथ्य परक अनुमान तथा परिचालनका लागि विशिष्ट सेवा समूहको डेडिकेटेड संरचना तथा जनशक्ति नहुनु कर तथा गैरकर परिचालनमा समस्या रहेको छ । आवधिक योजना मध्यमकालीन खर्च संरचना अनुसार

वार्षिक बजेट तथा कार्यक्रमको तर्जुमान गरिनु विनियोजनको समस्या रहेको छ । आयोजना बैंक बनाई आयोजना व्यवस्थापन नगरिनु, पुँजीगत बजेटको विनियोजन र कार्यान्वयनको क्षेत्रमा समस्या रहेको चालु खर्चमा भएको बढोत्तरी सँगै वित्तीय सुशासनको स्थिति खस्कदै जानु, वेरुजुको मात्रामा वृद्धि हुदै जानु, आर्थिकउत्तरदायित्व तथा जवाफदेहिताको अवस्था कमजोर हुनु, विकास खर्च अपेक्षित गति र परिमाणमा नहुनु, आदि प्रमुखसमस्या हुन् ।

## ७.१५.२ रणनीति

- सार्वजनिक आय व्यय र खरिदलाई प्रभावकारी,व्यवस्थित र पारदर्शी बनाउने
- सार्वजनिक आय—व्ययको स्वीकृती कार्यान्वयन लेखाङ्कन अनुगमन तथा मूल्याकङ्कन लेखापरीक्षण र प्रतिवेदनको आधारभूत तथा विशिष्टखाकाको अनुशरण र परिपालना बनाउने ।
- सूचना प्रविधिको अधिकतम उपयोग गर्ने ।
- योजना मध्यमकालीन खर्च संरचनाका आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने ।
- वार्षिक खरिद योजना गुरूयोजना विस्तृत आयोजना प्रतिवेदनका आधारमामात्र आयोजनाको छनौट तथा कार्यान्वयन गर्ने ।
- लाभ लागत विश्लेषणका आधारमा संगठन विस्तार र आयोजना तथा कार्यक्रमको कार्यान्वयन गर्ने ।
- वित्तीय अनुगमन निकाय तथा लेखा परीक्षण संस्थाको सुदृढीकरण गर्ने
- वित्तीय व्यवस्थापनका सबैक्षेत्रमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ ।
- बेरुजु तथा अनियमित कार्यलाई नियन्त्रण तथा न्यूनीकरणका लागि आन्तरिक लेखापरीक्षणलाई सूचना प्रविधिमा आधारित बनाइनुका साथै लेखा उत्तरदायी अधिकारीलाई जिम्मेवार तुल्याउने ।

## ७.१५.३ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १. | लाभ—लागतका आधारमा योजना तथा कार्यक्रमका लागि वार्षिक बजेट विनियोजन गर्ने पद्धतिको विकास गर्ने । | २०८१/८२-२०८३/८४ | १०० | ० |
| २. | कर्मचारीलाई राजस्व परिचालन क्षमता वृद्धि तालिम आयोजना गर्ने । | २०८१/८२-२०८३/८४ | ५० | ० |
| ३. | लेखा प्रणाली सुदृढीकरण तालिम सञ्चालन गर्ने । | २०८१/८२-२०८३/८४ | ३० | ० |
| ४. | संघीय सरकार तथा प्रदेश सरकारसँग अन्तर आवद्धता हुने गरी बजेट सूचना प्रणालीको विकास गर्ने । | २०८१/८२-२०८३/८४ | ० | ० |
| ५. | विद्युतीय आर्थिक कार्यप्रणालीको सुदृढीकरण गर्ने । | २०८१/८२-२०८३/८४ | ३० | ० |

| | | | | |
|---|---|---|---|---|
| ६. | सार्बजानिक खर्च कार्यविधि बनाई लागू गर्ने । | २०८१/८२-२०८३/८४ | ५० | ० |
| ७. | समयमा काम सम्पन्न गर्ने सेवाप्रदायकलाई प्रोत्साहन गर्ने । | २०८१/८२-२०८३/८४ | ५० | ० |
| ८. | संघीय सरकार तथा प्रदेश सरकारलाई स्टाण्यान्डर्ड बमोजिम आर्थिक तथा वित्तीय विवरणको प्रतिवेदन गर्ने (अनुदान, राजस्व र हस्तान्तरित कार्यक्रम) | २०८१/८२-२०८३/८४ | ५० | ० |

### ७.१५.४ अपेक्षित उपलब्धिण्

आर्थिक कार्य विधि तथा वित्तीय उत्तर दायित्व ऐन लगायतका कानुन तर्जुमा भएको, वार्षिक खरिद योजना, गुरूयोजना, विस्तृत आयोजना प्रतिवेदन निर्धारित समयमै तयार भई खरिद तथा ठेक्का बन्दो बस्त भएको, राजस्व परिचालन प्रभावकारी रूपमा भएको, सार्वजनिक खर्चको कुशल तथा दक्षता पूर्ण परिचालनबाट बेरुजु कम भएको वित्तीय हस्तान्तरणको सार्थक उपयोग भएको र लेखा परीक्षण प्रभावकारी भएको हुनेछ ।

## ७.१६ मानव अधिकार

नेपालको संविधानले नागरिकका आधारभूत मानव अधिकारलाई मौलिक हकका रुपमा प्रत्याभूति गरेको छ। नेपाल संयुक्तराष्ट्र संघको वडापत्र तथा मानव अधिकार सम्बन्धी विभिन्न महत्वपूर्ण अन्तर्राष्ट्रिय महासन्धिको पक्ष राष्ट्र भइसकेको छ ।मानव अधिकारको प्रचलन र प्रत्याभूतिका लागि विगत वर्षदेखि नै नेपाल सरकारले योजना नीति कानुन संरचना बनाई कार्यन्वयन गरिरहेको छ। संघीय शासन प्रणालीले सबै क्षेत्र तह तप्काका व्यक्तिको राजनीतिक आर्थिक सामाजिक विकास अधिकारलाई प्रचलन गराउन अझ महत्तवपूर्ण् भूमिका निर्वाह गरेको छ।स्थानीय सरकारले आफ्ना कार्य जिम्मेवारी तथा अधिकार क्षेत्रभित्रका विषयमा मानव अधिकार प्रति विशेष चनाखो तथा प्रतिवद्ध हुनु पर्दछ । साथै संघीय सरकार तथा प्रदेश सरकारलाई मानव अधिकार संरक्षण सम्बर्दधन् र प्रवर्दधनमा् सहयोग तथा समन्वय गर्नु पर्दछ ।

### ७.१६.१ समस्या तथा चुनौती

मानव अधिकारको विषयलाई स्थानीय तहमा सबैको बुझाइको पहुँच स्थापित गर्नु, गाउँपालिकाको हरेक कार्यक्रममा मानव अधिकारलाई प्राथमिकतामा राख्नु, मानव अधिकार सम्बन्धी जनचेतना बढाउनु, मानव अधिकारका विषयमा जानकार राख्न सक्ने जनशक्तिको उपलब्धता नहुनु, विशेषगरी राष्ट्रिय मूलधार भन्दा तल रहेका वर्ग, क्षेत्र तथा समुदायको मानव अधिकारको सुरक्षार सुनिश्चितता गर्नु समस्या तथा चुनौतीका रूपमारहेका छन् ।

### ७.१६.२ रणनीति

- मानव अधिकारको प्रवर्द्धनात्मक कार्य गर्ने ।
- मानव अधिकार र विकास प्रकृयाका बीचमा परिपूरक सम्बन्ध स्थापित गर्ने ।
- मानव अधिकार सम्बन्धी दायित्व पूरा गर्न समन्वयात्मक तथा सहयोगी भूमिका निर्वाह गर्ने ।
- अन्तर तहगत समन्वयलाई मजवुत वनाउने ।

- विपन्न, सीमान्तकृत एवम् पछडिएका वर्गका अधिकारलाई विशेष संरक्षण तथा सहजीकरण गर्ने ।
- मानव अधिकारको सम्मान, संरक्षण र प्रोत्साहनका लागि नीतिगत कानुनी संरचनागत संस्थागत क्षेत्रमा अनुकूल नमिलाउने ।

### ७.१६.३ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | अवधि (शुरु र समाप्ति) | कुल लागत हजारमा | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | मानव अधिकार संरक्षण तथा मौलिकहक कार्यान्वयन गर्न कानुनको तर्जुमा गर्ने । | २०८१/८२-२०८३/८४ | ५० | ० |
| २ | बिपन्नलाई न्यायमा पहुँच बढाउन निःशुल्क कानुनी सहायता केन्द्र खोल्ने | २०८१/८२-२०८३/८४ | २०० | ० |
| ३ | मानव अधिकार उल्लङ्घनका घटनाको अनुसन्धानमा सहजीकरण गर्ने | २०८१/८२-२०८३/८४ | ३०० | ० |
| ४ | मानव अधिकार उल्लङ्घनका घटनाको अनुसन्धानमा सहजीकरण गर्ने | २०८१/८२-२०८३/८४ | १० | ० |
| ५ | मानव अधिकार उल्लङ्घनका घटनाका पीडितलाई क्षतिपूर्तिको व्यवस्थाका लागि पहल गर्ने | २०८१/८२-२०८३/८४ | ३० | ० |
| ६ | समाजमा विद्यमान छुवाछुत बिरुद्ध सचेतना तथा नियमन | २०८१/८२-२०८३/८४ | ४० | ० |
| ७ | मानव अधिकारका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा स्थानीय संस्थासँग समन्वय तथा सहकार्य गर्ने | २०८१/८२-२०८३/८४ | ३० | ० |

### ७.१६.४ अपेक्षित उपलब्धि

मानव अधिकार तथा मौलिक हक संरक्षणको लागि कानुनको तर्जुमा भएको हुनेछ । त्यसै गरी मानव अधिका र र विकासका मुद्दाका बीचमा सामञ्जस्य स्थापित भएको, यस सँग सरोकार राख्ने सार्वजनिक तथा गैरसार्वजनिक निकायका बीचमा असल एवं सुमधुर सहकार्य सम्बन्ध स्थापित भएको हुनेछ ।